CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वंश दर्पण

स्मारिका



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कार्यसमिति



श्री सीताराम चौलागाईं
अध्यक्ष

श्री चेतनाथ चौलागाईं
उपाध्यक्ष



श्री भूपेन्द्रप्रसाद चौलागाईं
महासचिव

श्री होमकान्त चौलागाईं
सचिव

श्री दीपकप्रसाद चौलागाईं
कोषाध्यक्ष

श्री दुर्वासा चौलागाईं
सदस्य

श्री वद्री चौलागाईं
सदस्य



श्री दामोदर चौलागाईं
सदस्य



श्री रामजीप्रसाद चौलागाईं
सदस्य

श्री टेकप्रसाद चौलागाईं
सदस्य

श्री वद्रीकुमार चौलागाईं
सदस्य

श्री भगिरथ चौलागाईं
सदस्य

श्री शरद चौलागाईं
सदस्य (मनोनित)



श्री श्याम चौलागाईं
सदस्य (मनोजित)

श्री नन्दीकेशर चौलागाईं
सदस्य (मनोनित)

श्रीमती रीता चौलागाईं
सदस्य (मनोनित)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चौलागाईं प्रतिष्ठान

जि.प्र.का.द.नं. ३०६/०५६, काठमाडौं

वंश दर्पण स्मारिका - ३

२०६०

Bansa Darpan Souvenir- 3

2060

सम्पादन
दीपक चौलागाईं
सहयोगी
तुलसीप्रसाद चौलागाईं
केशवप्रसाद चौलागाईं
बद्रीकुमार चौलागाईं
रामजी चौलागाईं

व्यवस्थापन
सीताराम चौलागाईं

व्यवस्थापन सहयोगी
होमनाथ चौलागाईं
भूपेन्द्रप्रसाद चौलागाईं
बद्री चौलागाईं
दुर्वासा चौलागाईं

प्रकाशक
चौलागाईं प्रतिष्ठान
का.म.न.पा.- १०, बानेश्वर
(पूजा प्रतिष्ठान मार्ग)
फोन नं. ४४६०४७४

कम्प्युटर
सुलभ कम्प्युटर सर्भिस, बागबजार
फोन : ४२५२९५९

कभर डिजाइन
गोमा कम्प्युटर, बागबजार
फोन/फ्याक्स : ४२४५८६५

मुद्रक

सहयोग : रु. ५०।-

यसभित्र

○ संस्थागत गतिविधि/ ६-१५
○ संस्थाको विधान/ १६-१९
○ प्रतिष्ठानका आजीवन/साधारण सदस्य/ २०-२६

लेख/रचना
– ठूलासाना जात मेरो दृष्टिमा/ २७-२९
– भारद्वाज गोत्रका थरहरु रहनाका आधारहरु/ ३०-३२
– लोकायत दर्शन : सामान्य परिचय/ ३३-३६
– आर्थिक उदारीकरण र नेपाल/ ५५-५८
– संविधानको धारा १२७ को प्रयोग/ ७७-७८
– श्रेय प्राप्ति नै शिक्षाको प्रमुख उद्देश्य हो/ ७९
– फलफूल खेती र भण्डारणमा सेलार स्टोर/ ८५-८६
– नैतिकवान मानिस आँखाको नानी हुन्छ/ ८९-९०
– पिपिआर भेडावाखाको गोटी/ ७१
– कम्प्युटर एण्ड इनफरमेशन टेक्नोलोजी/ ९४-९५

○ सम्वाद
– प्रा. जगतवहादुर चौलागाईं/ ४३-४४
– होमनाथ चौलागाईं/ ४५-४६
– चेतनाथ चौलागाईं/ ४७-४८
– चक्रपाणी चौलागाईं/४९-५०

○ कविता
– मेरो देश/ ३७
– के त अहिले विदा भयौ ?/ ३७
– आफ्नै मनसँग/ ५४
– बिदाइको क्षण/ ६०
– सच्चा प्रेम गर्ने भए/ ७३
– ज्ञानीमन/ ७३

○ कथा
– जेहलममा डुंगाको यात्रा/ ३८-४१
– रगतको नाता/ ७४-७६

○ संस्मरण
– धर्मकचहरी/ ५१-५३
– शान्ति, यज्ञ, पदयात्रा : एक राष्ट्रिय अभियान/ ६८-७०

साथमा नव प्रतिभा (कविताहरू), लघुकथा, अन्य समसामयिक, जानकारीमूलक रचनाहरू, वंशावली, टेलिफोन नं. तथा विविध रोचक सामाग्रीहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्पादकीय

आफ्नो इतिहास, आफ्नो उद्गम, परम्परा र संस्कृतिको अन्वेषण र विश्लेषण गर्दै त्यसलाई प्रकाशित गर्ने जागरुकता केही वर्ष यता बढेर गएको पाइन्छ । समाज, जाति, जनजातिको उत्पत्तिको इतिहास तथा गोत्र, प्रवर वा थरहरूको अध्ययनले पनि मानवजातिले हासिल गरेका ज्ञानको भण्डारलाई नै समृद्ध पार्ने तथा यो सामाजिक अध्ययनकै एउटा पक्ष भएको हुँदा यसलाई साम्प्रदायिकता वा संकीर्णता नठानी सकारात्मक अर्थमा नै लिनु पर्छ ।

अहिले संसार भरी "विश्व ग्राम" को अवधारणाको सन्दर्भमा व्यापक चर्चा-परिचर्चा भइरहेको पाइन्छ । सूचना, संचार र यातायातको क्षेत्रमा भएको अभूतपूर्व विकासले खुम्चिरहेको विश्वमा विभिन्न जातीय, धार्मिक, सांस्कृतिक तथा आर्थिक सम्बन्धहरूमा नविन आयाम थपिएका छन् । विभिन्न वर्ग, भूगोल, जात, जाति, वर्ण, धर्म, रंग, सम्प्रदाय, संस्कृति आदि समूहहरूमा विभाजित जनसमुदायबीच आत्मीय सम्बन्धहरू विकसित हुनुले "विश्व ग्राम" को अवधारणाले सार्थकता पाउन लागेको अनुभूति भइरहेको छ ।

त्यसो त हाम्रो समाज र वर्तमान विश्वमा वर्गीय, जातीय, धार्मिक सांस्कृतिक, भौगोलिक आदि द्वन्दहरू अहिले पनि कायम नै छन् । एक्काइसौं शताब्दीमा प्रवेश गरिसक्दा पनि हाम्रो समाजमा मानव समाजको कलंकको रूपमा रहेको छूवाछूत प्रथा र अन्धविश्वास जीवित नै छ । अनि विश्व जनसमुदायले नचाहेको युद्धको कालो बादल मडारिइ रहेकै छ । अनावश्यक युद्ध मान्छेको नियति झैं भएको छ । यसले विकास हुन लागेका सम्बन्धका पालुवामाथि वज्रपात गर्नुको साथै 'विश्व ग्राम' को अवधारणामाथि मानौं क्षेप्यास्त्र प्रहार गरेको छ । समाजमा द्वन्द स्वभाविक हो तर यसको समाधानको एउटा मात्र अचूक औषधि ठानिएको छ युद्धलाई । आफ्नो व्यक्तिगत स्वार्थका निम्ति भएको युद्धले धार्मिक विद्वेष फैलिने हो कि भन्ने डर त व्याप्त छँदैछ साथै अनावश्यक युद्ध छेडिनुलाई कदापि राम्रो मान्न सकिन्न । यस युद्धोन्मादले अन्तत्वगत्वा तेस्रो विश्वयुद्धको पूर्वाधार त तयार गरेको छैन ? सोचनीय विषय बनेको छ ।

अहिले विभिन्न जाति, जनजाति सम्बन्धी मुद्दाहरू राष्ट्रिय मुद्दा बनेका छन् । वास्तवमा विभिन्न जाति, जनजाति मिलेर नै राष्ट्र बन्दछ । उनीहरूबीच यथार्थमा नै सुमधुर सम्बन्ध कायम हुनुपर्छ । एकले अर्काको अधिकार र अस्तित्त्वको सम्मान गर्न सक्नुपर्छ । सैद्धान्तिक मात्र नभइ व्यवहारिक रूपमा नै समानतको प्रत्याभूति हुनसके मात्र राष्ट्रियताको संरक्षण सम्भव हुन्छ भन्ने हाम्रो बुझाइ छ । राष्ट्रिय एकताको जग सामाजिक भेदभावबाट मजबूत हुन सक्दैन । वंशगत एकत्व पनि सामाजिक एकत्वको एउटा रूप हो जस अन्तर्गत मान्छेहरू रगतको साइनोको आधारमा (वंशको आधारमा) एकबद्ध हुन्छन् र साझा हित, असल संस्कृति र एकआपसमा सहभावको जगेर्ना गर्दछन् ।

यी र यस्तै मान्यताहरूकासाथ चौलागाई वंशावली तयारी केन्द्रीय समिति "चौलागाई प्रतिष्ठान" बनेको छ । तदनुरूप हाम्रो भूमिका र जिम्मेवारी अझ गहन बन्न पुगेको छ । यसले मूलतः चौलागाई बन्धुहरूबीच जीवित सम्पर्क र प्रगाढ सम्बन्ध कायम गर्न सहयोग पुऱ्याउने आशा लिन सकिन्छ । साना-तिना निजी स्वार्थ र व्यक्तिवादी भावनामा विखण्डित संस्कृतिको बदलामा सामूहिक, सामुदायिक र सामाजिक भावनालाई पक्षपोक्षण गर्ने संस्कृतिको विकास गर्न पनि हामीबीच सुमधुर सम्बन्ध स्थापित हुनु जरुरी छ । यसले राष्ट्रिय एकताको निर्माणमा थोरै भए पनि ईंटा थप्ने विश्वास लिन सकिन्छ । हाम्रा उद्देश्य र मान्यताहरूको मार्गदर्शनमा भेला, पिकनिक, रक्तदान आदि जस्ता विविध रचनात्मक कामहरू गर्ने, विभिन्न क्षेत्रका रचनात्मक प्रतिभाहरूलाई क्रमशः सम्मानित गर्दै जाने आदि गतिविधिका साथै आफ्ना पुर्खाको इतिहास, आफ्नो संस्कृति र परम्पराको खोजी गर्ने तथा तिनलाई प्रकाशित गर्दै जाने क्रममा नव वर्ष २०६० को शुभ अवसरमा यो स्मारिका अंक - ३ तपाईंहरूका हातमा पुऱ्याउने जमर्को गरेका छौं । यसमा समेटिएका सामग्रीहरूमा निहित आग्रह, विचार, धारणा आदिसँग यस स्मारिकाको सम्पादन समूह सहमत हुनुपर्छ भन्ने छैन । त्यसप्रति सम्बन्धित रचनाकारहरू नै जवाफदेही हुनुहुनेछ । यो हाम्रो सानो प्रयत्न अर्थात् केवल "सिन्को भाँच्ने प्रयास" मात्र हो । हाम्रो प्रयत्न सफल असफल के रहे, हामी हाम्रा आदरणीय पाठकहरू समक्ष स्वस्थ आलोचनाको हार्दिक अपेक्षा गर्दछौं ।

दोस्रो स्मारिका प्रकाशनमा महत्त्वपूर्ण र अमूल्य सहयोग पुऱ्याउनु हुने तथा सो को विमोचन कार्यक्रममा प्रमुख आतिथ्यता ग्रहण गर्नुहुने श्रद्धेय योगी नरहरिनाथज्यू आज हाम्रा सामु हुनुहुन्न । प्रकाण्ड विद्वान, राष्ट्रवादी योगीज्यूको अवसानले अपूरणीय क्षति भएको हामीले महसूस गरेका छौं । यस दुखद घडीमा हामी उहाँप्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दछौं ।

अन्त्यमा स्मारिका प्रकाशनको काममा आफ्नो अमूल्य सहयोग प्रदान गर्ने चौलागाई बन्धु लगायत अन्य महानुभावहरूलाई हामी हार्दिक धन्यवाद नदिइ रहन सक्दैनौं । साथै देश विदेशमा रहनु भएका सम्पूर्ण चौलागाई बन्धुहरू, प्रतिष्ठानका पदाधिकारी तथा सदस्यज्यूहरू र आम जनसमुदायमा नव वर्ष २०६० को उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

- सम्पादक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभकामना

स्मारिका ऐतिहासिक बनोस् ।

आफ्नो कुल, थर, गोत्रको खोज गर्ने क्रम हाम्रो नेपालमा दिनानुदिन बढ्दै गइरहेको पाइएको छ । आफ्नो वंशको खोजी गर्दै इतिहासको अँध्यारो कालखण्डको पर्दा उघार्दै त्यसलाई लिपिवद्ध गर्नु, त्यसको अन्वेषण र विश्लेषण गर्नुलाई सकारात्मक रूपमा लिनु पर्दछ । चौलागाईं प्रतिष्ठानले पनि यस कार्यलाई महत्वपूर्ण रूपमा लिएको छ ।

यस प्रतिष्ठानले विगतमा दुईवटा स्मारिका प्रकाशित गरिसकेको छ । ती स्मारिकाहरूमा क्रमशः भक्तपुरको दधिकोट र काभ्रेको रविओपीको वंशावली समामेश गरिएका थिए । यस स्मारिकामा पनि सो कार्यले निरन्तरता पाउने कुरामा हामी आशावादी छौं । साथै स्मारिकाले जिज्ञासु पाठकहरूको निम्ति बौद्धिक खुराक दिनुको साथै संस्थाका गतिविधिहरूलाई प्रस्तुत गर्ने काममा यो स्मारिका सफल होस् भन्ने शुभकामना दिन चाहन्छु ।

विगतमा जस्तै यसपटक पनि स्मारिका प्रकाशनको काममा आ-आफ्नो ठाँउमा अहोरात्र खटिरहनु भएका बन्धुहरूको योगदान स्तुत्य छ, वन्दनीय छ । उहाँहरूको उत्साहलाई धन्यवाद नदिइ रहन सकिन्न । खासगरि प्रतिष्ठानलाई अग्रगति दिने काममा सदैव चिन्तित रही सुझाव सल्लाह दिइरहने सल्लाहकारज्यूहरू एवं कार्य समितिका पदाधिकारीहरू लगायत सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु । ३ वर्षको अन्तरालमा प्रतिष्ठानको आजीवन सदस्यता ग्रहण गर्नुहुने बन्धुहरूले प्रतिष्ठानको गरिमा बढाइदिनु भएको छ । आगामी दिनमा पनि सबैबाट यस्तै खाले सहयोग निरन्तर रुपमा पाइरहने अपेक्षा गर्दै देश विदेशमा रहनु भएका चौलागाईं बन्धु लगायत आम नेपाली दाजु-भाई दिदी-वहिनीहरूमा समेत नव वर्ष २०६० को हार्दिक मगंलमय शुभकामना व्यक्त गर्न चाहन्छु ।

.....

सीताराम चौलागाईं
अध्यक्ष
चौलागाईं प्रतिष्ठान,
काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री ५ को सरकार

मा. कमल प्रसाद चौलागाई
मन्त्री
श्रम तथा यातायात व्यवस्था

फोन नं. : २४०७९४
फ्याक्स : २५६८७७
निवास फोन नं. : ५२३०३१

निजी सचिवालय
सिंहदरवार

चलानी नं.:-

पत्र संख्या:-

मिति: २०५९।१२।१३

विषय : शुभकामना

चौलागाई प्रतिष्ठान केन्द्रीय समितिबाट "वंश दर्पण" नामक स्मारिका अंक–३ प्रकाशन हुन लागेकोमा हार्दिक शुभकामना व्यक्त गर्दछु । यस वंशावलीको तयारी र बन्धुबान्धवहरू बीचको सम्पर्कलाई प्रगाढ वनाउने कुरामा सघाउ पुग्नेछ भन्ने विश्वास लिएको छु । वंशगत आधारमा भए पनि आफ्नो उद्‌गम, संस्कृति र परम्पराको खोजीले राष्ट्रिय संस्कृतिको संरक्षण र उत्थानमा सघाउ पुग्न गई राष्ट्रियताको जग मजबूत बनाउन टेवा पुग्नेछ । नव वर्ष २०६० को उपलक्ष्यमा सुख, शान्ति र समृद्धिको निम्ति सम्पूर्ण बन्धुबान्धवलाई हार्दिक शुभकामना व्यक्त गर्दछु ।

२५९।१२।१३

मा. मन्त्री कमलप्रसाद चौलागाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभकामना

सामग्री उपयोगी बनोस् ।

चौलागाईं प्रतिष्ठानको तेस्रो प्रकाशन 'वंश दर्पण अंक – ३' प्रकाशन हुन लागेकोमा खुशी व्यक्त गर्दछु । नेपालको सांस्कृतिक पक्षहरूको अध्ययन र मूलतः चौलागाईहरूको बारेमा जान्न चाहने सांस्कृतिक र साहित्यका पाठक एवं विद्यार्थीहरूको लागि यो सामग्री उपयोगी बन्न सकोस् । देश विदेशमा छरिएर रहेका चौलागाई बन्धुहरूको भावनाको प्रतिनिधित्व यसले गर्न सकोस् भन्ने कामनाका साथ नव वर्ष २०६० का अवसरमा सम्पूर्ण बन्धुहरू र पाठकहरूमा हार्दिक शुभकामना अर्पण गर्दछु ।

.....

पशुपति चौलागाईं

नेकपा (एमाले)

वैकल्पिक केन्द्रीय सदस्य

एवं

पूर्व सांसद, प्रतिनिधि सभा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्थागत गतिविधि

१. वंशदर्पण स्मारिका २ प्रकाशन तथा विमोचन कार्यक्रम :

शुभ विजयादशमी २०५९ को अवसर पारेर समितिले स्मारिका प्रकाशित गरेको थियो । उक्त स्मारिका विमोचन कार्यक्रम मिति २०५९ असोज १९ गते सम्पन्न भयो । सो कार्यक्रमको प्रमुख अतिथि स्वर्गीय योगी नरहरिनाथ हुनुहुन्थ्यो ।



स्व. योगी नरहरिनाथ वंशदर्पण स्मारिका विमोचन गर्दै

विमोचनपश्चात् स्मारिका अध्ययन गर्दै स्व. योगी नरहरीनाथज्यू, सायमा अध्यक्ष सीताराम चौलागाई र कुन्ता शर्मा

वंशदर्पण विमोचन कार्यक्रममा वैदिक मन्त्रोच्चारण गर्दै योगीज्यू



योगी नरहरीनाथ विमोचन मन्तव्य प्रदान गर्दै

२. मा.मन्त्री श्री कमल प्रसाद चौलागाईंज्यूको अभिनन्दन कार्यक्रम :

मिति २०५९।८।१४ को दिन यस संस्थाका आजीवन सदस्य तथा सल्लाहकार श्री कमल प्रसाद चौंलागाई वंशको पहिलो मन्त्री नियुक्त हुनु भएकोमा संस्थाले सम्मान कार्यक्रम राखेको थियो । उक्त कार्यक्रममा संस्थाको तर्फबाट अध्यक्ष श्री सीताराम चौलागाईले अभिनन्दन पत्र प्रदान गर्नु भएको थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मा. मन्त्रीज्यू अभिनन्दन पत्र ग्रहण गर्दै (२०५९/८/१४)

अभिनन्दन कार्यक्रममा अध्यक्ष श्री सीताराम चौलागाई मन्तव्य व्यक्त गर्नुहुँदै

अभिनन्दन कार्यक्रममा स्वागत मन्तव्य राख्नुहुँदै सल्लाहकार श्री केशव चौलागाई

अभिनन्दन कार्यक्रममा उद्घोषण गर्दै सचिव श्री होमकान्त चौलागाई

३. दोस्रो साधारण सभा :

प्रत्येक ३-३ वर्षमा साधारण सभा गर्नुपर्ने समितिको वैधानिक व्यवस्था अनुसार २०५९ पौष २० गते समितिको साधारण सभा सम्पन्न भयो । उक्त साधारण सभाको उद्घाटन कार्यक्रमको प्रमुख आतिथ्यता मा. मन्त्री श्री कमलप्रसाद चौलागाईले गर्नु भएको थियो । सो कार्यक्रममा अतिथि श्री पशुपति चौलागाई हुनुहुन्थ्यो । अध्यक्षता सीताराम चौलागाईले र उद्घोषण सचिव होमकान्त चौलागाईले गर्नु भएको सो कार्यक्रममा महासचिव भूपेन्द्र चौलागाईले संगठनको प्रतिवेदन र कोषाध्यक्ष दीपक चौलागाईले आर्थिक प्रतिवेदन प्रस्तुत गर्दै आफ्ना मन्तव्यहरू समेत राख्नु भएको थियो ।

प्रतिष्ठानको दोस्रो साधारण सभाको उद्घाटन गर्दै मा. मन्त्री श्री कमलप्रसाद चौलागाई

दोस्रो साधारण सभामा मन्तव्य राख्दै अध्यक्ष श्री सीताराम चौलागाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

* साधारण सभामा प्रस्तुत अध्यक्ष श्री सीताराम चौलागाईंको संवोधन भाषण

हाम्रो निमन्त्रणालाई स्वीकार गरेर उपस्थित हुनु भएका प्रमुख अतिथि, अतिथि, साधारण सभाका सदस्य तथा पर्यवेक्षकज्यूहरू, पत्रकार साथीहरू तथा अन्य महानुभावहरू; आफ्ना व्यक्तिगत कामहरू थांती राखेर यस साधारण सभामा उपस्थित हुनु भएकोमा सर्वप्रथम म यहाँहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

आजभन्दा ३ वर्ष अघि यसै स्थानमा संस्थाको साधारण सभा सम्पन्न भएको थियो र त्यसले म लगायत अन्य बन्धुहरूलाई केन्द्रीय समितिको नेतृत्वमा चयन गरेको थियो । ३ वर्षको अवधिमा त्यसले के-कस्ता काम गऱ्यो, कार्य योजना अनुरूप कामहरू सम्पादित हुन सके कि सकेनन्, त्यसले अपेक्षाकृत कामहरू सम्पन्न गर्न सक्यो कि सकेन, उपलब्धि र कमजोरीहरू के-के रहे आदि विषयमा समीक्षा गर्ने प्रमुख थलो, दोश्रो साधारण सभामा हामी पुनः उपस्थित भएका छौं । विगतको कामको समीक्षा गर्दै आगामी कार्ययोजना बनाउने र ती कार्ययोजनालाई साकार तुल्याउन नयाँ कार्य समितिको चयन गर्ने थलो पनि साधारण सभा नै भएको हुँदा यो गरिमामय साधारण सभा समक्ष गहन र चुनौतीपूर्ण दायित्व पनि छ । मलाई विश्वास छ, यो गहन दायित्व पूरा गर्न यो सभा सक्षम हुने नै छ ।

प्रथम साधारण सभाको म्यान्डेट अनुसार निश्चितरूपमा कामहरू सम्पन्न हुन सकेनन्, त्यसमा हामीले आफ्ना कमजोरी स्वीकार गर्नैपर्छ । त्यति हुँदा हुँदै पनि त्यसका पछाडि वस्तुगत आधारहरू पनि छन् । एकातिर शान्ति सुरक्षाको कारणले सृजना गरेको प्रतिकूल अवस्था र अर्कोतर्फ कार्यसमितिका कतिपय सदस्यज्यूहरूको समय अभाव, अझ प्रष्ट रूपमा भन्नु पर्दा जिम्मेवारी प्रतिको उदासिनता । यी दुवै कारणले गर्दा हामीले आशातीत सफलता हासिल गर्न सकेनौं । त्यति हुँदा हुँदै पनि संस्थाको उद्देश्य पूरा गर्न समितिमा रही वा बाहिरैबाट सहयोग पुऱ्याइरहनु भएका बन्धुहरूको अमूल्य प्रयासले केही कामहरू भएका पनि छन्, ती कामहरूको समीक्षा गरिदिनुहुन म यहाँहरू समक्ष अनुरोध गर्दछु ।

खासगरी संस्थाले सम्पन्न गरेका रचनात्मक कार्यक्रमहरूको बारेमा यहाँहरू अवगत नै हुनुहुन्छ । हाम्रा योजना र सम्पन्न कामहरूलाई दस्तावेजको रूपमा स्मारिकामा प्रकाशित गरेका छौं । पुनः छिटै स्मारिका अंक- ३ प्रकाशित गर्ने सोचाइ रहेको छ । यसरी क्रमशः हाम्रो योजना र लक्षलाई मूर्त रूप दिन नयाँ कार्य योजना बनाउने तथा विगतका कार्यकलापलाई मूल्याङ्कनको कसौटीमा राखी कमी-कमजोरी तथा उपलब्धिहरूको रौंचिरा विश्लेषण गर्दै समयको माग अनुरूप चुनौतीको सामना गर्न सक्षम नयाँ कार्यसमितिको चयनको निम्ति यहाँहरूको सकृय सहभागिताको अपेक्षा गर्दै यो सत्र यहीं समापन भएको घोषणा गर्दछु । धन्यवाद ।

* महासचिव श्री भूपेन्द्रप्रसाद चौलागाईंद्वारा प्रस्तुत सांगठनिक प्रतिवेदन

सर्वप्रथम हामी उपस्थित सम्पूर्ण चौलागाईं बन्धुहरूको सहभागितामा यो दोस्रो साधारण सभा सम्पन्न हुन गइरहकोमा सम्पूर्ण बन्धुहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु । हामी केही बन्धुहरूबाट २०५० सालदेखि शुरुआत गरेको यस संस्थाको उद्देश्य पूरा गर्न र आज यस साधारण सभामा मन्त्री, सांसद, समाजसेवी, डाक्टर, इन्जिनियर, वकिल, कर्मचारी, शिक्षक, विद्यार्थी र विभिन्न पार्टीका राजनीतिक कार्यकर्ता, महिला दिदीबहिनी, आमा, भाउजू अथवा हामी सम्पूर्ण चौलागाईं बन्धुहरू एक मन, वचन र कर्मले यस संस्थाको उद्देश्य पूरा गर्न भेला भएको देख्न पाउँदा मलाई साह्रै हर्ष लागिरहेको छ । सबै बन्धुहरूको इच्छा र चाहना पनि यस संस्थाको उद्देश्य पूरा गर्नुपर्छ भन्ने नै रहेकाले गर्दा सबैबाट साथ सहयोग मिलेको कारणले गर्दा आज बन्धुहरूबीच छलफल गरी यस दोस्रो साधारण सभा सम्पन्न गर्न सफल रहेका छौं ।

प्रथम साधारण सभा अगाडि र पछाडि यस संस्थाले प्राप्त गरेका उपलब्धिहरू वंश दर्पण स्मारिका अङ्क १ र २ मा नै बन्धुहरूबीच छर्लङ्ग पारिसकेका छौं । प्रथम साधारण सभाले निर्देशन गरेका तर हाम्रो प्रयासको बाबजुद पनि हामीद्वारा सफलता प्राप्त गर्न नसकिएको र सो को लागि अझै सक्रियरूपले लागि पर्नुपर्ने कामहरूलाई हामीले आगामी कार्यक्रममा समेट्ने प्रयास गरेका छौं । प्रथम साधारण सभाले निर्देशित गरेका सबै कुरा पूरा गर्न नसके पनि वंश दर्पण स्मारिका भाग १ र २ प्रकाशन गर्न सफल रहेको कुरा सबै बन्धुहरूमा विदितै छ । देशमा रहेको संकटकालको अवस्थाले गर्दा आफ्ना उद्देश्य पूरा गर्न पनि बाधक सावित रह्यो । हामीले २०५७ सालमा पूर्वाञ्चलका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बन्धुहरूसँग भेटघाट गरी विभिन्न ठाउँमा कमिटीसमेत बनाएका थियौँ । त्यसैगरी २०५८ सालमा पश्चिमाञ्चलहरूका बन्धुहरूसँग भेटघाट र छलफल गरी संस्थाको परिचय गराउँदै बन्धुहरूमा एक्यबद्धता कायम गराउँदै यस संस्थामा आबद्ध गराउने उद्देश्य राखेकोमा देशको स्थिति नै अनुकूल बन्न सकेन । तर पनि २०५७ सालमा बन्धुहरूको घरदैलोमा द्यौसी, भैलो कार्यक्रम राखी रु. ६९,६६३।– जम्मा गरी संस्थाको आर्थिक अवस्थालाई टेवा पुऱ्याएका थियौँ । त्यसैगरी २०५७ साल मंसिरमा भक्तपुरको सूर्यविनायकमा वनभोज कार्यक्रम गरी बन्धुहरूबीच आत्मियताको भाव बढाउँदै मनोरञ्जनत्मक कार्यका साथै रक्तदान कार्यक्रम पनि गरिएको थियो । त्यसैगरी संस्थालाई क्रमिकरूपमा अगाडि बढाउने उद्देश्यले विधान संशोधन गर्ने, आजीवन सदस्य संख्या वृद्धि गर्ने, भित्ते पात्रो प्रकाशन गर्ने, देशको प्रतिकूल अवस्थाले गर्दा पूरा हुन सकेन । तर पनि २०५८ सालमा भक्तपुर दधिकोटका बन्धुहरू र यस संस्थाले द्यौसीभैलो कार्यक्रम गरी दधिकोट, भक्तपुरमा कुलायन घरको संस्थापना गर्ने गरी कार्यक्रम सञ्चालन गरियो । यसरी संस्थाले कतिपय कार्यक्रम गर्ने लक्ष्य राख्दाराख्दै पनि देशको विद्यमान प्रतिकूल अवस्थाले गर्दा सफल बनाउन नसकेको कुरा बन्धुहरूमा फेरि पनि निवेदन गर्दछु ।

यी सब कुराको वाबजूद यस संस्थामा विद्यमान आर्थिक अवस्थाको कमी, बन्धुहरूको कार्यव्यस्तता, सहभागी बन्धुहरूको घचघचाइको कमी, यस संस्थाभित्र आबद्ध बन्धुहरूको पूर्वाग्रहयुक्त नकारात्मक सोचाई जस्ता विविध कारणले गर्दा पनि संस्थाले सोचेजति सफलता हासिल गर्न सकिरहेको छैन । यसतर्फ सहभागी बन्धुहरूले गम्भीरतासाथ सोची टिकाटिप्पणी तथा सम्वाद गर्नु नै हुनेछ र आगामी कार्यक्रमको सवालमा विभिन्न बन्धुहरूको सहयोग र सुझावमा निम्नलिखित प्रस्तावहरू सम्माननीय साधारण सभामा राख्न चाहन्छु । साधारण सभाबाट पारित गरेको खण्डमा नयाँ कार्यसमितिलाई निर्देशित गर्नेछ ।

भावी कार्यक्रमका उद्देश्यहरूः

१) चौलागाईं थर (भारद्वाज गोत्र) का बन्धुहरूको उत्पत्तिदेखि वर्तमानसम्मको ऐतिहासिक अध्ययन अनुसन्धान, विश्लेषण र विवेचना गर्ने साथै अन्य जातजातिको अध्ययन र खोजमा सहयोग गर्ने ।

२) स्वदेश तथा विदेशमा यत्रतत्र रहेका बन्धुहरूको इतिहास सङ्कलन तथा प्रकाशन गर्ने ।

३) वंशको सनातनदेखि चलिआएको कुल कुलायन पूजा, गोठ पूजा र अन्य संस्कृतिको खोजी गरी सम्बर्द्धन गर्ने ।

४) वंशका प्रतिभाशाली व्यक्तित्व खोजी गरी उहाँहरूको परिचय प्रकाशित एवम् सम्मान गर्ने ।

५) पिछडिएका बन्धुहरू तथा सम्पूर्ण नेपाली बन्धुहरूलाई संरक्षण र सहयोग गर्ने ।

६) चौलागाईं बन्धुहरूको सामूहिक पहिचान झल्कने खालका सामाजिक तथा रचनात्मक कार्यहरू गर्ने गराउने ।

७) मुलुकमा आइपर्ने प्राकृतिक प्रकोप जस्ता घटनाहरूमा विविध प्रकारको सहयोग उपलब्ध गराउने एवं शिक्षा, स्वास्थ्य, खेलकुद जस्ता समाज कल्याणकारी कार्य गर्दै जाने ।

८) पिछडिएका जातजाति, जनजातिहरूको भाषा, संस्कृतिहरूको खोजी एवं प्रकाशनमा सहयोग गर्ने ।

९) राष्ट्रिय सांस्कृतिक धरोहरको संरक्षण सम्बर्द्धन गर्नमा सहयोग गर्ने र त्यस्ता कार्यमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तित्वहरूलाई सम्मान गर्ने आदि ।

अन्त्यमा, प्रथम साधारण सभाबाट निर्देशित यस कार्यसमितिले समय परिस्थितिअनुसार जे जस्तो प्रगति हासिल गर्न सफल रह्यो त्यसमा सहयोग गर्ने बन्धुहरू, वंश दर्पण समारिका प्रकाशन गर्न सहयोग पुऱ्याउने महानुभावहरू, विभिन्न संघसंस्था तथा उद्योगी व्यापारीहरूमा हार्दिक धन्यवाद दिन चाहन्छु । साथै नयाँ केन्द्रीय कार्यसमितिको चयन यसै सम्माननीय साधारण सभाद्वारा हुँदैछ । अब चयन हुने नयाँ कार्यसमितिले संशोधित विधानद्वारा निर्देशित उद्देश्यहरू सफल पार्न विशेष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सक्रियता अपनाउने नै छ । साधारण सभाबाट चयन हुने नयाँ कार्यकारिणी समितिलाई हाम्रो हार्दिक शुभकामना एवं सक्रिय सहयोग रही नै रहने कुराको विश्वास दिलाउन चाहन्छु । धन्यवाद ।

*** कोषाध्यक्षद्वारा प्रस्तुत आर्थिक प्रतिवेदन :**

दोस्रो साधारण सभाका अध्यक्ष मण्डल, प्रमुख अतिथि, अतिथिहरू, संस्थाका सल्लाहकारज्यूहरू विघटित कार्य समितिका सदस्यज्यूहरू, उपस्थित सदस्यज्यूहरू तथा अन्य बन्धुबान्धवहरूमा म सर्वप्रथम हार्दिक अभिवादन टक्रयाउँदछु । कार्यसमितिको कोषाध्यक्षको नाताले म यहाँहरू समक्ष छोटकरीमा संस्थाको आर्थिक गतिविधिहरू प्रस्तुत गर्ने अनुमति माग्दछु ।

१. आर्थिक वर्ष २०५७/५८ को आय/व्यय विवरण

आम्दानी

(क)	गत वर्षको मौज्दात	रु ४६,१७८।-
(ख)	स्मारिका १ विज्ञापनबाट	रु ४९४१६।-
(ग)	लेवी तथा विशेष सहयोगबाट	रु ७१९४।-
(घ)	आजीवन सदस्यता वापत	रु ३८०३८।-
(ङ)	साधारण सदस्यताबाट	रु १०००।-
(च)	स्मारिका विक्री	रु ३०५०।-
(छ)	पिकनिक तथा घौसीभैलो	रु ५४२७०।-
	जम्मा	रु १,९९,१४६।-

खर्च

(क)	विविध	रु ४,२९४/५०
(ख)	भैपरि आउने	रु ७३५।-
(ग)	अतिथि सत्कार	रु २०९३।-
(घ)	मसलन्द छपाइ (रसिद, प्याड)	रु ५६७२।-
(ङ)	घरभाडा	रु ७०००।-
(च)	स्मारिका-१ छपाइ	४६,८९०।-
(छ)	विज्ञापन	४,१२०।-
(ज)	पुस्तक/पत्रपत्रिका (खतिवडा वंशावली)	५००।-
(झ)	कार्यालय सामान	२०२०।-
(ञ)	चौलागाईं भोटर लिष्ट	२०००।-
	जम्मा	७५,३२४/५०
	बैंक तथा नगद मौज्दात	१,२३,८२१/५०
	जम्मा	१,९९,१४६।-

२. आर्थिक वर्ष २०५८/५९ को आय/व्यय विवरण

आम्दानी

(क)	गत वर्षको मौज्दातः	रु १,२३,८२१/५०
(ख)	सदस्यता शुल्कः	रु ४४२०।-
(ग)	वैंक व्याजः	रु ३८८९/२२
	जम्मा	१,३२,१३०/७२

खर्च

(क)	लेखा परीक्षण (०५७/५८)	रु. १०००।-
(ख)	नविकरण खर्च	रु. ७००।-
(ग)	श्रद्धाञ्जली विज्ञापन (शंकर चौलागाई, विराटनगर)	रु. ४१८८।-
(घ)	विविध	रु. ९५।-
	जम्मा खर्च	रु. ५९८३।-
	बैंक तथा नगद मौज्दात	रु. १२६१४७/७२
	जम्मा -	१३२१३०/७२

३. आ.व. ०५९/६० (हालसम्म)

आम्दानी

(क)	गत वर्षको मौज्दात	रु. १,२६,१४७/७२
(ख)	स्मारिका- २ विज्ञापन वापत (हालसम्म प्राप्त)	रु. ४८०००।-
(ग)	लेवी तथा अन्य सहयोग	रु. १६२५०।-
(घ)	आजीवन सदस्यता शुल्क	रु. ४८०४८।-
	जम्मा	रु. २३८४४५/७२

खर्च

(१)	समवेदना विज्ञापन (स्व. सावित्री चौलगाईं)	५१००।-
(२)	लेखापरीक्षण शुल्क	१०००।-
(३)	अतिथि सत्कार	२१००।-
(४)	स्मारिका प्रकाशन	६३६८३।-
(५)	स्मारिक विमोचन	४६५५।-
(६)	मन्त्रीज्यू अभिनन्दन	७५६४।-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(७) कार्यालय सामान	१२५२।-
(८) विविध	५७३२।-
जम्मा खर्च	९१०८६।-
वैंक जम्मा	१,३७,८३९/३२
नगद	९५२०/४०
जम्मा वचत	१,४७,३५९/७२

अध्यक्ष मण्डल तथा बन्धुहरू,

कामको हिसावले आ.व. ०५८/५९ मा भन्दा आ.व. ०५७/५८ तथा ०५९/६० मा आम्दानी तथा खर्च बढ्न गएको छ । स्मारिका छपाई, देउसी भैलो कार्यक्रम, रक्तदान तथा पिकनिक स्मारिका-२ को प्रकाशन तथा विमोचन, एस.एल.सि.मा उत्कृष्ट अंक ल्याउने विद्यार्थीको सम्मान, मन्त्रीज्यूको अभिनन्दन तथा कार्यालय र अन्य कामको व्यवस्थापनको सिलसिलामा खर्चको भार बढ्न गएको हो । आ.व. ०५८/५९ र ०५९/६० मा कार्यालय कोठा निःशुल्क रूपमा समितिका उपाधयक्षज्यूले उपलब्ध गराउनु भएको हुँदा भाडा वापत लाग्ने खर्च कटौती पनि भएको छ । यस बाहेक समय समयमा संस्थाका विविध कार्यक्रम तथा गतिविधिहरूमा विविध ढंगले अप्रत्यक्ष रूपमा आर्थिक सहयोग पुऱ्याउदै आउनु भएका बन्धुहरूप्रति यस साधारण सभामा म धन्यवाद प्रस्तुत राख्न चाहन्छु ।

यो संस्था सेवामुलक संस्था भएकोले यसका हरेक गतिविधिमा संलग्न हुँदै थुप्रै बन्धुहरूले आफ्नो अमूल्य समय तथा तन, मन, धन अर्पण गरेर नै यो यहाँसम्म आइपुगेको छ । यसको उचित समयमा उचित मूल्यांकन हुने नै छ । मलाई लाग्छ, यो तथ्य हामी कसैबाट छिपेको पनि छैन । आगामी दिनमा पनि यस्तै सहयोग तथा सहभागिताको हार्दिक अपेक्षा सहित विदा माग्दछु । धन्यवाद ।

* **कार्यसमित विघटन र अध्यक्षमण्डल गठन :**

साधारण सभामा अध्यक्षज्यूले तत्कालिन कार्यसमिति विघटन भएको घोषणा गर्नुका साथै सभाले कार्यक्रम संचालनार्थ एक अध्यक्ष मण्डल चयन समेत गरेको थियो ।

प्रस्तुत प्रतिवेदन अनुसार यस संस्थाको हालसम्मको खर्च कटाएर कुल आम्दानी रु १,४७,३५९/७२ हुन आउँछ । तर यसमा स्मारिक- विक्री वापतको आम्दानी समावेश गर्न सकिएको छैन । विक्रीको लागि वितरण भएका पुस्तक विक्री भएर रकम प्राप्त भएपछि सो रकम आम्दानी बाँधिने नै छ । साथै विज्ञापन दाताहरूबाट स्मारिकामा प्रकाशित विज्ञापन बापतको शुल्क भुक्तानी भैनसकेकोले सो रकम भुक्तानी भएपछि सो समेत आम्दानी बाँधिने नै छ । स्मारिका विक्रीबाट अपेक्षाकृत रकम भने प्राप्त हुन सम्भावना देखिएको छैन ।

* **साधारण सभामा पारित प्रस्तावहरू :**

- साधारण सभाले महासचिव भूपेन्द्रचौलागाईंले प्रस्तुत गर्नुभएको सांगठानिक प्रस्ताव छलफल गरी पारित गऱ्यो ।
- साधारण सभाले समितिका सचिव होमकान्त चौलागाईंद्वारा प्रस्तावित विधान संशोधन प्रस्ताव पारित गऱ्यो ।
- साधारण सभाले कोषाध्यक्ष दीपक चौलागाईंले प्रस्तुत गर्नुभएको आर्थिक प्रतिवेदन पारित गऱ्यो ।

* साधारण सभाले आगामी ३ वर्षको निम्ति कार्यसमितिको निर्वाचन गर्न एक निर्वाचन आयोग गठन गऱ्यो । उक्त आयोगले निर्वाचन कार्यक्रम तय गरी निर्वाचन सम्पन्न गरेको र निम्न अनुसार नयाँ बनेको चौलागाईं प्रतिष्ठानको कार्यसमितिको घोषणा गरेको थियो ।

नवगठित कार्यसमिति

अध्यक्ष	- श्री सीताराम चौलागाई, भक्तपुर
उपाध्यक्ष	- श्री चेतनाथ चौलागाईं, काठमाडौं
महासचिव	- श्री भूपेन्द्र चौलागाईं, रामेछाप
सचिव	- श्री होमकान्त चौलागाईं, सिन्धुपाल्चोक
कोषध्यक्ष	- श्री दीपक चौलागाईं, काभ्रेपलान्चोक
सदस्य	- श्री दुर्वासा चौलागाईं, मोरङ
सदस्य	- श्री बद्री चौलागाईं, ललितपुर
सदस्य	- श्री दामोदर चौलागाईं, काभ्रेपलान्चोक
सदस्य	- श्री रामजी चौलागाईं, ललितपुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सदस्य – श्री टेकप्रसाद चौलागाईं, बारा
सदस्य – श्री बद्री कुमार चौलागाई, दोलखा
सदस्य – श्री भगिरथ चौलागाईं, झापा

* **विद्यार्थी सम्मानित** : प्रमुख अतिथि मा. श्राम तथा यातायात र जनसंख्या तथा वातावरण मन्त्री श्री कमलप्रसाद चौंलागाईले २०५७ साल र २०५८ सालको एस.एल.सी.मा उत्कृष्ट अंक हासिल गर्ने चौलागाईं भाइ वैनी निर्मल शर्मा चौलागाई, सिन्धुपाल्चोक (२०५७) भिमसेन चौलागाईं ल.पु., लामाटार (३०५८) र दीपा चौलागाईं, काठमाडौं (२०५८) लाई कदरपत्र तथा पुरस्कार प्रदान गर्नुभयो ।

(ङ) साधारण सभामा प्रमुख अतिथि मा. मन्त्री श्री कमलप्रसाद चौलागाईं, निवर्तमान सांसद श्री पशुपति चौलागाईं आदि वक्ताहरूले मन्तव्य व्यक्त गर्नु भएको थियो ।

साधारण सभाका झाँकीहरू :

साधारण सभामा मन्तव्य व्यक्त गर्दै निवर्तमान प्रतिनिधिसभा सदस्य तथा कार्यक्रमका अतिथि श्री पशुपति चौलागाई

साधारण सभामा ड्यास अध्यक्षमण्डललाई हस्तान्तरण गरी फ्लोरतर्फ बढ्दै आयोजकहरू

निर्वाचनपश्चात मतगणना गरिदै

साधारण सभामा सहभागी बन्धुहरू गंभीरतापूर्वक सहभागिता जनाउँदै

४. बनभोज कार्यक्रम :

चौलागाई प्रतिष्ठानद्वारा २०५९ माघ २५ गते एक वनभोज कार्यक्रम आयोजित भयो । उक्त वनभोज कार्यक्रममा करीब २०० जना जति बन्धुहरूले उत्सापूर्वक भाग लिनु भएको थियो । सो कार्यक्रममा प्रतिष्ठान अन्तर्गतको विद्धत समितिका संयोजक श्री द्वारिका चौलागाईंले काव्यगोष्ठी संचालन गर्नु भएको थियो । उक्त गोष्ठीमा बन्धुहरूले कविता वाचनसमेत गर्नुभएको थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उक्त पिकिनिकमा निवर्तमान प्रतिनिधि सभाका सांसद तथा सल्लाहकार श्री पशुपति चौलागाईले मन्तव्य राख्नु भएको थियो ।

०५९।१०।२५ गते दधिकोटमा भएको वनभोज कार्यक्रममको एक झलक

(क) सल्लाहकार समिति गठन :

यस प्रतिष्ठानले विधानअनुसार देहायबमोजिम बन्धुहरूलाई सल्लाहकारमा मनोनयन गरेको छ–

श्री कमलप्रसाद चौलागाई (रामेछाप)
श्री पशुपति चौलागाईं (दोलखा)
श्री होमनाथ चौलागाईं (सिन्धुपाल्चोक)
श्री शिव चौलागाईं (काठमाडौं)
श्री केशव चौलागाईं (विराटनगर)
प्रा. श्री जगत ब. चौलागाई (के.सी.) (सुनसरी)
मा. न्यायधीश श्री भोला चौलागाईं (काठमाडौं)
डा. श्री भिमनाथ चौलागाई (रामेछाप)
श्री रामप्रसाद चौलागाई (सुनसरी)

(ख) कार्यसमिति विस्तार :

प्रतिष्ठानको वैठकको निर्णय अनुसार निम्न बन्धुहरूलाई प्रतिष्ठानको कार्यसमितिको सदस्यमा मनोनयन गरेको छ–

श्री शरद चौलागाई (रामेछाप)
श्री श्याम चौलागाई (इलाम)
श्री नन्दी केशर चौलागाई (काभ्रेपलाञ्चोक)
श्रीमती रीता चौलागाई (काठमाडौं)

(ग) समिति/उपसमिति गठन :

५. प्रतिष्ठानका ताजा निर्णयहरू :

वनभोज कार्यक्रममा सल्लाहकार श्री पशुपति चौलागाईं

प्रतिष्ठानले निम्नअनुसार समिति/उपसमिति गठन गरेको छ ।

विद्वत समिति :

संयोजक श्री द्वारिका चौलागाईं (काठमाडौं)
सदस्य श्री तुलसी प्र. चौलागाईं (सिन्धुपाल्चोक)
सदस्य इ. श्री उद्धवराज चौलागाईं (रामेछाप)
सदस्य श्री चुडाप्रसाद चौलागाईं (काभ्रेपलाञ्चोक)

रचनात्मक कृयाकलाप समिति

सदस्य श्री रामेश्वर चौलागाई (भक्तपुर)
सदस्य श्री रेशम चौलागाईं (काभ्रे)
सदस्य श्री सुन्दरप्रसाद चौलागाईं (सिन्धुपाल्चोक)
सदस्य श्री तुलसीप्रसाद चौलागाईं (बारा)
सदस्य श्री अक्रुर चौलागाईं (काडमाडौं)
सदस्य श्री दिपेश चौलागाई (काठमाडौं)

(घ) विद्वत समितिका काम, कर्तव्य र अधिकार :

नवगठित विद्धत समितिको काम, कर्तव्य र अधिकार निम्न अनुसार तोकियो ।

(१) बालबालिका लगायत कुनै पनि उमेर,वर्ग र समुदायका व्यक्तिहरूका लागि शिक्षाप्रद सृजनशील र रचनात्मक कार्यक्रम सम्बन्धी प्रस्ताव तयार गरी केन्द्रीय कार्य समितिमा पेश गर्ने ।

(२) राष्ट्रका धार्मिक, साँस्कृतिक, ऐतिहासिक तथा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राकृतिक सम्पदा संरक्षण, संवर्धन गर्ने तर्फ आवश्यक कार्यक्रम तय गर्ने र उल्लेखित क्षेत्रमा उत्कृष्ठता हासिल गरेका व्यक्तिहरूलाई कदर, सम्मान गर्न आवस्यक देखिएमा केन्द्रीय कार्य समितिमा आवश्यक सुझाव पेश गर्ने ।

(३) चौलागाई बंश भित्रका कुनै व्यक्तिबाट धार्मिक, सांस्कृतिक, ऐतिहासिक, शैक्षिक, सामाजिक, प्राविधिक तथा स्वास्थ्य सेवाका क्षेत्रमा पुरस्कार, छात्रवृत्ति वा आर्थिक सहायताका लागि कोष/अक्षय कोष स्थापना गर्न चाहेमा त्यस्ता व्यक्तिहरूलाई प्रोत्साहित गर्ने र आवश्यक विवरण तयार गरी केन्द्रीय समितिमा पेश गर्ने ।

(४) प्रतिष्ठानका तर्फबाट आयोजना गरिने विद्वत क्षेत्रका सभा, सम्मेलन, गोष्ठी, कार्यशाला, अन्तरक्रिया आदि कार्यक्रममा केन्द्रीय समितिको निर्णय अनुसार आवश्यक सहयोग गर्ने ।

(५) चौलागाई बन्धुहरूको शैक्षिक विवरण तयार गरी अभिलेखका लागि केन्द्रीय समितिमा पेश गर्ने ।

(६) माथि उल्लेखितका अतिरिक्त केन्द्रीय समितिले तोकेअनुसारको कार्य गर्ने ।

हार्दिक बधाई



नेपाल चेम्बर अफ कमर्सको पाँचौं साधारण सभाबाट चेम्बरको सदस्य पदमा निर्विरोध निर्वाचित हुनुभएकोमा यस प्रतिष्ठानका आजीवन सदस्य श्री नीलकण्ठ चौलागाईप्रति हार्दिक बधाई ज्ञापन गर्दै उहाँको कार्य सफलताको कामना गर्दछौं ।

चौलागाई प्रतिष्ठान परिवार

पूजा प्रतिष्ठान मार्ग, बानेश्वर

काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फोटो समाचार

दधिकोटमा चौलागाई वन्धुहरू भजन गाउँदै

ड्यासमा निर्वाचन कार्यक्रम वनाउन व्यस्त अध्यक्ष मण्डलको समूह

दोस्रो साधारण सभामा सहभागी वन्धुहरू

दोस्रो साधारण सभामा माननीय मन्त्रीज्यू सम्वोधन गर्दै

दोस्रो साधारण सभामा सहभागी आयोजक तथा प्रतिनिधिहरू

दोस्रो साधारण सभामा सम्वोधन गर्दै सल्लाहकार श्री होमनाथ चौलागाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विधान

चौलागाईं प्रतिष्ठान

२०५६ को विधान

(दोश्रो संशोधन सहित)

प्रस्तावना :

देशभित्र वा बाहिर रहेका भारद्वाज गोत्रका चौलागाईंहरूको उत्पत्ति, उनीहरूको ऐतिहासिक अध्ययन, अनुसन्धान, विश्लेषण र विवेचना गरी आफ्नो मौलिक संस्कृतिको पहिचान गरी उनीहरूको आर्थिक, सामाजिक, मानसिक, बौद्धिक लगायतका विविध क्षेत्रको विकासमा सहयोग पुऱ्याउँदै अन्य जात जातिका पिछडीएका र कमजोर वर्गलाई आवश्यक सल्लाह, सहयोग प्रदान गर्दै व्यापक सामाजिक एवम् रचनात्मक कार्यहरू गर्ने उद्देश्यले यस चौलागाईं प्रतिष्ठानको स्थापना गरिएको छ ।

परिच्छेद – १

१. **संक्षिप्त नाम र परिचय :**
यो संस्थाको नाम "चौलागाईं प्रतिष्ठान" रहनेछ । अङ्ग्रेजीमा यसलाई "Chaulagain Academy" रहने छ ।

२. **प्रारम्भः**
यो संस्था जिल्ला प्रशासन कार्यालयबाट दर्ता भएको मितिबाट प्रारम्भ हुनेछ ।

३. **परिभाषाः**
विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमाः
(क) "विधान" भन्नाले चौलागाईं प्रतिष्ठानको विधान २०५६ लाई सम्झनु पर्दछ ।
(ख) "पदाधिकारी" भन्नाले यस प्रतिष्ठानका सल्लाहकार, कार्यसमिति, तदर्थ कार्यसमितिको पदमा कार्यरत वहालवाला पदाधिकारीलाई सम्झनु पर्दछ ।
(ग) "प्रतिष्ठान" भन्नाले यस चौलागाईं प्रतिष्ठानलाई जनाउँछ ।
(घ) "बन्धु" भन्नाले भरद्वाज ऋषिबाट उत्पन्न हुँदै आएका सबै चौलागाईं थरका र चौलागाईं थरबाट थर परिवर्तन गरेका समेत सम्पूर्ण जातिलाई सम्झनु पर्छ ।

४. **कार्य क्षेत्रः**
यस समितिको कार्य क्षेत्र नेपाल अधिराज्यभरि हुनेछ ।

५. **कार्यालय :**
यस समितिको मुख्य कार्यालय काठमाडौंमा र शाखा कार्यालयहरू सम्बन्धित निकायको स्वीकृति लिई आवश्यक ठाउँमा खोल्न सकिने छ ।

६. **छाप :**
यस समितिको छाप अनुसूची १ मा उल्लेख गरिए बमोजिम हुनेछ ।

परिच्छेद – २

७. **समितिको लक्ष्य तथा उद्देश्यः**
यस समितिको लक्ष्य तथा उद्देश्य कुनै पनि राजनैतिक पूर्वाग्रह रहित, लिङ्गगत र क्षेत्रगत भेदभाव रहित विशुद्ध सामाजिक सेवामूलक समिति हुनेछ । नेपालको प्रचलित कानुन र श्री ५ को सरकारको अधीनमा रही निम्न बमोजिम उद्देश्य रहनेछ ।
(क) भारद्वाज गोत्रका चौलागाईं थरका बन्धुहरूको उत्पत्तिदेखि वर्तमानसम्मको ऐतिहासिक अध्ययन, अनुसन्धान, विश्लेषण र विवेचना गर्ने र अन्य जात जातिको अध्ययन तथा खोजमा सहयोग पुऱ्याउने ।
(ख) स्वदेश तथा विदेशमा यत्रतत्र रहेका चौलागाईं बन्धुहरूको वंशावली (इतिहास) सङ्कलन तथा प्रकाशन गर्ने ।
(ग) आफ्नो वंशको सनातनदेखि चलिआएको कुल, कुलाइनपूजा, गोठपूजा तथा अन्य संस्कृतिको खोजी गरी संरक्षण तथा सम्बर्द्धन गर्ने ।
(घ) मूलुकमा आईपर्ने प्राकृतिक प्रकोप जस्ता घटनाहरूमा विविध प्रकारको सहयोग उपलब्ध गराउने एवं शिक्षा, स्वास्थ्य, खेलकूद, मानव शंसाधन विकास जस्ता समाज कल्याणकारी कार्यहरू गर्दै जाने ।
(ङ) कुल वंशका प्रतिभाशाली व्यक्तिहरूको खोजी गरी तिनीहरूको परिचय प्रकाशित एवम् सम्मानित गर्दै जाने ।
(च) पिछडिएका बन्धुहरू तथा स–गोत्रि बन्धुहरूलई संरक्षण र सहयोग गर्दै जाने ।
(छ) चौलागाईं बन्धुहरूको सामूहिक पहिचान झल्कने खालका सामाजिक तथा रचनात्मक कार्यहरू गर्ने गराउने ।
(ज) पिछडिएका र लोप हुन लागेका विभिन्न जात जाति जनजातिहरूको भाषा, संस्कृति, लिपिहरूको खोजी एवम् प्रकाशनमा सहयोग पुऱ्याउने ।
(झ) राष्ट्रिय सांस्कृतिक धरोहरको संरक्षण सम्वर्द्धन गर्नमा टेवा पुऱ्याउने र त्यस्ता कार्यमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तिहरूलाई सम्मान प्रदान गर्ने ।

परिच्छेद– ३

८. **सदस्यताः**
यस विधान बमोजिम निम्न लिखित सदस्यहरू रहनेछन् ।
(क) साधारण सदस्य
(ख) आजीवन सदस्य
(ग) विशिष्ट सम्मानित सदस्य

९. **सदस्यता शुल्क :**
(क) सदस्यता वापत रु. १००/– अक्षेरूपी एकसय तिरी साधारण सदस्य बन्न सक्नेछन् ।
(ख) रु. १००१/– अक्षरूपी एक हजार एक रूपैयाँ मात्र तिरी आजीवन सदस्य बन्न सक्नेछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ग) बन्धुहरूको सामाजिक उत्थान तथा सम्बर्द्धन कार्यमा विशिष्ठ योगदान दिने बन्धुहरूलाई कार्यसमितिको सिफारिसमा साधारण सभाले "विशिष्ठ सम्मानित सदस्यता" प्रदान गर्न सक्नेछ ।

(घ) यस विधानको उद्देश्य तथा लक्ष्य प्राप्तिको लागि विशेष योगदान पुऱ्याउने व्यक्ति तथा संस्थाहरूलाई कार्यसमितिले "विशिष्ठ सम्मानित सदस्यता" प्रदान गरी सम्मान गर्न सक्नेछ ।

१०. सदस्यता नवीकरण :

(क) साधारण सदस्यता प्राप्त गरेका बन्धुहरूले कार्यसमितिले तोकेको नवीकरण शुल्क तिरेर प्रत्येक वर्ष सदस्यता नवीकरण गर्नुपर्ने छ । तर यस विधान बमोजिम तदर्थ समितिको सदस्यहरू आजीवन सदस्य सरह हुनेछन् ।

(ख) आजीवन सदस्यहरूले सदस्यता नवीकरण गर्नुपर्ने छैन ।

११. सदस्यको योग्यता

(क) यो विधानलाई मञ्जुर गर्नुपर्ने छ ।

(ख) न्यूनतम १६ वर्ष पुगेको चौलागाईं बन्धु हुनुपर्दछ ।

(ग) कुल वंश तथा सामाजिक कार्यमा रुचि भएको हुनुपर्दछ ।

(घ) विधानले तोकेका शुल्क बुझाउनुपर्ने छ ।

(ङ) प्रचलित कानुन बमोजिम अयोग्य नभएको हुनुपर्ने छ ।

१२. सदस्यको अयोग्यताः

(क) यो विधान मञ्जुर नगरी बन्धुहरूका विरुद्ध गई वंश परम्परामा हानी नोक्सानी पुऱ्याएमा ।

(ख) बन्धुहरूको कुल, परम्परा, सांस्कृतिक, धार्मिक र सामाजिक हानी नोक्सानी पुऱ्याउने कार्य गरेमा ।

(ग) तोकिएको सदस्यता शुल्क नबुझाएमा ।

(घ) समयमा सदस्यता नवीकरण नगराएमा ।

परिच्छेद – ४

१३. साधारण सभाः

समितिमा केन्द्रीय पदाधिकारीहरू र जिल्ला समिति बनेका ठाउँहरूमा केन्द्रीय समितिले तोकेका प्रतिनिधिहरू रहेको साधारण सभाको गठन हुनेछ । तर यसरी तोक्दा कुल सदस्य सङ्ख्याको २५ प्रतिशत प्रतिनिधि अनिवार्य रूपमा हुनुपर्ने छ र साधारण सभा ३ वर्षमा एक पटक बस्ने छ । तर यस विधानको विपरीत नहुने गरी समितिका एक चौथाई साधारण सदस्यले विशेष साधारण सभाको माग गरेमा आवश्यकता अनुसार सभा बस्न सक्नेछ ।

१४. साधारण सभाको निर्णय साधारणतयाः सामान्य बहुमतद्वारा गरिनेछ । तर समितिको प्रस्तावनाको विपरीत हुने, समितिको विघटन गर्ने जस्ता महत्वपूर्ण निर्णय साधारण सभाको दुई तिहाई बहुमतद्वारा गरिने छ ।

१५. गणपूरक सङ्ख्याः

साधारण गणपूरक सङ्ख्या पहिलो पटक सूचना गरी बसेको साधारण सभामा दफा १३ बमोजिम सदस्य सङ्ख्याको ५१ प्रतिशतलाई मानिने छ तर त्यसरी सूचना गरी बोलाइएकोमा गणपूरक सङ्ख्या पूरा नभई साधारणसभा बस्न नसकेमा दोस्रो पटक सूचना गरी पुनः बोलाइएको अवस्थामा उपस्थित सङ्ख्यालाई नै गणपूरक सङ्ख्या मानिने छ ।

१६. साधारण सभाको काम, कर्तव्य र अधिकारः

साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) वार्षिक बजेट तथा कार्यक्रम स्वीकृति गर्ने ।

(ख) प्रत्येक ३/३ वर्षमा कार्यसमितिको निर्वाचन गर्ने ।

(ग) कार्यसमितिलाई आवश्यक निर्देशन दिने ।

(घ) आवश्यकता अनुसार विधान संशोधन गर्ने ।

(ङ) संस्थाको उद्देश्य कार्यान्वयन गर्न आवश्यक सुझाव दिने, सहयोग गर्ने र प्राप्त उपलब्धि माथि छलफल गरी मूल्याङ्कन गर्ने ।

(च) अन्य आवश्यक निर्देशनहरू दिने ।

परिच्छेद – ५

१७. समितिको पहिलो साधारण सभा नबसुञ्जेलका लागि संस्थापक सदस्य साधारण सदस्य रहेका एक तदर्थ समिति रहनेछ । जसले यस विधानमा कार्य समितिले प्रयोग गर्न पाउने सम्पूर्ण अधिकारको प्रयोग गरी कार्य सञ्चालन गर्नेछ ।

१८. यस प्रतिष्ठानको विकास, बिस्तार गर्नमा मद्दत गर्ने, महत्वपूर्ण योगदान दिने व्यक्तिहरू रहेको एक सल्लाहकार समिति गठन गरिने छ । यस प्रतिष्ठानको कार्य समितिको विकास र बिस्तारका लागि आवश्यक योगदान दिई सरसल्लाह, परामर्श दिनु, आयस्रोतको व्यवस्था गरी समितिको विकास गर्नु हुनेछ ।

१९. जिल्ला प्रशासन कार्यलयद्वारा हटाइएकोः

२०. केन्द्रीय कार्य समिति :

यस प्रतिष्ठानको दैनिक कार्य सञ्चालनका लागि एक केन्द्रीय कार्य समिति रहनेछ । जसमा अध्यक्ष- १, उपाध्यक्ष – १, महासचिव – १, सचिव – १, कोषाध्यक्ष – १ गरी ५ र ७ जना सदस्यहरू निर्वाचित र मनोनित एकजना महिला सहित बढीमा ७ जना सदस्यहरू रहेको एक कार्य समिति रहनेछ । आवश्यकतानुसार उपसमितिहरू गठन गर्न सकिने छ । निर्वाचन सम्बन्धी सम्पूर्ण कार्यविधि निर्वाचन समितिले यस विधानको अधीनमा रहेर साधारण सभाको निर्णय बमोजिम व्यवस्थित गर्नेछ ।

२१. कार्य समितिको कार्यकाल ३ वर्षको हुनेछ । तर सङ्कटकालिन अवस्थामा साधारण सभाको भेला बोलाउन नसकिने अवस्थामा छ भन्ने लागेमा सल्लाहकार समिति र कार्य समितिको संयुक्त बैठकले बढीमा ६ महिनाको कार्यकाल थप्न सक्नेछ ।

२२. कार्य समितिको लागि यस विधानको अधीनमा रही निम्न योग्यता भएका व्यक्ति उम्मेदवार हुन सक्नेछन् ।

(क) २१ वर्ष उमेर पुगेको ।

(ख) यस समितिको साधारण अथवा आजीवन सदस्य हुनुपर्ने ।

(ग) समितिको रकम बेरुजु नगरेको हुनुपर्ने ।

२३. कार्य समिति साधारण सभा प्रति उत्तरदायी हुनेछ । कुनै पदाधिकारीहरू लगातार तीन पटक बिना सूचना काबु भन्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाहिरको परिस्थिति नपरी बैठकमा अनुपस्थित भएमा स्वतः कार्य समितिबाट हट्नेछ । यस्ता हटेका पदाधिकारी एवम् सदस्यको रिक्त स्थानमा बाँकी अवधिको लागि अन्य व्यक्तिलाई मनोनयन गर्नेछ । कार्य समिति पूर्णतया साधारण सभाको निर्देशन र दिएको नीति नियम बमोजिम सञ्चालित हुनेछ ।

परिच्छेद – ६

२४. कार्यसमितिको काम, कर्तव्य र अधिकारः

(क) कार्यसमितिले साधारण सभामा छलफलका लागि विषयहरू निर्धारण गर्ने ।

(ख) साधारण सभा हुने मिति, स्थान र समय स्पष्ट खुल्ने गरी प्रभावकारी सञ्चार माध्यमद्वारा आम बन्धुहरूमा २१ दिन अगावै अनिवार्य रूपमा सूचना गर्ने ।

(ग) साधारण सभाको सूचना कार्य समितिले सबै मातहतका कार्यसमितिमा ४५ दिन अगावै पत्रद्वारा सबै बन्धुहरूलाई सूचित गर्ने, गराउने ।

(घ) कार्य समितिले आवश्यक ठानेमा देशका कुनै ठाउँमा बन्धु भेलाको आयोजना गर्ने ।

(ङ) चौलागाईं बन्धुहरूको वंशावली खोजी, तयारी गरी सभामा पेश गर्ने ।

(च) कार्यक्रम तयार गरी साधारण सभामा पेश गर्ने ।

(छ) कार्य समितिको बैठक वर्षको कम्तिमा ४ पटक बस्ने ।

(ज) वंशावली, धार्मिक, सांस्कृतिक तथा सामाजिक कार्यलाई बिस्तार गर्ने ।

(झ) संस्थाको उन्नति र प्रगतिको लागि निरन्तर लागि रहन आवश्यक कार्यक्रम गर्ने ।

(ञ) कार्य समितिले साधारण सदस्यहरूसँग वंशावली तयार पार्न मद्दत पुग्ने सदस्यको पुर्ख्यौली विवरण प्राप्त हुनसक्ने तालिका बनाई अनिवार्य वितरण गर्ने ।

(ट) अध्यक्षले विधान बमोजिम गरेका मनोनयन एवं कार्यको अनुमोदन गर्ने ।

(ठ) सल्लाहकार समिति, विद्धत समिति, वंशावली खोज तथा प्रकाशन समिति तथा अन्य समिति, उप समितिको गठन गरी तिनीहरूको काम, कर्तव्य, अधिकार तोक्ने ।

(ड) अध्यक्षले राजीनामा स्वीकृति गर्ने र बाँकी अवधिको लागि समितिबाट अध्यक्ष तोक्ने ।

२५. पदाधिकारीहरूको काम, कर्तव्य र अधिकारः

कार्यसमितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) अध्यक्षको काम, कर्तव्य र अधिकारः

(१) साधारण सभा तथा कार्य समितिको निर्णय कार्यान्वयन गर्ने गराउने तथा रेखदेख गर्ने ।

(२) समितिको तर्फबाट समितिको हितको निमित्त सम्झौता गर्ने र त्यसको अनुमोदन साधारण सभाबाट गराउने ।

(३) कार्य समितिको बैठक नबसेको अवस्थामा कुनै कार्य गर्न आवश्यक भएमा सो कार्य गर्ने र कार्य समितिको बैठकमा अनुमोदन गराउने ।

(४) समितिको सम्पत्तिको रेखदेख तथा संरक्षण गर्ने ।

(५) बैठक बोलाउन महा-सचिवलाई आदेश दिने ।

(६) बैठकको अध्यक्षता गर्ने ।

(७) समितिको हितका लागि अन्य भैपरी आउने कार्य गर्ने ।

(८) आवश्यकता अनुसार दैनिक आवधिक तथा वार्षिक कार्यतालिका बनाउने र कार्यान्वयन गर्ने ।

(९) कार्य समितिमा बढीमा ७ जना सदस्यहरू मनोनित गरी अनुमोदनको लागि पेश गर्ने ।

(१०) कार्य समितिबाट अनुमोदन गर्ने गरी एक पटकमा बढीमा रु ५०००।- सम्म खर्च गर्ने ।

(११) परिषदका सदस्य, पदाधिकारीहरू, समिति, उप-समितिका पदाधिकारी-हरूको राजीनामा स्वीकृति गर्ने ।

(ख) उपाध्यक्षको काम, कर्तव्य र अधिकारः

(१) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सबै कार्य गर्ने ।

(२) अध्यक्षले अह्राए खटाएको कार्य गर्ने ।

(३) समितिको हितको लागि अन्य भैपरि आउने कार्य गर्ने ।

(ग) महा-सचिवको काम, कर्तव्य र अधिकारः

(१) अध्यक्षको आदेशमा बैठक बोलाउने ।

(२) समितिको कार्य समितिका एक चौथाई सदस्यहरूले लिखित रूपमा बैठकको माग गरेमा बैठक बोलाउने ।

(३) अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षलाई, उपाध्यक्ष पनि अनुपस्थिति भएमा बैठकमा उपस्थित वयोवृद्ध सदस्यबाट बैठकको अध्यक्षता गराउने ।

(४) अध्यक्षले अह्राए खटाएको कार्य गर्ने ।

(५) समितिको हितको लागि अन्य कार्य गर्ने ।

(६) बैठकको निर्णयहरू निर्णय पुस्तिकामा लेख्ने र सोको कार्यान्वयन गराउने ।

(७) कार्यालय सञ्चालन गर्ने, कार्य विभाजन समेत गर्ने गराउने ।

(घ) सचिवको काम, कर्तव्य र अधिकारः

(१) महा-सचिवको अनुपस्थितिमा महा-सचिवले गर्ने सम्पूर्ण कार्य गर्ने ।

(२) महा-सचिवलाई आवश्यक मद्दत पुऱ्याउने ।

(ङ) कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः

(१) समितिको आय व्ययको हिसाब दुरुस्त राख्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२) अध्यक्षसँग परामर्श लिई कोषको सञ्चालन गर्ने ।

(३) समितिको नगद तथा जिन्सीको रेखदेख र संरक्षण गर्ने, लेखा राख्ने ।

(४) अध्यक्षले अह्राएको अन्य कार्य गर्ने ।

परिच्छेद – ७

२६) **समितिको आर्थिक श्रोत निम्न बमोजिम हुनेछ –**

क) सदस्यता शुल्क एवं पदाधिकारीहरूबाट प्राप्त हुने सहयोग ।

ख) स्वदेशी तथा विदेशी दातृ सस्थाले दिएको आर्थिक सहयोग ।

ग) चन्दा तथा अन्य उपायको अवलम्वन गरी समितिले आर्जन गरेको सम्पत्ति ।

घ) समितिको नाममा प्राप्त हुन आउने अन्य रकम । (वैदेशिक सहयोग लिंदा श्री ५ को सरकारको पूर्वस्वीकृति लिइने छ ।)

२७) **अक्षयकोषः**

यस समितिबाट आजीवन सदस्यता ग्रहण गरेका व्यक्तिहरूबाट प्राप्त सदस्यता शुल्क र अक्षयकोषको लागि भनी प्राप्त रकमको एउटा छुट्टै अक्षयकोष खडा गरिने छ । र यस्तो अक्षयकोषको रकम खर्च गर्न पाइने छैन । तर यसबाट प्राप्त व्याज भने आवश्यकता अनुसार खर्च गर्न सकिने छ ।

२८) यो समितिले कानुनी व्यक्ति सरह आफ्नो नामबाट सम्पत्ति आर्जन गर्ने, भोग गर्न, बेचविखन गर्न सक्दछ । समितिको चल सम्पत्ति अध्यक्ष, महाचिव र कोषाध्यषको संयुक्त रूपमा बैंक खाता खोली निजहरूको नामबाट संचालन गरिने छ । तर सम्पूर्ण अचल सम्पत्तिहरू समितिको नाममा रहने छ ।

२९) कोषको संचालन गर्न अध्यक्ष, महासचिव र कोषाध्यक्षले अधिकार प्रत्यायोजित गरी समितिका अन्य सदस्यहरूलाई दिन सकिनेछ ।

३०) समितिको वार्षिक आय व्ययको लेखा परीक्षण लेखापरीक्षण समितिबाट गराई साधारण सभामा पेश गरी अनुमोदन गराई जिल्ला प्रशासन कार्यालय र समाज कल्याण परिषद्मा पेश गर्नु पर्नेछ ।

३१) प्रशासन संचालन गर्न समितिले आवश्यक कर्मचारी नियुक्ति गर्नेछ ।

परिच्छेद – ८
विविध

३२) **लेखा परीक्षण :**

कार्य समितिले आय व्ययको परीक्षण गरी प्रतिवेदन पेश गर्नका लागि श्री ५ को सरकारबाट स्वीकृत प्राप्त लेखापरीक्षकलाई लेखापरीक्षक नियुक्ति गर्नेछ । निजले प्रचलित नियम कानुन बमोजिम लेखा परीक्षण गरी सो को प्रतिवेदन कार्य समिति मार्फत साधारण सभामा पेश गर्नेछ । साधारण सभाले प्रतिवेदन माथि छलफल गरी जिल्ला प्रशासन कार्यालय र समाज कल्यण परिषद्मा पेश गर्नु पर्दछ ।

३३. **निर्वाचन समिति :**

कार्य समितिको निर्वाचनको लागि साधारण सभाले एक निर्वाचन समितिको गठन गर्नेछ । सोअनुसार गठित समितिले विधानको अधिनमा रही नियम विनियम बमोजिम निर्वाचन प्रकृया पूरा गरी कार्य समितिको निर्वाचन गराउने छ । निर्वाचन समितिको काम कारवाही चित्त नबुझे, नबुझ्ने पक्षले साधारण सभामा उजुरी पेश गर्न सक्नेछ र सो उजुरी उपर साधारण सभाले सामान्य बहुमतका आधारमा निर्णय गर्नेछ ।

३४) **नियम-विनियमः**

यस विधानको अधीनमा रहेर साधारण सभाले आफ्नो कार्य संचालन गर्न नियम विनियम वनाई जारी गर्न सक्नेछ ।

३५) **विधान संशोधन :**

यस समितिको विधान प्रस्तावनाको भावना विपरीत नहुने गरी साधारण सभाको दुई तिहाई बहुमतले विधानको संशोधन गर्न सक्नेछ । यसरी संशोधन गरी अनुमोदनका लागि जिल्ला प्रशासन कार्यालयमा पेश गराई पुनः अनुमोदन भएपछि लागू हुनेछ ।

३६) **वाधा अड्काउ फुकाउनेः**

यस विधानको कुनै वाधा अड्काउ परेको कुरामा कार्य समितिले विधानको प्रस्तावनाको अधीनमा रहेर वाधा फुकाउनेछ ।

३७) यो विधानको कुनै पनि प्रावधान प्रचलित कानुनसग बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

३८) **समितिको विघटनः**

कारणवश समितिको विघटन गर्नु परेमा समितिको नाममा रहेको सम्पूर्ण नगद तथा जिन्सी वा चल अचल सम्पत्ति श्री ५ को सरकारको हुनेछ ।

३९) **अविश्वासको प्रस्ताव :**

यस समितिका कार्य समितिका कुनै पनि पदाधिकारीले समितिको हित विरुद्ध कार्य गरे वा खराब आचरण भए वा समितिको साधारण सभाको विश्वास लिन नसके त्यस्ता पदाधिकारी विरुद्धमा समितिका एक चौथाई सदस्यले लिखित रूपमा अविश्वासको प्रस्ताव पेश गरेमा त्यस्तो प्रस्ताव माथि साधारण सभामा छलफल गरी सो अविश्वासको प्रस्ताव साधारण सभाको दुई तिहाइ बहुमतले पारित गरेमा त्यस्ता पदाधिकारीले पदबाट हट्नु पर्नेछ । तर अविश्वासको प्रस्ताव ल्याएका पदाधिकारीहरूलाई आफ्नो सफाई पेश गर्ने उचित मौकाबाट बंचित गरिने छैन ।

४०) **तदर्थ कार्य समितिः**

निर्वाचनद्वारा आधिकारिक कार्यसमिति गठन नभएसम्मका लागि यस विधानको दफा १६ बमोजिम निम्नलिखित पदाधिकारीहरूको एक तदर्थ केन्द्रीय कार्यसमिति गठन गरिनेछ । जसअन्तर्गत–

अध्यक्ष	सीताराम चौलागाईं
उपाध्यक्ष	चेतनाथ चौलागाईं
महासचिव	भूपेन्द्र चौलागाईं
कोषध्यक्ष	मीना चौलागाईं
सदस्य	दुर्वासा चौलागाईं
सदस्य	शरद चौलागाईं

अनुसूची – १

केन्द्रीय कार्य समितिको छाप निम्न अनुसार हुनेछ–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रतिष्ठानका आजीवन सदस्यहरु

क्र.सं.	नाम थर	जिल्ला	गा.वि.स.
१.	मा.श्री पशुपति चौलागाईं	दोलखा	काव्रे गा.वि.स.
२.	श्री शिव प्रसाद चौलागाईं	बारा	निजगढ
३.	श्री होमनाथ चौलागाईं	सिन्धुपाल्चोक	भोटेचौर,
४.	श्री केशव प्र. चौलागाईं	मोरङ	विराटनगर उ.न.पा. -१३
५.	श्री दुर्वासा चौलागाईं	मोरङ	इटहरा- ७,
६.	श्री अर्जुन चौलागाईं	ललितपुर	लामाटार,
७.	श्री बद्री चौलागाईं	भक्तपुर	दधिकोट-२
८.	श्री विष्णु प्रसाद चौलागाईं	भक्तपुर	दधिकोट-२
९.	श्री सीताराम चौलागाईं	भक्तपुर	दधिकोट-२
१०.	श्री डम्बर प्रसाद चौलागाईं	रामेछाप	गुन्सी भदौरे- ४
११.	श्री तीर्थ राज चौलागाईं	सिरहा	लाहान न.पा.- ३
१२.	श्री भूपेन्द्र प्र. चौलागाईं	रामेछाप	गुन्सी भदौरे -३
१३.	श्री दीपक प्र. चौलागाईं	काठमाडौं	कामनपा-१० बानेश्वर
१४.	श्री खडानन्द चौलागाईं	काठमाडौं	कामनपा -१० बानेश्वर
१५.	श्री दामोदर चौलागाईं	काभ्रे	चौरीपोखरी
१६.	श्री होमकान्त चौलागाईं	सिन्धुपाल्चोक	भोटेचौर
१७.	श्री चेत नाथ चौलागाईं	काभ्रे	पाँचखाल
१८.	श्री चित्रप्रसाद चौलागाईं	सिन्धुपाल्चोक	मांखा
१९.	श्री रामेश्वर चौलागाईं	भक्तपुर	दधिकोट- १
२०.	श्री भीम प्रसाद चौलागाईं	बारा	भरतगन्ज
२१.	श्री हरेराम चौलागाईं	रामेछाप	गुन्सी भदौरे- ३
२२.	श्री शरद चौलागाईं	रामेछाप	गुन्सी भदौरे- ३
२३.	श्री द्वारिका चौलागाईं	काठमाडौं	कामपा- १०
२४.	श्री मणीराज चौलागाईं	रौतहट	डुमरीया
२५.	श्री नन्दिकेशर चौलागाईं	काभ्रे	कात्तिके देउराली-८
२६.	श्री आभूषण चौलागाईं	दोलखा	भीमेश्वर न.पा.
२७.	श्री मनोहरि चौलागाईं	झापा	धरमपुर
२८.	श्री गंगा प्रसाद चौलागाईं	दोलखा	भीमेश्वर, न.पा.
२९.	श्री लक्ष्मण चौलागाईं	सर्लाही	लालबन्दी
३०.	श्री गणेश प्रसाद चौलागाईं	रौतहट	डुमरिया
३१.	श्री ज्ञान प्र. चौलागाईं	रौतहट	डुमरिया
३२.	श्री ज्ञानेन्द्र प्रसाद चौलागाईं	बारा	निजगढ
३३.	श्री भोला प्रसाद चौलागाईं	बारा	निजगढ
३४.	श्रीमती तारादेवी चौलागाईं	बारा	निजगढ
३५.	श्री मुकुन्द प्रसाद चौलागाईं	मकवानपुर	हेटौंडा न.पा.- २
३६.	श्री तारानाथ चौलागाईं	मकवानपुर	हेटौंडा न.पा.- २
३७.	श्री रामहरि चौलागाईं	सिन्धुपाल्चोक	भोटेचौर
३८.	प्रा. श्री जगत ब. केसी चौलागाईं	सुनसरी	धरान न.पा.- १६
३९.	श्री चेतनाथ चौलागाईं	बारा	निजगढ
४०.	श्री कृष्ण प्रसाद चौलागाईं	बारा	निजगढ
४१.	श्री अर्जुन चौलागाईं	काभ्रे	रविओपी
४२.	श्री गोविन्द प्र. चौलागाईं	काभ्रे	रविओपी
४३.	श्री रामजी प्र. चौलागाईं	काभ्रे	पात्लेखेत- ८
४४.	श्री फागु प्र. चौलागाईं	बारा	निजगढ
४५.	श्री गोविन्द प्र. चौलागाईं	भक्तपुर	दधिकोट- २
४६.	श्री राजीव सिह के.सी चौलागाईं	काठमाडौं	का.म.न.पा.- ३२
४७.	श्री देवी प्रसाद चौलागाईं	मोरङ	इटहरा- ७
४८.	श्री उद्धव प्र. चौलागाईं	भक्तपुर	दधिकोट- २
४९.	श्री महेश चौलागाईं	सुनसरी	इटहरी न.पा.- ७
५०.	श्री मनोज कुमार चौलागाईं	हाल- आसाम	गोरुडुवा
५१.	श्री राजन चौलागाईं	रौतहट	सन्तपुर
५२.	श्री तुलसीराम चौलागाईं	झापा	जलथल- ८
५३.	श्री उद्धव प्रसाद चौलागाईं	काभ्रे	रविओपी- ३
५४.	श्री माधव प्र. चौलागाईं	काठमाडौं	कामनपा-१० नयाँ वानेश्वर
५५.	श्री शिव प्र. चौलागाईं	काठमाडौं	कामनपा-१० बुद्धनगर
५६.	श्री राम प्र. चौलागाईं	सुनसरी	इटहरी न.पा.- ५
५७.	श्री शिवराज चौलागाईं	सुनसरी	इटहरी न.पा.- ५
५८.	श्री प्रेमप्रसाद चौलागाईं	काभ्रे	कात्तिके देउराली- ९
५९.	श्री कमल प्र. चौलागाईं	रामेछाप	गुन्सी भदौरे
६०.	श्री देवी प्र. चौलागाईं	भक्तपुर	दधिकोट-२
६१.	श्री डिल्ली प्र. चौलागाईं	काभ्रे	कात्तिके द्यौराली- ९
६२.	श्री उदय चौलागाईं	मोरङ	विराटनगर उ.न.पा. - १३
६३.	श्री तीर्थराज चौलागाईं	मकवानपुर	हेटौंडा न.पा.- ३
६४.	श्री विष्णु प्र. चौलागाईं	काभ्रे	पोखरी चौरी- ३
६५.	डा. श्री भिमनाथ चौलागाईं	रामेछाप	गुन्सी भदौरे- ३
६६.	श्री विष्णु प्रसाद चौलागाईं	काभ्रे	पोखरी चौरी- ७
६७.	श्री नीलकण्ठ चौलागाईं	काभ्रे	कात्तिके द्यौराली
६८.	श्री भरत प्रसाद चौलागाईं	रामेछाप	गुन्सी भदौरे ३
६९.	श्री शिव प्रसाद चौलागाईं	रामेछाप	लखनपुर रिठे
७०.	श्रीमती तुलसा चौलागाईं	मोरङ	इटहरा- ७
७१.	श्रीमती अवच्छरा चौलागाईं	काभ्रे	पाँचखाल
७२.	श्रीमती पुण्यमाया चौलागाईं	काठमाडौं	कामपा -१० नयाँ बानेश्वर
७३.	श्री कृष्णप्रसाद चौलागाईं	मोरङ	विराटनगर उ.न.पा - १३
७४	श्रीमती किलकुमारी चौलागाईं	कठमाण्डौं	कामनापा १० बुद्धनगर
७५	श्री वलराम चौलागाईं	सिन्धुपाल्चोक	भोटेचौर-२
७६	स्वर्गीय श्री शंकर चौलागाईं	मोरङ	विराटनगर उ.न.पा.
७७.	श्री बुद्धिनाथ चौलागाईं	मोरङ	विराटनगर उ.न.पा.
७८.	श्री श्याम चौलागाईं	इलाम	धुसेनी -२
७९.	श्री शेखरनाथ चौलागाईं	भक्तपुर	सुडाल-८
८०.	ई. श्री उद्धवराज चौलागाईं	रामेछाप	गुन्सी भदौरे-४
८१.	श्रीमती रीता चौलागाईं	रामेछाप	गुन्सी भदौरे-४
८२.	श्री सागर प्रसाद चौलागाईं	बुद्धनगर	कामनपा -१०
८३.	श्री दीपलाल चौलागाईं	सिन्धुपाल्चोक	भोटेचौर-१
८४.	श्री चन्द्रदत्त चौलागाईं	सिन्धुपाल्चोक	भोटेचौर-१
८५.	श्री वेदलाल चौलागाईं	सिन्धुपाल्चोक	भोटेचौर-१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८६ श्री रेवती प्रसाद चौलागाईं रामेछाप गुन्सी भदौरे-३ ,
८७ श्री राजकपुर चौलागाईं काठमाडौं कामनपा- ३५,
८८ श्री राजन चौलागाईं काभ्रे कात्तिके देउराली-९
८९ श्री टेक प्रसाद चौलागाईं बारा निजगढ-५
९० श्रीमती राधिका चौलागाईं काभ्रे पोखरीचौरी -७
९१ श्री मुकुन्दप्रसाद चौलागाईं मकवानपुर हेटौंडा न.पा. ६
९२ श्री नारायण प्रसाद चौलागाईं मकवानपुर हेटौंडा न.पा. ६
९३ श्रीमती यानीमाया चौलागाईं रामेछाप गुन्सी भदौरे-३
९४ श्री ऋतुप्रसाद चौलागाईं रौतहट सन्तपुर गाविस-८
९५ श्री रमेश चौलागाईं भक्तपुर मध्यपुर ठिमी न.पा.- १५
९६ श्री भरत राज चौलागाईं सिन्धुपाल्चोक सिन्धुकोट- ७,
९७ श्री एकनाथ चौलागाईं काभ्रे पोखरी चौरी,
९८ श्री गोविन्द चौलागाईं सिन्धुपाल्चोक भोटेचौर गाविस-३
९९ श्री हरेराम चौलागाईं ललितपुर लामाटार- ५,
१०० श्री राजु चौलागाईं भक्तपुर दधिकोट- १,
१०१ श्री भगिरथ चौलागाई झापा धर्मपुर- ६,
१०२ श्री मेघनाथ चौलागाईं रौतहट सन्तपुर- ८
१०३ श्री प्रेमप्रसाद (उपाध्याय) चौलागाईं जुम्ला हाँकु गाविस- ६
१०४ श्रीमती ईश्वरीदेवी चौलागाईं भक्तपुर दधिकोट- २
१०५ श्री खेमप्रसाद चौलागाईं इलाम धुसेनी गाविस- २,
१०६ श्री गोविन्द चौलागाईं इलाम धुसेनी गाविस- २,
१०७ श्री टिकाप्रसाद चौलागाईं काभ्रे कात्तिके देउराली- ९
१०८ श्री पर्शुराम चौलागाईं मोरङ इटहरा-७
१०९ श्री राजेन्द्र चौलागाईं बानेश्वर कामपा- १० लाखेको चौर,
११० श्री डिल्लीराम चौलागाईं मोरङ विराटनगर- १३,
१११ श्रीमती नरमाया चौलागाईं मोरङ विराटनगर-१३,
११२ श्री बलराम चौलागाईं ललितपुर लामाटार- ५
११३ श्री पुष्पराज चौलागाईं ललितपुर लामाटार- ५
११४ श्रीमती रुकु चौलागाईं भक्तपुर दधिकोट- २
११५ श्री चेतप्रसाद चौलागाईं काभ्रे कात्तिके देउराली-७
११६ श्री लिलाबहादुर चौलागाईं रामेछाप गुन्सी भदौरे- ८
११७ डा.श्री चक्रपाणी चौलागाईं सुनसरी इटहरी न.पा.- ५
११८ स्वर्गीय श्री विष्णु चौलागाईं मोरङ भलुवा मंगलबारे
११९ श्रीमती मिठु चौलागाईं काभ्रे पांचखाल गाविस
१२० श्री तुलसीप्रसाद चौलागाईं सिन्धुपाल्चोक भोटेचौर गाविस
१२१ श्री अक्रुर चौलागाईं काठमाडौं कामनपा- १०,
१२२ श्री प्रेमलाल चौलागाईं इलाम धुसेनी,
१२३ श्री अनिरुद्र चौलागाईं रामेछाप गुन्सीभदौरे-४,
१२४ श्री केशव चौलागाईं बारा निजगढ,
१२५ श्री देवनारायण चौलागाईं सिन्धुपाल्चोक भोटेचौर - १,

१२६. श्रीमती बछलादेवी चौलागाईं (धर्मपत्नी स्व. धर्मानन्द चौलागाईं)
दमक नपा-१ झापा

१२७. श्री दिलनाथ चौलागाईं
कात्तिके देउराली-९ काभ्रे

१२८. श्री बद्रीकुमार चौलागाईं
भीमेश्वर नपा ५ दोलखा

१२९. श्री केशव चौलागाईं (केसी)
कामपा ३४ वानेश्वर



१३०. श्री हरिवंश चौलागाईं
भीमेश्वर नपा ५ दोलखा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१३१. श्री लख्खीधर चौलागाईं
सीतापाइला, काठमाडौं

१३२. श्री विष्णुप्रसाद चौलागाईं
कामपा-३५ कोटेश्वर, काठमाडौं



१३३. श्री चुडाप्रसाद चौलागाईं
कात्तिके देउराली-९ काभ्रे

१३४. श्री धनञ्जय चौलागाईं
इटहरी नपा-५ सुनसरी

१३५. श्रीमती सावित्री चौलागाईं
इटहरी नपा-५ सुनसरी

१३६. ई. श्री चुडामणी चौलागाईं
इटहरी नपा-५ सुनसरी

१३७. श्री टंकप्रसाद चौलागाईं
लेखक गाविस-४ भोजपुर

१३८. श्री हुद्धराज चौलागाईं
पाँचखाल गाविस-६ काभ्रे

१३९. श्री योग्यनिधि चौलागाईं
दमक नपा-१०, झापा



१४०. ई. श्री लोकराज चौलागाईं
सैबु गाविस ४(क), ललितपुर

१४१. श्री सूर्यप्रसाद चौलागाईं
गोटीखेल-८, धामीखोला, ललितपुर

१४२. श्री कपीलमणी चौलागाईं
भट्टेडाँडा-१, भैंसे, ललितपुर

१४३. श्री मुकुन्द चौलागाईं
शंखु-३, गुफाडाँडा, ललितपुर



१४४. श्री भवानीशंकर चौलागाईं
कात्तिके देउराली- ९ काभ्रे

१४५. श्री हरिप्रसाद चौलागाईं
झरुवारासी-७ ललितपुर



१४६. श्री दुर्गाप्रसाद चौलागाईं
शंखु- ३, ललितपुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१४७. श्री विष्णुप्रसाद चौलागाईं
लेले-४, ललितपुर

१४८. श्री मनोहरि चौलागाईं
शंखु-१ ललितपुर

१४९. श्री केशव चौलागाईं
शंखु-१ ललितपुर


१५०. श्री हेमलाल चौलागाईं
दमक नपा- १४, झापा

१५१. श्री टेकनाथ चौलागाईं
अनारमनी- ३, झापा

१५२. श्री मृगेन्द्र व. चौलागाईं (केसी)
दमक नपा- ११ झापा


१५३. श्री चन्द्रकुमार चौलागाईं
दमक नपा- ११, झापा

१५४. श्री गोविन्द्रप्रसाद चौलागाईं
लखनपुर- ८, झापा

१५५. श्रीमती चेतकुमारी चौलागाईं
दमक नपा-११, झापा

१५६. श्री झनक प्रसाद चौलागाईं
तोपगाछी- ४, झापा


१५७. श्री युवराज चौलागाईं
वैगुनधुरा-३ झापा

१५८. श्री तेज प्र. चौलागाईं (ओखलढुंगे)
मेची नपा-६, झापा

१५९. श्री जयप्रसाद चौलागाईं
अर्जुनधारा-७ झापा

१६०. श्री विष्णुकान्त चौलागाईं
महारानी-२ झापा

१६१. श्री मधुसुधन चौलागाईं
अर्जुनधारा- ७, झापा

१६२. श्री देवेन्द्र चौलागाईं
बाहुनडाँगी-६, झापा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१६३. श्री पुण्यप्रसाद चौलागाईं
गौरादह- १, झापा

१६४. श्री शिव शर्मा चौलागाईं
दमक नपा- १, झापा

१६५. श्रीमती सीता चौलागाईं
दमक नपा- १, झापा

१६६. श्री अमर चौलागाईं
दमक नपा- १, झापा

१६७. श्री अमित चौलागाईं
दमक नपा- १ झापा

१६८. श्री श्रीमती भागिरथी चौलागाईं
दमक नपा- ११ झापा

१६९. श्री मेघराज चौलागाईं
वैगुनघुरा- ३, झापा

१७०. श्री छविलाल चौलागाईं
गौरादह- २, झापा



१७१. श्री खडानन्द चौलागाईं
पचरी-९ मोरङ

१७२. श्री विदुर चौलागाईं
गुन्सीभदौरे- ५, रामेछाप

१७३. श्री प्रोणप्रताप चौलागाईं
सहरे- १, दोलखा

१७४. श्री पूर्ण ब. केसी (चौलागाईं)
सहरे - १, दोलखा

१७५ श्री भीम ब. केसी चौलागाईं
भीमेश्वर नपा- ५, दोलखा

१७६. श्री शिवलाल चौलागाईं
भीमेश्वर नपा- ५, दोलखा

१७७. श्रीमती महादेवी चौलागाईं
कामनपा- ३४ प्रयागमार्ग

१७८. श्री लोकनाथ चौलागाईं
कात्तिके देउराली- ९, काभ्रे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१७९. श्री कृष्णप्रसाद चौलागाईं
कपन गाविस, काठमाडौं

१८०. श्री पुण्यप्रसाद चौलागाईं
जोरपाटी - १, काठमाडौं

१८१. श्री शान्तिराम चौलागाईं
दुरदिम्वा- ९, पाँचथर

१८२. श्री गोविन्दप्रसाद चौलागाईं
लामाटार- ५ ललितपुर

१८३. श्री मधु चौलागाईं
पोखरीचौंरी, काभ्रेपलाञ्चोक

१८४. श्री दुर्गाप्रसाद चौलागाईं
दधिकोट- १, भक्तपुर

१८५. श्री प्रदीप शर्मा चौलागाईं
मध्यपुर ठिमी न.पा. १६ लौकन्यली

१८६. श्रीमती कान्छी शर्मा चौलागाईं
मध्यपुर ठिमी न.पा. १६ लौकन्यली

१८७. श्रीमती निर्मला चौलागाईं
इटहरा गाविस- ७, मोरङ

१८८. श्री ज्ञानप्रसाद चौलागाईं
डुमरिया (म) गाविस- ७ रौतहट

१८९. श्री पदमलाल चौलागाईं
कामपा-१०पुरानोबानेश्वर

१९०. श्रीमती माझली चौलागाईं
कामपा-१०पुरानोबानेश्वर

१९१. श्रीमती फत्यकुमारी चौलागाईं
दधिकोट- २, भक्तपुर



१९२. श्री शंभुप्रसाद चौलागाईं
दधिकोट- २, भक्तपुर

१९३. श्री मदनकुमार चौलागाईं
दधिकोट- २, भक्तपुर

१९४. श्री रामकृष्ण चौलागाईं
दधिकोट- २, भक्तपुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१९५. श्री लालप्रसाद(प्रकाश) चौलागाईं
पोखरीचौरी- ८, काभ्रे

१९६. श्री कृष्णप्रसाद चौलागाईं
दधिकोट- २, भक्तपुर

१९७. श्रीमती धनकुमारी चौलागाईं
दधिकोट- २, भक्तपुर

यस संस्थावाट साधारण सदस्य लिनुहुने बन्धुहरुको नाम ठेगाना

१) ए. पि. चौलागाईं — विशालनगर
२) विश्वमणि चौलागाईं — भीमेश्वर न.पा. दोलखा, भीमेश्वर
३) बद्री प्रसाद चौलागाईं — भोटेचौर, सिन्धुपाल्चोक
४) सुन्दर प्रसाद चौलागाईं — भोटेचौर, सिन्धुपाल्चोक
५) रेशम चौलागाईं — कात्तिके देउराली- ९, काभ्रे
६) जय कृष्ण चौलागाईं — नराकोट, जुम्ला
७) तुलसी प्रसाद चौलागाईं — निजगढ, वारा
८) नवराज चौलागाईं — का.म.पा. ६
९) ईश्वर चौलागाईं — का.म.पा. ६
१०) गनु चौलागाईं — रामेछाप, लखनपुर
११) टंक चौलागाईं — रामेछाप, लखनपुर
१२) उमेश चौलागाईं — भीमेश्वर न.पा. ५
१३) मधु चौलागाईं — पोखरी चौरी, काभ्रे
१४) ठाकुर चौलागाईं — पोखरी चौरी, काभ्रे
१५) रामशरण चौलागाईं — भोटेचौर, सिन्धुपाल्चोक
१६) ईन्द्रप्रसाद चौलागाईं — भोटेचौर, सिन्धुपाल्चोक

(नोट : यस प्रतिष्ठानको विधानबमोजिम यसपूर्व सदस्यता ग्रहण गर्नुहुने अन्य बन्धुहरूले सदस्यता नविकरण नगर्नु भएको)

हार्दिक शुभकामना

नव वर्ष २०६० सालको सुखद उपलक्ष्यमा सम्पूर्ण नेपालीहरूमा

हार्दिक मंगलमय शुभकामना

व्यक्त गर्दछौं ।

शैलेन्द्र जोशी
प्रवन्ध निर्देशक

ADMISSION OPEN
Computer Hardware Engineering
"COME & LEARN, GO & EARN"

FACILITY
1. Free HW book
2. Free Lab Facility with Computer Library Consultation
3. Free Practical Material
4. Job Placement
5. Free SW Practise

Course Highlight
Diploma in Computer Hardware Maintenance
Advance Diploma in Computer Hardware
Diploma in Monitor Servicing
Diploma in Printer / SMPS Servicing
Diploma in Networking

Microland Consultants
Engineering & Technical Education
Microland Building, Kupandole
Tel : 5520456, 5530373, Fax : 5520456
E-mail : info@microland.com.np
Web: www.microland.com.np

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इतिहास

ठूला साना जात मेरो दृष्टिमा

– चक्र बहादुर शंकर
(सदस्य– राजपरिषद स्थायी समिति)

विश्वभरको जनसंख्याको तथ्याङ्क खोज्दा पाउंन सकिन्छ । तर विश्वभरका मानव समुदायका जात जाति, उपजाति, थर र गोत्र कति छन् कति भाषा छन् कति किसिमका रीतिरिवाजहरू र संस्कृतिहरू छन् भन्ने विस्तृत विवरणको वास्तविक तथ्याङ्क आजसम्म उपलब्ध भएको छैन । नेपाल जस्तो सानो देशको पनि यस सम्वन्धमा विस्तृत र वास्तविक तथ्याङ्क संकलन र प्रकाशित हुन सकेको छैन । समाज शास्त्रमा विद्यावारिधि गर्ने व्यक्तिलाई पनि एउटै मात्र सिङ्गो जातिको थर गोत्रहरू थाहा छ भन्न सकिदैन । बाहुन जातिले नेपाल भरका बाहुनहरूको मात्र उपजाति विस्तृत रूपमा थर, गोत्र, जानेको हुँदैन, त्यस्तै क्षत्री जातिले नेपाल भरका क्षेत्रीहरूको उपजाति थर, गोत्र विस्तृत रूपमा जानेको हुँदैन । अन्य सबै जातिका कुराहरू पनि यस्तै हुन् । नेपालको पश्चिमतिर बस्ने पगेनी थर भएका, लेखक थर भएका वस्याल थर भएका व्यक्तिहरू पनि बाहुन नै हुन भन्ने कुरा पूर्वतिर बस्ने बाहुनलाई थाहा छैन । त्यस्तै डडेलधुरा, वैतडी र डोटीतिर बस्ने प्रेक्षक, पाल, भूल, चोर थर भएका व्यक्तिहरू पनि क्षेत्री नै हुन भन्ने कुरा पूर्वतिरका क्षेत्रीलाई थाहा छैन । नेपालमा एउटा मात्र जातिको उपजाति थर गोत्रहरू त्यही जातिको विद्वान व्यक्तिलाई थाहा हुँदैन भने अशिक्षित व्यक्तिहरूलाई झन के थाहा हुने ? यस सन्दर्भमा अपरिचित दुईजना व्यक्ति भेट हुने बित्तिकै– जात जान्ने मनसायले "तपाई के थरी हुनुहुन्छ", "तपाई कस्मा हुनुहुन्छ" भन्ने प्रश्न तेर्साइन्छ – जवाफ दिने व्यक्तिले आफ्नो थर नै भन्छ अनि नसुनेको थर भयो भने दोश्रो प्रश्न "के जात हो" भन्ने गरिन्छ । बाहुन, क्षेत्री, कामी, दमाई, (अन्य जातमा समेत) एउटै थर गोत्र हुन्छ– जस्तो लामिछाने, कालीकोटे, सापकोटा, कोइराला इत्यादि । नयाँ ठाउँमा भेट भएका कोइराला थर भएका बाहुन र कोइराला थर भएकै कामी भेट भएर थर सोधासोध गर्दाखेरी बाहुनले कामीलाई पनि बाहुनै रहेछ भन्ने संझिन्छ र कामीले पनि बाहुनलाई कामी नै रहेछ भन्ने संझिन्छ । एकै ठाउँमा बसी खानपिन गरेको समेत पाइन्छ । कालान्तरमा बाहुनले अर्को व्यक्ति कामी रहेछ भन्ने जानकारी हुँदा बाहुनको जातै गई सकेको हुन्छ र आफ्नो समाजमा बाहुनको बाहुनै ठूलो जात भएर हिँडिरहेका उदाहरणहरू पनि धेरै भेटिन्छन् ।

वि.सं. १९१० सालमा श्री ३ जंगबहादुर राणाले लागू गरेको मुलुकी ऐनले जातको वर्गीकरण यस प्रकार गरेको छ :–

(१) तागाधारी (२) मतवाली (३) पानी नचल्ने जात (अछूत)

(१) तागाधारी– बाहुन, क्षेत्री हुन् । बाहुनमा पनि उपाध्याय (गोलभेडा, लसुन पनि खान नहुने), जैसी र कुमाई बाहुन गरी तीन श्रेणी थिए । (२) मतवाली– सेर्पा, गुरुङ्ग, मगर, तामाङ्ग, राई लिम्बु, नेवार इत्यादि (आजकालका जनजातिहरू हुन् जसलाई वेदमा वैश्य भनिन्छ) पानी चल्ने जात भनी तोकिएको थियो ।

(३) पानी नचल्ने (अछूत):– छोएमा पानी छिटा हाल्नु नपर्ने– कसाई, कुसुले समेत ६ जाति र छोएमा पानी छिटो हाल्नु पर्ने– कामी, दमाई, सार्की, धोवी,गाइने, च्यामे समेत १० ओटा जाति । यिनीहरूलाई वेदमा शुद्र भनिन्छ । एउटै प्रकृतिको अपराध गर्ने बाहुन क्षेत्री मतवाली, र अछूतको दण्ड सजाय गर्दा बाहुनलाई भरिसके छुट हुने, भए पनि एकदमै थोरै हुने, क्षेत्रीलाई बाहुनको भन्दा ५–१० प्रतिशत बढी हुने, मतवालीलाई ४०–५० प्रतिशत थपिने र अछूतलाई १००–२०० प्रतिशत थप र ज्यानै मार्नेसमेत सजाय गर्ने कानून– वि.सं. १९१० सालदेखि वि.सं. २०२० साल श्रावणसम्म लागू भएको छ ।

उपाध्याय बाहुन, जैसी बाहुन, कुमाई बाहुन तथा क्षेत्री पुरुषले अछूत–स्त्रीसँग करणी गऱ्यो भने तिनीहरूको जनै झिकी जुन जातकी अछूत स्त्री छ त्यसै जातमा काडिन्थ्यो, अनि मतवाली जातको पुरुषले अछूत स्त्री सँग करणी गऱ्यो भने पनि त्यो पुरुषको जात स्त्री कै जातमा काडिन्थ्यो तर अछूत पुरुषले मतवाली क्षेत्री जातकी स्त्री सँग करणी गऱ्यो भने आजीवन जेलको सजाय भोग्नु पर्ने र बाहुनजातकी स्त्री सँग करणी गऱ्यो भने निजलाई मृत्यु दण्ड नै हुन्थ्यो ।

राणाशासकहरूले मतवाली जातकी अथवा पानी नचल्ने जातकी सुन्दर स्त्रीसँग करणी गरे भने उनीहरूको जात जाँदैनथ्यो । राणाशासकहरूको आफ्नो खुसीले कुनै पनि ठूलो जातिका व्यक्तिलाई सानो जातीमा झारिन्थ्यो र कुनै पनि सानो जातिका व्यक्तिलाई ठूलो जातमा जातोन्नति गरिन्थ्यो । यस्ता उदाहरणहरू पनि हाल बाँचिरहेका बूढापाकाहरूबाट सुन्न पाइन्छ, अनि यस्तो भन्छन्:–

(१) काठमाडौं उपत्यकामा साल्मी जातिको पानी चल्दैन थियो, अछूत थिए तर श्री ३ जंगबहादुर राणाले नै पानी चलाएर साल्मीको ठूलो जात कायम गराएका थिए ।

(२) वि.सं. १९८६ सालमा श्री ३ भीम शमशेर ज.व.रा. का अंगरक्षक (..... थापा थर भएका व्यक्ति) ले पूर्व रामेछाप तिरबाट त्यसवेला भोटे समेत भनिने तामाङ्ग जातकी एक अति सुन्दरी सीतालाई काठमाडौंमा ल्याई श्री ३ भीमशमशेर ज.व.रा.लाई चढाए, सीतालाई चढाएबापत श्री ३ भीमशमसेरले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निज अंगरक्षकलाई डिल्लीबजारमा एउटा घर नै बक्सिस दिए अनि सीतालाई आफ्नी महारानी बनाए । राणा परिवारका दाजुभाइहरूमा खैलावैला चल्यो । अछूत— पानी नचल्नेलाई महारानी किन बनाइस् भनेर । त्यसपछि श्री ३ भीमशमशेर ज.व.रा. ले सीता महारानीका बाबु र दाजुभाइलाई रामेछापबाट अड्डासार गरी काठमाडौंमा झिकाई निजहरूलाई जनै र गायत्री मन्त्र दिलाई पाण्डेक्षेत्री बनाएर काठमाडौंमा घरसमेत दिए । सीता महारानीका बाबु र दाजुभाइ पाण्डे क्षेत्री भए तर अन्य सन्तानहरू अहिलेसम्म तामाङ्ग नै कायम छन् ।

(३) श्री ३ जुद्ध शमशेर ज.व.रा. का पनि ३ जना महारानी थिए । ती मध्ये माइली महारानी काठमाडौं ढोकाटोलकी नेवारनी थिइन् । कान्छी महारानी चाहिँ भोटेनी थिइन् । भोटेनीपट्टिका सन्तान झर्रा क्षेत्री हुन्थे ।

(४) श्री ३ पद्मशमशेर ज.व.रा. का पनि दुईजना महारानी थिए ती मध्ये एकजना असनकी नेवारनी थिइन ।

वि.सं. १९१० सालमा श्री ३ जंगबहादुर राणाले हिन्दू धर्मग्रन्थ— मनुस्मृतिका आधारबाट बनाएको मुलुकी ऐनमा— पानी नचल्ने, छोए छिटो हाल्नु पर्ने जातहरू मध्ये कामी जात भनि लेखिएको छ ।

कामी वास्तवमा जात होइन— यस्को इतिहास यस्तो छ ।

२६० वर्ष अगाडि सन् १७४३ (वि.सं. १८००) मा श्री ५ बडा महाराजधिराज पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्नका लागि आवश्यक पर्ने युद्ध सम्बन्धी हातहतियार आफ्नै राज्य गोरखामा निर्माणगर्नका लागि आफ्ना बनारसका ससुरालीको राज्यका सबभन्दा निपुणः इन्जिनियर बेखासिंह विश्वकर्मालाई बनारसबाट गोर्खा ल्याई बक्सियो । त्यसपछि कारखाना स्थापना गर्न लगाई बेखासिंह विश्वकर्माबाट तोप, बन्दुक र अन्य हतियारहरू निर्माण गर्न, मर्मत गर्न र सो संचालन गर्न सेनाहरूलाई तालिम दिने जिम्मा पनि श्री ५ बडामहाराजधिराज पृथ्वीनारायण शाहले इन्जिनियर बेखासिंह विश्वकर्मालाई सुम्पिबक्सियो । इन्जिनियर बेखासिंह विश्वकर्माले नेपाल एकीकरण गर्न आवश्यक सम्पूर्ण हतियार निर्माण गरी श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको सल्लाहकारको समेत काम गरी "वर्तमान नेपाल" निर्माण गर्न महत्वपूर्ण योगदान पुऱ्याएको कारणले श्री ५ बडामहाराजधिराज पृथ्वीनारायण शाह अत्यन्तै खुशी भई बेखासिंह विश्वकर्मालाई त्यस समयको दरबारको ठूलो उपाधि कामी बक्सियो । आजकल पनि राजदरबारबाट काजी, बडाकाजी, मीरसुब्बा को उपाधि जस्तै त्यसबेलाको "कामी" पनि उपाधि हो, जात होइन तर १९१० सालको मुलुकी ऐनले कामी उपाधिलाई जात नै कायम गरेको देखिन्छ ।

हिन्दूहरूको मुल धर्म ग्रन्थ वेदमा विश्वकर्माको स्तुति प्रशस्त पाइन्छ । आदिकालदेखि हालसम्म बाहुन, क्षेत्री सम्पूर्ण जनजातीहरू र दलित जातिहरूको जीविकोपार्जनलाई आवश्यक पर्ने सम्पूर्ण साधनहरू विश्वकर्मा बाट निर्माण हुन्छ । जुनसुकै जात (ठूलो/सानो) किन नहोस् जन्मेका दिन आमा र बच्चाको सालनाल काट्ने छुरादेखि मर्दा पनि बाँस काट्ने खुकुरी बञ्चरो, खाल्डो खन्ने फम्पल, गैती समेत विश्वकर्माले बनाएको प्रयोग गर्नुपर्छ । आदिकालमा पनि विश्वकर्माको काम युद्धका लागि अस्त्र शस्त्र बनाउनु, कृषि औजारहरू बनाउनु, भात पकाउने भाडा वर्तन बनाउनु, यज्ञमण्डप बनाउनु, मन्दिर बनाउनु, मन्दिरमा राखिने देवमूर्ति तथा प्रतिमाहरू बनाउनु, आभूषण, अलंकार बनाउनुका साथै पंचयज्ञ, पितृयज्ञ, भूतयज्ञ, देवयज्ञ, नृयज्ञ विश्वकर्माबाट नै भएको प्रमाणहरू धर्मग्रन्थहरूमा पाइन्छ र वर्तमान व्यवहारमा पनि प्रत्यक्ष देखिन्छ । भारतमा प्रत्येक वर्षको असोज १ गते विश्वकर्माको मूर्ति र मानिसलाई समेत पूजा गर्छन् । भारतमा भएका विश्वकर्माहरूले जनै लाउंछन्, गायत्री जप्छन र ठूला जात मानिन्छन् तर नेपालको एकीकरण समेत गर्न त्यति ठूलो भूमिका निभाउने बेखासिंह विश्वकर्माका सन्तानहरूलाई नेपालमा अछूत बनाइएको छ अनि घृणित गरिएको छ । विश्वकर्मा सिंगो जातिलाई अन्य सबै ठूला जातिहरूले शोषण गरेको छ ।

ऋग्वेदको अध्याय ३१, मन्त्र ११ ले चारओटा जातको उत्पत्ति यसरी भएको वर्णन गरेको छ :—

ब्राह्मणोऽस्य मुखमासीद् वाहु राजन्य कृतः ।
उरुतदस्ययद्वैश्यः पद्म्यां शुद्रोअजायत ।

बाहुन मुखबाट जन्मिएको, क्षेत्री पाखुराबाट जन्मिएको, वैश्य जाँघवाट जन्मिएको, शुद्र पाउवाट जन्मिएको भन्ने श्लोकको अर्थ हो । सृष्टि हुँदा नै चार जात जन्मिएको भए संसार भरी नै बाहुन क्षेत्री वैश्य शुद्र भेटिनु पर्ने, भारत र नेपालमा मात्र किन भेटिएका हुन् ? अहिले पनि बाहुन जाति मुखबाट नै जन्मिनुपर्ने, क्षेत्रीहरू पाखुराबाट नै जन्मिनुपर्ने, वैश्यहरू (जनजातिहरू) जाँघबाटै जन्मिनु पर्ने, शुद्रहरू (हालका दलितहरू) पाउबाटै जन्मिनु पर्ने थियो ! वेदमा लेखिएका यी कुरा सत्य हुन् त ? वास्तविक कुरा चाहिँ जुनसुकै जातका मानिसहरू योनीबाट मात्रै जन्मिछन् ।

जन्मिने प्रक्रिया बाल्यावस्था, युवावस्था, वृद्धावस्था र मरणको प्रक्रिया समेत एउटै हुन्छ । त्यो पनि नेपाल र भारतमा मात्र होइन विश्वभरमै । धर्मग्रन्थमा बाहुन, क्षेत्री र वैश्यका उपजातहरू कति छन् भनेर किटान गरेर लेखेको पाइदैन तर "शुद्र जातिका उपजातहरू १० ओटा छन भनि "शुद्र कमलाकार ग्रन्थ" ले किटान गरेको छ जो यस प्रकार छ—

नापितो भारबाहश्च ताम्वूलकार एव च ।
रजकः कुंभकारश्च वायकश्चर्मकारक ॥
क्रौडपालश्चांडालश्च कैचकश्च तथैवच ।
दशैते शूद्रजातीयाः कथ्यते मन्वादयस्तथा ॥

(१) हजाम (२) काहार (भारी बोक्ने, डोली बोक्ने) (३) बरई (भारतमा छन्, सिकर्मीको काम गर्ने जाति हुन्) (४) धोवी (५) कुम्हाले (भारतमा अछूत मानिन्छन् तर नेपालमा अछूत मानिदैनन्) (६) दर्जी (७) सार्की (८) पासी (भारतमा छन्) (९) हवेल (भारतमा छन्) (१०) धैकार (भारतमा छन्) ।

आदिकालमा विश्वकर्मा अछूत (शुद्र) रहेनछन् भन्ने पुष्ठाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

माथिको श्लोकबाट स्पष्ट हुन्छ ।

विश्कर्मालाई सबभन्दा ठूलो जाति भनी हिन्दूहरूकै धर्मग्रन्थ श्रीमद्भागवत स्कन्ध–३ र शिल्प शास्त्रमा यस्तो लेखिएको छ–

विश्वकर्मा कुलेजातो यदि मुक्तेऽन्यवेश्मनि ।
श्वानयोनि सहस्त्राणि गत्वा चंडालतां वज्रेत ॥

यस्को अर्थ– 'विश्वकर्माले आफ्नो जातिको बाहेक अन्य कुनै जातिको हातले पकाएको पक्वान्न नखानु, यदि खायो भने यसको फल हजार योनि कुकुरको भएर र त्यसपछि पनि चंडाल योनि भोग गर्नुपर्छ । नेपालमा बाहुनभन्दा पनि ठूलो जाति विश्वकर्मा रहेछन् । नेपालमा बाहुनहरूले आफूलाई ठूलो जात सम्झिएर उपाध्याय लेख्छन् । 'उप' जोडिएर बनेको शब्दले सहायक भन्ने अर्थ लाग्छ, त्यसकारण प्राचीनकालमा पहिलो दर्जामा विश्वकर्मा र दोश्रो दर्जामा बाहुनको मान्यता भएको हुनुपर्छ ।

विभिन्न युगमा कैयौं जातिहरू उत्पत्ति भए, लोप पनि भए । त्यस्तै कैयौं भाषाहरू उत्पत्ति भए अनि लोप भए, त्यस्तै कैयौं धर्महरू उत्पत्ति भए अनि लोप भए । जंगली अवस्थाबाट क्रमिक रूपमा विकसित हुँदै गएको मानव जाति एउटा केन्द्रविन्दुबाट संसार भर फैलिँदै जाँदा नयाँ नयाँ ठाउका नयाँ जीवजन्तु वनस्पति र वातावरण अनुसार नयाँ भाषाको उत्पत्ति हुँदै जानु प्राकृतिक नै हो । नयाँ नयाँ भेष भूषा र संस्कृतिवाट नयाँ नाम नयाँ जात, नयाँ उप-जात, नयाँ थर थपिदै जानु स्वभाविक नै हो । ठाउँको नामबाट पेशावाट उपाधिवाट पनि जात कायम भएको देश नेपालमा आफ्नो सिङ्गो जात अर्न्तगत उप-जात र थर गोत्रको वास्तविकता पत्ता लगाउन असंभव भएको अवस्थामा को ठूलो जात र को सानो जात यसको उत्तर चाहिएको छ । आफ्नो वंशावलीको मूलजरा पत्ता लगाउन पनि वास्तविक रूपले संभव होला र ?

नेपाल एकीकरण हुनु अगाडि कर्णाली राज्य कायम थियो, सो राज्यका कर्मचारीहरूको दर्जा यस्तो थियो– अमात्य, पात्र, शिष्ट, भाण्डागरिक (भण्डारी), जोशी, खड्गग्राह (हाल खड्का), अधिकारी, लेखक, पेखक (प्रेक्षक) अडै, कार्की– जो आजकाल जात कायम भएको छ ।

२०४६ साल पश्चात प्रजातन्त्रको नाममा व्यापकता हुनुपर्ने प्रत्येक जातजाति, भाषाभाषि र धर्मवलम्वीहरूको बीचमा सद्भावना कायम हुनुपर्नेमा साम्प्रदायिकता बढाउने क्रियाकलापहरू जोडदार भइरहेको छ । जुनकुरा कसैको लागि पनि हितकर हुनेछैन ।

हार्दिक शुभकामना

नव वर्ष २०६० सालको सुखद उपलक्ष्यमा सम्पूर्ण नेपालीहरूमा

हार्दिक मंगलमय शुभकामना

व्यक्त गर्दछौं ।

जिल्ला विकास समिति परिवार

ललितपुर

हार्दिक शुभकामना

नव वर्ष २०६० सालको सुखद उपलक्ष्यमा सम्पूर्ण नेपालीहरूमा

हार्दिक मंगलमय शुभकामना

व्यक्त गर्दछौं ।

जिल्ला विकास समिति परिवार

पाल्पा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इतिहास

भारद्वाज गोत्रका थरहरु रहनाका आधारहरु

प्रा. डा. राजाराम सुवेदी

वर्तमान नेपालमा सयौं थर भएका मानिसहरू बसोवास गर्दछन् । थर भनेको थल वा स्थल हो । आफू बसेका ठाँउको परिचयस्वरूप दोस्रो नाम वा थर रहेका पाइन्छ । केही थर जिम्मेवारी वा सरकारी कामकाज र पदका आडमा पनि रहेको देखिन्छ । त्यसरी स्थल र पदको परिचय नै थरको उत्पत्ति भएको देखिएको जे जति थर भए पनि गोत्रहरूमा भारद्वाज, वशिष्ठ, कौडिण्य, काश्यप, अत्रि, विश्वामित्र, (कुशिक, लोहित, शैक्षक, धनज्जय, कत, अज, अधमर्षण, पुरण, इन्द्रकौशिक, कामकायन) गर्ग, कौशिक, घृतकौशिक, शाण्डिल्य, सांस्कृत, कात्यायन, उपमन्यु, कृष्णाजनी, कविस्त, गौतम, वत्स, पराशर, जमदग्नि, आत्रेय, मौद्रल, मिहिर,भार्गव शाकटायन, सावर्ण, वृहस्पति, पुरण, कनवट, मिहिल, शौनक, कृष्णात्री, हरित, आलाबुक, विष्णुवुद्धि, कृष्णबसु, शिशिहर, अंगीरस, कपिल, वैहाव्रा, कुशिक, लोहित, रौक्षक, कत, अज, बादभुत, अघमर्षण, गाभिष्ठर, मुग्दल, अतिथि, सुमङ्गल, विद (क), विद (ख), अष्ट्रिषेण (क), अष्ट्रिषेण (ख), आघअत्रि, श्याम, हर्यस्व, वेणु, शालंकायन, रौहिण, कथक, साहुल, हिरण्यरेतस्, सुवणरितस, कपोतरेतस्, निध्रुव, रैभ, लौगाक्ष, भृगु, रवि, काशी, अगस्ति, (इध्मवाह, सम्भवाह, सोमवाह, यज्ञवाह) अगस्ति, श्याम, कौशिल्य, आदिको हालसम्म जानकारी भएको । गोत्रको संख्या थप हुन सक्ने संभावना छ । गोत्रको अर्थ मूलपुरुष, प्रवरको अर्थ आदि पुरुषहरूको पंक्ति हुनाले जसको जे गोत्र छ शरीरमा बग्ने रगतकण मिल्दो हुने भन्ने बुझिन्छ । त्यसै कुरालाई अंग्रेजीमा (Totem र Taboo) रक्तकण र वंशगुण भन्ने गरिन्छ । हामीले यस सङक्षिप्त लेखमा भारद्वाज गोत्रीय थर रहनाका आधारहरूको थाहा भएजति चर्चा गर्ने लक्ष्य राखिएको छ । ती निम्नानुसार पंक्तिवद्ध गरिएका छन्:-

१. देवकोटः- मूल पुर्खा कुशाभट्टका सन्तति भट्टहरू कारणवश अछाम पुगी बसोवास गरेपछि आफूले पूजा गरेको देवीस्थानको नैवेद्यमा कालीबिरालीले जूठो हालेपछि बेस्सरी पिटेर धपाए । तर ती महाकालीदेवीले रूपबदलागरी आएका वेला कुटपिट गरेको वाणी भएकोले देवीकुटुवा, देवीकुटा, देवकोटा भए भने उनीहरू बसेको ठाउँ देवीकुट, देवीकोट भयो ।

२. सुवेदीः- वि.सं. १२२४ मा सिजापति महाराजले कोटिहोम गर्दा समापन- साङ्गता गर्ने विधि नजानेका पण्डितलाई डुल्दै तीर्थाटन गर्दै त्यहाँ पुगेका कुशा भट्टले मन्त्रदान गरी यज्ञ सफल पारी चक्रवर्ति राजा बन्ने कार्य (यज्ञ) सिद्ध गरिदिएबाट "शुद्धवेदी" भन्ने खिताप पाए । उनले सिजापति राजाबाट "सुन्तडी जिउलो, सुवेडो आलो, बाह्र खेत, बाइस पाटन, बाइस पाताल, सुनफूला तामापत्रसहितको रोत" (इनाम=बिर्ता) पाएका थिए । त्यहाँदेखि उनका सन्ततिलाई सुवेदी भन्न थालियो र बभ्राङी राजाले उनका सन्ततिलाई जोशी भन्ने खिताप (अलङ्कार = विभूषण) दिंदा जोशीहरू पनि सुवेदी हुन् ।

३. चौलागाईः- वि.सं. १२४० मा बभ्राङ सुवेडामा बसेका बिर्तावाल कुशाभट्टका एक पुत्रलाई सिंजापति राजाले चारैतिर समथर फाँटबीचमा घरवारी, बगैंचाडिही निर्माण गर्न सकिने मिलेको चौडील = चौतर्फी डीलभीर परेको जमीन बिर्तास्वरूप प्रदान गरिएकोले त्यहाँ बिर्तापाउने ज्योतिष ब्राह्मणलाई चौडिलागाई ब्राह्मण भन्न थालियो । पछि शव्दको खेलवहाडबाट चौडिलागाँउमा बस्ने जतिलाई चौलागांई भन्न थालियो । त्यहाँबाट चौलागाईंहरू विभिन्न जिम्मेवारीका आधारमा विभिन्न ठाउँमा विस्तारित भएर गएको बुझिन्छ ।

४. सिलुवाल= असल शीलस्वभाववाला शिष्टाचार र निष्ठाकाष्ठ भएबाट सिल्वाल भए । आतिथ्य राम्रो गर्ने हुँदा ।

५. सिजापति = १,२५,००० पर्वतसम्म फैलिएको सिजाराज्यका सम्राट सिजापतिहरू हुन् ।

६. वाग्ले= अर्घाखाचीको वाग्ला भन्ने ठाँउमा बसोबास गरेका हुनाले वाग्ले भएका हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७. लोहनी= लोहा= फलाम, इस्पात खानी भएका ठाँउवरपर बसोबास गर्नेजति लोहनी भए ।

८. पन्थ, पन्त= बाटैमा पर्ने ठाँउ हेरी मार्ग पहिल्याउन नसकी अलमलिएर दिग्भ्रम भएकालाई सुमार्ग प्रदान गर्नेहरूलाई पन्थ या पन्त भन्न थालियो । पन्तहरू बस्ने गाउँलाई पन्तवाडा, पन्तपाली, पन्तगाड दार्चुला जिल्लामा स्मरण गराउने क्षेत्र यथावतै छन् ।

९. थामी अधिकारी = बझाङ्गी राजाको पद थामी राजा हो । राजपदलाई थमौति गरेर राज्य थाम्न सुशासन चलाउन सक्ने क्षमतावान् अधिकारीलाई थामी अधिकारी भनिन्छ ।

१०. दूध पोखरेल = पोखरी वा जलाशयको जल दूधजस्तो निर्मल स्फटिक जस्तो स्वच्छ भएको दूधजस्तो पोखरीनेर आलय = घरवस्ती निर्माण गरी बस्नेहरू दूधपोखरेल भए ।

११. शिवाकोटी = शिवासन्तति वा बानिया क्षत्रीहरूका आराध्यदेवाधिदेव महादेव शिवजीको पूजा गर्ने शिवालयस्थल कोट वा पहाडी टाकुरीमा निष्ठाविधिविधानपूर्वक पूजाअर्चना गर्न सक्ने विद्वान नौष्टकलाई शिवाकोटी ब्राहमण भनियो र त्यही थर बन्न गयो ।

१२. रावल = राई = राय =रायठौर = राइठोर = राइठिम्वर = राजालाई यत्नपूर्वक स्थापना गराई त्यसै राज्यका हर्ताकर्ता भई काजीको भारदारको काम गर्नेलाई रावल भनियो । सिजापति राजाका नजीकका भारदार अछामीरावल थिए र सिजापतिकी छोरी विहा गरे ।

१३. पन्थी = सुवेदीकी बुहारी गर्भिणी हुँदा सुत्केरीव्यथा, प्रशवपीडा लागी आफ्नो विवाहघर जान हिंडेकी तर बाटैमा सुत्केरी भएकीले त्यसरी जन्मेको बालकलाई पन्थी भनियो ।

१४. निरौला (भण्डारी) : डोटीका रैंका = राइका पनि राई = राजाका पनि राजाले आफ्नो सबै राजकोष जिम्मा दिई भण्डारपाल बनाएर निरौली गढसेरा, जोरायल क्षेत्रमा बिर्ता पाई बसेका हुनाले उनीहरूलाई निरौली बिर्तामा बसोवास गर्ने राजाका भण्डारे भनियो । पछि त्यही कुरालाई सहजतासाथ छोटो गरी भन्नु पर्दा निरौला भण्डारी भनियो । त्यही आधारबाट कोही निरौला मात्र भए, कोही भण्डारी मात्र भनिन थालेका हुन् ।

१५. भण्डारीः– कर्णाली प्रश्रवणक्षेत्रमा बाह्रौं शताब्दीमा विशाल राज्य जर्गेना गर्ने खसमल्ल राजाहरूले आफ्नो राज्यकोष जिम्मा दिएकाले त्यो जिम्मालिनेलाई भँडारे वा भँडारी भनियो । त्यसै शव्दलाई थरको रूपमा लिइएको हुँदा भण्डारी भएका हुन् ।

१६. श्रीपाली बस्न्यातः– विशाल श्वेतहूणका दुई टुक्रामा पहिलो टुक्रा (Atilla) अट्टिलाको नेतृत्वमा यूरोपतिर लागेर हाहाकार मच्चाएकाले उनीहरूलाई (Black Huns) 'कृष्णहूण भनियो' । यूरोपियहरूले आफ्नो कुरामा (Apthalite) हेप्तलीतोम भन्न थालियो । त्यसै हूणको अर्को समूह तोरमानको नेतृत्वमा पूर्वी एशियातिर लाग्यो र फारसदेश, भारतवर्षलाई बशपार्‍यो । त्यो समूहलाई श्वेतहूण वा (Napthalite) नेप्तेलीतोम भनियो । सोही नेप्तेलीतोमको खस भाषामा अपभ्रंश भई खप्तली, खप्तडी, खपतडी भएको हो ।

१७. कणेल = काँडागाउँ (बाजुरा जिल्लाको काँडादरा) मा बसोबास गरेपछि कणेल भए ।

१८. थपलिया = राजा महाराजाहरूबाट थप सहुलियत पाउनेजतिलाई थपहालिया भनियो ।

१९. संग्रौला = संग्राम वा युद्धमा सफल गराउन जुक्तिवुद्धि दिन सकेबाट संग्रौला भए ।

२०. लटैला जोशी = कम बोलेर ईशारालेज्योतिषविद्या पारंगत हुनेलाई लटैला भनियो ।

२१. कुलटा पांडे = सच् सच् विवेकशालिनिबुद्धि पण्डाबाट पांडे भयो र बालककालमा लटा नखौरिदै त्यस्तो वुद्धिविवेक प्राप्त गर्ने सामर्थ्य रहेकालाई कुलटा पांडे भनियो ।

२२. बजगाईं अधिकारी = बाँझो ठाउँमा बस्नेलाई बाझा गाँउका वासिन्दा भनिन्छ । झवालीहरू पनि त्यस्तै ठाउँमा बसी बजगाईं माण्डव्यगोत्रीय थिए । त्यस्तै भारद्वाज गोत्रीयलाई राजकीय अधिकार दिई आफ्ना जातका बलले बाँझो पट्ट बाँझो विह्राई रस्ती रसाई बस्ती बसाई आवादगुल्जार गरी रैती राजीराखी राजाको नूनको सोझोगरी अधिकार लिई जाने अधिकारीलाई बजगाई अधिकारी भनियो र पछि त्यही कुरा थरमा परिणत भयो ।

२३. महाराजी खड्का = खपतड, थलारा, अछाम, स्याङजा लड्काकोट, पाल्पाधनपोखरा, कास्कीको खड्काकोट, गारेखाको तल्लोकोट र दाङको सुकौराकोटमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

राजा हुनेलाई महाराजी खड्का भनियो । ती महाराजी खड्काहरू पहिले द्रोणाचार्यका सन्तति सुवेदीहरू हुन् ।

२४. राउत = राजाको सरह अधिकार लिने = रजवार थरलाई राउत भनिन्छ ।

२५. बोहरा खड्का = खस राजाको राज्यकालमा हरेक सेनाको नाइकेलाई बोहोरो भनिन्थ्यो ।

२६. विमली = मनमा पटक्क खोटखाट, कपट छल नगरी स्पष्ट व्यवहार गर्ने विमली भए ।

२७. बलायर = कर्णाली प्रदेश र डोटी राज्यका राजाले शिकार ऐरी गर्ने काममा बालकै अवस्थामा फूर्तिसाथ ऐरो खेल्नेलाई वालाऐर भनियो र पछि बलायर भयो ।

२८. चिमोरिया = ठूलो कार्यलाई खण्डखण्डमा मिलाई समाधान गर्नेलाई चिमोरिया भनियो ।

२९. काप्री = लमजुङको काप्रीकोटमा बस्नेजति काप्री थरले पुकारिन थालेका हुन् ।

३०. सिटौला = आफ्नो काम यथाशीघ्र सम्पन्न गर्न सक्नेलाई शिघ्रौला भनियो ।

३१. धामी = ढँडार मष्ट्या = महाइष्ट = रुद्र = भगवान शंकरको अवतार इन्द्रका पुत्र, मण्डालीका पति स्वामी बाह्रामष्ट, मष्टवराह कुलदेवताका धामीहरू ।

३२. मजगैंया पोखर्‍याल = दाङका छिल्लीकोटे राजाले सल्यान पोखरीगाउँका पण्डितलाई त्यहाँका राजाकी कुमारी विवाह गरी राजकुमारीका साथ दहेज = दाइजोमा आएका र दाङको विजौरी, बाँसगढी, बेल्झुण्डीको माझ गाउँमा बिर्ता पाइ बस्ने मजगैंयाँ भए ।

३३. चुवाई= च्वाई = पर्वतको चूवाखर्‍याहा गाउँमा बसोबास गर्ने सुवेदी चुवागाई भए ।

३४. कुमाउँका चन्द = प्यूठानी चन्द = चन्द्रवंशीय कुमाउँका चन्दराजाहरू ।

३५. भिंग्रीका सेनराजा = रोल्पाको खुङ्गीभिंग्रीमा राजा भई बस्ने कुमाउ र डोटीका चन्दराजा ।

३६. बल्छौडी = श्री ५ बडामहाराजधिराज पृथ्वीनारायण शाहको नेपाल एकीकरण गर्ने अभियानमा सैन्यबल गठन गरी युवाहरूलाई क्रियाशील गराउने सुवेदीहरू ।

३७.भट्ट = भट्टलोल्लट, भट्टमहोत्तम, भट्टोद्भट्ट = प्रकाण्ड शास्त्रज्ञ विद्वान भएबाट ।

३८. थिङ = बहादुर शाहका पालामा तिब्बतचीनले आक्रमण गर्दा चिनीयालाई धपाउने तामाङ ।

३९. गुरुङ = गुरुहरूका मान्यवर, शिष्यगुरू परम्परालाई आदर गर्ने गुरुम् ।

४०. घले = उपयुक्त गुरुम् क्षेत्र र आवादीका मुख्यौली राज्यका शासक घले, कोल्हे ।

४१. लामा = घ्याब्रे र लामा = हेवज्रतन्त्रपरिचर्याको पारायण गर्ने तान्त्रिक गुरुम् ।

४२. तामसे = ता = घोडा = माङ = चढ्नेको सेनानायक तामसे भए ।

४३. राजोपाध्याय = चाँगुनारायण, तुलजा भवानी (तलेजू) अट्कोनारायणका पूजारी तथा उपत्यकाका रजपूत मल्ल राजाका पनि श्रद्धेय गुरु भएका उपाध्याय ब्राह्मण ।

४४. जमरकट्टेल = कट्टिगन्म गाँउ (दैलेख) मा बसोबास गरेबाट कट्टिगाउँ आलय = कट्टेल

४५. जोशी = काठमाडौंको मरुटोल, भक्तपुरको तौमडीटोलमा बस्ने राजज्योतिष, जोशी । भक्तपुरका माथिल्लाघरे, तल्लाघरे जोशीहरू सुवेदी नै हुन् ।

४६. खाती = वाइसी, चौवीसी राज्यकालमा खाद्यान्नको बन्दोवस्त गरी राजाको सवारी, शिकारी, आक्रमण, दौडाहामा नाइके भई जानुपर्ने योद्धा वर्गलाई खाती भनिन्थ्यो ।

उपर्युक्त थरहरूका अतिरिक्त अन्य थरहरूको पनि भारद्वाज गोत्र छ । हालसम्म ५५ थरको पत्तो लागेको छ । यसमा सबैले खोजीगरी सार्वजनिक रूपमा प्रवाह गर्नु उपयुक्त हुने देखिन्छ । माथिका थरहरूमध्ये २० वटा जतिको पत्तो विद्वान शिखरनाथ सुवेदीको थर गोत्र प्रवरावलीमा पनि पाइन्छ । अन्यथरहरूको खोजी भइरहेको छ । सुवेदी वंशावली संकलनका क्रममा अन्य थप थरहरू संकलन गरिएको हो र त्यो क्रम जारि नै रहेको छ । आ-आफ्नो पुर्खा, पुर्ख्यौली जसलाई थाहै छैन भने त्यस्ताले कसको थाहा पाउनु ? त्यसैले यस्तो अन्वेषणलाई जारिराखी यथाशीघ्र प्रकाशन गरी मुलुकलाई समृद्ध वनाउन पाठकहरूमा विनम्र अनुरोध गर्दछु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दर्शन

लोकायत दर्शनः सामान्य परिचय

– मोदनाथ प्रश्रित

भारतीय दर्शनको इतिहासमा 'लोकायत' शव्द भौतिकवादी दर्शनको पर्यायबाची रूपमा प्रचलित रहेको छ । 'लोकायत' शव्दको अर्थ हो — लोकमा अर्थात् जन साधारणमा फैलिएको । यसको वास्तविक अर्थ हो — जनताको दर्शन या लोक दर्शन अथवा विश्व प्रति जनताको दृष्टिकोण ।

लोकायत दर्शनको यस अर्थलाई दर्शनका निष्पक्ष विश्लेषकहरूले त स्वीकार गरेका छन् नै, लोकायत दर्शनका प्रखर विरोधी शंकराचार्य (आठौं शताव्दी) र माध्वाचार्य (चौधौं शताव्दी) आदिहरूले समेत नकारात्मक कोणबाट भएपनि स्वीकार गरेका छन् ।

लोकायत दर्शनका प्रथम विशिष्ट प्रणेता वैदिक ऋषि वृहस्पति मानिन्छन् । तिनको समय राहुल सांकृत्यायनले ई.पू. १५२० अन्दाज गरेका छन् (वृहस्पति ऋषि देवताका गुरुका रूपमा पनि चर्चित छन्) । लोकायतका अर्का सबभन्दा चर्चित दार्शनिक चार्वाक मानिन्छन् । तिनी एकजना व्यक्ति थिए या लोकायतका अनुयायी जुनसुकै दार्शनिकलाई पनि चार्वाक भनिन्थ्यो, यसबारे विवाद देखिन्छ । महाभारत युद्धको अन्त्यपछि अनेकौं विद्वान व्राम्हणहरूको साथमा युधिष्ठिरलाई भेट्न चार्वाक पनि गएको उल्लेख पाइन्छ । अरू अनेकौं ठाउँ र सन्दर्भहरूमा पनि चार्वाकको नाम भेटिन्छ । राहुल सांकृत्यायानले चार्वाकको समय ई.पू. ६०० उल्लेख गरेका छन् । चार्वाक मतका ग्रन्थकर्तामा पुरन्दर नामका व्यक्तिको पनि उल्लेख पाइन्छ (देवीप्रसाद चट्टोपाध्यायः 'लोकायत' पृ. ७) ।

चन्द्रकीर्तिको "प्रज्ञाशास्त्र" मा लोकायत शास्त्रको उल्लेख छ । आर्य देवको 'सत्शास्त्र' मा 'वृहस्पति सूत्र' का केही वास्तविक उद्धरण छन् (ऐ.लोकायत पृ. ७) । वृहस्पतिले स्वयं 'वार्हस्पत्य' नामक ग्रन्थ लेखेका थिए भन्ने कुरा परम्परादेखि मानिदै आएको छ । तर अहिले लोकायतका कुनै पनि मौलिक ग्रन्थहरू उपलब्ध छैनन् । प्रायः लोकायत दर्शनका विरोधीहरूले त्यसको खण्डन गर्ने सन्दर्भमा गरेका उद्धरणहरू र त्यसको विरोधको शैलीबाट लोकायत दर्शनका सशक्त ग्रन्थहरू पहिले थिए, पछि ती हराउँदै गए या जानी बुझी नष्ट गरिए भन्ने अन्दाज गरिएको छ ।

लोकायत दर्शन यस लोकमा र वर्तमान जीवनमा विश्वास गर्ने, परलोक र पूर्व-पुर्नजन्म नमान्ने भौतिकवादी दर्शन थियो । यसका दार्शनिकहरू मानिसका ज्ञानेन्द्रियहरूद्वारा जान्न बुझ्न सकिने कुरामा मात्र विश्वास गर्थे । उनीहरू चार वा पाँच (पछि थपिएको एक गरी पाँच) वटा भौतिक तत्व – पृथ्वी, पानी, तेज, वायु र आकाशलाई सबै कुराका उत्पत्तिको मूल आधार मान्दथे । भौतिक तत्वहरूको समन्वय र विकासबाट नै सम्पूर्ण ब्रम्हाण्ड तथा जीव जन्तुहरूमा प्राण र चेतनाको विकास भएको हो भन्ने उनीहरूको स्पष्ट विश्वास थियो । मानिसको मृत्यु पश्चात उसको शरीर पञ्च भौतिक तत्वमा मिल्छ र उसको चेतना वा आत्मा पनि नष्ट हुन्छ भन्ने उनीहरूको ठहर थियो । त्यसैले उनीहरू कुनै अज्ञात शक्ति, पितृ वा देवीदेवताको नाममा यज्ञ, पूजा, कर्मकाण्ड आदि गर्नुलाई निरर्थक काम ठान्दथे । उनीहरू धार्मिक रुढी र अन्धविश्वासहरूको अनेक तर्कद्वारा खण्डन गर्दथे । उनीहरू भन्दथे– "यदि स्वर्गलोक पुगेका हजुरबा हजुरआमाहरू यहाँ दिएको पिण्ड पानी उहीं पाउन सक्दछन् भने, घरको माथिल्लो तलामा बसेका बाबु आमाले तल्लो तलामा पस्केर दिएको खानेकुरा माथिल्लै तलाबाट खानसक्छन् होला । यदि एउटा बाख्रो काटेर बलि दिंदा तपाईको देवता खुशी हुन्छन् भने तपाईंको आफ्नै छोराछोरीलाई काटेर बलि दिए ऊ झन खुशी हुन्छ होला, आदि ।

लोकायत दर्शनको आधार भारतीय उपमहाद्वीपको आदिम जनतान्त्रिक (कविलातन्त्री) समाज थियो । त्यस बेलाको मानव समाज वन-जंगल, खोला-नाला, शिकार, पशुपालन, खेती, विनिमय, व्यापार आदि प्राकृतिक भौतिक वातावरणसित घनिष्ट रूपले गांसिएको थियो । त्यसबेला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकृतिका नियम र प्राकृतिक शक्तिका उथल पुथलहरूको कारण पर्याप्त रूपले बुझ्न नसक्दा डर, त्रास र आत्मसुरक्षाको भावनाले समाजमा प्राकृतिक खालका धार्मिक धारणा र मन्त्र-पूजा आदि गतिविधि पनि देखा पर्न थालेका थिए । तर पनि मानिसले आफ्नो ओरीपरीको भौतिक संसार भन्दा धेरै टाढाका कुरा प्रायः सोच्न सक्दैनथे । समग्र जीवन भौतिक संसारसित गांसिएकोले उनीहरूका सोच र धारणाहरू पनि स्वभावतः प्रकृति र भौतिक संसारसित मिल्दाजुल्दा थिए । त्यसकै आधारमा समाजमा सहज भौतिकवादी तन्त्रवादको पनि विकास हुँदै थियो ।

आदिम समाजको जीवन निकै जटिल र कठिन थियो । समाजका सदस्यहरू पेट भर्नका निम्ति नै धेरैजसो समय शिकार, पशुपालन तथा कमजोर औजारको भरमा गर्नुपर्ने खेती-पाती आदितिर खर्च गर्थे । त्यसैले उनीहरूलाई पुनर्जन्म, स्वर्ग, नरक आदि कुराको कल्पना गर्ने फुर्सद पनि थिएन । निरन्तर शिकार खेल्ने समाजमा आफ्नो स्वार्थ निम्ति अरूको हत्या गर्नु पाप हो, अमानवीय काम हो भन्ने धारणा जन्मन असंभव हुन्छ । यो कुरा हामी वर्तमान विश्वमा अवशेषको रूपमा रहेका पछौटे जंगली या अर्धजंगली जनजातीय समाजहरूमा पनि प्रष्ट देख्न र अनुभव गर्न सक्दछौं । आदिम समाजको यही प्राकृतिक, भौतिक जीवन प्रणालीको निरन्तरताले नै समाजमा आफ्नै जीवन र वातावरण सुहाउँदा सोच, धारणा र व्यवहारहरूको विकास हुँदै थियो । पछि समाजमा दर्शनको विकास हुने प्रकृयामा तिनै सोच, धारणा र व्यवहारहरूको जगमा लोकायत दर्शन जन्मेर लोक वा जनमानसमा फैलिएको थियो ।

समाज जति जति पशुपालन, कृषि र विनिमय व्यापारको विकासतिर अघि बढ्दै गयो, उति उति समाजमा धनी र गरीब, शक्तिशाली र कमजोर समुदाय देखा पर्न थाले । क्रमशः दासप्रथाको उदय भयो । त्यसै अनुपातमा धर्म, कर्मकाण्ड, परलोक, देवी देवता, पूर्वजन्म जस्ता धारणा बढ्दै गए । समाजमा शासक र शासित, शोषक र शोषित वर्गहरूका विरोधी विचारहरू आउन थाले । विरोधी स्वार्थहरूको टक्कर र संघर्ष बढ्न थाल्यो । मालिक वर्ग शक्तिशाली हुँदै गयो । त्यसपछि धार्मिक विचारहरू मात्र होइन अध्यात्मवादी, भाग्यवादी दर्शन र चिन्तनको पनि विकास हुन थाल्यो । जनसाधारणको चेतना र संघर्षशील भावनालाई कुण्ठित गर्न काल्पनिक ईश्वर, भाग्य, दैवी इच्छा आदिको व्यापक प्रचार हुन थाल्यो । शोषित पक्षले परम्परागत जन समाजका साम्यवादी र भौतिकवादी पक्षहरूको वकालत गर्दै लोकायत र यस्तै खाले भौतिकवादी अरू दर्शनको विकास र प्रचारमा जोड दिंदै रहे । यसै सन्दर्भमा नै वृहस्पति, चार्वाक आदिका ग्रन्थहरू अस्तित्वमा आए । भौतिकवादी लोकायत दर्शन शोषित, पीडित, उपेक्षित आम जनतामा स्वभावतः लोकप्रिय हुँदै गयो र त्यसले जनचेतनाको विकासमा निकै सहयोग पुऱ्यायो ।

जति-जति दासप्रथा र जातीय भेदभाववादी वैदिक वर्णव्यवस्था बढ्दै गयो, हिमालदेखि विन्ध्याचलसम्मको उर्वर भूमिमा उच्चवर्ग र शोषक शासक वर्गको शक्ति पनि व्यापक रूपले बढ्दै गयो, त्यहाँ वाणप्रस्थ र सन्यासी जीवन व्यतीत गर्ने विद्वान, चिन्तक (ऋषिमुनि) हरूको संख्या पनि बढ्दै गयो । उनीहरूले पहिले यज्ञ, कर्मकाण्ड आदि धार्मिक गतिविधिहरूको विशाल जाल फैलाए । पछि उपनिषद कालमा अध्यात्मवादी दर्शनहरूको तीव्र रूपले विकास हुन थाल्यो र त्यो बढ्दैबढ्दै गएर "ब्रम्ह सत्यं, जगत् मिथ्या" (ब्रम्ह सांचो हो, जगत् झुट्टा हो) भन्ने वेदान्त दर्शनको स्तरसम्म पुग्यो ।

त्यस अभियानमा वैदिक रुढ धर्म र जातीय भेदभावको वर्ण व्यवस्था विरुद्ध तन्त्र, लोकायत, सांख्य, योग, जैन, वौद्ध आदि जनपक्षीय नयाँ विचार र दर्शनहरूले सैकडौं वर्षसम्म ठूला-ठूला आन्दोलन चलाए र प्रतिपक्षी खेमामा खैलावैला पनि मच्चाए तर तिनीहरूको प्रभाव धेरै लामो समयसम्म टिक्न सकेन । वैदिक धर्म, जातीय भेदभाव र अध्यात्मवादी दर्शनका पक्षमा सामन्तवादकालीन ठूल्ठूला राजा महाराजाहरूले सशक्त रूपले राज्यशक्ति लगाउनुको कारणले त्यसपक्षका धर्म र दर्शनहरूको शक्ति बढ्दै गयो । लोकायत, सांख्य, जैन र बौद्ध आन्दोलनहरू ठूलो दमनमा परी पछि हट्ने स्थिति आयो । पछि जैन र बौद्धका सम्प्रदायहरू पूरै धार्मिक संप्रदायको रूपमा परिणत भए । तन्त्रवादमा पनि अनेकौं धार्मिक गतिविधि र सांख्य दर्शनमा ईश्वरवादलाई घुसाइयो । जैन धर्म जसरी तसरी त्यहीं टिक्यो, वौद्ध धर्मले नेपाल, चीन, श्रीलंका, वर्मा आदितिर गएर आफ्नो अस्तित्व बचायो । तर भौतिकवादी दर्शन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लोकायतले कतै कतै आफूलाई रहस्यमय बन्दै गएका तान्त्रिक गतिविधितिर संलग्न गराएता पनि उसले आफूलाई आम रूपमा धार्मिक सम्प्रदायको रूपमा परिणत गरेन । उसले भौतिक दर्शनकै रूपमा भयंकर दमन र यातना सहँदै पनि संघर्ष गर्दै रह्यो । तर उसका विचारक र प्रचारकहरूलाई मार्ने, त्यसका ग्रन्थहरू विनष्ट पार्ने र अनुयायीहरूलाई नाना विधि यातना र ताडना दिने अभियान चलेपछि लोकायत दर्शन र त्यसको प्रभाव जनतामा कमजोर हुँदै गयो ।

महाभारतमा चार्वाकलाई मारिएको एउटा प्रसंग छ । महाभारत युद्धमा पाण्डवहरू विजयी भएपछि युधिष्ठिरलाई आशिर्वाद दिन थुप्रै ब्राम्हणहरू युधिष्ठिरकहाँ गए । त्यसमा चार्वाक पनि थिए । उनले अगाडि बढेर भने – "आफ्ना बन्धुहरूको विनाश गरेर र गुरुजनहरूको हत्या गरेर तिमीलाई के फाइदा भयो ? बरु तिमी नै मरेको भए हुन्थ्यो ।"

यो सुनेर युधिष्ठिर तिल्मिलाए । ब्राम्हणहरू स्तब्ध भए । तर एउटा ब्राम्हणले संयमित भएर भने – "यो चार्वाक हाम्रो प्रतिनिधि होइन । छद्म भेषमा आएको कुनै दानव या दुर्योधनको मित्र पनि हुनसक्छ । हामी ब्राम्हणहरू युधिष्ठिरको विजयका प्रशंसक हौं ।" त्यसपछि ब्राम्हणहरूले चार्वाकलाई पक्डेर, डढाएर खरानी पारे ।

यस प्रकार वैदिक मार्गी ब्राम्हणहरू फरक मत राख्नेहरूलाई तुरुन्तै हत्या गर्ने स्तरसम्म पुगेका थिए ।

वैदिक पक्षका ब्राम्हण, पुरोहित र दार्शनिकहरू लोकायतका अनुयायीहरूलाई जडतावादी, नास्तिक, वेदविरोधी, पाखण्डी, भोगवादी, आचरणविहीन, दानव, राक्षस आदि शब्दले विरोध र लाञ्छित गर्दथे । उनीहरूलाई जीवनको उच्चध्यय नभएका, नीच, मूढ, अधम, देहवादी आदि भनेर घृणा गरिन्थ्यो । के वास्तवमा लोकायतवादीहरू त्यस्तै थिए त ?

उनीहरू वास्तवमा वैदिक मार्ग अर्थात् जातीय विभेदको वर्णव्यवस्था, ईश्वर, परलोक आदि नमान्ने भौतिकवादी थिए । उनीहरू आत्माको अमरतामा विश्वास नगर्ने हुनाले यस लोकको जीवनलाई महत्व दिन्थे र वर्तमान जीवन र समाजलाई सुखी, समृद्ध पार्ने कुरामा जोड दिन्थे । उनीहरू कल्पना र अनुमानको आधारमा बनेको दैवी सृष्टिको सिद्धान्तमा विश्वास गर्दैनथे ।

यसरी आफ्नो वैदिक मार्ग भन्दा फरक भौतिकवादी बाटोमा हिंड्नेहरूलाई असुर, दानव, राक्षस, आदि भनेर बिरोध, बहिष्कार, दमन आदि गर्ने परम्परा नै बनेको थियो तर लोकायतवादीहरू पाखण्डी, अनैतिक, आचरणविहीन र केवल भोगवादी मात्र थिएनन् । उनीहरूको भौतिकवादी जीवन पद्धतिको पनि आचारसंहिता थियो । उनीहरूका पनि आफ्नै खाले मर्यादा योग, यज्ञ, मन्त्र, जन्म मृत्युका संस्कार, स्वास्थ्यका नियम र अरू विविध अनुष्ठानहरू थिए । प्राचीन ग्रन्थहरूमा 'लोकायत मन्त्रधारक', 'इहलौकिक मन्त्रहरूमा निपुण', 'लोकायत मन्त्रहरूमा निष्णात', 'लोकायत यज्ञका मन्त्रहरूका विशिष्ट ज्ञाता' आदि जस्ता उक्तिहरू भेटिन्छन् । (ऐ. लोकायत पृ.३१) । यिनबाट स्पष्ट हुन्छ लोकायतपन्थीहरूको जीवन विरोधीहरूले प्रचार गरेजस्तो आचरणहीन र पाखण्डी थिएन ।

प्राचीन कालमा वैदिक मार्गका कट्टर अनुयायीहरू लोकायतिकहरूको विरोध त गर्दथे तर विभिन्न ठाउँहरूमा लोकायत र लोकायतिकहरूको उच्च सम्मान भएका सन्दर्भ पनि भेटिन्छन् । महाभारत वनपर्वमा युधिष्ठिरसित द्रौपदी भन्दछिन्– "म सानी छँदा मेरा पिताले घरमा ब्राम्हणहरूलाई बोलाउने गर्नुहुन्थ्यो । ती ब्राम्हणहरूबाट मेरा पिता र दाजु भाइहरूले वार्हस्पत्य (लोकायत) सिद्धान्त पढ्नु भएको हो । म पनि त्यसबेला पिताका काखमा बस्थें । मलाई पनि उनीहरू स्नेहपूर्वक वार्हस्पत्य मतको बारेमा बताउने गर्थे ।"

बौद्धसुत्त, अंगुत्तर निकायमा असल ब्राम्हणको प्रशंसाको सन्दर्भमा भनिएको छ – "ती ब्राम्हणलाई विविध विद्याहरूको ज्ञान थियो । त्यसमा लोकायत विद्या पनि थियो ।" (ऐ. लोकायत पृ. २७)

लोकायत दर्शनलाई थुप्रै शास्त्रीय सन्दर्भहरूमा 'असुर मत' भनिएको छ । गीतामा कृष्णले पनि देव र असुर मतको प्रसङ्ग उठाएका छन् । गीताका उत्कृष्ट भाष्यकार श्रीधर स्वामीले उक्त असुर मतलाई लोकायत मत भनेर व्याख्या गरेका छन् ।

भारतमा वैदिक आर्यसंस्कृतिको प्रभाव बढ्ने क्रममा गैर वैदिक मूलका आदिवासी वा नव आगन्तुक विभिन्न जाति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जनजातिका आ-आफ्ना दर्शन र संस्कृतिहरू पनि अघि बढिरहेका थिए । तिनीहरू मध्येकै आदिवासीहरू र असूरिया (वर्तमान सीरिया) तिरबाट वैदिक आर्यहरूभन्दा अघि वा पछि आएर भारतमा फैलिएका असुर समुदायको उपनिषद् वा दर्शन थियो – लोकायत ।

सर्वविदित कुरा हो भारतमा वैदिक आर्यहरूको प्रभाव बढ्ने क्रममा नवआगन्तुक र आदिवासीहरूको बीचमा लामो समयसम्म दुई विरोधी संस्कृति, विश्व दृष्टिकोण र जीवन पद्धतिको संघर्ष चलेको थियो । वेद, रामायण, महाभारत र पुराणहरूमा त्यो संघर्ष सर्वत्र चित्रित छ । अनेकौं शास्त्रीय सन्दर्भहरूले वैदिक संस्कृतिका अनुयायीहरूलाई ईश्वरवादी, आध्यात्मवादी र आदिवासी असुर, दैत्य आदि संस्कृतिका अनुयायीहरूलाई निरीश्वरवादी, भौतिकवादीको रूपमा चित्रित गर्ने गरेका छन् । त्यही असुर मत लोकायत दर्शनले गैर वैदीक मूलका थुप्रै आदिवासी भारतीय जनसमुदायमा लामो समयसम्म ठूलो प्रभाव पारेको थियो । त्यति मात्र होइन, त्यस दर्शनले प्रारम्भिक सांख्य, वैशेसिक र योग दर्शनका साथै बौद्ध र जैन दर्शनमा समेत प्रभाव पारेको थियो ।

वास्तविक जीवन र जगत्लाई र प्रत्यक्ष प्रमाणलाई महत्व दिने र काल्पनिक, अनुमानित, ईश्वर, परलोक आदिको खण्डन गर्ने लोकायत दर्शनले भारतीय उपमहाद्वीपको चिन्तन, दर्शन र संघर्षमय समाज विकासको यात्रामा निकै संघर्षशील र क्रान्तिकारी भूमिका खेल्दै आएको छ । त्यसले भारतको वर्गीय समाज र वर्णव्यवस्थाबाट शोषित र उत्पीडितहरूलाई जगाउन, संगठित हुन र संघर्षद्वारा आफ्नो अधिकार र सम्मान बढाउन सदा प्रेरित गर्दै आएको छ । यस प्रकार विश्वको भौतिकवादी दर्शनको विकासमा लोकायत दर्शनको ठूलो योगदान रहेको छ ।

नव वर्ष २०६० सालको सुखद
उपलक्ष्यमा सम्पूर्ण नेपालीहरूमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
विशाल एग्रोभेट
त्रिपुरेश्वर, काठमाडौं

नव वर्ष २०६० सालको सुखद
उपलक्ष्यमा सम्पूर्ण
नेपालीहरूमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
कान्तिपुर एग्रोभेट
त्रिपुरेश्वर, काठमाडौं

हार्दिक शुभकामना
नव वर्ष २०६० सालको सुखद
उपलक्ष्यमा सम्पूर्ण नेपालीहरूमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
जय दिव्यश्वरी चिम्नी ईटा उद्योग
प्रो. प्रदीप (शर्मा) चौलागाईं
लोकन्थली, ट्रलीबस स्टप
फोन : ६६३११४९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कविता

मेरो देश

– प्रा. शिवगोपाल रिसाल

मेरो देश जस्तै अर्को धरतीमा ठाउँ छैन !
नेपालीको नेपालजस्तै, अर्को कुनै गाउँ छैन !!

१

हाम्रो राष्ट्र, हाम्रो मुटु, हामी मिलिजुली !
निस्वार्थी भै मरिमेटौं, बन्छ झिलिमिली !!

२

नेपाल बन्छ, नेपाली नै जनताले आँटे !
हरे ! अझै बिग्रन्छ है ! नेताजीले ढाँटे !!

३

नेताजी वा जनताजी ! नेपाली नै बन !
मुटुभन्दा प्यारो माटो ! मुटुदेखि भन !!

४

केही वर्ष छोडिदेऊ, व्यक्तिगत स्वार्थ !
नौलो नक्सा निर्माण हुन्छ, लक्ष्य चरितार्थ !!

५

तिम्रो घर बने के भो ? गाउँ पैरो गए !
तिम्रो हाँसो मृत्यु बन्छ ! नेपालीले रोए !!

६

आमा छोडी, स्वास्नीसँग, नाता गाँस्ने हैन !
नेपालीलाई रुवाएर, तिमी हाँस्ने हैन !!

७

जनता नै जनार्दन ! हाम्रो आत्मा देश !
पसिनामा ईश्वर छन् ! आफ्नै भेश बेस !!

८

मेरो देश यथार्थ हो, विपना हो भन !!
यही मेरो सर्वस्व हो – तन, मन, धन !!

९

जनतामा समानता ! आफूजस्तै ठाने !
आजै हाम्रो देश बन्छ ! सत्य, शिव माने !!

१०

धर्म, न्याय, नैतिकता – जनता र नेता !
भने जस्तै गर्ने बनून् ! सेना बनून् जेता !!

११

ईश सृष्टि – सत्य, शिव, सुन्दर नै रेछ !
मानवले अझ सुन्दर, पार्न सक्दो रेछ !!

१२

देश नाङ्गो बन्दो रेछ ! परधर्म घुसे !
देशभित्र बस्नेले नै ! देशलाई चुसे !!

१३

मेरो देश युगौं–युग नेपाल भै बाँचोस् !
जनक र बुद्ध बोकी, डाँफे चरी नाचोस् !!

१४

स्वतन्त्र होस् बास, गाँस, शान्त हावा, पानी !
कर्म गर्दै, धर्म गर्दै, बितोस् जिन्दगानी !!

१५

–शिव–मन्दिर, शान्तिकुना, जाउलाखेल ।

के त ऐले बिदा भयौं ?

–दैवज्ञराज न्यौपाने

"१"

आयौ आँगनीमा खेल्दै अनौठासित अल्पियौ
प्रजातन्त्र तिमी ऐले कहाँ छौ र कसो भयौ ?

म बोलुँ कसरी आज नेता नीच भएपछि
घामको भरिलो ज्योति सर्दै दूर गएपछि ।

जवानी रित्तिए झैं छ इसारा कसरी गरुँ ?
बिर्सनु बेश पो हो कि सहस्रौं संझना गरुँ ?

जसरी रातमा आयौ के त्यस्तै गरी अल्पियौ ?
प्रजातन्त्र तिमी ऐले के त आजै बिदा भयौ ?

बाँच्नसम्म सके हुन्थ्यो जस्तै रात भए पनि
जिन्दगी रहनुपर्छ टाडा बैस गए पनि ।

प्रजातन्त्र तिमीलाई छ हाम्रो संझना अझै
अझै विश्वास बाँकी छ चैतन्य चाहना अझै ।

"२"

आएमा फर्किई फेरि हामी हर्ष मनाउँछौं
तिमी स्वस्थ भए मात्रै शान्ति सन्तोष पाउँछौं ।

यस्तै रुग्ण भएदेखि व्यर्थ भेटेर गर्नु के ?
यात्रा हीन बनी यात्री आएरै पनि हुन्छ के ?

ऊर्जा निर्मल चाँहिन्छ ऊर्जा नै नभए पछि
नामर्दीपन हट्दैन व्यर्थ दल्दलमा पसी ।

प्रजातन्त्र तिमी यस्तै नीच काँतरका सँग
आएमा पनि बच्तैन तिम्रो शालीन गौरव ।

उच्च आदर्श बोकेर पर्छ राष्ट्र उठाउनू
प्रजातन्त्र तिमी फेरी चाँडै फर्केर आउँनू ।

जाली झेली र षडयन्त्री स्वार्थी लोलुप काँतर
न आऊन् साथमा तिम्रा दुष्ट दुर्मति पामर ।

प्रजातन्त्र तिमी फेरि फर्किएर उदाउनू
नव जीवनका निम्ति नौलो स्वप्न सजाउनू ।

(१८ असोज २०५९ मा भएको राजनैतिक परिवर्तन सुने पछि)

बानेश्वर, काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुवाद कथा

जेहलममा डुंगाको यात्रा

– कृष्ण चन्दर

गाटियालियांसम्म यात्रा अत्यन्त कष्टप्रद रह्यो । लारी यात्रीहरूले खचाखच भरिएको थियो र घामको रापले थप उकुस मुकुस पैदा गरिदिएको थियो । म लारीको बीच भाग तिर बसिरहेको थिएँ– आजकल लारीवालाहरूले पनि रेलगाडीले झैं विभिन्न दर्जा बनाएका छन्— र आफ्नो भाग्यलाई धिक्कारी रहेको थिएँ कि कुनै ट्याक्सी पाउन सकिंन, नत्र बाटो सजिलै काट्न सकिन्थ्यो । लारीमा खासै आकर्षित गर्न सक्ने कुनै सामान थिएन । मेरो बायाँपट्टि मयूरले झैं घुंघुरिएको कपालको लट्टा फिंजाएर एक थानेदार साहब विराजमान थिए र बेला–बेलामा जुँगामा ताउ लगाउने गर्दथे । सबभन्दा अगाडि पहिलो दर्जाको सीट अर्थात् ड्राइभरसँगै जोडिएको सिटमा एक तहशीलदार साहब बसेका थिएँ जसको हँसिलो चेहरा र खुकुलो फेटाले सन्तुष्टिको आभाष दिलाइरहेका थिए । मसँगैको सीटमा चारजना महिलाहरू बसिरहेका थिए । दुईजना बिल्कुल बूढी थिए । जुन आइमाई मेरो सामुन्ने थिई र आफ्नो काखमा सानो नानी बोकिरहेकी थिई, ऊ अरू आइमाई भन्दा उमेरमा कम थिइ र कुरूप थिई । ऊ कहिले काहीं घुम्टोको आडबाट मलाई चियाउने गर्थी । यो संसारमा हर कोही व्यक्ति सौन्दर्यको पारखी हुन्छ र ऊ सुन्दरताको खोजीमा हुन्छ । म ठोकुवा गरेर भन्न त सक्दिन कि उसलाई म मन परें साथै कुनै सन्देह पनि थिएन कि म पनि कुनै सुन्दर जोडीको खोजीमा थिएँ । मैले टाईको नट मिलाउँदै चारैतिर नजर दौडाएँ । तर उफ् ! यात्रीले खचाखच त्यो लारी, जो आफ्नो लक्षतर्फ बेतोड दौडिंदै थियो, त्यसमा मैले कुनै रोमान्स देख्न पाइन । सबै जसो विरक्त अनुहारहरू थिए जो या त बाँस जस्तै ख्याउटे थिए अथवा थानेदार साहब जस्तै भद्धा । मैले पलभरको निम्ति आँखा बन्द गरें र मनमनै सोचें कि लारीमा सब चीज छन् तर सौन्दर्य छैन । जब मैले आँखा खोलें तब देखें कि कम उमेरवाली कुरूप आइमाई आफ्नो सानो बच्चालाई निहुरिएर हेरिरहेकी थिई र मसिनो आवाजले मेरो काखमा जान अह्याइरहेकी थिई ।

उसले आफ्नो श्यामरंगको निधारमा पसिना पुछ्दै दबिएको, झीनो स्वरमा भनी, "ओहो ! म कति थाकिसकें, मेरो सास नै रोकिन आँट्यो ।"

बिचरी गरीब आइमाई ! मेरो आशय यो हो कि यद्यपि उसले रेशमी कपडा लगाएकी थिई र ऊ कुरूप थिई तथापि आइमाई स्वभावतः गरीब र कमजोर हुन्छे । अतएव मैले सानो बच्चालाई आफ्नो काखमा राखें ।

आइमाईले कृतज्ञ दृष्टिले मतर्फ हेरी र भ्यालबाट मुख बाहिर निकालेर वाकवाक गर्न लागी ।

मैले झट्ट बालकलाई थानेदार साहबको काखमा राखिदिएँ र उठेर ड्राइभरलाई लारी रोक्न अनुरोध गरें ।

ड्राइभरले भन्यो, "साहव, यहाँ लारी रोकेर के फाइदा ? गाटियालियां घाट आउन केही किलोमिटर बाँकी छ, त्यहीं रोकौंला । भन्सारको चौकी, नदीको किनारमा । नदीको चीसो हावाले उनको शरीर ठीक भइहाल्छ नि ।"

अतः यस्तै भयो ।

गाटियालियां र जेहलम शहरको बीचबाट जेहलम नदी बग्दछ, त्यसकारण जेहलम शहर जानको लागि गाटियालियां चुंगीमा प्रायः हरसमय भीड लाग्ने गर्दछ । जम्मु जाने यात्रीहरूको तांती, जम्मुबाट जेहलम आएका मान्छेहरू, मालसामान लादिएका बयल वा गाडाहरू, चुंगीनेर रोकिएका अनगिन्ती लारीहरू, अनि नदीको किनारमा बाँधिएका लामा लामा डुंगाहरू; सानो तिनो बन्दरगाहको झलक मिल्दछ । यही भीडभाडमा मैंले थानेदार साहब, तहशीलदार साहब र कम उमेरवाली आइमाईलाई हराएँ । मेरो सामान थोरै थियो, त्यसैले चुंगीवालासँग चाँडै नै छुटकारा मिल्यो र एउटा सानो कुल्ली केटालाई सामान बोकाएर म नदी तर्फ लागें । मैले पहिले नै भनिसकें कि गाटियालियांसम्म यात्रा अत्यंन्त कष्टप्रद रह्यो । टाउको पनि दुखेको थियो तर अब जब–जब नदीको फैलिएको पानीबाट चीसो हावाका झोक्काहरू आउन थाले, स्वास्थ्यस्थिति सुध्रँदै गयो । जब म नदीको किनारमा पुगें, मलाई यस्तो अनुभूति भयो कि भरखर भरखर नुहाएर आउँदै छु । किनारमा उम्रिएका लामालामा घाँसहरूमा एक खालको मीठासपूर्ण सुगन्ध थियो जसले अचेत झैं भएको नाकलाई सजग पारिदियो । जहाँसम्म देख्न सकिन्थ्यो, पानी नै पानी थियो, जसमा बगिरहेका ढूला र साना डुंगाहरू, माझीहरूका कोलाहलमय रागहरू र लामा लामा डुंगा खियाउने बहानाहरूले पानीलाई चिर्दा आएको सुमधुर आवाजले मादकता थपिरहेका थिए ।

सानो, दुब्लो पातलो कुल्लीले बोकेको सामान नजीकैको सानो रुखको छहारीमा राखिदियो । त्यहाँ, रुखका पातहरू नभएको ठाउँबाट छिरेर आएको सूर्यको प्रकाशले गर्दा बुट्टा जस्तो बन्न गएको घाम–छाँयामा एकजना केटा र एउटी केटी पनि आफ्ना थुप्रै सामान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लिएर बसिरहेका थिए । शायद डुंगाको प्रतीक्षा गरिरहेका थिए । मैले कुल्लीलाई खल्तीबाट दुईआना निकालेर दिएँ र उसँग सोधें, "तिम्रो नाम के हो ?"

"अब्दुल्ला ।"

"ल त अब्दुल्ला, हामीलाई जसरी भए पनि एउटा डुंगाको व्यवस्था गरिदेउ । हेर, पक्का नि ।"

अब्दुल्लाले फिस्स हाँस्दै भन्यो, "एउटा डुंगा त हाम्रो आफ्नै पनि छ, साहब । पर्खंदै गर्नुहोस्, म मेरो आफ्नो भाइलाई बोलाउँछु । हामी दुवैजना मिलेर हजूरहरूलाई लिएर जान्छौं । साँढे तीन रूपैयाँ भाडा लाग्छ ।"

जब अब्दुल्ला हिँड्यो, भुईंमा बसेर मैले यताउती हेरें । बालुवाका ठूला-ठूला ढिस्काहरू, नरिवल वृक्षका तांतीहरू ..... । फेरी मैंले आफ्ना सहयात्रीहरू तर्फ आँखा दौडाएँ । केटी नदीतर्फ फर्किएर बसेकी थिई । उसले गाढा, हरियो रंगको साडी लगाकी थिई, जसको पारी सुनौला रंगको थियो । केटा मलाई नै हेर्दै थियो । उसले खैरो रंगको कोट लगाएको थियो । गलामा कोटलाई सुहाउँदो टाई पनि थियो । आफूतर्फ हेरिरहेको देखेर ऊ मलाई भन्न लाग्यो, "हजूर कहाँ जान लाग्नु भएको ?"

"जेहलम पारी एउटा गाउँ छ, मेरो घर त्यहीं गाउँमा पर्छ । त्यहीं जादैछु । अनि तपाई नि ?" मैले प्रश्नयुक्त आँखाले केटीतर्फ हेर्दै सोधें ।

केटाले उत्तर दियो, "हामी लाहोर जाँदैछौं । म त जम्मुमा पढ्दैछु । यो मेरी बहिनी हो । लाहोरमा एम.ए. पढ्दैछे । यसलाई पुऱ्याइदिन लागेको । यो यात्रामा ज्यादै समस्या भोग्नु पर्छ । माझीहरूले ज्यादै दुःख दिन्छन् । आधाघण्टादेखि हाम्रो लागि कुनै सानो डुंगाको पर्खाइमा छौं । माझीहरू भन्छन् कि त्यस्तो डुंगा त उता पनि छैन । सबै ठूला डुंगाहरू मात्र छन्, जसको भाडा नै ज्यादा भन्छन् । आठ रूपैया, दश रूपैया; यो त दिउँसै डकैती हो । साँच्चै कति झन्झट लाग्दो यात्रा !"

मैले उसलाई सान्त्वना दिंदै भनें, "तपाई चिन्ता नमान्नुहोस्, डुंगा अहिले नै पाइन्छ । म सबै व्यवस्था मिलाइ दिन्छु । हामी आरामसाथ जेहलम पुग्नैछौं ।"

केटीले मतिर हेरी । यदि उसको जस्तो सुन्दर र सरल अनुहार मैले आजसम्म देखेको थिईन भनें भने वास्तवमा त्यो झुट्टा कुरा हुनेछ । तर यो भन्न मलाई अलिकति पनि संकोच छैन कि उसको अनुहारमा यस्तो विचित्र आकर्षण र मोहिनी थियो जसले मलाई एकदमै मुग्ध पारिदियो । केवल एकक्षणको निम्ति उसले मलाई हेरी र त्यसपछि उसका बाक्ला परेली गाला तर्फ झुके । ऊ काश्मीरकी अलौकिक सौन्दर्यकी एक सजीव नमूना थिई । आकर्षक अनुहार, सुडौल शरीर, मनोहर रंग । तर जुन कुराले म सबभन्दा बढी प्रभावित भएँ, त्यो उसको सुन्दरता भन्दा पनि उसका आँखाहरूमा निहीत निराशा तथा उदासीपन थियो जसलाई मैले एकै हेराइमा देखें । ओह ! त्यो उदासीपनको गहिराइ ! एकपलको निम्ति मलाई यस्तो अनुभूति भयो मानौं म बिजुलीको वेगमा कुनै अथाह गहिरो समुद्रमा डुबिरहेको छु । एकाएक म झस्कें र मैले आफूलाई किनारमा पाएँ । कति विचित्र अनुभूति थियो त्यो । तर त्यो अनुभूति पलभरको निम्ति मात्र रह्यो । अब ऊ जेहलमको फैलिएको पानीलाई जिज्ञासु दृष्टिले हेरिरहेकी थिई । उसको चेहरा अहिले स्पष्ट र सरल थियो । हर प्रकारका भावनाबाट मुक्त । यसले मेरो हृदयमा विचित्र प्रकारको व्याकुलता उत्पन्न भयो ।

यत्तिकैमा अरू दुईजना यात्रुहरू सोही रुखमुनीको शीतल छहारीमा आएर बसे । पहिलो एउटा बूढो मान्छे, सेतै फुलेको कपाल, लट्ठी टेक्दै आयो र 'राम-राम' भन्दै मेरो छेउमा बस्यो । अर्की, बच्चा डोहोऱ्याउँदै उही कम उमेरवाली कुरूप आइमाई देखापरी । उसँग बाकस र पोका पन्तरा बोकेको एउटा कुल्ली थियो । ऊ पनि केटीको नजीक गएर बसी । सानो बच्चा साडीको आँचल तान्न लाग्यो ।

केही समयपछि अब्दुल्ला पनि आयो । तत्पश्चात उसको भाइ एउटा डुंगा किनारमा लिएर आइपुग्यो । अब्दुल्लाले हँसिलो अनुहारले भन्यो, "हिँड्नोस्, डुंगामा गएर बस्नोस् ।"

बूढो मान्छेले अब्दुल्लालाई संबोधन गर्दै भन्यो, "मलाई पनि लैजाऊ बाबा, रामले तिम्रो कल्याण गर्लान् ।"

कुरूप आइमाई पनि उठी । भन्न लागी, "यदि तपाई नराम्रो मान्नु हुन्न भने म पनि डुंगामा बस्छु । आज जसरी भए पनि गुजरावाला पुग्नुछ । यदि यो गाडी मिलेन भने ..... । अब साँझ पनि पर्दैछ र म एक्लै छु ।"

हामी सबैजना डुंगामा चढ्यौं । कुल्लीले मालसामान मिलाएर नाउँमा राख्यो ।

अब्दुल्ला र उसको भाइले हातमा सर्टको वाउला माथि सारे र एक-एकवटा बाहना लिएर डुंगाको दुई छेउमा उभिए ।

अल्लाहको नाम लिएर डुंगा हिंड्यो । अब्दुल्लाले गीत गाउन शुरु गऱ्यो-

'जिस दा नां लैदियाँ वेडा पार वे !

डाची वालिया मोड मुहार वे !'

गीत गाउँदा गाउँदै अब्दुल्ला टक्क रोकियो र भन्यो, "मेरो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गीतले यहाँहरूलाई वोर त भएको छैन ?"

केटीले हत्तपत्त जवाफ दिई, "छैन-छैन, अवश्य गाऊ । तिम्रो आवाज साह्रै मीठो छ ।"

अब्दुल्लाले फेरी गाउन शुरु गऱ्यो । उही डाँचीको पुरानो गीत जसलाई गाउँन स्वर चाहिन्छ, संगीत पर्दैन ।

साँढेमा चढेर गइरहेकी एक सुन्दरीलाई देखेर आफ्नो बिछोडिएको प्रेमीको खोजीमा तड्पिरहेकी एक उदास विरहीणी उसलाई एकैछिन रोकिन आग्रह गर्दछे र विनम्र अनुरोध गर्दछे कि मलाई पनि साँढेमा चढाएर मेरो विछोडिएको प्रेमीसँग भेट गराइदेऊ ।

'डाँची वालिया मोड मुहार वे !

डाची वालिया लै चल नाल वे !'

केटाले बिस्तारै भन्यो, "मोरो ज्यादै राम्रो गाउँछ, कस्तो सुरिलो गला छ ! मलाई गाउने असाध्य शोख छ, ए सुनन ..... ।"

मैले केटीलाई हेरें । ऊ आफ्नो दाइको काखमा टाउको अड्याएर बसिरहेकी थिई । बिस्तारै उसले आँखा बन्द गरी । उसका ओठहरूमा एक अजीव निराशापूर्ण मुस्कुराहट देखियो । उसले आफ्ना हातहरू खोकिलामा बाँधी र गोडा फैलाएर सीटमा सुती- यस प्रकारले कि म उसको आधा अनुहार देख्न सक्थें, उसका सुन्दर हातलाई, कोमल पिँडुलालाई ।

'मेरी डाची दे गल विच टल्लियां !

मै तां माही नूं मनावन चल्लियां !'

अब्दुल्लाको सुरिलो आवाजले मेरो भावनाहरूको संसारमा हलचल पैदा गरिदियो । मेरो हृदय एक अजीव पीडादायी व्यग्रताको मजा लिन लाग्यो । यो कस्तो बेचैनी थियो, हल्का, मीठासपूर्ण - यस्तो लाग्थ्यो कि गीतको हरेक लयमा विरहमा तड्पिरहेकी सुन्दरीको आत्मा वशीभूत हुँदै आइरहेको छ, या जेहलम नदीको फैलिएको पानी एक बाटो हो जसमा हाम्रो डुंगा 'डाँची' बनेकी प्रेमीको खोजीमा जाँदैछे - रिसाइरहेको प्रेमीलाई मनाउन । केटीले चुपचाप साडीको आँचलले आफ्नो आँशु पुछी । उसको दाइले देखेन तर मैले देखें । के डाँचीको सुन्दर गीतले के हृदयमा प्रेमको दबिएको आगोलाई विचलित पारिदिएको थियो ? होइन भने यो आँशु कसरी ? मेरो मन यो रहस्य जान्न आतुर बनिरहेको थियो । ऊ कुन बिछोडिएको प्रेमीको सम्झनामा रोइरहेकी थिई ? मलाई लाग्यो कि गुलाबको नरम थुंगाले उसको आँशु पुछौं र उसँग सोधौं, भन ए सुन्दरी, "तिमीलाई कुन पीडा छ ?"

यसको सट्टा मैले कुरूप आईमाइका आँखा आफ्नो अनुहारमा केन्द्रित रहेको पाएँ । मलाई देखेर लजाउँदै उसले आफ्नो आँखाहरू झुकाई र आफ्नो बच्चा तर्फ निहुरिई ।

छलक ..... छलक ..... छलक ..... छलक

डुंगा दौडिरहेको थियो, बहानाहरू बराबर हल्लिरहेका थिए । पश्चिमपट्टि सूर्य डुबिरहेको थियो, नदीमा डुबिरहेको थियो । नदीको मौन सतहमा एक अजीव, कोमल, विलक्षण जादूमय प्रकाश फैलिरहेको थियो । मैले सोचें कि यो सूर्यास्त होइन, प्रभातको प्रारम्भ हो, पश्चिम होइन, पूर्व हो । प्रकाशको महास्रोत हो, हामी अमर मानव हौं, यस कहिलै नडुब्नेवाला डुंगामा चढेर आ-आफ्ना प्रेमीलाई भेट्न जाँदैछौं, आफ्ना अमर प्रेमीसँग !

'मैं तां माही नु मनावन चल्लियां !'

चप ..... चप ..... चप ..... चप !

डुंगा दौडिरहेको थियो ।

साँझ पऱ्यो । अँध्यारो बढ्दै गयो, अब्दुल्ला मौन भयो । फेरी एक मनोहर उज्यालो, दूध झैं वेदाग चाँदनी फक्रियो । मलाई डलमा तैरिरहेको कमलको फूलको याद आयो । डुंगाको चारैतिर टाढा-टाढासम्म पानीको हल्का अलग्गिएका तरंगहरूमा मानौं यस्तो लाग्थ्यो कि कमलका लाखौं फूलहरू फक्रिरहेका छन् ।

बूढा बिस्तारै बिस्तारै 'राम-राम' जपिरहेको थियो । कुरूप आइमाई चोर आँखाले कहिले मलाई र कहिले चुपचाप सुतिरहेकी केटीलाई हेर्ने गर्थी । केटाले एक दुईपटक आफ्नी बहिनीलाई हेऱ्यो र फेरी मलाई संबोधन गर्दै भन्यो, 'बिचरी श्यामा यात्राको थकाइले चूर भएर आखिर निदाई । कति दुःखदायक यात्रा !'

के ऊ साँच्चि नै निदाई रहेकी थिई या आँखाहरू बन्द गरेर केही सोचिरहेकी थिई ? ऊ बिलकुल बेहोश, अचेत, एक सिंगमरमरको मूर्ति समान ढलिरहेकी थिई, या शायद ऊ कुनै सपनाको शीतल छहारीमा चमचमाईरहेका ताराहरूको असीम, अनन्त संसारमा आफ्नो प्रेमीलाई भेटिरहेकी थिई, अथवा उसको स्वच्छन्द आत्मा चाँदनीसँगै विचलित भएर कसैको खोजीमा दौडिरहेको छ । हुनसक्छ, तर कसको ?

आखिर लामो समयको मौनतालाई अब्दुल्लाले भंग गरिदियो, "लौ किनारा आइपुग्यो ।" उसले बहानाले बेस्सरी पानी खियाउँदै भन्यो ।

किनारामा पुगेर मैले केटासँग भनें, "तपाईं गएर टांगा ठीक पार्दै गर्नुहोस्, म यहाँ कुल्लीको व्यवस्था गर्छु ।"

टांगावालाको अफिस त्यस्तै डेढ-दुईसय मीटर टाढा थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

केटा टांगाको व्यवस्था गर्न गयो । मैले अब्दुल्लालाई भनें, "कतैबाट कुल्लीको व्यवस्था गरिदेउ न ।"

अब्दुल्ला भन्न लाग्यो, "अब यसबेला यहाँ नदीको किनारमा कुल्लीहरू कहाँबाट आउँछन् ?"

"त्यसो भए अब के गर्ने त ?"

"मेरो बिचारमा त हामी दुई भाइ दुई तीन पटक पालो फेरो गरेर यी सामानहरूलाई टांगामा राखिदिन्छौं । अरू चार आना थप्नु पर्छ ।"

"ठीक छ, यसै गर्नु राम्रो होला । उठाऊ सामान, अनि यिनको पनि ।" कुरूप आइमाई तर्फ संकेत गर्दै मैंले भनें, अफिसमा लैजाऊ ।" अब्दुल्लाको अन्तिम फेरोमा मैले डुंगामा सुतिरहेकी केटीलाई व्युंझाइदिएँ, "उठ्नोस्, जेहलमको अर्को किनारा आइपुग्यो ।"

मेरो मुखबाट निस्केको पहिलो शब्दले नै ऊ उठी । ऊ अवश्य नै सुतिरहेकी थिई । जुनेली रातमा उसको रंग केशरीको फूल जस्तै पहेंलो देखिइरहेको थियो, र ओठमा त्यही निराशापूर्ण मुस्कुराहट थियो ।

मैले खल्तीबाट एक रूपैया निकालें र भनें, "एक रूपैयाको खुद्रा होला ?"

उसले ह्याण्डव्यागबाट खुद्रा पैसा निकाली र मलाई दिई । उसका कोमल औंलाहरू बरफ जस्तै चीसा थिए ।

मैले अब्दुल्लालाई इनाम दिएँ । उसले झुकेर हामीलाई सलाम गऱ्यो र डुंगामा बस्यो ।

हामी चुपचाप हिंडिरहेका थियौं । हाम्रो अगाडि बूढो लट्ठी टेक्दै गइरहेको थियो । केही पाइला अघि बढेर मैले श्यामासँग हिम्मत गरेर सोधें, "तपाई डुंगामा रोइरहनु भएको थियो, किन ?"

ऊ चुपचाप अघि बढ्दै गई, शिर झुकाउँदै ।

फेरी मैंले भनें, "विश्वास गर्नुहोस् ,मैले सच्चा हृदयले सोधेको हुँ, म हृदयदेखि नै चाहन्छु कि तपाईं आफ्नो दुःख मसँग भन्न सक्नुहोस् र म तपाईको दुःखमा काम लाग्न सकुँ । यसमा कुनै आपत्ति छ ?"

उसले अश्रुमिश्रित आँखाले मलाई हेरी । ऊ केही भन्न खोज्दै थिई, एकाएक केही सुनेर बिस्तारै चिच्याउँदै रोकिई । ऊ लड्नै आँटेकी थिई, एक हातले थामेर मैले उसलाई सहारा दिएँ । अब्दुल्ला चन्द्रमा तिर फर्किएर गीत गाइरहेको थियो–

'साडी डाची दे गल विच ढोलना

झुठे सजना दे नाल की बोलना

डाचीवालिया मोडीं .....'

आवाज यस्तो लाग्थ्यो कि टाढा जेहलमको फैलिएको पानीमा बर्सिरहेको चन्द्रमाको जादू, चाँदनीसँगै कंपित हुँदै आइरहेको छ । शैलीमा गजलको तेज थियो र शब्दमा एक असीम व्यंग्य जो हृदयलाई छुन सक्थ्यो । मैले केटीलाई हेरें । ऊ कामिरहेकी थिई र छिट्टै पाइला सार्ने कोशिस गरिरहेकी थिई । शायद ऊ त्यस करुण गीतको शक्तिशाली तूफानदेखि भाग्न चाहन्थी, त्यो तूफान जो उसको व्याकुल आत्माको पछि-पछि दौडिरहेको थियो ।

बाँकी बाटो हामीले चुपचाप काट्यौं ।

जब मैले उसलाई टांगामा चढाइसकेको थिएँ, केटाले हात मिलाउँदै भन्यो, "धन्यवाद, धेरै-धेरै धन्यवाद । हामीले यहाँलाई धेरै कष्ट दियौं – के हजूरको गाउँ यहाँबाट नजीकै हो ? ....."

"त्यस्तै तीनचार मील जति होला । त्यो सिधा गोरेटो गएको छ नि, त्यहींबाट पैदल जानुपर्छ ।"

कुरूप आइमाइले मतर्फ हेरेर हात जोडी र शिर झुकाई । मैले पनि हात जोडेर शिर झुकाएँ । दुई पटक, एकपटक कुरूप आइमाईलाई हेरेर र अर्को पटक केटीलाई हेरेर । केटीले मलाई अस्पष्ट, थकित र उदास आँखाले हेरी । ती आँखाहरू शायद खुलेर हृदयको कुरा भन्न चाहन्थे तर सफल हुन सकेनन् । ती आँखाहरूमा हल्का चमक देखिएको पनि थियो, केबल निमेषभरको लागि, तर तुरुन्त नै लोप भएर गयो । जसरी कुनै सुन्दर रत्न समुद्रको गहिरो, नीलो पानीमा हराएको होस् । उसको दायाँ हात थोरै मास्तिर उठ्यो, फेरी तल झऱ्यो । चुराको झंकार उत्पन्न पनि भयो र कंपित हुँदै क्षणभरमा कतै विलीन भयो जसरी आकाशमा कुनै तारा खसेको होस् र वायुमण्डलमा विलीन भएको होस् । अब ऊ आँखा तल झुकाउँदै साडीको सप्को मिलाइरहेकी थिई ।

"गुडबाई" मैले छिटो-छिटो भनें । टांगा गुड्न थाल्यो । केटाले बलियोसँग हात मिलाउँदै भन्यो, "गुडबाई ।"

सिधा, सरल रेखामा, खेतको बीचै-बीच गोरेटो गइरहेको थियो । आकाशमा, ताराहरूको बीचमा पनि त्यस्तै खालको गोरेटो बनेको थियो ..... यो यात्रा कहिले शुरु भयो होला हँ ? म सोच्न थालें – यी दुवै बाटाहरू कहाँ जाँदै होलान् ? के यो यात्रा कहिलै समाप्त होला ?

– अनुवादः कुमुद

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

केही चुट्किला

–समीर चौलागाई

१

एकजना मानिस राती मोटरसाइकलमा बत्ती नबाली घर जाँदै थियो । त्यही बेला एकजना, ट्राफिकले सोधेछ – "किन तपाईंले मोटरसाइकलको बत्ती नबालेको हँ ?" मोटरसाइकलवालाले भनेछ– "यहाँ वरपर जताततै बत्ती बालेकोले नि !" त्यसपछि ट्राफिकले त्यो मान्छेको मोटरसाइकलको हावा फुस्काइदिएछ । अनि मान्छेले भनेछ– "किन मेरो मोटरसाइकलको हावा फुस्काइदिएको ?" ट्राफिकले भनेछ – "यहाँ जताततै हावैहावा भएकोले" ।

२

(एक दिन सिंहले शिकारमा एउटा मृग समातेछ ।)

सिंह : म तेरो तातो –तातो रगत पिउँछु ।

मृग : तपाईलाई देख्नेबित्तिकै मेरो रगत चीसो भइसक्यो ।

सिंह : धन्दा नमान्, मेरो कोल्डड्रिङ्स पिउने बानी पनि छ ।

३

(छोरो गाई नजीक जान डराएको देखेर .....)

बुबा : छोरा, किन गाई नजीक जान डराएको ?

छोरा : विद्यालयमा मिसले मेरो दिमागमा भुस्सा र घाँस छ भनेर भन्नु भएको थियो, त्यसैले गाईले खान्छ कि भनेर डराएको नि ।

४

(बत्ती निभेको दिन थियो)

बुबा : बाबु, मैनबत्ती बाल त ।

छोरा : मैनबत्ती सिद्धिसक्यो बुबा ।

बुबा : त्यसो भए लाल्टिन बाल न ।

छोरा : हिजो मट्टितेल सिद्धिएको होइन बुबा ?

बुबा : ए हो त ! त्यसो भए पानी भए पनि हालिदेऊ ।

छोरा : पानी हालेर पनि लाल्टिन बल्छ र बुबा ?

बुबा : आ ..... राखन खुसुक्क, बत्ती निभेको बेला लाल्टिनलाई के थाहा हुन्छ र पानी राखेको कि मट्टितेल !

५

शिक्षक : पानी जमेर बरफ भयो भने के हुन्छ ?

श्याम : म भन्छु सर ।

शिक्षक : ल ! भन श्याम के हुन्छ ?

श्याम : त्यसको मूल्य बढ्छ ।

६

कमिला र हात्तीको ठूलो मित्रता थियो तर हात्तीको बुबालाई उनीहरूको मित्रता मन परेको थिएन, त्यसैले हात्तीको बुबाले हात्तीलाई एउटा कोठामा थुनिदिएछ । हात्ती त्यस कोठाबाट भागेर कमिलाको घर गएछ अनि भनेछ– "मेरो बुबाले मलाई तिमीसँग नभेट्नु भनेर भन्न यहाँ आउँदै हुनुहुन्छ । मलाई कहीँ लुकाऊ ।" त्यसपछि कमिलाले भनेछ– "धन्दा नमान, तिमी मेरो पछाडि लुक, तिम्रो बुबालाई तिमी यहाँ आएको छैनौ भनेर म भन्छु अनि हामी सँगै बसेर गफ गरौंला ।

TIBETAN RUGS (P) Ltd.

Affordable Custom Rugs for Interiors

❑ The look you love ❑ The size you want ❑ The shape you think ❑ Color of your life ❑ Quality you can deserve ❑ Simple ordering ❑ Design assistance ❑ Made just for you ❑ Made fast with free delivery all over the world ❑ Free swatch & strike off samples ❑ Factory-direct prices ❑ Shop from the comfort of your won home

GPO Box : 516, Kathmandu, Nepal
Tel : 977-1-5534177, Fax : 9777-1-5551617
E-mail:info@nepallooms.com
Website, www.nepallooms.com

नव वर्ष २०६० सालको सुखद उपलक्ष्यमा सम्पूर्ण नेपालीहरूमा

हार्दिक मंगलमय शुभकामना

व्यक्त गर्दछौं ।

नवप्रभात डेरी, चापागाउँ

एवं **मनकामना कृषि फर्म, भैंसेपाटी**

गाई भैंसीको शुद्ध पाकेट दूध तथा ताजा तरकारीहरूको लागि सदैव हामीलाई सम्झनुहोस्

प्रो. थलप्रसाद चौलागाई

भैंसेपाटी, ललितपुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्वाद

मैले पाएको लाभ भनेको आन्तरसन्तुष्टि नै हो

प्रा. जगतबहादुर के.सी. चौलागाईं

(प्राध्यापक जगत बहादुर के.सी. (चौलागाईं) नेपालको दुर्गम जिल्ला तेह्रथुमको पिप्ले गा.वि.स. मा जन्मेर उच्च शिक्षा हासिल गरी लामो समयसम्म प्राध्यापन कार्यमा संलग्न व्यक्तित्व हुनुहुन्छ । उहाँले खाद्य प्रविधि विषयमा स्नाकोत्तर गर्नुका साथै आफ्नै विषयका विज्ञ हुनुहुन्छ । उहाँ थुप्रै सामाजिक संघ संस्थामा आबद्ध हुनुहन्छ र समाजसेवाका काममा समेत गहन रुचि राख्नु हुन्छ । यसवापत उहाँले थुप्रै पदक, सम्मान र कदर पत्रहरू प्राप्त गरिसक्नु भएको छ ।

चौलागाईं प्रतिष्ठानका हरेक गतिविधिप्रति चासो राख्दै आउनु भएका विनम्र स्वभावका धनी श्री चौलागाईं प्रतिष्ठानका सल्लाहकार तथा आजीवन सदस्य समेत हुनुहुन्छ । अध्ययनको क्रममा स्वर्ण पदक प्राप्त गर्न सफल उहाँको सम्मान गर्ने कार्यक्रम चौलागाईं प्रतिष्ठानको रहेको छ । यिनै सेरोफेरोमा केन्द्रित रहेर यस पटक उहाँसँग गरिएको कुराकानी यहाँ पाठक सामु प्रस्तुत गरिएको छ – सम्पादक)

यहाँको परिचय ?

मेरो नाम जगत बहादुर के.सी. चौलागाईं हो । म त्रिभुवन विश्वविद्यालय विज्ञान तथा प्रविधि अध्ययन संस्थान, केन्द्रीय प्रविधि क्याम्पस, धरानको संस्थापक शिक्षक, हाल खाद्य प्रविधि विषयको प्राध्यापक छु ।

अन्तर्वार्ताको क्रममा सल्लाहकार प्रा. जगत चौलागाईं

यहाँको जन्म तथा बसोबासको थलो कहाँ हो ?

हाम्रा जिजु बाजे पाँचथर जिल्लाबाट आई तेह्रथुम जिल्लाको खत्री गाउँ हाल पिप्ले गा.वि.स. आइ बसोवास गर्नु भएकोले मेरो जन्म त्यहीं भएको हो । तर म २०३० सालदेखि हालसम्म धरान मै बस्तै आई रहेको छु ।

यहाँले प्राप्त गर्नुभएको शिक्षादीक्षाबारे बताइ दिनु हुन्छ कि ?

मैले २०१६ सालमा तेह्रथुमको सिंहवाहिनी मा.वि. बाट एस.एल. सी. परीक्षा उत्तीर्ण गरेको हुँ । आइ.एस्सी अमृत साइन्स क्याम्पसबाट, बि. एस्सी त्रि-चन्द्रबाट र एम.एस्सी त्रि.वि. बाट (सन् १९७० मा) प्रथम भए बापत गोल्ड मेडल पाएको हुँ पछि सन् १९८१ मा बेलायतको रेडिङ विश्वविद्यालयबाट एम.एस्सी खाद्य प्रविधि गरेको हुँ ।

तपाई लामो समयसम्म प्राध्यापन कार्यमा संलग्न रहनु भयो, के तपाई आफ्नो पेशामा सन्तुष्ट हुनुहुन्छ ?

म सन् १९७१ देखि प्राध्यापन पेशामा लाग्दै आएको छु । शुरुको१ वर्ष विराटनगरमा १ वर्ष त्रि-चन्द्र क्याम्पस, पछि २०३० सालदेखि केन्द्रीय प्रविधि क्याम्पस धरानमा हालसम्म अनवरत रूपमा कार्यरत छु । मैले पटक/पटक क्याम्पस प्रमुख तथा सहायक डीन भई लामो समयसम्म त्यो क्याम्पसमा रहेर खाद्य प्रविधि विषयको वि. टेक तथा एम.टेक. खाद्य प्रविधिको समेत अध्यापनको स्थापना र उन्नतिको निम्ति अनवरत सेवा गरेको हुँदा र त्यहाँका विद्यार्थीहरूबाट हाल देशमा रहेका सम्पूर्ण खाद्य उद्योगहरू संचालित भएका हुँदा म सन्तुष्ट रहेको छु ।

तपाईले जीवनमा प्राप्त गर्नु भएको सफलता/असफलता बारे केही भनि दिनुहुन्छ कि ?

तेह्रथुमको एउटा गाउँमा जन्मिएको किसानको छोरा प्राध्यापक हुन पाउनु ठूलो उपलब्धि ठान्दछु र सफलता ठान्दछु । मैले यो भन्दा

> विज्ञान र प्रविधिको विकासले सम्पूर्ण जीवित प्राणीहरुको विकास तथा सुविधा प्रदान गरेको छ । भौतिक सुविधा सम्पूर्ण जीवको आवश्यकता हो त्यो समय अनुसारको माग र आवश्यकता पूर्ति गर्न विज्ञान र प्रविधिको विकास नभइ हुँदै हुँदैन । भौतिकवादले मानव जातिको विनाश कहिल्यै गर्दैन । तर विनाश कार्य गर्ने त विवेकहीन मानवहरु नै हुने गर्दछन् । विज्ञान तथा प्रविधिलाई मानव हित र मानवताको विकासमा लगाउनु पर्दछ । के धर्मको नाममा संसारमा लडाई भएका छैनन् र ? के अध्यात्मवादले मानिसलाई अन्धो बनाएको छैन र ? भौतिकवाद र आध्यात्मवादलाई समन्वयात्मक विकास गर्ने तरीका सम्पूर्ण मानवले जान्नु पर्दछ भन्ने मेरो विचार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अरू कुराको चासो राखेको पनि छुइन ।

✍ प्राध्यापन पेशाबाहेक अरू के के गर्नु हुन्छ ?

मेरो सामाजिक सेवामा धेरै ठूलो इच्छा रहेको छ । म १५ भन्दा बढी संस्थाहरूको आजीवन सदस्य र संस्थापक सदस्य रहेको छु । मैले तेह्रथुमको पिप्ले गा.वि.स.मा हिमालय नि.मा.वि. विद्यालयलाई जग्गा दान दिएर विद्यालय बनाई दिएको छु । धरान १६ स्थित नेपाल समाज कल्याण समिति पूर्वाञ्चल वहिरा विद्यालयको संस्थापक अध्यक्ष तथा हालसम्म अध्यक्ष रही जग्गा तथा भवन समेतको (करीब ५०/५५लाख मूल्य बराबर) व्यवस्था गरेको छु र बहिरा विद्यार्थीहरूलाई निशुल्क अध्ययन गर्ने अवसर दिएको छु । नेपाल खाद्य वैज्ञानिक तथा प्राविधिक संघको संस्थापक अध्यक्ष र पुनः अध्यक्षभई NEFOSTA GOLD NEDAL को व्यवस्था गरेको छु NAAST College धरानको संस्थापक अध्यक्ष छु । अझ यस्तै यस्तै ।

✍ समाज सेवामा लागेर के पाउनु भयो ?

समाज सेवाको नाममा थोरै काम गरेर धेरै लाभ प्रशासनको नजीक पुगेर लिनेहरू नेपालमा धेरै देखेको छु तर मैले अन्य लाभको आशा गरिन । मैले पाएको लाभ भनेको आत्म सन्तुष्टि नै हो र अर्को थप काम गर्ने मनोबल पाएको छु ।

✍ तपाईले लामो समयसम्म प्राध्यापन र समाज सेवा पनि गर्नुभयो, केही पदक/पुरस्कार पनि पाउनु भएको छ कि ?

पटक/पटक स्वर्गवासी राजा वीरेन्द्र सरकारको वाहुलीबाट निम्न पदकहरू पाएको छु–

- सन् १९७१ मा महेन्द्र विद्याभूषण
- सन् १९८२ मा सेवा पदक
- सन् १९८४ मा शिक्षा दिवस पदक
- सन् १९८८ मा महेन्द्र रत्नभूषण
- सन् १९८९ मा दैवी प्रकोप उद्धार सेवा पदक
- सन् १९९८ मा दीर्घ सेवा पदक (त्रि.वि.का उपकुलपतिबाट)
- सन् २००१ मा पुनः दीर्घ सेवा पदक (त्रि.वि.का उपकुलपतिबाट)

✍ नेपालको राजनैतिक आन्दोलनमा शिक्षकको अहं भूमिका रह्यो भनिन्छ, के तपाई पनि सकृय रहनु भयो ?

मैले कुनै राजनैतिक भातृ संगठनको सकृय सदस्य भई काम गरिन तर कुन शिक्षित व्यक्ति प्रजातन्त्र र विकासमा सकृय रहँदैन र ? म शिक्षकहरूको स्वतन्त्र बौद्धिक व्यक्तित्वको विकास हुनुपर्दछ । शिक्षालाई राजनैतिक वाद र विवादको घेरा भित्र राख्न हुँदैन र स्वच्छ शैक्षिक वातावरण शिक्षण संस्थामा रहनु पर्दछ भन्ने मान्यता राख्दछु । तर प्रजातन्त्र र त्यस्को उन्नतिमा सदैव विविध कार्यक्रममा सकृय रहँदै आएको छु ।

✍ प्रतिष्ठानका गतिविधिहरूप्रति यहाँ सन्तुष्ट हुनुहुन्छ ? केही सुझावहरू दिनुहुन्छ कि ?

भर्खरै शुरु भएको र आर्थिक संकट झेल्न पर्ने प्रतिष्ठानले जे जति काम गरेको छ राम्रै गरेको छ । अझ गर्न पर्ने थुप्रै कुराहरू छन् । हालसम्म भएको कार्यमा म सन्तुष्ट छु । अझ उन्नति गर्न अघि बढ्न पर्दछ ।

✍ तपाईं यस-प्रतिष्ठानका सम्मानित सल्लाहकार सदस्य हुनुहुन्छ, प्रतिष्ठानका उद्देश्यहरू हासिल गर्न के कस्ता तात्कालीन र दीर्घकालीन कार्य योजनाहरू ल्याउनु पर्ला ?

सबै जात वर्गका व्यक्तित्वहरूसँग समन्वयात्मक कार्य गर्दै जानु पर्दछ । चौलागाईं बन्धुहरू भित्रका वरिष्ठ व्यक्तिहरू (उमेरले, सेवाले, अध्ययनले, पेशाले) लाई परिचित गराउने हौसला प्रदान गर्ने कार्य गर्नुपर्दछ । साथै नयाँ नवयुवकहरूलाई उत्कृष्ट कार्यक्षमता वृद्धि गर्ने कार्यमा सघाउ वा उत्साहित गर्नु पर्दछ । अनुसन्धानकार्यलाई अघि बढाउनु पर्दछ । संस्थालाई बलियो बनाउन अर्थोपार्जनको व्यवस्था गर्नुपर्दछ जस्तो लाग्दछ ।

✍ तपाई बिज्ञान र प्रविधिको क्षेत्रका विशेषज्ञ र प्राध्यापक समेत हुनुहुन्छ । भौतिकवादले मानव जातिकै विनाश निम्त्याइ रहेको छ भन्ने आरोपको सन्दर्भमा यसको खण्डन कसरी गर्नुहुन्छ ?

विज्ञान र प्रविधिको विकासले सम्पूर्ण जीवित प्राणीहरूको विकास तथा सुविधा प्रदान गरेको छ । भौतिक सुविधा सम्पूर्ण जीवको आवश्यकता हो त्यो समय अनुसारको माग र आवश्यकता पूर्ति गर्न विज्ञान र प्रविधिको विकास नभइ हुँदै हुँदैन । भौतिकवादले मानव जातिको विनाश कहिले गर्दैन । तर विनाश कार्य गर्ने त विवेकहीन मानवहरू नै हुने गर्दछन् । विज्ञान तथा प्रविधिलाई मानव हित र मानवताको विकासमा लगाउनु पर्दछ । के धर्मको नाममा संसारमा लडाई भएका छैनन् र ? के अध्यात्मवादले मानिसलाई अन्धो बनाएको छैन र ? भौतिकवाद र अध्यात्मवादलाई समन्वयात्मक विकास गर्ने तरीका सम्पूर्ण मानवले जान्नु पर्दछ भन्ने मेरो विचार छ ।

✍ अन्त्यमा यस स्मारिका मार्फत पाठकहरू समक्ष केही भन्नु छ कि ?

नेपाल एक अति सुन्दर सानो पिछडिएको देश हो । प्रकृतिले हामीलाई धेरै कुराहरू दिएको छ – सुन्दर हिमाल, हरिया पहाड, नदी नाला र ताल उब्जाउ भूमि, तराइ तर हामी नेपाली र खासगरी हाम्रा नेताहरूले देश र जनतालाई सही मार्ग निर्देश दिएनन् । देश विकास भएन, जनता गरीबै रहे । देश विकासको सही दिशाबोध र ठाउँ अनुसारको पहिचान गरी सोही अनुसारको प्रविधिको विकासबाट मात्र देश विकास हुन सक्तछ । रोजगारमूलक व्यवसायिक शिक्षा र रोजगारको व्यवस्था हुन पर्‍यो । जनतालाई सही बाटो देखाउन पर्‍यो र डोर्‍याउन पर्‍यो सरकारले । हामी सम्पूर्ण नेपाली एक भई शान्तिको कामना गर्दै देश विकास गरौं । मेरो भन्नु यति नै हो ।

●●●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्वाद

कसैले साम्प्रदायिक भन्ने जमर्को गर्छ भने भ्रम हो

होमनाथ चौलागाई

(श्री होमनाथ चौलागाईंलाई प्रतिष्ठानका सन्दर्भमा चिनाइरहनु पर्ने नाम होइन । उहाँ प्रतिष्ठानको हितको निम्ति निरन्तर खटिरहनु भएको पाइन्छ । मृदुभाषी र मिलनसार स्वभावका धनी श्री चौलागाई संस्थाको सल्लाहकार सदस्य समेत हुनुहुन्छ । – सम्पादक)

- **तपाईको परिचय**

मेरो नाम होमनाथ शर्मा चौलागाईं हो । म यस चौलागाईं प्रतिष्ठान (चौलागाईं वंशावली केन्द्रीय तयारी समिति) को परिकल्पना सुरु अवस्थादेखि संलग्न रहँदै आएको छु ।

- **तपाईको जन्मस्थान, बासस्थानसम्बन्धी जानकारी पाउँ न ।**

मेरो जन्म सिन्धुपाल्चोक जिल्लाको भोटेचौर गा.वि.स. वडा नं. १ खाल्डे गाउँमा भएको हो । हाम्रा पुर्खाहरू पश्चिम नेपालको जुम्लाबाट पूर्वको काभ्रे जिल्ला स्थित चौरीखर्क भन्ने ठाउँ हुँदै सिन्धुपाल्चोकको भोटेचौरसम्म आएर बसोबास गरेको भन्ने कुरा पूर्वजहरूबाट सुनिदै आएको हो । सबै कुरा त यस चौलागाईं प्रतिष्ठानको खोजद्वारा भविष्यमा तयार गर्ने वंशावली खोजपत्रहरूबाट मात्र सामुन्ने आउने छन् । हाल म काठमाडौंको बाँसबारीमा बसोबास गर्दै आएको छु ।

- **तपाईंको शैक्षिक योग्यता र कार्यक्षेत्र सम्बन्धी विवरण ?**

मैले २०३३ सालमा त्रिभुवन विश्वविद्यालयबाट वाणिज्य शास्त्रमा स्नातक उत्तीर्ण गरी वाणिज्य शास्त्र मै स्नातकोत्तरको सम्पूर्ण लिखित विषयको परीक्षा उत्तीर्ण गरेको छु । ग्रामीण छापाचित्र (Village Profile) तयार गरी पेश गर्न बाँकी नै रहेकोले उपाधिको प्रमाणपत्र भने प्राप्त गर्न बाँकी नै छ । कामको अनुभवको हकमा २०३१ सालदेखि साझा यातायातको सानो (दुई) तहको नोकरीमा प्रवेश गरी २०३४ सालदेखि अधिकृत स्तर र क्रमशः हुँदै २०५० सालमा अधिकृत प्रथम श्रेणी तह १० को पदमा र २०५४ सालदेखि सोही संस्थाको नायब कार्यकारी निर्देशक पदको जिम्मेवारी समाल्दै आएको छु । त्यसको अतिरिक्त २०४५ साल देखि सहकारी क्षेत्र खास गरी बचत तथा ऋण सहकारीसम्बन्धी काममा संलग्न रहेर काम गर्दै आएको छु ।

- **हाल के गर्दै हुनुहुन्छ ?**

हाल मैले नोकरी गरेको संस्था साझा यातायात पुनः संचालनको प्रकृयाको अवस्थामा रहेकोले सोको प्रतीक्षामा छु । जीविकोपार्जनको अन्य बाटोमा लाग्न सकिरहेको अवस्था छैन । तथापि आंशिक रोजगारीकोरूपमा संस्थाहरूको लेखा परीक्षण एवं लेखा व्यवसायसम्बन्धी सरसल्लाह तालीम आदि कामहरू गर्दै आएको छु । त्यसको अतिरिक्त सहकारी सम्बन्धी कार्यक्रमहरूमा सहभागी हुने र यस चौलागाईं प्रतिष्ठानका कृयाकलापमा संलग्न हुँदै आएको छु ।

- **तपाईंको यस प्रतिष्ठानको स्थापना कार्यमा उल्लेखनीय योगदान रहेको पाइयो । यसमा कसरी प्रेरित हुनुभयो ?**

आफ्नो जन्मस्थान, आफ्नो वंश र आफ्नो पुर्खौली संस्कृति, परम्परासम्बन्धी जानकारी राख्ने इच्छा सबैमा हुने स्वभाविक गुण भए जस्तै मलाई पनि सानै उमेरदेखि यस विषयमा बढी चासो लागिरहन्थ्यो । जो कोही र जहाँ कहीं पनि चौलागाईं पहिलो पटक भेट हुँदा यस विषयमा सोधी खोजी चर्चा गर्ने गरिन्थ्यो । छरिएर रहेको आफ्नो वंश र मौलिक संस्कृति एवं वंश परम्पराको बारेमा एउटा संस्था खोलेर लिपिबद्ध गर्नुपर्दछ भन्ने लाग्दै आएको थियो । २०५० सालको उदयावस्थाको कुरा हो । हालका माननीय श्रम तथा यातायात व्यवस्था र जनसंख्या तथा वातावरण मन्त्री एवं तत्कालीन प्रतिनिधि सभाका सांसद श्री कमलप्रसाद चौलागाईंलाई सम्बोधन गरेर, झापा निवासी स्व. धर्मानन्द चौलागाईंले उहाँकै संसदीय कार्यालयको ठेगानामा चौलागाईं बन्धुहरूको वंशावली खोज एवं तयारीको काम गर्न पहल गर्न अनुरोध गर्दै पत्र लेख्नु भएको रहेछ । कमलजीले त्यस पत्रकै सिलसिलामा तत्काल काठमाडौंमा बसोबास गर्दै आएका हामी चौलागाईंहरूलाई काठमाडौंको तीनकुनेमा भेला गराएर यसबारे विचार विमर्श गर्नु भएको थियो । त्यसै भेलाको लगत्तै पछि झापाको कन्काईको माईस्थानमा हुन गइरहेको बन्धु भेलामा यता (काठमाडौं तर्फ) बाट भाग लिन जाने बन्धुहरू पनि तयार हुनु भयो । त्यस अवसरले त्यहाँ उपस्थित बन्धुहरूको सामीप्य र हौसलाले मलाई यस तर्फ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थप कदम चाल्न अझ बढी प्रेरित गऱ्यो । यसरी नै यस प्रतिष्ठानको स्थापनाको निमित्त लागि परियो ।

- **यस चौलागाईं प्रतिष्ठानले हालसम्म के कति उपलब्धि हासिल गर्न सफल भएको छ ?**

कुनै खास विषयको खोजी गर्ने संस्कृति, परम्पराको जगेर्ना गर्ने र स्वयंसेवी सेवा गर्ने काम कुनै निश्चित अवधिमा अंकगणितीय हिसाबले आफ्नो आकार देखाउन सक्षम भै हाल्ने विषय नभएकोले अपेक्षित रूपमा धेरै उपलब्धि हासिल गर्न सकेको जस्तो नदेखिएला तर मेरा अनुभवमा आजका दिनसम्म आइपुग्दा यो प्रतिष्ठान निश्चित रूपमा केही उल्लेखनीय काम गर्न सफल भएको छ भन्ने मलाई लागेको छ । ती के हुन् त भने नेपाल अधिराज्य र नेपाल बाहिर समेत रहेका भारद्वाज गोत्रीय चौलागाईंहरूको विवरण संकलन एवं सम्पर्क बिस्तार र उनीहरूको स्थान पशिवेशअनुसारको रीतिरिवाज पेशा धर्म संस्कृति र वंशावलीको संकलनको सुरुवात, नेपाल अधिराज्यभित्र रहेको विविध जाति, धर्म, संस्कृतिमध्ये भारद्वाज गोत्रीय चौलागाईंहरूको परिवेशबाट समेटिन सक्ने सांस्कृतिक सम्पदाको खोजीको थालनीको रूपमा एउटा संस्था खडा भै संस्थागत फड्को मार्न सुरु गरिसकेको छ । यी कामहरूमा पछिल्ला दिनहरूमा व्यवस्थित रूपमा सस्थागत पाइलाहरू कृयाशील हुन थालेका छन् । यी कुराहरूलाई मैले राम्रो उपलब्धिको रूपमा हेरेको छु ।

- **यस प्रतिष्ठानलाई यदाकदा साम्प्रदायिक भएको आरोप पनि लाग्ने गरेको सुनिन्छ, यसमा यहाँको जवाफ के रहेको छ ?**

यस देशमा सुरुदेखि नै विविध जात-जाति, भेष-भूषा र संस्कृति एवं परम्परा रहदै आएको छ । यी सबै मिलेर समग्रमा एउटा वृहत नेपाली संस्कृतिको निर्माण भएको छ । यिनै विविधता भित्र रमाएर रहेको भारद्वाज गोत्रीय चौलागाईंहरूको आफ्नो वंश परम्परागत संस्कृति पनि छ । त्यसको खोजी गरी पहिचानका साथ क्रमवद्ध तरीकाले यथार्थमा उतार्दा सिंगो राष्ट्रिय संस्कृतिको एउटा अंश तयार हुन्छ । त्यसैलाई वृहत राष्ट्रिय परिवेशमा मिलाएर हेर्दा सिंगो राष्ट्रिय संस्कृति परम्परामा एउटा इट थप हुन जान्छ । त्यसरी नै अन्य जात जाति, थर वंशका संस्कृति परम्परा वंशहरू पनि आ-आफ्नो ठाउँबाट फल्ने फुल्ने यसै गरी एउटा इट थप्ने काम भै रहेको हामी पाउदछौं । त्यसकारण यस किसिमका कार्यलाई कसैले साम्प्रदायिक भन्ने जमर्को गर्दछ भने त्यो केवल भ्रम मात्र हो र त्यो भन्न इच्छा गर्नु भन्दा पहिले संस्थाको उद्देश्य र कृयाकलाप अध्ययन गर्नु उचित हुने छ भन्ने मलाई लाग्दछ ।

- **यस प्रतिष्ठानको कामको सिलसिलामा कुनै अविस्मरणीय घटना छन् कि ?**

यसमा त्यस्तो विशेष घटनाको उल्लेख गर्नुभन्दा पनि यस प्रतिष्ठानको संस्थागत गर्ने निर्णयलाई लिनु सार्थक हुन्छ भन्ने मलाई लागेको छ ।

- **यस प्रतिष्ठानका भावी योजनाहरू के-कस्ता छन् ?**

प्रतिष्ठानको विधानले निर्दिष्ट गरे अनुसार कार्य समितिले भावी योजनाहरू तयार गर्दै कार्यान्वयन गर्ने भएकोले ती सबै कुरा योजनाको रूपमा यहाँ अहिले नै प्रस्तुत गर्न सकिने अवस्था छैन र त्यो कुरा सान्दर्भिक र औपचारिक पनि ठहर्दैन । तथापि केही कुराहरू यसको स्थापना र उद्देश्यले नै निर्दिष्ट गरी सकेको आधारमा स्पष्ट भइसकेका छन् । सोही आधारमा यहाँ उल्लेख गर्न उचित ठान्दछु । यस प्रतिष्ठानको मुख्य उद्देश्य र भावी योजना भनेको नेपाल अधिराज्यभर र मुलुक बाहिर पनि छरिएर रहेका भारद्वाज गोत्र भएका चौलागाईं बन्धुको विषयमा विस्तृत खोज पहिचान, अध्ययन, अनुसन्धान, अभिलेखकासाथै तिनीहरूको वंशावली तयार गर्नु र साथै यस्तै अन्य जात जातिको वंश संस्कृति र परम्पराको खोजमा सहयोग गर्नु हो । यस्तै आफ्नो मौलिक संस्कृतिलाई जगेर्ना गर्दै व्यापक अध्ययन अनुसन्धानका कार्य गर्दै राष्ट्रिय संस्कृतिको अध्ययन अनुसन्धान र खोजलाई निरन्तरता दिंदै राष्ट्रिय संस्कृति परम्परालाई फराकिलो पार्दै सौहार्दता एवं बुझाइमा सहजता बनाई राख्ने काम गर्दै जाने हो । यिनै उद्देश्य अनुरूपका योजना अन्तर्गत विविध कार्यक्रम हुने हुन् भन्ने मलाई लाग्दछ ।

- **यस स्मारिका मार्फत केही भन्नु छ कि ?**

आ-आफ्नो ठाउँबाट राष्ट्रिय सांस्कृतिक सम्पदालाई जगेर्ना गर्ने र सिंगो राष्ट्रिय संस्कृति परम्परालाई नै मजबूत बनाउने काममा सबैले लाग्नु पर्दछ र यो देश आफ्नो संस्कृति परम्पराले सम्बद्ध छ र अनेकताकाबीच व्यापक एकता छ भन्ने तर्फ हामीले लाग्नुपर्दछ भन्ने मेरो विश्वास रही आएको छ ।

- **अन्य थप कुराका विषयहरू ?**

सबै कुरा माथि नै समेटिइ सकें जस्तो लाग्दछ । तर पनि यो प्रश्नले ठाउँ लिएको हुनाले म यही कुरा राख्न चाहन्छु कि हामी आपसी इर्श्या द्वेश र वैमनस्यताबाट माथि उठेर आपसी मेल मिलाप र प्रगतितर्फ लागौं, यो नै सर्वाधिक कल्याणकारी बाटो हो । यसको निमित्त सामाजिक एकता नै अपरिहार्य हो भन्ने मलाई लाग्दछ । अन्तमा मलाई यस स्मारिका मार्फत मेरा केही विचारहरू राख्ने मौका प्रदान गर्नु भएकोमा हृदय देखिनै आभार प्रकट गर्दछु ।

धन्यवाद

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्वाद

"काम गर्दै जाऊँ फल त पाइहालिन्छ नि !" - चेतनाथ चौलागाई

(चौलागाईं प्रतिष्ठानका उपाध्यक्ष श्री चेतनाथ चौलागाईं, चौलागाईं प्रतिष्ठानको सन्दर्भमा परिचय गराइरहनु पर्ने नाम होइन । उहाँलाई प्रायः सबैले केशव भनेर चिन्ने गर्दछन् । उहाँले संस्थाको स्थापना कालदेखि नै संस्थाको विविध गतिविधिहरूमा सक्रय भूमिका निर्वाह गर्दै आउनु भएको छ । सरल र गंभीर स्वभाव, मृदुभाषी तथा जिम्मेवारीका काममा दत्तचित्त हुने बानी उहाँ साझा विशेषता हुन् ॥ प्रस्तुत छ– उहाँसँग प्रतिष्ठानका गतिविधिहरू साथ अन्य विविध विषयमा केन्द्रित रहेर गरिएको कुराकानीको सारसंक्षेप — संपादक)

उपाध्यक्षज्यू प्रतिष्ठानका गतिविधिका बारेमा केही बताइदिनु हुन्छ कि ?

२०५६ सालमा संस्थाको स्थापना भए पछि स्वभाविक रूपमा कठिन चुनौतीका बावजूत पनि केही कामहरू भएक छन् । वनभोज कार्यक्रमहरू गरेका छौं, रक्तदान कार्यक्रम भएका छन्, देउसी भैलो कार्यक्रमहरू, स्मारिका प्रकाशन, झापा, मोरङ, सुनसरी, सर्लाही, मकवानपुर, वारा, रौतहट, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक (रविओपी), भक्तपुर आदि जिल्लाहरूमका चौलागाईं बन्धुहरूको बस्तीमा हामी पुग्यौं, भेला, भेटघाट, वंशावली संकलन आदि गर्‍यौं । त्यसैगरी २ वटा साधारण सभा पनि सम्पन्न भएका छन् । त्यसका अतिरिक्त सम्मान, अभिनन्दन र पुरस्कार आदि प्रदान गरिने कार्यक्रमहरू भएका छन् । यसरी समष्टिमा भन्नु पर्दा संस्थाको उद्देश्य अनुरूप चौलागाईं बन्धुहरूको बीचमा परिचय आदान–प्रदान हुनुका साथै सुमधुर सम्बन्ध विकास गराउने काममा व्यवसायिक वा बसाइसराइका कारणले देशका विभिन्न ठाउँमा रहे/बसेका बन्धुहरूलाई एकै ठाउँमा जुटाउने सवालमा महत्त्वपूर्ण उपलव्धि हासिल भए जस्तो मलाई लाग्छ ।

अन्तर्वार्ताको क्रममा उपाध्यक्ष श्री चेतनाथ चौलागाईं

पहिलो साधारण सभादेखि नै निर्विरोध रूपमा उपाध्यक्षमा निर्वाचित हुँदै आउनु भएको छ । यहाँलाई कस्तो अनुभव भइरहेको छ ?

बन्धुहरूले विश्वास गरेर मलाई जुन गहन दायित्व सुम्पिनु भयो, त्यसप्रति म आभारी छु । मैले पनि आफ्नो क्षमताले भ्याएसम्म आफ्नो उत्तरदायित्व पूरा गर्ने प्रयास गरिरहेको छु जस्तो लाग्छ ।

तपाईले यस प्रतिष्ठानलाई के कसरी सहयोग पुऱ्याइरहनु भएको छ ?

प्रथमतः म स्वयं प्रतिष्ठानको पदाधिकारी भएको हुँदा एउटा पदाधिकारीले जुन ढंगले संस्थामा काम गर्नुपर्ने हुन्छ, त्यो गरिरहेको छु । अर्को कुरा, मेरो क्षमताअनुसारको आर्थिक सहयोग गरिरहेको छु र आगामी दिनमा पनि गर्नेछु । मैले करिव २ वर्षसम्म एउटा कोठा कार्यालयको निम्ति निशुल्क उपलव्ध गराएँ । तर मलाई के लाग्छ भने मैले उल्लेखनीय सहयोग भने गर्न सकेको छैन ।

वंशावलीकै कुरा गर्दा तपाईको जन्मथलो र पुर्खा बारे केही वताइदिनु हुन्छ कि ?

म २०१३ सालमा काभ्रेको धुसेनी शिवालय भन्ने गा.वि.स.मा जन्मेको हुँ । पहिले पुर्खाहरू काभ्रे, कात्तिके देउरालीबाट भक्तपुरको दधिकोटमा गएका रहेछन् । कालान्तरमा मेरा हजुरबुबा ज्योतिलाल (कर्णेल तारानाथका भाइ) दधिकोटबाट आफ्नो मावली गाउँ धुसेनी शिवालयमा बसाइँ सरी जानु भएछ । यसरी हामी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धुसेनी शिवालयका बासिन्दा भयौं ।

मेरा पिता बलभद्र (भवनाथ) त्यहीं जन्मनु भयो । दुर्भाग्यवश उहाँ २०३० सालदेखि बेपत्ता हुनुभयो ।

तपाईं हाल सपरिवार काठमाडौंमा बसिरहनु भएको छ । यहाँ आउनुको पृष्ठभूमि प्रकाश पारिदिनु हुन्थ्यो कि ?

मैंले धुसेनी शिवालयमा प्राथमिक शिक्षा हासिल गरें । बाल्यकाल मैंले त्यहीं बिताएको हुँ । म ९ वर्षको हुँदा बुबाले भिन्न (अलग) राखिदिनुभयो । बाल्यकाल मैले हजुरआमाको काखमा बिताएँ । मलाई घरको परिवेशले दिक्क लागेको थियो र कताकता काठमाडौं हेर्ने कौतुहलता पनि थियो । यही स्थितिमा २०२७ सालमा मलाई काठमाडौं आउन मन लाग्यो । आमाले दश रूपैयाको नोट मेरो हातमा हाल्दै भन्नु भयो– " तँ काठमाडौं जा, त्यहीं जागिर खानु ।" तब म काठमाडौं आएँ । यहाँ आएर म लालदरवार स्थित स्व. ऋषिकेश शाहको घरमा बसें । ६ महिना जति त्यहाँ बसें हुँला । त्यही बेला असन, अन्नपूर्णस्थानमा गाउँका एकजना दाइ, शिव गौतमको पसल थियो । चामलको दुकान थियो । उनको व्यापारमा मैंले सहयोग गर्न थालें । मैंले त्यहाँ ३ वर्षजति काम गरें । त्यसपछि सुब्बाको आलुको दुकानमा नाइके भइ काम गरें । १ वर्षजति त्यहाँ काम गरेपछि आफैंले आलुको कारोवार शुरु गरें । आर्मीमा सप्लाइको काम पनि पाएँ । जुद्ध वारूणयन्त्रमा रासन सप्लाइ गर्ने काम गरें । २०३४ सालमा पाटन क्याम्पसमा क्यान्टिन सञ्चालनको काम गरें । यसरी काम गर्दा गर्दै २०४३ देखि घरजग्गाको कारोवार शुरु गरें । यसरी मैंले काठमाडौंमा घर जग्गा जोडें । २०३३ सालमा पाँचखालमा आफ्नै कमाइले जग्गा जोडेको हुँ । बाबु बाजेको अंश त मैंले अहिलेसम्म लिएको छैन ।

तपाई १० रूपैया लिएर काठमाडौं आएको मान्छे, अहिलेसम्म के कति कमाउनु भयो ?

पाँचखालमा २७–२८ रोपनी जग्गा र घर, काठमाडौं बुद्धनगरमा ६ आना जग्गामा बनेको ४ तले घर, भक्तपुरमा करीब २५ रोपनी जग्गा, नगरकोट स्थित होटल चौतारीको २० प्रतिशत शेयर आदि जोडेको छु ।

तपाईंले जे जति कमाउनु भएको छ, त्यसमा सन्तुष्ट हुनुहुन्छ ?

म सन्तुष्ट नै छु । तर अब केही चाहिँदैन भनेर हात बाँधेर बस्ने कुरा त आएन नि । काम गर्न छाड्नु हुँदैन । काम गर्दै जाऊँ, फल त पाइहालिन्छ नि !

आफ्नो परिवारको बारेमा केही बताइदिनुहोस न ?

मेरो घरमा (मेरो जीवनमा समेत) आमा र बुबा दुबैको भूमिका पूर्णतः निभाउने अभिभार बहन गरेकी र त्यो अभिभार सफलता पूर्वक पूर्णतः निभाएकी घरको मियो स्वरूप एक प्रातःस्मरणीय आमा हुनुहुन्छ । एक श्रीमती, एक छोरी र दुई छोरा छन् । मेरो उन्नतिमा आमाको देन अद्वितीय नै छ । म आज जे छु त्यो उहाँको सल्लाह, सुझाव, आशिर्वाद र निर्देशन कै देन हो । त्यस्तै भनिन्छ, हरेक लोग्ने मान्छेको सफलतामा नारीको महत्त्वपूर्ण भूमिका रहन्छ । मेरो सफलतामा मेरी श्रीमतीको पनि महत्त्वपूर्ण भूमिका छ । उनले सहयोग नगरेको भए म शायद यो अवस्थामा आइपुग्दिनथें हुँला । उनको अर्धांगिनीको भूमिका सह्राहनीय छ ।

अन्त्यमा स्मारिका मार्फत केही भन्नु छ कि ?

हामी सबै मिलेर प्रतिष्ठानको उद्देश्य पूरा गर्ने कार्यमा लागि परौं । सबैको प्रयासले एकदिन हामी अवश्य सफल हुनेछौं । स्मारिका प्रकाशनको जिम्मेवारी लिनुहुने बन्धुहरूले जुन मेहनत गर्नु भएको छ त्यो अनुकरणीय छ । तर हाम्रो वंशमा प्राज्ञिक व्यक्तित्वको जागरण पूर्णरूपमा भएजस्तो मलाई लाग्दैन ।

वंशोत्थान अध्ययन, अवलोकन, खोज र अनुसन्धान विना कदापि पूर्ण हुनै सक्दैन । यसमा प्राज्ञिक व्यक्तिहरूले आफूलाई पूर्ण समर्पण गर्नु आजको खाँचो हो भन्ने कुरा मैले महसूस गरेको छु । मलाई आफ्ना कुराहरू राख्ने मौका दिनु भएकोमा तपाईंहरूलाई धन्यवाद ।

यहाँलाई पनि धन्यवाद छ । हामीलाई समय दिनु भयो, हाम्रा जिज्ञासाको समाधान गरिदिनु भयो । धन्यवाद ।

●●●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्वाद

परिश्रमले असम्भवलाई पनि सम्भव बनाउँछ

– डा. चक्रपाणी चौलागाईं

(चौलागाईं परिवारका युवा डाक्टर चक्रपाणी चौलागाईं प्रतिष्ठानका आजीवन सदस्य हुनुहुन्छ । मृदुभाषी, हसिला र मिलनसार स्वभावका चक्रपाणीले २०५८ सालको एम.वि.वि.एस. परीक्षामा सर्वोत्कृष्ट स्थान हासिल गरी चिकित्सा शास्त्र अध्ययन संस्थान, डीनको कार्यालयबाट विभिन्न ५ वटा स्वर्ण पदक प्राप्त गर्नु भएको छ । यही सन्दर्भमा उहाँको उपलब्धिको कदर स्वरूप चौलागाईं प्रतिष्ठानद्वारा सम्मानित हुन लागिनु भएका डा. चक्रपाणीसँग गरिएको छोटो कुराकानीका अंशहरू – सम्पादक)

☞ तपाईंको परिचय पाउँन ।

– मेरो नाम चक्रपाणि चौलागाई, जन्मस्थान खोटाङ्ग, स्थायी ठेगाना इटहरी–५, सुनसरी, शैक्षिक योग्यता चाहिँ चिकित्साशास्त्रमा स्वर्णपदकसहित स्नातक हाल म शहीद गंगालाल राष्ट्रिय हृदयकेन्द्रमा रेजिडेन्ट डाक्टरको रूपमा कार्यरत छु ।

☞ तपाईंले भर्खरै गोल्डमेडल पाउनुभएको भन्ने थाहा भयो, के को निम्ति के कति मेडल पाउनुभयो ?

– मैले त्रिभुवन विश्वविद्यालय, चिकित्साशास्त अध्ययन संस्थान, त्रि.वि.वि. शिक्षण अस्पताल, महाराजगञ्जबाट २०५८ सालमा लिइएको एम.बी.बी.एस.को अन्तिम परीक्षामा सबैभन्दा बढी अङ्क प्राप्त गरेकोले उक्त संस्थानले २०५९ साल फागुन १२ गते शिक्षा दिवसको दिन एक विशेष समारोहमा विभिन्न विषयमा पाँचवटा स्वर्णपदक प्रदान गरेको हो ।

☞ तपाईंलाई गोल्डमेडल पाउनुभए वापत प्रतिष्ठानले बधाइ तथा सम्मान गर्ने कार्यक्रम राखेको छ, तपाईंलाई कस्तो लाग्छ ?

– हाम्रो प्रतिष्ठानको यस्तो कार्यक्रमलाई मैले सकारात्मक रूपमा लिएको छु । यस्तो कार्यक्रमले मलाई मात्र नभएर यस प्रतिष्ठानमा आबद्ध सम्पूर्ण सृजनशील पुस्तालाई नै हौसला प्रदान गर्नेछ भन्ने मेरो धारणा छ ।

☞ तपाईंको जीवनको लक्ष्य के थियो ? त्यो पूरा भयो कि भएन ?

– निमावि स्कूलमा हुँदा नेता बन्ने, माबिमा हुँदा इन्जिनीयर बन्ने हुँदै कलेजमा आइपुग्दा मेरो लक्ष्य डाक्टर बन्ने भएको थियो । डाक्टर त भइयो तर एक सफल र दक्ष डाक्टर बन्ने प्रकृया अझै जारी छ । त्यसैले मेरो लक्ष्य आंशिकरूपमा मात्र पूरा भएको छ । अगाडि अझै धेरै गर्न बाँकी छ ।

☞ जीवनमा अरू के के उपलब्धीहरू हासिल गर्ने लक्ष्य छ ?

– सबै कुराले साथ दिँदै गएमा एक योग्य र दक्ष्य मुटुरोग विशेषज्ञ बन्ने मेरो उद्देश्य पूरा हुन्छ जस्तो लाग्छ । एक असल चिकित्सकको रूपमा आफ्ना पेशागत जिम्मेवारीका अलावा सामाजिक जिम्मेवारीहरू पनि पूरा गर्दै अघि बढ्ने सोचाइ छ ।

☞ तपाईंको सफलताबाट युवा पिँढीले के कस्तो शिक्षा लिनुपर्ला ?

– दृढ निश्चय र परिश्रमले असम्भवलाई पनि सम्भव बनाउँछ, त्यसैले हामी सबैले आफ्ना जिम्मेवारीहरू राम्ररी बहन गर्न सक्नुपर्छ ।

☞ तपाईंको सफलताका पछाडि के के कारणहरू रहेका छन् ?

– लगनशीलता र दृढ निश्चय ।

☞ एकजना डाक्टरको नाताले जीवन के हो जस्तो लाग्छ ?

– जीवन एक चुनौती हो, राम्ररी सामना गरे सफलता नगरे असफलता ।

☞ अहिले पनि नेपाली समाजमा रोगको कारण बोक्सी लाग्नु हो र झारफुकबाट रोग निको पार्न सकिन्छ भन्ने मान्यता छ । तपाईंको यस बारेमा भन्नु केही छ ?

– यस्तो सोचाइ हाम्रो पूर्वीय समाजको पछौटेपनाले गर्दा व्याप्त भएको हो । ठीक यस्तै प्रकारको सोचाई पश्चिमाहरूमा पनि नभएको होइन तर उनीहरूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शैक्षिक, आर्थिक, औद्योगिक र वैज्ञानिक उन्नतिसँगै यस्ता सोचाइहरू हराउँदै आएका हुन् । हामीकहाँ पनि बिस्तारै सोचाइमा परिवर्तन आउनेछ । किनकि सामाजिक विकासको सबै पाटाहरूको विकासबिना स्वास्थ्यसम्बन्धी ज्ञान, धारणा र व्यवहारमा मात्र परिवर्तन आउन असभव छ । त्यसैले हाम्रो सामाजिक स्थिति र जनताको जीवनस्तरलाई माथि नउठाएसम्म यस्ता धारणाहरूले सामाजिक मान्यता पाइरहन्छन् ।

☞ यस स्मारिकामार्फत् केही सन्देश छ ?

— काम भन्ने कुरा कहिल्यै पनि सानो र ठूलो भन्ने हुँदैन । सबैले आफ्नो जिम्मेवारी सानोभन्दा सानो कामलाई पनि बढीभन्दा बढी मेहनत गरेर अगाडि बढेमा सफलता हात लागिहाल्छ । हाम्रो प्रतिष्ठानको गरिमा उचो राख्न प्रयासरत सम्पूर्ण हातहरू र त्यस मध्येका पनि अग्रज हाम्रा आदरणीय अध्यक्षज्यू श्री सीताराम चौलागाईलाई हामी सबै चौलागाई बन्धुहरूले आफूले सकेको सहयोग गरौँ । हाम्रो भविष्य उज्यालो छ ।

•

हार्दिक शुभकामना

नव वर्ष २०६० सालको शुभ अवसरमा समस्त शेयरधनी तथा शेयर सदस्य महानुभावहरूलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौँ ।

चमेली कल्याणकारी बचत तथा ऋण सहकारी संस्था लि.

दधिकोट–२, भक्तपुर

स्थापना : २०५९

नव वर्ष २०६० सालको सुखद उपलक्ष्यमा सम्पूर्ण नेपालीहरूमा

हार्दिक मंगलमय शुभकामना

व्यक्त गर्दछौँ ।

विश्वासिलो र भरपर्दो वैदेशिक रोजगारीको लागि हामीलाई सम्झनुहोस् ।

Pioneer Overseas Servies (P) Ltd.

(Licenced by His Majesty Govt. Labour Ministory NO. 184/057-58)

Tel : 4433203, 4424964
Fax : 0099-1-4428750
P.O. Box : 21120
Nill Saraswotisthan, Gairi Dhara Kathmandu, Nepal.
E-mail : pos@mos.com.np
Web Site : www.pioneeroverseas.com

हार्दिक शुभकामना

नव वर्ष २०६० सालको सुखद उपलक्ष्यमा सम्पूर्ण नेपालीहरूमा

हार्दिक मंगलमय शुभकामना

व्यक्त गर्दछौँ ।

प्रो. केशवप्रसाद चौलागाई

Moon Cargo

Worldwide Cargo Sercice
P.O.Box : 4217,
Gairi Gaun, Kathmandu, Nepal
Phone/Fax : 4493144; Mobile :981024472
E-mail : mooncargo@wlink.com.np

विश्वासिलो र भरपर्दो कार्गो सेवाको लागि हामीलाई सम्झनुहोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्मरण

धर्मकचहरी

प्रा. जगतबहादुर चौलागाईं के.सी.

गाउँघरमा भएका साना-ठूला झैं झगडाहरू मिलाउने, अन्याय कसैलाई हुन नदिने, अन्याय कसैले कसैलाई गरिहाल्यो भने "धर्मकचहरी" मा दुवै वादी-प्रतिवादीलाई आम्ने साम्ने राखी देख्ने सुन्ने भए उनीहरूलाई समेत निष्पक्ष बयान दिन लगाई मुद्दा मामिला अड्डा अदालतमा जान नपर्ने, त्यसबाट दुःख र खर्च जोगिने साथै सामाजिक चेतना अभिवृद्धि र ज्ञान गुनका कुरा गर्ने थलोका रूपमा 'धर्म कचहरी'लाई लिइन्थ्यो त्यो समयमा । (२००६ देखि २०१४ साल सम्मको कुरा हो यो) ।

नेपालका ७५ जिल्ला मध्ये एउटा सुन्दर जिल्ला तेह्रथुम पनि हो । तराईसँग जोडिएको शहर धरानबाट चिउरीबासको उकालो हुँदै सांगुरी भञ्ज्याङ्ग त्यसपछि धारा पानीको ओरालो अनि लेउती खोलाको तीरैतीर हुँदै मुलघाटमा तमोर नदी तरेर फेरी धारा पानीको उकालो हुँदै घुमाउने चौतारामा थकाइ मारेर धनकुटा बजार पुगिन्थ्यो त्यो बेला । धनकुटाबाट बिहान झिस मिसै उठेर देब्रेवास हिले, गुराँसे, चित्रे, बसन्तपुर, बोक्रे डाँडे डाडा हुँदै काँडेको ओरालो झरी अम्कुवा खोलो तरेर रसमाने चौतारोबाट उकालो सुर्के हुँदै जिरिखीम्ति आइपुग्छ । त्यहाँबाट पाटीगाउँ हुँदै म्याङलुङ जाने बाटो छोडी देब्रेतिर साब्ला छाडी दाहिने गोरेटो लागि ५/७ मिनटमा पुगिन्छ- पिप्ले गा.वि.स.को उहिले तुङ्गनाम/खत्रीगाउँ भनिने अहिलेको वार्ड नं. ७ ।

त्यहीँ झिंगटीको छानो भएको मेरा बुबा सलबहादुर खत्री चौलागाईंले बनाएको घर छ । स्व. सल बहादुरज्यू ज्यादै धार्मिक प्रवृत्तिको हुनुहुन्थ्यो बिहान ४ बजे उठी नित्य कर्म गरी नुहाइधुवाइ गरी पूजापाठ गर्नुहुन्थ्यो दैनिक १ घण्टा र संख ध्वनी, डमरु, घण्टा बजाई पूजा सक्दा अन्य घरका सदस्यहरू छोरा, छोरी, बुहारीहरू उठ्ने समय हुन्थ्यो । हिन्दू सनातनी धर्मको कट्टर अनुयायी तथा समाजसेवी वहाँलाई गाउँ घरमा माइला मुखिया बा, माइला बुबा भन्ने चलन थियो । गोरो, अग्लो, खाइलाग्दो सफा लुगा मिलाएर लगाउने स्पष्टवक्ता, निडर, निश्चिन्त व्यक्तित्वको धनी हुनुहुन्थ्यो वहाँ । साधु, सन्त पाल्ने, पाहुनाको ठूलो सत्कार गर्ने, पुराण लगाउने, ख्वाउने, पियाउने, बाटोघाटो चौतारा विद्यालय बनाउने वहाँको ठूलो सौख थियो । जमुना, गिरी बाबा, शारदा गिरी, बालब्रम्हचारी बाबा आदि साधु सन्तहरूलाई गाउँमा कुटी बनाई सत्सङ्ग धर्मकचहरी गर्ने परम्परा बसाएको थियो त्यो गाउँमा । तेह्रथुम, संख्वा सभा, धनकुटा, पाँचथर, ताप्लेजुङ्ग, इलामसम्मका मानिसहरू समय समयमा सत्सङ्ग गर्न आउने गर्दथे ती कुटीहरूमा । गाउँमा घर नबिराइ २४ घण्टै हरि कीर्तन हुने गर्दथ्यो पालो पालो सबै जातका घर घरमा ।

स्व. सल बहादुरज्यूले एकजना विद्वान वेद वेदान्तका ज्ञाता बाल ब्रम्हचारीलाई सत्कार गर्नु भएको थियो कुटीमा । नजीकै पाठशाला थियो जहाँ सबै जातका छोरा-छोरी बुहारी समेतलाई नेपाली साउँ अक्षर र साधारण लेखपढ हिसाब सिकाइन्थ्यो । गुरु जङ्गलाल उपाध्यायद्वारा ।

स्व. सलबहादुर खत्री र बालब्रम्हचारी बाबा द्वारा 'धर्मकचहरी' को सञ्चालन भएको थियो । बेलुका कामधाम सकेर भेला हुन्थे । गाउँघरका मानिसहरू । आएका उजुरी समस्या माथि छलफल र निर्णय हुन्थ्यो । कसैले अड्डा अदालत जानु परेको थिएन त्यो बखत त्यो गाउँमा मानिसहरूलाई । त्यति मात्र नभएर राजनीति, धर्मनीति, सामाजिक मान्यता, नियमकानून, देश विदेशका घटना आदिबारेसमेत छलफल हुने गर्दथ्यो त्यहाँ । वेद गीताका बारे छलफल र मार्ग निर्देशन गर्ने गरिन्थ्यो त्यहाँ । महात्मा गान्धी, जवाहारलाल नेहरू, सुवासचन्द्र बोस आदिका प्रजातन्त्र प्रतिका कुरा र वीरगाथा वारे छलफल हुन्थ्यो । देश विदेशकाबारे जनचेतना जगाउने काम हुन्थ्यो त्यो धर्म कचहरीमा ।

यो २०१४ साल तिरको कुरा हो । म, सिंह वाहिनी मा.वि.को विद्यार्थी र सानोतिनो विद्यार्थी नेता थिएँ । नेपाल कम्युनिष्ट पार्टीका नेता पुष्पलालजी तेह्रथुम पुग्नु भएको थियो जिल्ला भ्रमणमा । म विद्यार्थीको हैसियतबाट स्वागतं गर्न गएको थिएँ । म वहाँबाट ज्यादै प्रभावित थिएँ । डा. वल्लभमणी दाहालज्यूको प्रचार प्रसार प्रशिक्षणबाट म वामपन्थी विचारद्वारा प्रभावित थिएँ । त्यो बखत ने.क.पा. एउटै थियो र त्यसको प्रचारका मुख्य बुँदाहरू थिए, बेठी, बेगार उन्मूलन, जातभात उन्मूलन, शोषणको अन्त्य, सामाजिक समानताको व्यवहार, बाल विवाहको अन्त्य र कोशी गण्डक संझौताको विरोध ।

पुष्पलालजी गोरो, हँसिलो, अग्लो हुनुहुन्थ्यो । वहाँको सरस, सरल तर जोशपूर्ण भाषण उपरोक्त मुद्दाहरूकै बारे जनतालाई जागृत गराउने र संगठन बढाउने खालको थियो । जसको प्रभाव हामी विद्यार्थीहरूलाई पर्ने नै थियो । म ती मुद्दाहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विद्यार्थी नेताको नाताले गाउँ-गाउँ, हाट बजारमा हयाण्ड माइक लिएर प्रचार, प्रसार भाषण गर्दै हिड्ने गर्न थालेको थिएँ ।

चौध साल तिरकै कुरा हो, एक दिन म्याङ्गलुङको शुक्रबारे बजार हाट लाग्ने दिन विद्यार्थीले बाल विवाह रोक्ने बेठी बेगार उन्मूलन, जातभात उन्मूलन र कोशी गण्डक सम्झौताको विरोधमा जनजागृति कार्यक्रम सञ्चालन गर्ने सिलसिलामा आमसभा राखिएको थियो । हाट लाग्ने ठाउँ तल टुंडीखेल बजारको रमिते गाउँका ठूला बडा भनाउँदाहरूले गफ गर्ने मास्तिरको भिरालोमा सानो टेवल ह्याण्ड माइक लिएर म, प्रा. अभिनारायण सुवेदीजी आदि भाषण गर्ने सिलसिलामा तयार भयौं । मेरो भाषण गर्ने पालो आयो । हयाण्ड माइक समातेर मैले बुझेअनुसार बालविवाहबाट हुने बेफाइदा बेठीबेगार उन्मूलन, जात भात बारेका नराम्रा कुरा, गरीबलाई शोषण गर्ने व्याजदर, कोशी गण्डक असमान सन्धिबारे भाषण ठोक्दै थिएँ मेरो बुबा छोराले त्यत्रो बजारमा भाषण गरेको सुन्न र बुझ्न बिस्तारै रुद्राक्षको माला हातमा घुमाउँदै हरि हरि ॐ तत्सत् भन्दै मेरो सामु उपस्थित हुनुभयो ।

बुबाले मलाई पिटेको थाहा छैन तर पनि डर खूबै लाग्ने गर्थ्यो । वहाँलाई त्यहाँ देख्नेबित्तिकै मेरो भाषणको रौनक उत्साह र उत्तेजना, जोश ठयाक्कै रोकियो । मैले भाषण अन्त्य गरें र अभिजीलाई माइक हस्तान्तरण गरें । अभिजी गीत गाउँने, ओठ फुकेर मादल बजाउने बच्चा रोएको, चरा कराएको आवाज निकाल्नुका साथै भाषण पनि राम्रो गर्नुहुन्थ्यो ।

म बुबाको डरले हाटतिर मान्छेको घुइचोमा छिरें । बुबा मेरो पछिपछि म अघिअघि । सनफ्राइजका कमेज सुरुवाल, कपडाको जुत्ता लगाएको म फुच्चेको भाषणबाट प्रभावित भएर बुबा मलाई चिया ख्वाउन चाहने म भने डरले भाग्न खोज्ने अन्तिममा बुबाले मलाई समात्नु भयो र दिनेश श्रेष्ठको चिया पसलमा लगेर खुशीले अन्य त्यहाँ भएका सबैलाई चिया पिलाउनु भयो । आठराईका वैदार बाजे राजनीति बुझ्ने वहाँ कांग्रेस हुनुहुन्थ्यो क्यारे मेरो भाषण जातभात नमान्ने इत्यादि मन परेनछ र वहाँले गालि गर्नुभयो र भन्नु भयो फुच्चे छोरो छुम्मिको कम्युनिष्ट भएछ, माइला मुखिया यसलाई ठीक गर्नुहोस् । बुबाले भन्नु भयो भरे धर्मकचहरीमा यसले सफाई दिनै पर्नेछ । धर्म कचहरीले जे ठहराउँछ, त्यही हुन्छ ।

म्याङ्गलुङको शुक्रवारे बजारबाट बुबाको कालो भोटे घोडा चढ्दै घर फिर्कियौं । बाटामा भन्नु भयो "तेरो भाषण गर्ने क्षमताबाट म खुशी छ तर के के कुरा गरिस् त्यो चाँहि भरे धर्मकचहरीमा चित्त बुझाउनेछस् ।" म अन्यमनस्क रहें । कसरी चित्त बुझाउने ?

साँझ ५.३० बजे बालब्रम्हचारी बाबाको उपस्थितिमा धर्मकचहरीको जमघट कुटीमा शुरू भयो । विषय थियो मैले भाषणमा के के बोलें त्यो ठीक कि बेठीक ?

ब्रम्हचारी बाबा र बुबा एकापट्टि वरिपरि गुन्द्री, सुकुल राडी दरी वछ्याईएको बीचमा दुईवटा लालटिनको उज्यालो । गाउँका २५/३० जना बुझ्नुकहरू टम्म बसेका छन् । ब्रम्हचारी बाबाले कुरा उप्काउनु भयो । "यो छोरा त सानै पो लाग्दै थियो आज बजारमा भाषण ठोकेछ के के अरे बोलेका कुरा ? यहाँ तर्क पेश गर्न सक्लास् ?" मैले भनें सक्छु ।

त्यसोभए बाल विवाह किन रोक्ने त ? रजस्वला भए पछि छोरीको विवाह गर्नुपर्छ भन्ने चलन छ तेरो के विचार छ ? मैले उठेर भने– बच्चामै विवाह गरिदिदा पढ्ने मौका मिल्दैन, कलिलै उमेरमा विवाह गर्दा स्वास्थ्यमा खराब असर पर्दछ । चाँडै बच्चा पाउनाले आमा र छोरा छोरीको समेत स्वास्थ्यमा असर पर्दछ इत्यादि । त्यसैले बाल विवाह रोक्नै पर्दछ ।

बेठी बेगर किन उन्मूलन गर्ने ? तेरो बुबाको त धेरै खेत छ पानी परेकै बेला भल छोपेर चाटचुट रोपेन भने खेत बाँझिने पनि डर छ ?

मैले भनें यो मेरो बुवाको मात्र खेतको सवाल होइन । हामीसँग त जग्गा जमीन अनाज छ तर त्यो गरीब जसको घरमा खान छैन उस्ले विना पैसा विना खाना अर्कोकोमा दिनभरि काम गरेर बेलुका भोकै सुत्ने के यो राम्रो प्रथा हो ? उसले आफ्नो पनि त काम गर्न पर्ने हुन्छ । थरी मुखियाले त गरीब दुःखीको पो सेवा गर्न पर्दछ त उल्टै उनीहरूलाई नै दुःख दिने ? दशैंमा शिशार ल्याउने चलन पनि रोक्नु पर्दछ ।

हामी थरी मुखिया थियौं । हाम्रा ११२ घर रैती थिए । दशैंमा टीका लगाउन आउनै पर्ने । मुखिया मान्न जाँदा केही शिशार, खसीको साँप्रा, फलफूल, घिउ, दही इत्यादि लिएर मुखियाकोमा टीका थापेपछि मात्र आफ्नो घरमा लगाउने । त्यस्तै वर्षमा प्रत्येक घरले ६ वटा खेताला, एक हल गोरु एकदिनलाई काम गरिदिनुपर्ने मान्यता थियो गाउँमा ।

बेठी बेगार उन्मूलनबारे धेरै बेर छलफलपछि बुबाले भन्नु भयो "ठीकै छ तेरो तर्क मलाई चित्त बुझ्यो, यो वर्षदेखि मेरोमा दशैंमा शिशार पनि नल्याउनु खेताला पनि नआउनु ।" मेरा दाजुहरू र माजन वाले यो कुरा मन पराउनु भएन तर बुबाले बेठीबेगर नलिने भन्नु भयो मेरो छाती ठूलो भयो । मलाई लाग्छ पूर्वाञ्चलमा बेठीबेगर नलिने निर्णय त्यो बखत यो पहिलो नै थियो होला ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अब अर्को कुरा आयो कोशी गण्डक सम्झौताको विरोध । बास्तवमा मलाई यसबारे थोरै ज्ञान थियो । मैले भनें यो सन्धि असमान सन्धि छ । यसले नेपाली पक्षलाई कम फाइदा छ हाम्रो पट्टि डुबान हुन्छ उनीहरू (भारत) लाई वढी फाइदा छ र यो सानो देशलाई हेपेर बनाइएको असमान सन्धि भएकाले यो खारेज हुन पर्दछ । यसमा गाउँको सरोकारको विषय नभएकाले कुनै तर्क भएन ।

अब जटिल विषय आयो जातभात उन्मूलनको । ब्रम्हचारीज्यूले सोध्नुभयो "जातभात किन नमान्ने ? यो परापूर्वकाल देखि चलिआएको परम्परालाई कसरी तोड्ने ?"

त्यो समयमा जातभात जटिल कुरा थियो । आजको जस्तो शिक्षित समाज थिएन । कट्टर थिए मान्छे जातभातको विषयमा ।

मैले भनें– "भगवानले मानिसलाई एउटै रूप दिएको छ । सबैको रगत उस्तै छ भोक तिर्खा उस्तै छ । किन यो भेदभाव । यो त मानिसले बनाएको हो । यसलाई मानिसले नै मेटाउनु पर्दछ ।"

मैले गीता थोरै पढेको थिए । गीताको सारमा जात कर्मले हुन्छ । जन्मले हैन । तसर्थः तल्लो जातको मानिस नुहाइ पूजापाठ गर्दछ, सफा शुद्ध र ज्ञानी छ भने किन ब्राम्हण नभन्ने ? एउटा बाहुन फोहरी छ, नुहाउँदैन, पूजा पाठ गर्दैन भने किन शुद्र नभन्ने मैले तर्क पेश गरें । ब्रम्हचारीज्यूले अँझ गीताको भाव प्रष्ट्याइदिनुभयो । जो मेरो पक्षमा पुष्टि भयो । ब्रम्हचारी बाबाले मलाई धेरै आशिर्वाद दिनु भएको म अहिले पनि सम्झन्छु ।

यसरी धर्म कचहरीद्वारा मेरो भाषण सारलाई स्वीकृति प्राप्त भयो । मलाई आज पनि लाग्दछ यस्ता धर्म कचहरीहरू त्यस्ता त्यागी विद्वान ब्रम्हचारीहरू हाम्रो समाजमा रहे हाम्रा झैं झगडा र खराव कुराहरू हट्दै जाने र स्वच्छ श्रृजनशील समाज वन्नमा कति वल पुग्ने थियो होला ! कल्पना गर्न सकिन्छ ।

मेरो वुवा स्व. सलवहादुर खत्री चौलागाईंको २०२४ साल जेष्ठ २७ गते ७६ वर्षको उमेरमा सुनसरी जिल्लाको चतारा कोशी नदीको किनारामा वहाँले इच्छा गरेको स्थान र वहाँले तोकेको समयमा विहान ६ बजे पछि धर्म शास्त्रको विधिअनुसार पूजा दान गरी स्वास प्रस्वास रोकियो । वहाँको देहान्त भयो । वहाँ ज्यादै सामाजिक र धार्मिक व्यक्तित्वको धनी हुनुहुन्थ्यो । पिप्ले गा.वि.स. मा छूत/अछूत नभनी वर्षभरि घर नविराई घरैं पिच्छे हुने अखण्ड हरिकीर्तन, सत्सङ्ग, धर्मकचहरी जस्ता र चौलागाईं बन्धुले हरेकवर्ष पालै पालो लगाउने पुराण, बन्धु भेला, गोठपूजा वा कुलपूजा आदिका साथै रुद्री र वेदपाठ आदि अहिले हुन छाडेको छ । तेह्रथुम जिल्लाबासीले वहाँलाई अझै यिनै कुराहरूका निम्ति स्मरण गर्दछन् ।

•

नव वर्ष २०६० सालको सुखद उपलक्ष्यमा सम्पूर्ण नेपालीहरूमा

हार्दिक मंगलमय शुभकामना

व्यक्त गर्दछौं ।

शरद चौलागाई

प्रबन्ध निर्देशक

रत्न मल्टिपल मिडिया सर्भिस

कुपन्डोल-१, ललितपुर

फोन : ५५४७०५८, ९८१०३८२५०

सञ्चारका सम्पूर्ण माध्यमा स्तरीय विज्ञापन गर्न, रेडियो कार्यक्रम तथा विज्ञापन उत्पादनको लागि भरपर्दो नाम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कविता

आफ्नै मनसँग

– ब्रम्हप्रिय प्रेमस्वरूप

ए मन ! तँ कुहिएको गन्धे माटोलाई
आफ्नोपनको जलप लगाएर
किन भौंतारिइरहन्छस् !
गन्धे माटोले तँलाई मन दिएन त के भो !!
तँ स्वयंबोध होस्
तँ विराट सृष्टिको
अनुपम रचनाकार होस्
कसैको मानमा हाँस्न र
कसैको अपमानमा रुन
सृष्टिकर्ताले तेरो रचना गरे जस्तो लाग्दैन
सृष्टिकर्ताले तँलाई
संयम धैर्य दिएका छन्
बुद्धि विवेकरूपी साथी दिएका छन्
तैले क्रोधको अग्निबाट मुक्त रहेर
मोहको संसारबाट विरत रहेर हेरिस् भने
यहाँ अपमान नै अपमानले भरिएको कालो तलाउ भेट्नेछस्
बैरी बैरी हुर्किएको कालो समाज देख्नेछस्
गन्धे माटोसँग मित्रता गाँस्दै अलमल्छिस् भने
जो भएको बुद्धि विवेक पनि गुमाउनेछस् ।
माटाको माटासँग मात्र सम्वन्ध हुन्छ
सुन्दर फूलहरूसँग मतलव हुँदैन
माटोसँग असल खराव छुट्याउने सामर्थ्य हुँदैन
आफैं उब्जाएका फसलहरूसँग पनि पहिचान राख्दैन
माटोले वंशवृक्ष उमार्न त जानेको हुन्छ
तर पालन गर्न जानेको हुँदैन
विना माली माटो आफैं
सुन्दर फूलहरूलाई गोडमेल गर्न सक्दैन ।
मालीले बोटका काँडाहरू छाँटिन भने
सुन्दर फूलहरू फुलाउन सक्दैन
यसैले ए मन !
तँ संसारसँग मतलव राख्छस भने
माली झैं प्रेम गर
संसारबाट विरत हुन्छु भन्छस् भने
दुनियाको मतलव नगर ।

बूढानिलकण्ठ, काठमाडौं

टिपन टापन

* म टाढाको दृश्यको कामना गर्दिन, मेरो लागि एक कदम नै महत्त्वको छ ।
* जुन कुरा तिमी शत्रुलाई भन्न चाहदैनौ त्यो मित्रलाई पनि नभन, जुन कुरा मित्रलाई भन्न चाहदैनौ त्यो शत्रुलाई पनि नभन ।
* अतीतलाई संझेर पश्चाताप नगर भविष्यको चिन्ता नगर, वर्तमान राम्रो बनाऊ ।
* ठक्कर खानुभन्दा अगाडि घमण्ड आउँछ ।
* तिम्रो विश्वास जत्रो छ तिमी पनि तेत्रै हुन्छौ ।
* उपदेश विद्वानलाई चाहिदैन, मूर्खले स्वीकार्दैन- अंग्रेजी उखान ।
* गहिरो सागरमा गएर जसले खोज्ने साहस गर्छ उसैले पाउँछ । – कवीर
* आफूलाई राक्षसमा गणना गरिदेलान् भनेर रावणको विद्धताको प्रशंसा नगर्नु राम्रो होइन ।
* तिम्रो व्यवहार नै तिम्रो परिचय हो ।
* जसलाई तर्क क्षमतामाथि विश्वास छैन, ऊ अरूको तर्क सुन्न चाहँदैन ।
* जसले सत्यलाई जान्दछ ऊ सन्त हो, नियम, व्रत या उपवासबाट मान्छे सन्त हुँदैन ।
* मरेको घोडालाई चाबुक लगाएर दौडाउन खोज्नु समयको बर्बादी र मूर्खता मात्र हो ।
* काग पनि कालो हुन्छ, कोइली पनि कालो, जब वसन्त आउँछ, काग काग हुन्छ कोइली कोइली ।
* हाँसोभन्दा ठूलो शक्तिमान र इमान्दार अभिव्यक्ति अश्रु हो ।
* सदाशययुक्त सत्यले सबै असत्यहरूलाई माथ गर्दछ ।
* बुद्धिमान मानिसले आफ्नो धन नाश भएको, आफ्नो मन दुखेको, आफ्नो बेइज्जति भएको तथा आफूलाई अरूले ठगेको कसैलाई भन्दैन ।
* तिमी रोऊ, तिमी एक्लै रुन्छौं, तिमी हाँस सारा जगत् तिमीसँग हाँस्ने छ ।
* सत्य कुरा पनि यदि अज्ञानीको हातमा पऱ्यो भने त्यसको दुरूपयोग हुन्छ । यसरी नै, असत्य कुरा पनि यदि ज्ञानीको हातमा पऱ्यो भने सदुपयोग हुन्छ ।
* हामीमा वासना भएपछि जे आवश्यता छ त्यही देखिन्छ ।
* हामी जहाँ छौं, त्यहींबाट यात्रा शुरु गर्नु पर्छ । कक्षबाट लक्ष्य तिर ।
* अहंकारको कारण छोटो हुन्छ, तर परिणाम भयानक हुन्छ ।
* मृगले राज्याभिषेक गरेर संस्कार गरेर सिंह राजा भएको होइन, आफ्नो पराक्रमले आर्जन गरेको राज्यको राजा आफैं भइन्छ ।
* तथाकथित विद्वान अतीतमा निर्भर हुन्छ, तर वास्तविक विद्वान वर्तमानमा निर्भर हुन्छ ।

संकलन : एम.पी. चौलागाईं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थजगत

आर्थिक उदारीकरण र नेपाल

– रमेश चौलागाई (आजीवन सदस्य)

पृष्ठभूमि

आर्थिक क्षेत्र मानवीय सभ्यताको विकाससँग गाँसिएको अत्यन्त महत्त्वपूर्ण र संवेदनशील क्षेत्र हो । मानव मात्रका हरेक आयामसँग अर्थ क्षेत्रको प्रत्यक्ष संलग्नता रहेको पाइन्छ । ढुंगेयुगको प्रारम्भदेखि मानवविकासका चरणहरूमा आर्थिक गतिविधिले प्रमुखता पाउँदै गएको हो । जसरी जनसंख्या वृद्धि हुँदै जाँदा मानवीय आवश्यकता पूर्तिका नयाँ–नयाँ खोज अनुसन्धान भए त्यसरी नै आर्थिक जगतले पनि नयाँ चरणहरू पार गर्दै गयो । चिल्ला र बलिया ढुंगालाई विनिमयको माध्यम (मुद्रा) बनाउँदै छाला र धातु मुद्रा हुँदै कागजी मुद्रा समेत विकास भयो । अब आएर कागजी मुद्राको प्रथा पनि परम्परागत भइसक्यो । र अझ नयाँ क्रेडिट कार्ड, यात्रु चेक, ड्राफ्ट जस्ता मौद्रिक उपकरणबाट आधुनिक अर्थतन्त्र गुज्रिरहेको छ । उत्पादन र उपभोगमा आत्मनिर्भर मानिसको जमात वस्तु विनिमय प्रणालीबाट विकसित हुँदै अन्तर्राष्ट्रिय व्यापार र Global Village मा आइपुगेको छ ।

यसप्रकार विश्वको आर्थिक सन्दर्भ अब विश्वव्यापिकरणतर्फ उन्मुख भएको अनुभव गर्न सकिन्छ । यस प्रक्रियाको सशक्त माध्यम नै आर्थिक उदारीकरण हो । सन् ८० को दशकपूर्व विश्वपरिस्थिति यस्तो थिएन । शास्त्रीय अर्थशास्त्रीहरूले प्रतिपादन गरेका 'लगाम बिनाको घोडा' जस्तै अत्यन्त दिलदार खुला अर्थतन्त्र सन् १९२० को दशकको अन्त्यतिर आएर दुर्घटनाग्रस्त हुनपुग्यो । ती अर्थशास्त्रीले अर्थतन्त्रलाई सरकारी नियन्त्रणबाट धेरै टाढा राख्नुपर्छ भनेका थिए । जस्तोसुकै विषम परिस्थितिमा पनि बजारका कमजोरी बजारले नै सच्याउँछ, त्यसमा सरकारले चासो राख्नु नपर्ने अडान ती विद्वान्हरू राख्ने गर्थे । यो सोचले पनि केही समय स्थान त पायो तर अन्ततः त्यसको दुःखद अन्त्य भएर छाड्यो । फलस्वरूप १९२९/३० को महामन्दी उपहार दिएर Laissez-faire को त्यो चरण पार भयो । उक्त महामन्दीलाई निको पार्ने डाक्टरका रूपमा चर्चित अर्थशास्त्री जोन मिनार्ड किन्सको उदय भयो र उनले सरकारी लगानी मार्फत् उक्त समस्या निदान हुने नयाँ तर्क अघि सारे । महामन्दीबाट प्रताडित युरोप लगायतका देशले किन्सकै अनुसरण गरे जसबाट फेरि विश्व अर्थतन्त्र तंग्रियो ।

यसरी किन्सले सरकारी संलग्नतामा अर्थतन्त्र उकास्न सकिने व्यवहारिक सिद्धान्त प्रतिपादन गरेपछि विश्व अर्थतन्त्रमा नयाँ मोड देखाफ्यो । सोभियत संघबाट धमाधम सरकारी संस्थान खुल्ने क्रम शुरु भयो । नेपालमा पनि त्यो क्रमले प्राधान्यता पायो । त्यसपछि विश्वले भयानक दोस्रो विश्वयुद्धको सामना गर्नुपर्‍यो र विश्व दुई ध्रुवमा बाँडियो । एक खेमाको नेतृत्व संयुक्त राज्य अमेरिकाले गर्‍यो भने अर्कोको नेतृत्व सोभियत संघले । त्यस अघिका प्रमुख घटकहरू जापान, जर्मनी, इटाली, स्पेन आदि देशहरू किनारा लागे । यस बीचको सरकार नियन्त्रित अर्थतन्त्र सन् १९७० को दशकको अन्तसम्म चल्यो । सरकारी संलग्नतामा वृद्धि हुँदै गएको, त्यसले गर्दा आर्थिक वृद्धिदरमा गिरावट, राजस्व परिचालनमा मन्दी, ठूला सरकारी घाटा बजेट, धेरै विदेशी ऋणले गर्दा धेरै अर्थतन्त्र भासिन थाले । त्यसै बखत भएको अरब इजरायल युद्धमा अरबहरूले तेललाई हतियारका रूपमा प्रयोग गरे । २ डलर प्रति ब्यारेल तेललाई ४० डलर प्रति ब्यारेलसम्म पुऱ्याएपछि तेल आयात गर्ने देश आर्थिक संकटमा फस्दै गए ।

यस्ता मानव निर्मित संकटले विश्व आर्थिक परिवेशमा नयाँ विकल्पको खोजीलाई प्रेरित गर्‍यो । मौका ढुकेर बसेका अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंक जस्ता संस्थाले ती संकटग्रस्त अर्थतन्त्रलाई सघाउने वाचा गरे र हस्तक्षेपको शुरुवात गरे । ती संस्थाले Structural Adjustment Program तर्जुमा गरी त्यसलाई ऋणको शर्तका रूपमा अघि सारे । १९९० मा सोभियत संघको पतन र बर्लिनको पर्खाल ढलेपछि विश्व उदार अर्थतन्त्रमा प्रवेश गर्‍यो । त्यसपहिले नै चीनमा पनि देङ स्यायो पेङले सुधारवादी अर्थतन्त्रको शुरुवात गरिसकेका थिए । यस्ता घटनाबाट उत्साहित भई विश्व बैंक र आइ.एम.एफ. ले SAP लाई Enhanced SAP को नामको उच्चस्तरीय आर्थिक उदारीकरणको घोषणा गरे । यसप्रकार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वस्तु, सेवा, पूँजी, प्रविधि तथा जनशक्तिलाई मुलुकको भौगोलिक सिमानाले रोक्न नहुने, सबै मुलुकले अरू मुलुकलाई वस्तु तथा सेवालाई राष्ट्रिय व्यवहार गर्नुपर्ने जस्ता तर्कसहित आर्थिक उदारीकरणलाई घनिभूत पार्ने प्रयास गरियो । विश्व बैंक, आइ.एम.एफ., डब्लु.टी.ओ., बहुराष्ट्रिय कम्पनीहरू, युरोपियन युनियन आदि जस्ता संघ संस्थाहरू आर्थिक उदारीकरणका पहरेदारहरू हुन् ।

आर्थिक उदारीकरणका प्रमुख तत्त्वहरू

आर्थिक उदारीकरण विश्व अर्थतन्त्रका चरणगत परिस्थितिले जन्माएको पछिल्लो चरण हो । यो चरणका आफ्नै विशेषता छन् । यसको विकास हुने गति, यसले ल्याएको असमानता र यसको विरोधले ठूलै बजार लिइसकेको अवस्थामा यो चरण पनि प्रतिस्थापित हुने कुरामा अब शंका रहेन । तथापि, आर्थिक उदारीकरणका यथार्थ परक तत्त्वहरूका बारेमा जानकारी राखौं ।

(क) सरकारको आकारमा कटौतीः– आर्थिक उदारीकरणको चरण पूरा गर्न प्रमुख रूपले सरकारका क्रियाकलापमा कटौती गरी सानो आकारमा ल्याउनु जरुरी हुन्छ । त्यसका लागि सरकारी संस्थानलाई निजी क्षेत्रमा हस्तान्तरण गर्ने, आर्थिक वा सामाजिक रूपमा दिइँदै आएको अनुदानमा कटौती गर्ने र सरकारका मातहतका अनुत्पादक खर्च कटौती गर्नु प्रमुख कार्यहरू हुन् । आर्थिक उदारीकरणको मार्गमा अघि बढेका सरकारले अब आइन्दा निजी क्षेत्रले गर्न सक्ने वस्तु र सेवाको उत्पादन कार्यमा ओगटिएर बस्नु हुँदैन । त्यसकारण यसपूर्व सरकारी स्वामित्वमा खोलिएका तर बदलिंदो परिस्थितिमा निजी क्षेत्र सक्षम भएका वा हुन सक्ने क्षेत्रमा सरकारले आफ्नो संलग्नता हटाई निजी क्षेत्रलाई सहभागी गराउनुपर्दछ । त्यसका लागि निजीकरण एक सशक्त माध्यम हो । तत्काल निजी क्षेत्र जान नचाहने वा नसक्ने क्षेत्रमा रहेका सरकारी संस्थान वा सामाजिक क्षेत्रमा सरकारले अनुदान दिएर तिनलाई परजीवी बनाइराख्नु भन्दा तिनलाई आत्मनिर्भर बन्ने तरिका सिकाई अनुदानमा कटौती गर्नुपर्दछ । र साथै सरकारी खर्चलाई अनुत्पादक र दीर्घकालिन उत्पादन प्रतिफल प्राप्त हुने क्षेत्रमा भन्दा लाभ लागतका आधारमा परियोजना छनौट गरी लगानी गर्नुपर्छ । र साथै सरकारका अंगहरू, विभाग, आयोग र मन्त्रालयका संख्यामा यथासम्भव घटाई चुस्त दुरुस्त पार्नाले पनि अनुत्पादक खर्च घट्छ । यसरी सरकारको आकारमा सीमितता ल्याई बचत भएको राजस्व पुनः लक्षित समूहमा खर्च गर्न सकिन्छ ।

(ख) निजी क्षेत्रको सहभागितामा वृद्धि ल्याउनेः– विकास निर्माण कार्य भनेको सरकारले मात्र गर्ने हो र जनता चाहिं उपभोक्ता बनेर बस्ने भन्ने परम्परागत सोचमा अब धेरै परिवर्तन आइसकेको छ । त्यसैले विकास निर्माणमा निजी क्षेत्रको संलग्नता भनेको सम्पूर्ण जनतालाई देश विकासमा आ–आफ्ना क्षेत्रबाट सहभागी गराउनु हो । त्यसो गर्ने र गराउने नेतृत्व लिने, नीति नियम बनाउने, त्यसको कडाइका साथ आफू पालना गर्ने र सबैलाई गर्न लगाउने, आर्थिक अनुशासन कायम गर्ने, नियमित सहभागितात्मक विकास निर्माणको अनुगमन/निरीक्षण गर्ने, विकास निर्माणमा निजी क्षेत्र जान सक्ने उचित बन्दोबस्त मिलाईदिने, निजी क्षेत्रबीच हुनसक्ने अस्वस्थ प्रतिस्पर्धा र कालोबजारी रोक्ने आदि जस्ता कार्य सरकारको हो । सरकारको आकार र खर्चमा कटौती हुँदैमा उसको जिम्मेवारी घट्दैन, बरु बढ्छ । त्यसैले निजी क्षेत्र र सरकार विकास निर्माण कार्य सम्पन्न गर्न एउटा रथका दुई पांग्रा हुन् । आर्थिक उदारीकरणको लाभ लिने हो भने सरकारले निजी क्षेत्रलाई सँगै लिएर जानैपर्छ । त्यसो गर्न सरकारले निजी क्षेत्रलाई प्रवर्द्धन हुने र आवश्यक परे नियन्त्रण समेत गर्न सक्ने गरी Promotional / Regulatory भूमिका निर्वाह गर्नुपर्ने हुन्छ ।

(ग) बजारमुखी अर्थतन्त्र र खुकुलोपनः– आर्थिक उदारीकरणमा बजार प्रमुख निर्णायक तत्त्व हुन्छ । जनजीविका चलाउन आवश्यक वस्तु तथा सेवाहरूको मूल्य सैद्धान्तिक रूपले बजारद्वारा निर्धारण गरिन्छ । त्यो भनेको बजारमा बिक्री हुने सबै सामान वा सेवाहरूको मूल्य, त्यसलाई माग गर्ने जनताको प्रवृत्ति, चाहना, क्रयशक्ति, आम्दानीको स्तर, देखासिकी (Demonstration Effect) गर्ने प्रवृत्ति, बदलिंदो फेशन, सामानको टिकाउ, गुणस्तर आदिद्वारा निर्धारण गरिन्छ । त्यसैले वस्तुको माग र मूल्यबीच विपरीत सम्बन्ध स्थापित हुने गरेको बताइन्छ । वस्तुको मूल्य बढे माग घट्छ र मूल्य घटे माग बढ्छ । यो प्रवृत्ति बजारमा पूर्ण प्रतिस्पर्धा छ, त्यस वस्तुको प्रतिस्थापन गर्ने अन्य वस्तु छैनन्, उक्त वस्तुको आपूर्ति पर्याप्त छ भने मात्र लागू हुने कुरा अर्थशास्त्रीहरू बताउँछन् । यसप्रकार अर्थतन्त्रलाई उदार भन्नुपर्दा त्यो अर्थतन्त्र बजारमुखी छ/छैन भन्ने हेर्नुपर्दछ । त्यसैगरी बजारमा सरकारको नियन्त्रण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुनुहुँदैन र सरकार बजार सञ्चालक नबनेर त्यसको प्रोत्साहन गर्ने निकायका रूपमा रहनुपर्छ भनिन्छ । बजार र मूल्य नियन्त्रणका तौर-तरीका सरकारद्वारा कडाई नगर्ने सल्लाह उदार अर्थतन्त्रका ज्ञाताहरू दिने गर्छन् ।

(घ) व्यापार उदारीकरणः- कुनै पनि अर्थतन्त्र आफैंमा सीमित र पर्याप्त हुन सक्दैन । त्यसैले एक देशमा उत्पादित वस्तु अर्को देशसँग बिक्री गरी अन्तर्राष्ट्रिय व्यापारको शुरु गरिएको धेरै समय बितिसक्यो । वस्तु तथा सेवाको प्रशस्त उत्पादन हुने Surplus Economy बाट ती वस्तु र सेवा उत्पादन नहुने Deficit Economy मा बिक्री गर्ने र उदार अर्थतन्त्रमा त्यस्तो व्यवहारमा रोक लगाउन पाइँदैन । नेपालको पनि सदियौंदेखि प्रमुख रूपल भारत र चीनसँग व्यापार चल्दै आएको छ । त्यो व्यापार अब विश्वका धेरै मुलुकसँग हुने गर्दछ । विश्वमा ७० को दशकपछि व्यापारलाई विश्वव्यापी बनाउन बहुराष्ट्रिय कम्पनीको स्थापना हुँदै गएका छन् । त्यसै गरी GATT लाई परिमार्जन गरी सन् १९९५ को शुरुआतदेखि विश्व व्यापार संगठन (WTO) ले व्यापारलाई विश्वव्यापी बनाउँदै छ । त्यसैगरी दक्षिण एशियाली परिप्रेक्ष्यमा South Asian Preferential Trade Arrangement (SAPTA) लाई South Asian Free Trade Area (SAFTA) का रूपमा परिमार्जन गरेर दक्षिण एशियालाई व्यापारिक र व्यवसायिक अर्थमा स्वतन्त्र क्षेत्रका रूपमा विकास गरिन नयाँ सोचको विकास भएको छ । त्यसैले दक्षिण एशियाली परिप्रेक्ष्यमा SAFTA, विश्वव्यापी अर्थमा बहुराष्ट्रिय कम्पनीहरू र WTO व्यापार उदारीकरणका प्रमुख हस्ती हुन् ।

(ङ) चालू र पूँजी खाता परिवर्त्यताः- अन्तर्राष्ट्रिय व्यापार र पूँजीको हिसाब किताब गर्न जुनसुकै देशले शोधनान्तर खाता (Balance of payment) को प्रयोग गरिन्छ । उक्त भुक्तान सन्तुलन खाताका प्रमुख तत्त्वहरू नै चालू तथा पूँजी खाता हुन् । चालू खाताले अन्तर्देशीय वस्तु तथा सेवाको हिसाब मिलान देखाउँछ भने पूँजी खाताले अन्तरदेशीय पूँजी प्रवाहको सन्तुलन दर्शाउँछ । व्यापार उदारीकरणका लागि यी दुवै खाता खुला राख्नुपर्ने, कुनै प्रकारको नियन्त्रण र प्रतिबन्ध लगाउन नहुने तर्क उदार अर्थतन्त्रका वकीलहरू दिने गर्दछन् । र कतिपय विकसित देशले त्यसो गरेका पनि छन् । तर विकासशील र हाम्रो जस्तो अल्पविकसित अर्थतन्त्रले पूँजीखातालाई खुल्ला राख्न नसक्ने देखिन्छ । नेपालमा चालू खाता भने परिवर्त्य भएको १० वर्ष नाघिसक्यो । तर पूँजी खाता परिवर्तन गर्नुपूर्व दरिलो तयारी नगरेमा अर्थतन्त्रलाई धान्न नसकिने बताइन्छ । त्यसकारण दुवै खातामा पूर्ण परिवर्त्यता आर्थिक उदारीकरणका शर्त र विशेषता दुवै हुन् ।

आर्थिक उदारीकरणका परिणति

विश्व अर्थतन्त्रको चरणगत विकासको एक चरण आर्थिक उदारीकरण भएको कुरा माथि नै उल्लेख गरेपछि यो चरण पनि धराशायी हुनसक्ने कुरा उल्लेख गर्न कञ्जुस्याइँ गर्नुहुँदैन । त्यसको शुरुआत भइ पनि सकेको छ । उक्त कुरा विश्व अर्थतन्त्रमा देखापरेका निम्न तथ्यांकहरूले पुष्टि गर्दछन् । मेक्सिकोमा सन् १९९४ मा, थाइल्याण्ड, मलेशिया, इण्डोनेशिया, कोरिया, फिलिपिन्स जस्ता Rising Economy मा सन् १९९७ मा, रुस र ब्राजिलमा सन् १९९८ मा त्यसपछि टर्कीमा र सन् २००२ मा अर्जेन्टिनामा देखापरेका डरलाग्दा आर्थिक संकटले उदार अर्थतन्त्रलाई परिमार्जन वा प्रतिस्थापन गर्ने माग गरेको प्रष्ट छ । उदार अर्थतन्त्रले मूलतः अत्यधिक मुद्रास्फीति, बेरोजगारी, गरीबी र आर्थिक असमानता बढाएको बताइन्छ । त्यसैले हालका दिनमा विश्व बैंक र आइ.एम.एफ. को खुल्ला विरोधका स्वर गुञ्जिन थालेका छन् । सेप्टेम्बर ११, २००१ को World Trade Centre माथि भएका भयानक आतंककारी हमला पनि आर्थिक उदारीकरणबाट सिर्जित आर्थिक असमानता र विश्वलाई आर्थिक एकीकरण (Economic Integration) का नाउँमा एक छत्र शासन गर्न र खोज्ने अमेरिकी साम्राज्यवादी सोचमाथिको सांकेतिक विरोधका रूपमा रहेको बताइन्छ । जे भएपनि उक्त हमलाबाट धेरै अर्थतन्त्रहरूमा संकट भने थपिएकै छ ।

त्यसकारण हालका दिनहरूमा WB / IMF ले सन् १९९९ मा आर्थिक उदारीकरण कार्यक्रमको व्यापक पुनरावलोकन गरी ESAP रद्द गरी त्यसको सट्टा Poverty Reduction and Growth Facility, PRGF लागू गरे । यस कार्यक्रमले समष्टिगत आर्थिक नीति तर्जुमा गर्दा गरीबी घटाउने कार्यक्रमलाई उच्च प्राथमिकता दिनुपर्ने, योजना/आयोजना तर्जुमा गर्दा जनसहभागिता बढाउनुपर्ने, सरकारले सुशासन दिनुपर्ने आदि कुरामा जोड दिएको छ । साथै सदस्य राष्ट्रले आफ्नै कार्यक्रम ठान्ने गरी तर्जुमा गर्नुपर्ने र दातृ संस्थाले त्यसमा हस्तक्षेप नगर्ने कुरामा जोड दिइएको छ ।

यही क्रममा सेप्टेम्बर ८, २००० मा संयुक्त राष्ट्र संघको 'New York, Millennium Summit' मा ५० भन्दा बढी अतिकम विकसित राष्ट्रले महासचिव कोफी अन्नानसँग भेट गरी विश्वव्यापीकरणबाट ती मुलुकमा पर्न गएको नकारात्मक असरबाट बचाउन अनुरोध गरे । फलस्वरूप उक्त सम्मेलनले सन् २०१५ भित्र विद्यमान गरीबी आधा घटाउने, शतप्रतिशत बाल शिक्षा उपलब्ध गराउने, मातृ/शिशु मृत्युदर दुई तिहाईले घटाउने र विश्वबाट भोकमरी हटाउने भनी Millennium Development Goal निर्धारण गऱ्यो । उक्त कार्यक्रम पूरा गर्न ५९ अर्ब डलर चाहिने र उक्त राशि विकसित देशहरूले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जुटाउनुपर्ने सहमति (Monetary Consensus) मेक्सिकोको मोन्टेरी शहरमा गरिएको छ । यी कुराहरूले उदार अर्थव्यवस्थालाई संशोधन गरेर टिकाउने प्रयासहरू गरिंदैछन् । विशेष गरी उदार अर्थतन्त्रले आर्थिक असमानता सिर्जना गरी गरीबी बढाउने कुरा सबैले स्वीकारेका छन् । बढ्दै गएको आर्थिक गतिहीनता, गरीबी, अभाव र असमानतालाई समाधान गर्ने गरी आर्थिक उदारीकरणको स्पष्ट लक्ष्य किटान गर्न सके आर्थिक उदारीकरणबाट तुलनात्मक लाभ लिन सकिने देखिन्छ । WB, IMF / UNO जस्ता विश्वका उच्चस्तरीय साझा मञ्चहरू मार्फत् र साथै केही बलिया अर्थतन्त्रहरूले आर्थिक असमानता घटाउने र आर्थिक उदारवादलाई आफ्नो स्वार्थी नारा मात्र नबनाई सबै अल्पविकसित र विकासशील देशलाई सँगै लिएर जाने स्पष्ट नीति लिएमा पुनः विश्वमा सेप्टेम्बर ११ जस्ता दिन दोहोरिने छैनन् भन्ने गरिन्छ । त्यसकारण आर्थिक उदारवादका सकारात्मक पक्षलाई जोगाई अगाडि बढ्न, यसका नकारात्मक पक्षका कारण यसलाई प्रतिस्थापन हुनबाट बचाउने हो भने त्यसतर्फ ठोस कदम चाल्नै पर्ने देखिन्छ ।

सन्दर्भ : नेपाल

नेपाल पनि विश्वमा फैलिएको आर्थिक उदारीकरणबाट अछूतो रहन सकेको छैन । वि.सं. २०४१ सालमा बैंकिङ्ग क्षेत्रमा दूरगामी असर पार्ने गरी ३ वटा संयुक्त लगानीका वाणिज्य बैंकहरू खुलेपछि देश त्यतातर्फ लम्कन खोजेको आभास पाइयो । र पनि विविध कारणले २०४२ साल मार्ग महिनामा नेपाली मुद्राको ठूलो अवमूल्यन गर्न बाध्य भएपछि त्यसबाट बच्न IMF को शरणमा जान देश बाध्य भयो । त्यसबाट भने आर्थिक उदारीकरण एउटा बाध्यता बन्न पुग्यो । त्यहाँबाट उदारीकरणको सिलिसला शुरु भयो । पञ्चायती व्यवस्था भित्रका आर्थिक गतिविधि त्यति पारदर्शी हुन नसकेबाट २०४६ सालमा प्रजातन्त्रको पुनःआगमन भए पश्चात् देशले खुल्ला परिप्रेक्ष्यलाई आफ्नो घोषित लक्ष्य नै बनायो । फलस्वरूप सन् १९८९ मा ब्याजदरमाथिको केन्द्रीय बैंकको नियन्त्रण पूर्णतः हट्यो, २०४८ सालदेखि विनियमयदर खुला बजारद्वारा निर्धारण हुने बन्दोबस्त मिलाइयो । २०४८ सालदेखि निजीकरणको लहर शुरु भयो र हालसम्म १८ वटा सरकारी संस्थान निर्जीकरण भइसके भने दुईवटा संस्थान निर्जीकरणको प्रक्रियामा प्रवेश गरेका छन् । २०४९ सालमै विदेशी लगानी आकर्षित गर्ने उद्देश्यले 'विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०४९ र औद्योगिक नीति २०४९' ल्याइयो । त्यसै वर्ष चालू खाता पूर्ण परिवर्त्य गराइयो । २०५४ सालमा मूल्य अभिवृद्धि कर कार्यान्वयनमा आयो । र नेपालले WTO को सदस्य लिन जोडतोडले तयारी गर्दैछ । आर्थिक उदारीकरणका फलस्वरूप हालसम्म १८ वटा बीमा कम्पनी, २१ वटा विकास बैंक, १७ वटा वाणिज्य बैंक, ५४ वटा वित्त कम्पनी, 'Open Sky Policy' का कारण प्रशस्त हवाई कम्पनी, संयुक्त लगानीका आयोजना/परियोजनाहरू, निजी कलेज र विद्यालयहरू, सहकारी संस्थानहरू, पेशागत संघ संगठनहरू खुलेर आ-आफ्नो क्षेत्रमा योगदान दिइरहेका छन् । त्यति हुँदा हुँदै पनि अन्य अल्पविकसित देशहरू जस्तै नेपाल पनि उदार अर्थव्यवस्थाका कारण वैदेशिक ऋण, ठूलो अवमूल्यन, व्यापार घाटा, व्यापक गरीबी, असमानता, कुशासन, आर्थिक अनुशासनहीनता र आतंकबाट ग्रसित हुँदै गएको छ । अन्यत्र पानी पर्दा पनि यहाँ छाता ओढ्ने प्रवृत्तिले देशमा आधा जसो जनसंख्या गरीबीकै रेखामुनि रहेको पाइन्छ । आर्थिक उदारीकरणबाट लाभ लिने हो भने मूल रूपले आर्थिक आत्मनिर्भरता, तुलनात्मक लाभमुखी व्यवसायको खोजी, कृषिमा व्यवसायिकतामूलक क्रान्ति, आर्थिक अनुशासन, राजनैतिक स्थिरता र शान्ति सुरक्षा जस्ता महत्त्वपूर्ण कुरालाई सबै पक्षले मनन् गर्नुपर्ने देखिन्छ ।

निष्कर्ष

आर्थिक उदारीकरण भनेको आर्थिक प्रजातन्त्र (Economic Democracy) पनि हो । त्यसकारण सरकारलाई व्यवसायिक गतिविधिबाट वञ्चित राखी सरकार चाहिं बजारको अभिभावक बन्नुपर्छ भन्ने मान्यता उदारीकरणको रहेको हुनेछ । विनिमय दर नीति, मौद्रिक तथा वित्तीय नीति लगायत समिष्टगत आर्थिक नीति त्यसतर्फ उन्मुख हुनु जरुरी हुन्छ । त्यसैले नेपालमा हालका दिनमा आएर व्यापार प्रवर्द्धन, निर्यातमा वृद्धि, शोधनान्तर सन्तुलन, विदेशी मुद्राको आर्जन, पर्यटक वृद्धि, वैदेशिक रोजगारीमा वृद्धि जस्ता आर्थिक कुटनीति (Economic Diplomacy) अपनाउने सोच बनेको पाइन्छ । तसर्थ आर्थिक उदारीकरण मूलतः विकासोन्मुख अर्थतन्त्रका लागि बढी लाभदायक हुनुपर्छ र बनाइनुपर्छ भन्ने माग बढ्दै गएको छ । त्यसैले नेपालले पनि आर्थिक उदारीकरणमार्फत् देशको गरीबी निवारण गर्न यस अर्थतन्त्र भित्रका त्रुटि कमी-कमजोरी समयमै हटाई आफ्नो हैसियत अनुसारको परिवर्तन र सुधार गर्दै गए मात्र त्यो फलदायी र जनमुखी हुने देखिन्छ ।

– नेपाल राष्ट्र बैंक
२०६० वैशाख १

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नव वर्ष २०६० सालको सुखद उपलक्ष्यमा सम्पूर्ण नेपालीहरूमा

हार्दिक मंगलमय शुभकामना

व्यक्त गर्दछौं ।

अनिल कक्षपती

प्रवन्ध निर्देशक

नाङ्लो बेकरीज प्रा.लि.

ठैव, ललितपुर

फोन : ५५०६०५८६, ५५२१६९०

नाङ्लो बेकरीबाट उत्पादित सामानहरू :

स्पेशल नाङ्लो ब्रेड, नौलो ब्रेड, सुगर फ्रि ब्रेड, ब्राउन ब्रेड, हटडग रोल, हेमवर्गर वन, स्पेशल डुनोट, स्लाइस केक, पेष्ट्री, कुकिज, ब्रेड स्टीक, विस्कुट आदि उत्कृष्ट उत्पादनका लागि हामीलाई सम्झनुहोस् । हामी तपाईंहरूको सेवामा तत्पर छौं ।

ग्राहकहरूको सन्तुष्टी नै हाम्रो सफलता हो ।

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०६० को उपलक्ष्यमा सम्पूर्ण नेपालीहरूमा हार्दिक मंलगमय शुभकामना व्यक्त गर्दछौं ।

Shiva Prasad Chaulagain

Managing Director

SAP Construction Pvt.Ltd.

(Contractor for Road, Bridge, Building, Irrigation & all Kind of Contruction Work)

Baneshwor-10, Kathmandu, Nepal
Phone : 4467685

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०६० ले सम्पूर्ण नेपाली जनतामा सुख, शान्ति र सौहार्दताको वातावरण ल्याओस्}/

हाम्रो शुभकामना !

एस.ओ.एस.मेनपावर सर्भिस प्रा.लि.

महाराजगञ्ज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कविता

बिदाइको क्षण

–दीपक कुमुद

चन्द्रमा, तिमीलाई आज छुट्टी भो
तिमीले आज चाँदनी नखर्चिए हुन्छ
आफ्नो जादू धर्तीमा नबर्साए हुन्छ
धर्तीकी चांद आज ऊ रातो घुम्टोभित्र
सोह्र श्रृंगारमा सजिएकी छे
बेकार लज्जित हुनु पर्ला!
सयौं चांदको सम्मिलन झैं
स्वयं आज ऊ जगमगाई रहिछे ।

हिमालका तरेलीहरूमा विच्छेदित
प्रकाशको जाज्वल्यता
आज फिक्का हुन्छ
प्रकृतिले सर्वोत्तम हार–इन्द्रेनी
आज नरचे हुन्छ
आफ्नै सृजनाको अगाडि
बेकार लज्जित हुनु पर्ला !
नवैरत्न जडित अश्रुदानाहरू
आफ्ना आँखामा उसले रचिरहिछे ।

ताराका 'चमचम' आज नगुञ्जिए हुन्छ
मादल, नौमती वा पञ्चै बाजा कसैले
नबजाए हुन्छ
सबभन्दा छुने संगीत आज उसको मौनता छ ।

समुद्र, आज आफ्नो गहिराइमा घमण्ड नगर
सयौं समुद्रको गहिराई
आज उसले आफ्ना आँखामा समेटेकी छे ।

आकाश आज नरोए हुन्छ
आफ्नो अश्रु, शीत उसले नखसाले हुन्छ
बिदाइको क्षण मनभरी
बर्सिरहेछ विरहको झरी ।

धर्तीकी चाँद आज
बेहुली बनेर सजिएकी छे
चन्द्रमा तिमीले आज चाँद नखर्चिए हुन्छ
आफ्नो जादू धर्तीमा नबर्साए हुन्छ !

•

लघुकथा

"विचार"

✍ सुशीला चौलागाईं

एक वर्ष अगाडि देखि पाठेघरको समस्याले ग्रस्त भएकी सावित्रीलाई झाँक्रीले जति अक्षता मन्छे पनि जति भाकल गरे पनि ब्यथा ज्युँ को त्युँ भएपछि स्वास्थ्य कार्यकर्ताको बलले एताउता पैसा सापट खोजेर अस्पताल लगियो । अस्पतालका डाक्टरले जाँच गरेपछि उनलाई पाठेघरको क्यान्सर भएकोले अप्रेशन गरेमा निको हुने सल्लाह दिई एक महिना भित्रमा अप्रेशन मिति तोकिने र एक महिना भन्दा ढिलो नर्गन सल्लाह दिए ।

गाउँ फर्केर एक महिना बित्यो अस्पताल जाने कुरा उठ्यो, खर्चको बन्दोबस्त गर्ने छलफल भयो, जेठो छोराले अंश माग्यो, माहिलो छोराले बिहेको कुरा चलायो र कान्छो छोराको ब्रतबन्ध हेर्ने आमाको घिडघिडी बढ्यो ।

यिनै घरायसी बन्दोवस्त मिलाउँदा मिलाउँदै तिन महिना बित्यो । अशं, बिबाह, ब्रतबन्धको ऋण छंदै थियो । तै पनि खर्च खोजेर अस्पताल लैजाने सावित्रीको श्रीमानको विचार थियो ।

भन्दै थिए उनका छोरा बुहारी पनि दुई–चार दिन पछि आमालाई अस्पताल लैजाने विचार थियो ।

त्यो त थाहा भएन खै, सावित्रीको के विचार थियो । सबैको आफ्नो विचार पर्खंदा पर्खंदै आज विहानै सावित्री यस धर्तीबाट सदा सदाको लागि अस्ताएर गइन् ।

ललितपुर, गोटीखेल

हार्दिक शुभकामना

नव वर्ष २०६० सालको सुखद उपलक्ष्यमा सम्पूर्ण नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नुराज फर्मा ग्रुप

बागदरबार, सुन्धारा, काठमाडौं
फोन : ४२२०१९६, ४२४७४२९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हामी नेपाली

– सौरभ चौलागाईं



१)
सुन्दर हाम्रो देश नेपाल
हिमाल हाम्रो शान हो
शान्तिका सन्देश फैलाउने
बुद्ध हाम्रा गौरव ॥
२)
फेरि हामी नेपाली
कसैसंग न डराउने छौं
वीर गोखालीको वीरता
जुटेर हामी देखाउने छौं ॥
३)
नेपाल हाम्रो गौरव
यही हाम्रो शान हो
ठूलो मान्छे बनि हामी
यहीं नाम कमाउने छौं ॥
४)
नेपाल आमाको मुहार
उज्वल हामी बनाउनेछौं
नेपालको शान बचाउन
बरु हामी मर्नेछौं !!

— नोबेल एकेडेमी, कक्षाः- ७

वंश

– सुशीला शर्मा

युगलाई निरन्तरता दिन
सृजनशील हातहरूको खोजी गर्न
छरिएर रहेका आफन्तहरूलाई
एउनै मालामा गाँस्न
आवश्यकता परेको छ
वंशको खोजी गर्न

शान्ति प्रेम र सहिष्णुताको बीज फलाउन
गतिशील यो मानव सागरमा
नयाँ-नयाँ पुस्तालाई जन्म दिन
आवश्यकता परेको छ
वंशको खोजी गर्न ।

छरिएर रहेका हामी
एकजुट कर्मनिष्ठ भई लागौं
यो समाज अनि राष्ट्रको
उन्नति गर्न तर्फ यी
पाइलाहरूलाई अघि सार्न सकौं
हाम्रो वंशलाई इतिहासमै अमर
बनाउन सकौं ।

— लोकन्थली - १६

नव वर्ष २०६० सालको सुखद उपलक्ष्यमा सम्पूर्ण नेपालीहरूमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

उच्चस्तरीय सर्टिङ, सुटिङ जगतको भरपर्दो एवं
विश्वासीलो नाम टिप टप वेयर

टिप टप वेयर

बागबजार, काठमाडौं, फोन : ४२२१०२५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिक्षा नै जीवनको आधार हो

– हरेकृष्ण यादव "नवी"

मानव जीवनको आधार नै शिक्षा!
जो पाएपछि पूरा हुन्छ सकल मनोरथ ईच्छा !!

शिक्षा नै हो जीवनको हाम्रो तेश्रो नेत्र !
शिक्षा विना हुँदैन विकसित कुनै क्षेत्र !!

शिक्षाको अभावमा हुँदैन स्पष्ट कुनै कुरा !
व्यक्त गर्न चाहिएको कुरा रहिहाल्छ अधुरो !!

शोभिदैन मानिस महँगो बस्त्र र आभूषणले !
सुशोभीत र टल्किहाल्छौं हामी शिक्षाको रोशनले !!

शिक्षा पाई शिक्षित भई इज्जत कमाइन्छ !
अनेकौं सुख सुविधा पाई मानव जाति रमाईन्छ !!

शिक्षाले बनाईदिन्छ सबैको जीवन सार्थक !
शिक्षा बिनाको जीवन साबित छ कि रहन्छ निरर्थक !!

अर्थोपार्जन गर्न पनि शिक्षा नै चाहिन्छ !
जीवनको आधार बलियो पार्ने शिक्षा नै ठहरिन्छ !!

जीवन

– सुरेश चौलागाईं (के.सी.)

"जीवन ग्रीष्मको रात्री स्वप्न होइन, न त आँधी
हुरी नै । यो त एउटा गल्तिहरूको सुखान्त
नाटक हो । यस अनुसार जिउने गरौं ।
त्यसैले
जीवन एउटा बृत्त हो, बृत्त त्यसै घुमिरहन्छ
यो बृत्तको परिधिमा, जन्म र मृत्यु चलिरहन्छ
हरेक दिन सूर्योदयले, सूर्यास्तको पाइला चाल्छ
जन्मको विन्दुबाट नै, मृत्युले आफ्नो यात्रा थाल्छ
पाउनुको अर्थ गुमाउनु र भेट्टाउनुको अर्थ हराउनु हुन्छ
यहाँ मिलनको विन्दुबाट नै, बिछोडको यात्रा सुरु हुन्छ
जस्लाई हामी ब्युँझेको भन्छौं, निन्द्रा त्यहींबाट सुरु हुन्छ
आरम्भको विन्दुबाट नै, अन्त्यष्टिको प्रारम्भ हुन्छ
जुन विन्दुमा मेट्छौ प्यास, तिर्खा त्यहाँबाट शुरू हुन्छ
जसलाई हामी शिखर भन्छौं, फेदी त्यहींबाट प्रारम्भ हुन्छ ।

भी. न.पा. जिलू- दोलखा

हार्दिक शुभकामना

नव वर्ष २०६० सालको सुखद
उपलक्ष्यमा सम्पूर्ण नेपालीहरूमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

M.D. Bishnu P. Neupane

SAURABH PHOTO
INTERNATIONAL

2F, Rainbasera Building, Gangapath, Ktm., Nepal
E-mail : saurabh@mos.com.np
Tel : 977-1-4225179, 977-1-4240606,
997-1-4240747, Fax : 977-1-4241241

हार्दिक शुभकामना

नव वर्ष २०६० सालको सुखद
उपलक्ष्यमा सम्पूर्ण नेपालीहरूमा
हार्दिक मंगलमय
शुभकामना
व्यक्त गर्दछौं ।

Badri Chaulagain

UNIVERSAL AIR COURIER
& CARGO PVT. LTD.

For Wordwide Cargo and Courier Service
P.O.Box No. 3054
Kashmir Takiya, Durbar Marga
Lel : 4223643/4248373/4240323
Fax : 977-1-4253977

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाल आमा

– सुवास शर्मा (चौलागाईं)

हे ! आमा नेपाल तिम्रा ती सन्तान
रगतमा मुछिएर वलिदान भैरेछन् ।
नेपाल एक शान्तिको देश रे
संसारको उच्च शिखर पनि त यहीं छ रे ॥

हो अब तिमी जाग सधैं विकास गर्न
अब तिमी लागिपर नयाँ रङ्ग छर्न ।
हामी सबै मिलीजुली गरौं देशको हित
मिलाएर सबैसित राम्रो मायाँ प्रित ॥

नेपाल सुन्दा हृदय सधैं विशाल
हाम्रो देश भन्दा कस्तो होला नेपालीको सुख सयल ॥
हिमाल सधैं उच्च भैरहो र सूर्य चम्काओ
नेपाल हिमालीको देश भनी विश्व रन्काओ ॥

पहाड नेपाली संस्कृति चिनाओ
तराई नेपाललाई स्वनिर्भर हुने अन्न उब्जाओ ।
मेची टिस्टा पारीका शत्रु घटाओ
काली काँगडा पारीका शत्रु घटाओ ॥

कसैको सामु कहिल्यै झुकेर हिमाल नबस
नेपाली रगत बगाको टिस्टाको पानी नसुक
सुनगाभा र लालीगुराँस सधैं यही फुलीरहो
काँगडा किल्ला थुम्को नै डन्डिवियो खेल्ने मैदान हो ।

देशको लागि अगाडि बढ्नु यही देशको हित
सधैं भरी बचाउँदै यो नेपाल माता !!!

•

हामी कसैबाट धोका पाउँदैनौं, हामी स्वयंलाई धोका दिन्छौं ।
– गेटे

गरीबको कहानी

– रूपा चौलागाईं

खै, कसरी बताऊँ, म मेरो कहानी
कहाँदेखि सुरू गरौं कहाँ पुगी अन्त
कहिले घाम त कहिले पानी
कहिले माया त कहिले घृणा
यसरी नै बित्छ मेरो जिन्दगानी ॥

कुनै अन्जान शहरको गल्लीमा भौतारिंदै
भोक, प्यास, तिर्खाको पनि ख्यालै नगरी
काम खोज्दै गल्ली गल्ली चहार्नेको
कसरी बयान गरौं म मेरो कहानी

न परिवार, न घर, छैन कोही पनि
खालि काम मात्रै खोज्दै हिंड्ने
कहिले पानीमा रुज्ने, त कहिले टन्टलापुर घाम
यो भन्दा बढी के भनौं, म मेरो जिन्दगानी

भि.एस् निकेतन, कक्षाः–७

हार्दिक शुभकामना

नव वर्ष २०६० को पावन अवसरमा समस्त ग्राहकवर्ग तथा नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

उद्धब चौलागाईं
बी.वाराही सेक्युरिटी सर्भिस प्रा.लि.
लगनखेल, ललितपुर
फोन : ५५३८४८३, फ्याक्स : ५५२८०६५

चौलागाईं बन्धुहरूलाई सेक्युरिटी गार्ड चाहिएमा विशेष छुटका साथ उपलब्ध गराइनेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

म

– मुना चौलागाईं

सधैं कल्पना विपरीत चाहना गरें
अनि चाहना विपरीत कल्पना गरें
ओठहरू नै गुम्सेको व्यथाहरूको लागि
शून्य-शून्यले नै बनेको परिधि बनें
म केबल बिधुवाको सिन्दूर बनें
अनि आँखाबाट झरि सकेको आंसु बनें
छाती भित्रै विलाएको व्यथाहरूको लागि
अन्जानैमा आफैं त्यसको कारण बनें
म वर्षौंसम्म नजलाइएको जिउँदो लाश बनें
अनि खण्डहरमाथि थपिएको तला बनें
कहिल्यै नपल्टाइएको इतिहासको लागि
बस, थोत्रा कागजका एक पाना बनें
म पानीमा कोरिएको अस्तित्व विहीन रेखा बनें
अनि मात्र उधारोको क्षणिक खुसि बनें
घायल मेरो कोमल मुटुको लागि
आफैं प्रश्नरूपी एक प्रहार बनें
म नचाहेर स्वीकारिएको तृष्णाको पानी बनें
अनि कसैमाथि लादिएको चिन्ता बनें
मैले नचाहेको झुटा सौताको लागि
निर्दोष मेरा इच्छाहरू, सारा रवाफ बनें

दमक- ११ झापा
फोन नं. ०२३-५८१७८८

"..... हुन्छ"

– विकास चौलागाईं

भेट हुँदा एकान्तमा बोलिदिए हुन्छ,
बन्द ढोका मनको अब खोलिदिए हुन्छ,
तिमीले जे सम्झिए पनि आफ्नैं सम्झिएको छु ।
सामु पर्दा अब लजाउन छोडिदिए हुन्छ ।

मन भरि रोपेको छु स्नेहका फूलहरू,
हुर्काउन मात्र तिमीले गोडिदिए हुन्छ ॥
रंगिन यो जीन्दगीलाई अंझै रंगीन बनाउँन,
मात्र अलिकति मायाको रंग घोलिदिए हुन्छ ॥।

दमक -११ झापा
फोन नं. ०२३-५८१७८८
कक्षा: ९

सत्य बोल, प्रिय बोल । अप्रिय सत्य नबोल । प्रिय भएर पनि असत्य नबोल, यही सनातन धर्म हो । – मनु

नव वर्ष २०६० सालको सुखद उपलक्ष्यमा सम्पूर्ण नेपालीहरूमा



हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
ई. उद्धब राज चौलागाई
तथा
ERMC (P) Ltd./ Udya Cunsultancy Family

नयाँ बानेश्वर, काठमाडौं
पो.ब.नं. १२४१९
फोन नं. ४४८३०६४
मोवाइल : ९८१०३६६५३
E-mail : safe@ermc.wlink.com.np/ ermcnepal@yahoo.com

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भेटघाट

– वलराम चौलागाईं

दाजुभाइ दिदी बैनी सबलाई नमस्कार गर्छु
सधैभरि भेटघाट गर्ने सानो प्रस्ताब राख्छु
चौलागाईं बन्धुहरू भेला गर्ने ठाउँ
यस गाउँलाई सधैभरि ठूलो माया लाउँ ॥

कोही बने मन्त्रीज्यू त कोही डाक्टर साहेब
वकील बने ईन्जिनियर पण्डित बने शायद
चीसो चीसो हावा वग्छ चमेलीको चोली
हिमाल हाँस्छन् मुस्कुराउँदै मनको ढोका खोली ।

आज हाम्रो भेटघाट भयो दुःख सुख साट्न
जे जस्तो आर्जन गर्यौं सक्छौं हामी बाँड्न
एउटै जन एउटै धन पुर्खाको बोली
नबिसौंन सबले हामीलाई देखाउँ दिल खोली ॥

–भ.पु.जि.दधिकोट–२

भानुभक्त

– बिस्मिता शर्मा

निस्वार्थ भक्ति रामको गरी
लेख्यौ रामायण काव्य रसले भरी
पायौ नाम आदिकवि भानुभक्त
धन्य ! धन्य ! तिमी हे ! भानुभक्त ॥

जब तिमीले आफ्नो सिपालु हातले कलम चलाउँदा
आयो छाल मेचीकालीमा रामायण लेख्दा
जब तिमीले रामायण लेखी सिध्यायौ
तब तिमीले ख्याति बहुत कमायौ
पायौ नाम आदि कवि भानुभक्त
धन्य ! धन्य ! तिमी हे ! भानुभक्त ॥

पायौ प्रेरणा घासीबाट
ओझेल भयौ तिमी यी दुई नयनबाट
पायौ नाम आदिकवि भानुभक्त
धन्य ! धन्य ! तिमी हे ! भानुभक्त ॥

–एस. ओ. एस.हर्मन माइनर स्कूल, कक्षाः ५

हार्दिक शुभकामना

नव वर्ष २०६० सालको सुखद उपलक्ष्यमा सम्पूर्ण नेपालीहरूमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

प्रो. तारा चौलागाईं
तारा राईस मील
हेटौंडा, फोन : ०५७–५२०९२०
०५७–५२३५०९

नव वर्ष २०६० सालको सुखद उपलक्ष्यमा
सम्पूर्ण नेपालीहरूमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

प्रो. हरेराम चौलागाईं
मचाः स मील
तीनकुने, कोटेश्वर
फोन : ४४८१९४७
आजै सम्पर्क गर्नुहोस्
यहाँ विभिन्न जात तथा साइजका काठहरू थोक तथा खुद्रा बिक्री गरिन्छ । साथै तयारी खापा, चौकोस लगायत विभिन्न डिजाइनका फर्निचर, सोफा, दराज, डाइनिङ्ग टेवुल आदि सुपथ मूल्यमा अर्डर बमोजिम तयार गरिन्छ ।
नोट : बन्धुहरूलाई विशेष छुट ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"मन"

– सुशीला चौलागाईं

कहाली लाग्दा भीर पहरामा रमाउने मान्छेको मन
उजाड मरुभूमिमा कताकता रुने मान्छेको मन
हजार सपना बिउँझने पनि मान्छेको मन
कल्पनाले आकाश छुने पनि मान्छेको मन ॥

वेदनामा अल्झिएर दुःखमा रुने पनि मान्छेको मन
खुशी उल्लासमा हाँस्ने पनि मान्छेको मन
छलकपट भरिएको पनि त्यही मान्छेको मन
निर्दोष निश्छल हृदय पनि मान्छेको मन ॥

हजार मान्छे हजारै थरीका मन
संसार हाँक्ने मन मान्छे पिच्छे फरक छन
जिन्दगी बनाउने मार्गमा पनि मान्छेको मन
जिन्दगी हत्याउने मार्गमा पनि मान्छेको मन ॥

कहिले रुने मान्छेका मन कहिले हाँसी रहन्छन्
थरी थरीका मान्छे भावना फरक फरक छन्
राम्रो नराम्रो सब त्यही मनले नै गर्दछन्
त्यसैले सबभन्दा ठूलो मान्छेको मन ॥

ललितपुर, गोटीखेल

•

नव वर्ष २०६० सालको सुखद
उपलक्ष्यमा सम्पूर्ण नेपालीहरूमा
हार्दिक मंगलमय
शुभकामना
व्यक्त गर्दछौं ।

साझा प्रकाशन परिवार
पुल्चोक, ललितपुर

जीवनको दौड

– दीपा चौलागाईं (पूर्णता)

म दौडिदै थिएँ जीवनमा
एकै चोटि खर्लप्प लडें
हात भाँचियो तर हरेस नखाइ
उठें अनि पुनः
दौडिन थालें
किनकि मलाई गन्तव्य छुनु थियो ॥
दोस्रो पटक पनि लडें
एउटा खुट्टा भाँच्चियो
तै पनि विचलित भइँन
घिस्रिदै घिस्रिदै फेरि दौडिन थाले
मेरो लक्ष्य तर्फ
त्यो भाँच्चिएको हात र खुट्टा लिएर ॥
केही पर पुगेकी थिएँ
जीउ नै लथालिङ्ग परेर झन्यो
अब त जिउँदो लाश भएँ
तर
लक्ष्यमा पुग्ने सपना टुटेन
झरेको जीउ लिएर
कष्टपूर्ण अवस्थामा फेरी उठें
कहाँ पुगें पत्तै थिएन
ब्युँझिएर हेर्दा त
म मेरो गन्तव्यमा पुगिसकेकी रहेछु
मेरो जीवनको दौड सफल भएछ
म दौडिन थाकिन
र त गन्तव्यमा पुगें
त्यसैले मानें मैंले
"असफलता नै सफलताको प्रतीक हो"
भन्ने उखानलाई ॥

मदन भण्डारी कलेज
रातोपुल, काठमाडौं

•

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नभइदिए हुन्थ्यो

– सृजना घिमिरे

मेरो भाउज्यूको पहिरन त पूरै सेतो भइसक्यो
मेरो आमाका अश्रुग्रन्थीहरू थाकिसके
अब तल्लो घरको भाउज्यूको सौभाग्य नखोसिएहुन्यो
मेरो आमासंगका आँसु त रित्तिसक्यो
अब तल्लो घरको आमाको आँखा नरसाइदिए हुन्थ्यो ।

मेरो लागि त मखमली फूल पनि ओइलिसक्यो
"प्यारी बैनी" भन्ने शब्द पनि मरिसक्यो
अब मास्लो घरको बैनीको मखमली नओइलाइ दिएहुन्थ्यो
मेरो लागि त सप्तरंगी टीका पनि मेटिइसक्यो
अब मास्लो घरको बैनीको सप्तरंगी नपुछिए हुन्थ्यो ।

हाम्रो त आशा मऱ्यो, विश्वास टुट्यो भरोसाको खाँवा नै ढल्यो
अब यी सब कुरा छिमेकी घरमा नभइदिए हुन्थ्यो
हामी त भाव विह्वल भएर बाँच्न बाध्य भएका छौं
हाम्रो अगाडि त चारैतिर अँधेरो छाएको छ
अब हाम्रा छिमेकीको सूर्य नअस्ताइदिए हुन्थ्यो ।

तल्लो घरको आमाको आँखा नरसाइदिने
मास्लो घरको बैनीको मखमली नओइलारहने
छिमेकी घरको सूर्य नअस्ताइरहने
यही छ मेरो सबै भन्दा ठूलो इच्छा
नव वर्षको उपलक्षमा सबैमा हार्दिक शुभकामना व्यक्त गर्दै ।

हार्दिक शुभकामना

नव वर्ष २०६० सालको सुखद उपलक्ष्यमा
सम्पूर्ण नेपालीहरूमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

SEMAN
YUG R. TAMRAKAR
Managing Director
NEPAL SOLAR ENERGY SOCIETY 1996

SOLAR ELECTRICITY CO. PVT. LTD.

Manufacturer of Solar Photovoltic System
Solar Complex, Bahbazar
Phone : 977-1-4225253m 977-1-4227876
Fax : 977-1-4223851
P.O.Box No.: 12515, Kathmandu, Nepal
E-mail : ises@healthnet.org.np

नव वर्ष २०६० सालको सुखद उपलक्ष्यमा
सम्पूर्ण नेपालीहरूमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

Quality Service is our Promise

SAI POLY CLINIC & DIAGNOSTIC CENTRE

(Infront of Teaching Hospital, Maharajgunj)
Tel : 977-1-4443165

Available Services

Specialized Doctor's Clinic, Advanced Pathology Lab, Ultra Sound X-ray, Electro Encephalogram (EEG), Electrocardiogram (ECG).

24 Hours Dervice Available

मलाई जति नरकको ढोकासँग घृणा छ, त्यति नै त्यो व्यक्तिसँग छ, जो हृदयमा एउटा कुरा राखेर अर्को कुरा व्यक्त गर्छ ।
– होमर

ज़ुन त्यागको कारण अभिमान उत्पन्न हुन्छ त्यो त्याग होइन । त्यागबाट शान्ति प्राप्त हुनुपर्छ । अन्ततः अभिमानलाई त्याग्नु नै साच्चा त्याग हो ।– विनोष भावे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्मरण

शान्ति, यज्ञ र पदयात्राः एक राष्ट्रिय अभियान

– केशवप्रसाद चौलागाईं

मानव सभ्यताको विकास सँग–सँगै अप्ठ्यारा–असहज परिस्थितिहरूले सृष्टिलाई नै नकारात्मक प्रभाव पार्ने खालका कार्यहरू मानवबाटै हुने गरेको परिस्थितिमा "शान्ति" को लागि मानवहरू केन्द्रित हुन थाल्दछन् । तसर्थ विवेकपूर्ण ढंगले सहजताकासाथ मानवीय जीवन सुचारुरूपले चल्न सकोस् भन्ने अभिप्रायले शान्तिको कामना गर्न पुगिन्छ । समग्रमा भन्नुपर्दा सम्पूर्ण प्राणीहरूले एउटा सहज वातावरणमा जीवन बिताउन पाउनु नै शान्ति हो । यो तथ्यलाई वैदिक कालमै प्रयोगमा ल्याउन थालिइसकेको हाम्रो प्राचीन ग्रन्थ र तदनुरूप आजसम्म चल्दै आएको प्रकृया "यज्ञ" हो ।

ॐ शान्ति ..... को ऋचासँगै हवनात्मक यज्ञको विधि यति वैज्ञानिक र प्रभावकारी छ कि त्यस यज्ञ विधिको प्रभावकारिताको विकल्प अर्को देखिएको छैन । यज्ञको प्रभाव, महत्त्व र इतिहासलाई छोटो समय र स्थानमा वर्णन गर्न नसकिने हुनाले मेरो त्यस यज्ञ–विधि र शान्तिको लागि त्यसको प्रयोगको क्रममा भएका विराट यज्ञ र पदयात्रामा मेरो सहभागिताको प्रसंगतर्फ उन्मुख हुन चाहन्छु ।

विद्यार्थी जीवनको पठन–पाठनसँगै यावत सृष्टिका प्राचीन तथा नविन चिन्तन र प्रयोगहरूको जानकारी राख्ने कौतूहलले राजनीतिक सहभागितासँगै जीवन र जगतको सम्पूर्ण रहस्य र तथ्यहरूप्रति जानकारी राख्ने प्रयत्नस्वरूप अध्ययनशीलताका साथै वैराग्यको स्थितिमा मलाई पुऱ्यायो त्यही वैराग्यले अझ अनुसन्धानको लागि मलाई प्रेरित गरेको हुँदा शीतयुद्धको अवस्थाबाट गुज्रिइरहेको विश्वमा यज्ञ र ज्यामितिको प्रसंग पनि सामुन्ने आयो । स्वामी विवेकानन्दज्यूको दृष्टिमा ज्यामितिको विकास यज्ञको वेदीबाट भएको प्रसंगले प्राचीन युनानी दार्शनिक "पाइथागोरस" का ज्यामितिका सिद्धान्तसम्म अनुसन्धान गरिरहेकै बेला विराटनगरमा एउटा यज्ञको आयोजना हुने समाचार पाएँ । मेरो विचार र अनुसन्धानकै क्रममा यज्ञ पनि देख्न पाउने कुराले पारेको खुसी र कौतूहल आजसम्म पनि यथावतै छ । "साङ्गगायत्री पुरश्चरण" तथा "विश्व शान्ति महायज्ञ" को नाउँमा विराटनगरमा सन् १९८५ मा भएको भव्य महायज्ञले यज्ञको विधि, प्रभावकारितादेखि वैदिककालका चिन्तकहरूको मानव कल्याणप्रतिको प्रतिवद्धतासँगै जीवन र जगतलगायत प्रायः सम्पूर्ण विधामै चिन्तन गरेको पाएँ ।

अन्तराष्ट्रिय शान्ति वर्ष १९८६ र विश्व शान्ति महायज्ञः

यज्ञ र शान्तिको प्रसंग चलिरहेको अवस्थामा एउटा विराट संकल्प विश्वशान्तिका लागि नेपाली बाबा पं तेजनाथ शर्माज्यूले लिनु भएको थाहा पाएँ । विराटनगरमा यज्ञ पनि उहाँलेनै आयोजना गर्नु भएको थियो । १९८५ मा लिनु भएको संकल्प स्वरूप १९८६ लाई संयुक्त राष्ट्रसंघले अन्तर्राष्ट्रिय शान्ति वर्षको रूपमा मनाउने निर्णयले बाबाको विचारलाई सार्थकता दिएको जस्तो लाग्यो । शीतयुद्धको अवस्थाबाट गुज्रिइरहेको त्यस वखतको विश्वमा शान्तिका लागि पूर्वीय चिन्तन र प्रविधिको माध्यमबाट एउटा नेपालीले गरेको संकल्प आफैंमा एक अभियान थियो । त्यसमा पनि ११००० ब्राम्हणहरूद्वारा ३० दिन व्यापी त्यति ठूलो यज्ञ भारतवर्षकै इतिहासमा नगरिएको आयोजन थियो । अनुष्ठानकै हिसाबले पनि ११ अतिरुद्री ९ लक्षचण्डी, ८४०००. आवृत्ति गणेश अथर्व शीर्ष पारायणलगायतका अनुष्ठान वास्तवमा एकैचोटी आजका दिनसम्म पनि आयोजित भएको छैन । मात्र चिया खाएको भरमा पशुपतिनाथबाट पदयात्रा गरेर यज्ञको आयोजना स्थल भारतको विन्ध्याचल विन्ध्यवासिनीसम्म आई यज्ञ सम्पन्न गरी पुनः त्यसैगरी पदयात्रा गर्दै पशुपतिनाथमा गई अन्तिम समापन गरी राष्ट्रियताप्रतिको सम्मान पनि दर्शाउन सफल त्यस महायज्ञले नेपाली बाबालाई "शान्तिदूत" कै रूपमा स्थापित गराउन सक्यो भन्दा कुनै अतिशयोक्ति नहोला शीतयुद्धको स्थितिबाट संसारलाई मुक्त गराउनमा त्यस महायज्ञको पनि प्रभाव परेको थियो भन्ने मेरो निजीमान्यता पनि रहेको छ । संयुक्त राष्ट्रसंघले पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यस महायज्ञ आयोजनाको सफलताको कामना गर्दै शुभकामना पठाएको थियो ।

त्यस महायज्ञलाई सर्सर्ती मूल्याङ्कन गर्दा निम्न विशेषता र महत्त्व रहेको पाइन्छ । (क) हतियारको होड र संग्रहले दुई शक्तिशाली राष्ट्र र संगठनले निम्त्याएको शीतयुद्धको स्थितिमा सारा विश्व र संयुक्त राष्ट्रसंघले शान्तिको कामना र प्रयास गरिरहेको परिप्रेक्षमा पूर्वीय चिन्तन र प्रविधि "यज्ञ" आयोजनाद्वारा शान्ति प्रकृयामा सहभागी भई सम्पूर्ण विश्वमा शान्तिप्रतिको प्राचीन प्रतिबद्धता र प्रविधिको परिचय गराउनु । (ख) शान्तिप्रतिको यस्तो विशाल आयोजना नेपालीद्वारा हुनु । (ग) अनुष्ठानका हिसाबले भारतवर्षकै आजसम्मको इतिहासमा नभएको यज्ञ भएकोले भारतको विन्ध्याचल, विन्ध्यवासिनीलाई आयोजनस्थलको रूपमा चयन गरी त्यसको वैदिक, पौराणिक महत्त्वलाई तत्सम्बन्धी सबैमा पुऱ्याई एउटा गौरवपूर्ण इतिहास कायम गराउन सक्नु । (घ) भारतमै आयोजना गरिएको भए पनि ऐतिहासिक यज्ञको प्रधान आचार्य नेपाली विद्वान पं. गंगाधर पराजुलीलाई बनाई यज्ञको शुरुवात र समापन पशुपतिनाथबाट पदयात्रा गर्दै सम्पन्न गराई नेपाली राष्ट्रिय सर्वोच्चतालाई दर्शाउन सक्नु आदि महत्त्व र विशेषताहरू हुन् । साथै भारतीय विद्वान, संत-महन्त, शंकराचार्यहरू तथा जनसमुदायमा एक युवा नेपाली बाबाको सत्संकल्प र त्यसको सफलताले धार्मिक नेतृत्त्वको क्षमता नेपालीहरूमा पनि रहेछ भन्ने प्रमाणित गऱ्यो । आजसम्म पनि अर्को कुनै व्यक्ति वा संस्थाले त्यस्तो विशाल यज्ञ गर्न सकेका छैनन् भारत वर्ष मै । त्यस्तो ऐतिहासिक यज्ञमा २४-२५ वर्षको उमेरमा पूर्णकालिक व्यवस्थापक, आयोजक भएर करीब एक वर्ष यज्ञस्थल भारतमै रहेर सहयोग पुऱ्याउन सकेकाले सानो मुलुकका नागरिकले पनि आफ्नो संकल्प र कार्यद्वारा ठूलो ऐतिहासिक गौरव बढाउने कार्य गर्न सकिने रहेछ भन्ने आत्मविश्वास बढेर आएको छ ।

नेपाल अधिराज्यको पदयात्रा र भावनात्मक एकीकरणः

ऐतिहासिक विशाल यज्ञको सफल आयोजन पश्चात पुनः नियमित झैं अन्य यज्ञ अनुष्ठान चलिनै रहेका थिए । त्यसै बखत गणेश पुराणमा आधारित गणेश महायज्ञ चलिरहेको बेला पुनः नेपाली बाबाले दोश्रो ठूलो आयोजनाको संकल्प लिनु भयो । त्यो कार्यक्रम थियो नेपाल अधिराज्यको पदयात्रा । सुन्दा सामान्य लागे पनि पदयात्रा कार्यक्रम ऐतिहासिक र कठिन थियो । मानव मात्रको प्रयासले संभव नहुने कार्यक्रम थियो । मेचीदेखि महाकाली र महाकाली देखि पुनः पहाड, हिमाल हुँदै अधिराज्यको पचहत्तरै जिल्ला पुग्दै पुनः मेचीमा पुगी समापन भएको पदयात्रा ईश्वरीय सहयोग र इच्छाले मात्र संभव भएको एक सहभागी पदयात्रीका हिसाबले मलाई लागेको छ । एक दिन पनि विश्राम नलिइकन ६५०० कि.मि. बराबर पचहत्तरै जिल्ला पुगी धार्मिक समाजिक कार्य गर्दै पुनः प्रस्थान बिन्दुमा आईपुग्ने कार्यक्रम सम्पूर्ण नेपालीहरूलाई भावनात्मक रूपले एक सूत्रमा बाँध्ने एकीकरणको एक सशक्त अभियान नै थियो । पृथ्वीनारायण शाहले राज्य एकीकरण पश्चात भावनात्मक एकीकरणको राष्ट्रिय कार्यक्रम थियो त्यो पदयात्रा । चियामात्र खाएको भरमा प्रकृतिको विविधतालाई छिचोल्दै करीब एक सय जनाको पदयात्रीहरूलाई नेतृत्त्व गर्दै विविध जन-जागरणमुखी कार्यक्रमहरू सम्पन्न गर्दै भोक, प्यास थकाईहरूलाई वास्ता नगर्दै मात्र नेपाल र नेपालीहरूको भावनात्मक एकीकरणको प्रयास त्यो पदयात्रा थियो । मेची नदीबाट जल बोकी महाकालीमा र महाकालीको जल पुनः मेचीमा प्रवाहित गरी एक सूत्रमा नेपालीहरूलाई बाँधी राष्ट्रिय एकीकरणलाई मजबूत पार्ने राष्ट्रिय आध्यात्मिक अभियान एक अलौकिक अभियान थियो । हामी नेपालीहरूको दृष्टिकोण, स्थिति, भावनालाई उच्चतर अवस्थामा पुऱ्याई विश्वदृष्टिकोणमा गौरव प्राप्त सक्षम जातिको रूपमा नेपालीहरूलाई प्रतिष्ठापित गर्ने कार्यक्रम थियो त्यो पदयात्रा । १२१ दिनमा सम्पन्न उक्त पदयात्रा धार्मिक व्यक्तित्वले गरेको संकल्प सहितको पदयात्रा भएकाले प्रकृतिको विविधता र विकटताहरूलाई सहजै छिचोल्न सफल भएको थियो ।

पदयात्राको निरन्तर सिलसिलाः

सदैव सकृय र जागरुक देखिइनुहुने नेपाली बाबाले पुनः अन्य दुईवटा ऐतिहासिक पदयात्रा गरेर भारतवर्षकै इतिहासमा अग्रणीस्थान बनाउन सफल हुनुभयो । २०४८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सालमा मुक्तिनाथदेखि भारतको कन्याकुमारीसम्मको ४५०० कि.मि. पदयात्रा तथा २०५० सालमा कन्याकुमारी देखि द्वारिका हुँदै बद्रीनाथधामसम्मको ६२०० कि.मि. पदयात्राले नेपालको हिमालय उच्चश्रृंखलादेखि भारतको कन्याकुमारीको समुद्रतट र हिमालसँगको तादत्म्यता कायम गर्न सक्यो । उपरोक्त पदयात्राहरूले नेपालीको गौरव मात्र बढाएन अपितु भविष्यमा गरिइनु पर्ने कार्यको पनि रेखाङ्कन गर्न सक्यो । पशुपतिनाथ, गुरु गोरखनाथको देशको रूपमा आस्था र श्रद्धा पाएको नेपालले धार्मिक पदयात्राद्वारा नेपाल-भारतलाई समग्ररूपले समेट्न सकेको हुँदा धार्मिक, सांस्कृतिक सामिप्यताका साथै त्यसको नेतृत्व नेपाली व्यक्तित्वको हातमा आइ परेको कुरा आफैमा गर्वको विषय हो । हरेक क्षेत्रमा ठूलो राष्ट्रको हैसियतले आफ्नो वर्चस्व राख्ने भारतका सामुन्ने नेपाली बाबाद्वारा गरिएको यज्ञ र पदयात्राहरूले वर्चस्व र नेतृत्त्व दुवै नेपाल र नेपालीको पक्षमा पार्न सफल भएको छ । हाम्रो जीवन कालमा सम्पन्न उपरोक्त ऐतिहासिक यज्ञ र पदयात्राको विशिष्टतालाई चिरस्थायी बनाउन सके नेपाल र नेपालीको गौरवलाई अझ बढाउन मद्दत पुग्न गई हाम्रो पनि दायित्व पूरा गर्ने अवसर प्राप्त हुने छ । त्यही महत्त्व र उत्तरदायित्वलाई बोध गर्दै २०४२ सालको ऐतिहासिक शान्ति महायज्ञदेखि आजपर्यन्त त्यस अभियानमा सरिक भै सहयोगीको भूमिका निर्वाह गरिरहेको छु ।

हामी चौलागाईं कसरी भयौं

-रामजी चौलागाईं

"हामी चौलागाईं कसरी भयौं !" बाल्यकालदेखि नै मेरो मानसपटलमा यो जिज्ञासा उठिरहन्थ्यो ! आफ्ना अग्रजहरूसँग सोधेको थिएँ । उहाँहरूको कथन थियो 'पहिला हाम्रा पुर्खा जुम्लामा बस्ने गर्दथे । जुम्ला गाउँबाट अपभ्रंश हुदै चौलागाईं हुन पुगेको अरे ।' अर्को कथन थियो कि 'चौंरी भन्ने ठाउँमा बस्ने भएकाले 'चौंरी गाउँ' हुँदै त्यहाँ बस्नेहरू चौलागाईं भएका ।' चौलागाईंलाई धेरै ठाउँमा 'चौरेल' पनि भनिन्छ । तर मेरो चित्त बुझेको थिएन । जिज्ञासा पूरा भएको थिएन । अधूरै थियो ।

मेरो अधूरो जिज्ञासालाई स्वर्गीय योगी नरहरिनाथले पूरा गरिदिनुभयो । पुष्ट्याई दिनुभयो । वंशावली खोज तथा प्रकाशनका क्रममा वंशावली तयारी केन्द्रीय समिति (हाल चौलागाईं प्रतिष्ठान) को पहलमा हाम्रा आदरणीय बन्धुहरूले चौलागाईंको ऐतीहासिक पृष्ठभूमीको तथ्य संकलन गरी प्रकाशन गरी मेरो अपूरो जिज्ञाशालाई पूरा गरिदिनुभएको छ । कोटी-कोटी श्रद्धाञ्जली स्वर्गीय योगी नरहरि नाथलाई मुरी मुरी धन्यवाद छ खोजकर्ता बन्धुहरूलाई ।

प्रशिद्ध दाता कहलिएका वलिराजले आफ्नो दिग्विजय यात्रामा जानेक्रममा शाके १३०० मा कर्णाली अञ्चल जुम्ला जिल्लाको चारै तिर पवित्र नदीहरूले घेरिएको सुन्दर चौडिल्लामा अश्वमेघ यज्ञ गरी उक्त ठाउँ प्रसिद्ध भट्ट (पुरोहित) लाई ताम्रपत्रे बिर्ता दिएका रहेछन् । चौलागाईं पहिला भट्ट रहेछन । भट्ट भनेको पण्डीत । सर्वोच्च वेद आदिका ज्ञाता पण्डित रहेछन् । राजाले यज्ञ गरी जुन पुरोहित भट्टलाई उक्त चौडील्ला गाउँ बिर्ता दिए । अर्थात जस्ले चौडील्ला गाउँ बिर्ता पाए तिनका सन्तान हामी चौलागाईं भएका रहेछौं । मेरो जिज्ञासा पूरा भएको छ ।

चौलागाईंहरूको मात्र हैन सम्पूर्ण मानवमात्रका ज्ञाता विद्वान योगी नरहरिनाथलाई आज हामीले गुमाइसकेका छौं । उहाँ स्वर्गीय हुनुले हामीलाई मात्र हैन सिंगै राष्ट्रलाई ठूलो क्षति पुगेको छ । विधिको विधान, जो मानिसले टार्न सक्दोरहेनछ । पुनः कोटकोटी श्रद्धाञ्जली छ स्वर्गीय विद्वान योगी नरहरिनाथलाई ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पशुस्वास्थ्य

पि पि आर- भेडाबाखाको गोटी

डा. भीमनाथ चौलागाई

भेडाबाखामा लाग्ने रोगहरूमध्ये पि पि आर पनि एक मुख्य रोग हो । यो रोग गाईवस्तुमा लाग्ने गौ गोटी रोग जस्तै संक्रामक रोग हो । यो पि पि आर पारामिक्जोभिरिडे परिवार अन्तरगतको मर्विली भाइरसका कारणले लाग्दछ । यो भाइरस, गाईवस्तुमा गौ गोटी, मानिसमा दादुरा र कुकुरहरूमा लाग्ने डिस्टेम्पर भाइरससँग मिल्दोजुल्दो छ । गाई भैंसीहरूमा पि पि आर रोग लाग्दैन भने मृगहरूमा यो रोग लागेको पाइएको छ ।

पि पि आर सम्बन्धी इतिहास कोट्याउँदा सन् १९४२ ताका पहिलो पटक पश्चिमी अफ्रिकी मुलुकहरूमा देखा परेको थियो । हाल अफ्रिकी तथा एसियाली मुलुकहरूमा इन्डेमिक भइसकेको छ । हाम्रो देश नेपालमा यो रोग सन् १९९५ मा पूर्वी तराईका जिल्लाहरू जस्तै - रौतहट, बारा, पर्सा, धनुषा, सर्लाही, महोत्तरी र मोरङमा पहिलो पटक देखापऱ्यो । त्यसपछिका दिनहरूमा देशका अन्य जिल्लाहरूम फैलदै गई विभिन्न साठी जिल्लाहरूमा देखापऱ्यो । प्रथम पटक नेपालमा यो रोग भारतबाट भित्रिएको अनुमान गरिएको छ । तराईका जिल्लाहरूमा देखापरेको यो रोग हिमाली जिल्लाहरूमा पनि देखा परिसकेको पाइन्छ । यति छोटो अवधिमा यो रोग देशभर फैलनुका कारणहरू मध्ये भेडाबाखाहरूको ओसार-पसार नै प्रमुख मानिन्छ । साथसाथै बथानमा नयाँ भेडाबाखाहरू मिसाएपछि पनि महामारीहरू देखापरेका छन् ।

इन्डेमिक क्षेत्रहरूमा यो रोगबाट प्रभावित हुने भेडाबाखाहरूको संख्या सामान्यतः पचास प्रतिशत भन्दा बढी पाइन्छ र महामारीको अवस्थामा यो दर करीब ९०% सम्म पुगेको पाइन्छ । भेडाभन्दा पनि बाखाहरू यो रोगबाट तीक्ष्ण रूपले प्रभावित हुने गरेको पाइने भएता पनि पश्चिमी पहाडी जिल्लाहरूमा यो रोगको महामारीहरूमा समानुपातिक तीक्ष्णता पाइएको छ । त्यस्तै यस रोगबाट प्रभावित पशुहरूको मृत्युदर पनि सामान्यतः भेडामा १०% भन्दा कम र बाखाहरूमा ५% देखि ८५% सम्म पाइने गरेको छ । यद्यपि देशभरिको तथ्याङ्क केलाउँदा भने औसतमा ३३% मात्र पाइएको छ ।

गाई बस्तुको गौ गोटीमा जस्तै यो रोग रोगी पशुहरू, दूषित पदार्थहरूसँगको लसपस तथा संसर्गबाट सर्ने गर्दछ । दिशा, सिंगान, आँसु, च्याल तथा कचेरामा यस रोगका कारक भाइरसहरू प्रशस्त मात्रामा पाइने गर्दछन् भने रोगका कारक भाइरसहरू मुख्यतः श्वास प्रश्वासबाट शरीरमा प्रवेश गर्दछन् । खास गरेर तीन महिना देखि एक वर्ष उमेरभित्रका पाठापाठीहरूलाई बढी आक्रमण यो रोगले गर्दछ । त्यसकारण आर्थिक रूपले पनि, नेपालको सन्दर्भमा यसले महत्त्वपूर्ण स्थान लिएको छ । भेडाबाखा पाल्ने कृषकहरूले करौडौंको नोक्सानी व्यहोर्नु परेको छ ।

पि पि आर रोगका लक्षणहरूः- यो रोग तीक्ष्ण अथवा अतितीक्ष्ण हुन सक्तछ । रोग लागिसकेपछि बिरामी जनावरको तापक्रम ४०° सेल्सीयससम्म पुग्नु, झोक्राउनु, हाच्छिऊँ गर्नु र आँसु तथा सिंगान बग्नु प्राथमिक लक्षणहरू हुन् । त्यसपछि जनावरको मुखमा स-साना घाउहरू विकसित भै मुखभरि फैलिन्छ र थुतुनो/ओठ सुन्निन्छ । जनावरको मुखबाट दुर्गन्ध आउँछ र दाना पानी खान सक्तैन । आँसु र सिंगान बाक्लो र पीप जस्तो हुँदैजान्छ । आँखा र नाक बन्द पनि हुन सक्तछ । बिरामी भएको तेस्रो चौथो दिनहरूमा छेरौटी लाग्न सक्तछ र दिशा पानी जस्तो पातलो र रगत पनि मिसिएको हुन सक्तछ । श्वास प्रश्वास प्रक्रियामा अवरोध हुँदै अन्त्यमा बिरामी जनावरको मृत्यु हुन्छ ।

रोगको रोकथामः- (१) रोगी भेडाबाखाहरूलाई स्वस्थ भेडाब्रखाहरूबाट अलग र टाढा राख्ने । (२) सामूहिक चरीचरान भए बन्द गर्ने र बंधुवा गरी राख्ने । (३) बाहिरबाट ल्याइएका भेडाबाखालाई बथानमा नमिसाउने । (४) यस रोग विरुद्ध खोप लगाउने । (५) राष्ट्रिय पि पि आर रोग नियन्त्रण आयोजना र सम्बन्धित निकायहरूसँग सम्पर्क राखी रोकथाम तथा नियन्त्रण सम्बन्धमा चासो राखी जनचेतना बढाउने ।

सावधानी

(१) पि पि आर खोपलाई अटूट रूपमा चीसोको व्यवस्था अनिवार्य गर्ने ।

(२) खोपको ढुवानी गर्दा कुलबक्समा अनिवार्य राखी अनि मात्र ढुवानी गर्नुपर्दछ ।

(३) खोपको प्रभावकारितालाई प्रतिकूल असर नपर्ने गरी खोपको भण्डारण गर्नुपर्दछ ।

(४) खोपको आयुको बारेमा ख्याल राख्नुपर्दछ ।

(५) खोलीसकेको खोपलाई छिटो प्रयोग गरिसक्नुपर्दछ ।

(६) खोप लगाउँदा - "छालामुनी" लगाउनुपर्दछ ।

(७) बरफको व्यवस्था निरन्तर गर्नुपर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चिकित्सा

प्राकृतिक चिकित्सा: एक परिचय

– राजकुमार चौलागाईं

आधुनिक युगमा उपचारका धेरै तरिकाहरू दिनानुदिन वृद्धि भई रहेका छन् । ती उपचार विधि मध्ये कतिपय औषधि खुवाएर निको पार्ने गरिन्छ भने कतिपय चिरफार गर्ने विधिहरू हुन्छन् । तर यसै विधि मध्ये यउटा यस्तो विधि पनि छ जसमा न कुनै औषधि नै प्रयोग गरिन्छ न त चिरफारको आवश्यक पर्दछ । यसमा त आहार विहारलाई सन्तुलनमा राखेर नै विरामीका रोग निको पारिन्छ ।

के हो त त्यस्तो विधि जसमा न कुनै औषधि प्रयोगको आवश्यकता न चिरफारको नै आवश्यकता त्यो विधि नेचुरल थेरापी अथवा प्राकृतिक चिकित्सा हो । प्राकृतिक चिकित्सामा बिरामीलाई आहार र बिहार मिलाउने तरिका सिकाइन्छ । दैनिक गर्ने गरेको कार्यलाई सही तरीकाले गर्न सिकाइन्छ र आफ्नो स्वास्थ्य आफ्नै हातमा कसरी लिने भनेर सिकाइन्छ । सदैव निरोगी रहन आवश्यक ज्ञान सिकाइन्छ । यही नै त हो प्राकृतिक चिकित्सा । तपाई जुनसुकै समस्याबाट पीडित हुनुहोस् एक प्राकृतिक चिकित्सककोमा पुग्नुभयो भने माथिका कुरा नै सिफारिस गर्दछ ।

प्राकृतिक चिकित्सामा कुनै पनि कृतिम, अनावश्यक कुराको प्रयोग गरिदैन । प्राकृतिक चिकित्सा विधिमा आहार, विहार विचारलाई जोड दिनुको कारण यो हो कि तपाई जस्तो चीज खानु हुन्छ तपाईको विचारलाई त्यसले प्रभाव पार्दछ र विचारको कारणले विकारमा असर पार्दछ जस्तैः– रक्सी पिउन हुन्छ भन्ने विचारमा पनि रक्सीको प्रभाव पर्दछ । तपाई आफूलाई बसमा राख्न सक्नुहुन्न भने के काम गर्नुछ के बोल्नु छ । त्यो भन्दा बाहिर जानुहुन्छ र तपाईको विहारमा हिड्ने तरीकामा पनि विल्कुल असर पर्दछ र सिङ्गो स्वास्थ्यमा नै प्रभाव पार्दछ । हामीले खाने खाना सधैं तेलमसला कम भएको शरीर र स्वास्थ्यको लागि गुणकारी हुनुपर्दछ । खानामा सधैं रेशादार खानेकुरालाई प्राथमिकता दिनुपर्दछ । जसले पाचन प्रणालीमा राम्रो गर्दछ । सही खाना भएमा सही र शुद्ध विचार

आउँछ जस्को विचार शुद्ध र सकारात्मक हुन्छ उसले सदैव असल काममा मन लगाउँदछ । र जीवनमा सधैं अगाडि बढ्न सहयोग पुऱ्याउन सही मद्दत गर्दछ । बिहान सबेरै उठेर चीसो हावामा हिंड्डुल गर्दा शरीरलाई फाइदा हुन्छ ।

प्राकृति चिकित्सा एक पौराणिक तर आधुनिक चिकित्सा विधि हो जसलाई राम्रो सदुपयोग गर्न सकेमा सदा स्वस्थ रहनको लागि न कुनै डाक्टरको आवश्यक, न कुनै औषधि उपचारको आवश्यक, त्यसैले सरल उपयोगी विधि प्राकृतिक चिकित्सालाई अंगालेमा जीवन सुखमय तरीकाले बिताउनमा कुनै अप्ठ्यारो पर्दैन । आजबाट हामी यस विधिलाई अपनाउने प्रण गरौं ।

निरोगधाम नेचरोपेथीक क्लिनिक सातदोबाटे, ललितपुर
फोन नं. ५५४१९९१

हार्दिक समवेदना

जन्म
२०२९।४।२३

स्वर्गारोहण
२०५९।११।३०

स्व. विष्णु चौलागाईं

यस चौलागाईं प्रतिष्ठानका आजीवन सदस्य, मृदुभाषी, इमान्दार एवं सहयोगी बन्धु विष्णु चौलागाईंको असामयिक निधन, भएको सुन्दा हामी भावविह्वल भएका छौं । हामी उहाँको दिवंगत आत्माको चिरशान्तिको लागि कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवार प्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

चौलागाईं प्रतिष्ठान
केन्द्रीय समिति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जानकारी

आयुर्वेदको अवतरण र भारद्वाजको योगदान

–रामजी चौलागाईं

आयुर्वेद प्राचीन चिकित्सा पद्धति हो । पौर्वात्य दृष्टिकोणबाट पाँचौं वेद मानिने, रोग निदानपछि काष्ठादि, रसादि औषधिको प्रयोग गरी उपचार गरिने चिकित्सा पद्धति हो । डा. काशीराज सुवेदीले आयुको स्वरूप, प्रकारहरू, आयुको प्रमाण र त्यसको रक्षा गर्ने उपायहरू आदिको अध्ययन गर्ने शास्त्रलाई आयुर्वेद भनिन्छ भनी परिभाषित गर्नुभएको छ ।

डा. सुवेदीले आफ्नो पुस्तक 'आयुर्वेद विज्ञानमा' आयुर्वेद विज्ञानको विवेचना गर्नुभएको छ । आयुर्वेदको ज्ञान क्रमिक रूपमा फैलने प्रक्रियालाई आयुर्वेदको अवतरण भनिन्छ । आयुर्वेद मानव विकासको क्रमसँगै विकास भएको पद्धति हो । सुवेदी लेख्नुहुन्छ सृष्टिको प्रारम्भमा ब्रह्माले आयुर्वेदको मुल विषयको ज्ञान प्रजापतिलाई दिनुभयो । प्रजापतिले अश्विनी कुमारलाई र उनीहरूले इन्द्रलाई उक्त शिक्षा दिए । इन्द्रले भारद्वाज ऋषि र धन्वन्तरीका साथै कश्यपलाई आयुर्वेद शिक्षा दिए । यी मध्ये भारद्वाजले काय चिकित्सा विषयको विशिष्ट अध्ययन गरे । भारद्वाजले आत्रेय आदि ऋषिहरूलाई आयुर्वेद शिक्षा दिए । भारद्वाज आयुर्वेदका प्रमुख प्राचीन आचार्य मध्येका एक हुन् । यिनले देवताहरूको बीचमा मात्र सिमित रहेको आयुर्वेद विज्ञानलाई इन्द्रबाट हासिल गरी ऋषिहरूमा प्रचार–प्रसार गर्ने उत्कृष्ठ कार्य गरे । आयुर्वेद सम्बन्धी सिद्धान्तहरूमध्ये केहीमा भारद्वाजको विशेष विचार पाइन्छ भनी आयुर्वेद आचार्यहरू भन्दछन् ।

कविता

सच्चाप्रेम गर्नेभए

– नन्दीकेशर चौलागाईं

प्रेम त त्योसंग गर्ने गर जसले तिमीलाई रच्यो
सुन्दर मानव तन वनाएर स्वयं त्यहीं आएर बस्यो
अरूसंग गरिने प्रेम त एउटा मेल मात्र हो
सदा–सदा अमर रहनु पर्थ्यो नत्र त्यो ।

यो संसारमा तिमीले जतिसुकै उन्नति गरे पनि
संसारका सम्पूर्ण मानवसंग प्रेमै गरे पनि
आखिर तिमीलाई साथ दिने त्यही शक्ति हुनेछ
जुन शक्तिले त अहिले तिमीलाई नै चलाइरहेछ

सच्चाप्रेम गर्ने भए ईश्वरसँग मात्र गर्ने गर
मानव जीवन सफल बनाएर संसाररूपी सागर तर्ने गर
आजकल किन हो संसारको भूँवरीभित्रै रुमल्लिदै छ मान्छे ।
आफ्नो खास गन्तव्य पत्ता नलागेर भौतारिएको छ मान्छे

आफ्नै घरभित्र सुनको खानी छोडेर सुन खोज्न ल्हासा पुग्छ मान्छे
वर्तमानलाई लत्याएर भविष्यको आशामात्र गर्छ मान्छे
आफ्नो अगाडिको खाना नखाएर खानाको विवरण मात्र पढ्छ मान्छे
पानी–पानी भन्दैमा तिर्खा मेटिएको विश्वास गर्छ मान्छे

जव मान्छेले आफ्नै घरभित्र उनको खानी पाउला
अनि सबैसँग गरीव छु, दुःखी छु भन्दै किन कराउला?
वास्तविक सुख के हो आजसम्म जान्न सकेन मान्छेले
आर्थिक सम्पन्नतालाई मात्र सुख ठान्यो मान्छेले

– का.प.जि., कात्तिके देउराली, हाल– महादेवस्थान

कविता

ज्ञानी मन

– संजय भरद्वाज

एका विहानै
एक हुल बकुल्ला
उडे ताल माथिबाट ।
क्षणभरको लागि
सूर्यको रोशनीको मद्धतले
तालमा सेता प्वाँख चम्किए ।
तर,
न त तालले थाहा पायो
चम्किएका सेता प्वाँखहरू
न त बकुल्लाले देखे त्यो सुन्दर क्षण
आएको थियो यस उजाड धरतीमा
एकै क्षणको लागि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कथा

रगतको नाता

—माधव चौलागाईं

सामान्यतया मैले ठूलो मान्छे यसरी जीउ नै छोडेर रोएको देखेको थिएन । मैले सोचें उसलाई ठूलै मानसिक आघात परेको हुनसक्छ । मैले किन रोएको भनेर सोध्न सकिनँ, कारण यत्तिबेला सोध्नु भनेको घाऊ कोट्याउनु सरह नै हो । बरु हल्कापाराले संझाए, "ए, यति ठूलो मान्छे भएर पनि जीउ नै छोडेर रुनु हुन्छ ? नरोऊ, जीवनमा कस्ता-कस्ता चोटलाई त सहनु पर्छ । सुख-दुःख आपत विपत नै त जीवन हो ।" यतिबेलासम्म ऊ सुंक्क सुंक्क गरिरहेको थियो । आँखाबाट आँसु बगेसरह नाकबाट पातलो सिंगान पनि बगिरहेको थियो । वास्तवमा उसलाई कुनै गहिरो मानसिक चोट परेको हुनुपर्छ, मैले मन-मनै विचार गरें । उसको प्रायः सबै कुरा थाहा भएको मलाई त्यो अन्दाज लगाउन त्यति गाह्रो थिएन । उसले सुंक्क सुंक्क गर्दै भन्यो - "संजय, मलाई कसैले माया गरेको नै मन पर्दैन । कसैले त्यस्तो गऱ्यो भने मेरो मन उकुस मुकुस हुन्छ, म त्यसलाई सहन सक्दिन । कृपया तिमी यहाँबाट गइहाल, मलाई अहिले एक्लै बस्न देऊ ।"

एकै क्षण उसको अनुहार हेरें, थकित देखिन्थ्यो ऊ । कोठाको अवलोकन गरें, असरल्ल छरेका किताबहरू, लेखिएका कापीहरू, सुत्ने, बस्ने, भान्छा सबै एकै ठाउँमा भएकोले खुम्चिएको कोठाको क्षेत्रफल, खासै नयाँ कुराहरू केहीं थिएन । म टुसुक्क पनि नबसी आफ्नो कोठातिर फर्कें ।

ऊ मेरो एकदमै मिल्ने साथी । उसको र मेरो बीचमा कुनै कुराहरू गोप्य छैनन् । ऊ घरमा केही कुरा भयो कि सुनाउन सबैभन्दा पहिला मेरो कहाँ आउदथ्यो । म पनि त्यस्ता नयाँ कुरा भएमा उसलाई सुनाउन आतुर हुन्थें । तै पनि मैले त्यस बेला अनुभव गरेको थिएँ, केही कुरा ऊ मलाई सुनाउन चाहेर पनि सक्दैनथ्यो । उसले मलाई भनेको थियो "संजय रगतको साइनो त एउटा बाध्यता मात्र रहेछ हगि ?

त्यस बेला मैले नबुझी पनि टाउको हल्लाएको थिएँ सकारात्मक अर्थमा। पढ्नमा ऊ मभन्दा तेज थियो । तर राम्रो गर्न सक्दैनथ्यो । अनि बडो निराश भएर भन्दथ्यो— "कुन त्यस्तो शक्ति छ, जसले मेरो प्रत्येक लक्ष्यमाथि सांघातिक हमला गर्छ र म पछि पर्छु ?" वास्तवमा उसको जीवनमा त्यस्तो नभएको पनि होइन । मजस्तो भाग्यमा विश्वास नगर्ने, कर्ममा विश्वास गर्ने मानिसलाई पनि ऊ एउटा उदाहरण भएको थियो । जब प्रवेशिका परीक्षामा ऊ पास मात्र भयो म प्रथम श्रेणीमा पास भएँ, त्यसबेला मैले अनायास भनेको थिएँ- "भाग्यको खेल ।"

क्याम्पस पढ्न पाएन। शहरको एउटा गल्लीको घरमा डेरा लियो । जागिरको लागि भौतारियो । म क्याम्पस पढ्न लागें । ऊ कविता लेख्न लाग्यो । उसको एउटा शीर्षक विहीन कविता मलाई अति मन परेको थियो । उसको कवितामा मैले शीर्षक राखिदिएँ । तर ऊ बेस्सरी हाँस्यो र भन्यो— "हृदय त तिम्रो कविको जस्तै रहेछ । तर व्यवहारिक बनेर यो कविता पढ, यसमा तिम्रो कथा छ, मेरो व्यथा छ ..... यो शहरको अस्तव्यवस्तता छ । अनि तिमी यस कविताको शीर्षक दिन सक्नेछैनौं । कसरी राख्छौ त्यति अनगिन्ती शीर्षकहरू ? मैले त्यतिबेला उसलाई सल्लाह दिएको थिएँ, "त्यसोभए १०-१२ वटा साहित्यिक पत्रिकामा विभिन्न शीर्षकमा कविता पठाऊ तिमीलाई आर्थिक लाभ होला ।" मैले उसलाई व्यङ्ग्य गरेको थिएँ, उसले के रूपमा बुझ्यो मलाई थाहा भएन । तर कविता पनि कुनै पत्रिकामा पठाएन ।

शहरको जीवन त्यसै त कष्टप्रद हुन्छ, उसको त कतैबाट खर्च बर्च आउने बाटो थिएन । कमाई खानकोलागि पेशा थिएन । त्यसैले उसको दैनिक जीवन संकटग्रस्त थियो । यो मैले बुझेर पनि उसलाई खासै सहयोग गर्न सकिरहेको थिइन । भनेको यसो मौका मौकामा सरसापट मात्र गर्न सक्ने मात्र त हौं, बढी के नै गर्न सक्दथ्यौं र ! ऊ तत्काल केही कमाई हुने काम पाए गर्दथ्यो, नपाए कविता लेख्दथ्यो, बस्दथ्यो । कतिमा शीर्षक हुँदैनथ्यो, कतिमा शीर्षक स्वरूप चिन्ह राख्थ्यो । "आधुनिक कविता" ऊ आफ्नो कविताको बारेमा यही मात्र भन्दथ्यो । उसको विचारमा म उसको कविता नबुझ्नेको श्रेणिमा पर्दथें । म उसको कवितालाई लिएर बेला बेलामा मजाक गर्दथें, त्यसैले होला उसले मलाई आधुनिक कविता नबुझ्नेको श्रेणीमा राखेको थियो । वास्तवमा उसको कवितामा निराशा थियो,

Nepal Sanskrit University, Baidyeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

कुण्ठा थियो, वेदना थियो अनि अज्ञात आशंका थियो । मैले उसको कविता यही रूपमा बुझेको थिएँ ।

उसको भनाइ अनुसार त मैले उसकोमा नजानु नै राम्रो हुने थियो । तर मन के मान्दथ्यो र ! ऊ त मेरो सानोदेखिको साथी थियो । बच्चैदेखि उसले र मैले सँगै खेल्यौं, सँगै पढ्यौं । मनका आफ्ना कुराहरू साटा साट गर्‍यौं । र आज यो स्थितिमा पनि प्रायः सँगै नै बसिरहेका छौं । फेरी ऊ मेरो मनले तेज ठानिएको व्यक्ति थियो । त्यसैले म भोलीपल्ट नै उसको डेरामा गएँ । मैले कहिल्यै रंग नलगाएको जस्तो गन्हाउने कोठा, केठाको एक छेऊमा खाट, नजीकै भित्तामा कीला ठोकेर झुण्डाएका केही कपडाहरू, छरपष्ट छरिएका कापी, किताबहरू, यी नै मैले अक्सर देखिरहने त्यस कोठाको दृश्य थियो र आज पनि त्यस्तै थियो । ऊ खाटमा नै घोप्टो परेर केही लेखिरहेको थियो । मैले आएको जानकारी दिन 'हेलो' भनें । उसले सामान्य स्वभाव देखायो, 'आउन, बस ।'

हामीबीच विशेष कुनै कुराहरू भएनन् । मैले चाहेको थिएँ उसको अगिल्लो दिनको व्यथा बुझुँ र मबाट कुनै सहयोग हुनसक्छ भने कोशिस गरुँ । तर उसले त्यसाबारेमा केही कुरा निकालेन । बरु गाऊँ घरतिरको कुनै नयाँ खबर आएको छ कि भनेर सोध्यो । मैले थाहा भएको बताइदिएँ । मेरो प्रगतिको बारेमा सोध्यो । आफूले त जीवनमा केही गर्न नसक्ने भएँ भनेर लाचारी व्यक्त गर्‍यो । किन यस्तो निराश भएको भन्नुको सट्टा मैले "हेर अगिल्लो पुस्ता सदैव प्रगतिशील हुनुपर्दछ । आफ्नो पुर्खाले जे जानेका थिएँ, जे गरेका थिए त्यसैमा सन्तोष मानेर बसेको भए आज हाम्रो संसार यस्तो हुने थिएन, र बनाउने हामी युवा हौं, पुर्खाले भन्दा अगाडि बढी हामीले केही गर्नुपर्छ"भनें, ऊ मुस्कुरायो । भावावेशमा आएर मैले उसलाई उपदेश त दिइन ? म सोचिरहेको थिएँ, उसले भन्यो "हेर एउटा बाबुको प्रमुख लक्ष्य नै आफ्नो सन्तानलाई योग्य बनाउनु हुन्छ, छोरो आफू भन्दा जान्ने होस् ठूलो होस्, प्रगति गरोस् मैले सोच्नु पर्ने कुराहरू नै हुन् यी सन्तानप्रति । तर यस्तो भएन भने के होला ? तिमीले यो कहिल्यै सोचेका छौ ?"

"राम्रोसँग गहिरिएर सोच्यौ भने तिमीलाई संसार देखि नै कहाली लाग्ने छ । त्यसैले हामी व्यर्थ यो झन्झटमा नफसौं ।"

अब म जान्छु भनेर उठ्दै गर्दा उसले भन्यो "मैले तिमीबाट एउटा आशा गरेको छु ।" मैले हाँस्दै भनें मसँग के नै छ र जसबाट तिम्रो आशा पूरा गर्न सकुं तर तिमी भन्छौ भने म कोशिश गर्नेछु ।

कोलाहलमय शहर मलाई अस्तव्यस्त लाग्यो । सबैमा हतार छ र तँछाड–मछाडको भावना छ जस्तो लाग्यो । त्यही गज्जागोल, अस्तव्यस्त भीडमा म पनि थपिदै छु जस्तो लागेर छेऊ लाग्न मन लाग्यो । तर त्यो संभव थियो र ! गाऊँले परिवेशमा हुर्केको मलाई प्रत्येक सडक गल्लीमा प्रत्येक दिन रात नाटक चलिरहेको भान भयो । म पनि त्यस सडक नाटकको एउटा कलाकार हुँ र दर्शक पनि । त्यसैले म यो परिवेशदेखि भिन्न हुन सक्दिन । सोचेर भीडमा पसें म त्यस भीडमा पसे पनि मेरो दिमाग भने साथीको कोठामा थियो, 'किन हिजो र आजको उसको व्यवहारमा यति विघ्न फरक छ ?'

नेपालीमा एउटा उखान छ कुकुरलाई फुर्सद पनि छैन, काम पनि छैन, मलाई पनि त्यस्तै थियो । मनमा लागिरहेको थियो यसो सानो तिनो जागिरको व्यवस्था गर्न सके त घरको मुख ताकिरहनु पर्ने थिएन । खटाएको सीमित खर्चमा खुम्चिनु पर्ने थिएन । शहरीया साथीहरूको फेशन, चालढाल देख्दा ममा पनि एक प्रकारको रहर जागेको थियो । अझै सिनेमहलबाट बाहिर निस्केदेखि धेरै दिनसम्म नायकको फेशन लामो समयसम्म बिर्सन सक्दैनथें । त्यसैले पत्रिकामा आफूलाई सुहाँउदो कुनै नोकरीसम्बन्धी विज्ञापन छ कि भनेर आँखा लगाउने बानी नै परिसकेको थियो ममा । एक दिन पत्रिकामा हेरी रहेको बखत अनायास नगर समाचारमा आँखा पर्‍यो । त्यहाँ एउटा आत्महत्या सम्बन्धी समाचार लेखिएको थियो । समाचार पढें, त्यही मेरो अति मिल्ने साथीले आत्महत्या गरेछ । समाचार पढ्दा पढ्दै मलाई भाउन्न होला जस्तो भयो । आफूले देखेको जमीन नै बिस्तारै बिस्तारै भासिए जस्तै लाग्यो । म तुरुन्त आफ्नो कोठमा पनि नगएर साथीको कोठामा गएँ । डेरामा ताला लगाइएको थियो । मलाई देखेर घरबेटी म भएतिरै आए । किन, के, कसरीजस्ता प्रश्नसूचक नजरले हेरीरहे घरवेटी म बोल्न पनि सकिरहेको थिइँन । उसको आफन्तको बारेमा केही पनि थाहा पाउन नसकेर उसलाई पोष्टमार्टम पश्चात सरकारी तबरबाट नै अन्तिम संस्कार भएछ । उसको डेराबाट ठेगानासम्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नलेखिएको एउटा पत्र प्राप्त भएको रहेछ जुन मेरो नाममा लेखिएको थियो–

संजय,

अन्तिम समयमा तिमीलाई मनका सबै कुराहरू भनेर मन हलुका पार्ने रहर थियो । गहुँङ्गो मन लिएरै यो संसार छोड्दैछु । मनमा धोको लिएर मरेको मान्छेको आत्माले पनि शान्ति पाउँदैन, आत्मा भड्किरहन्छ भन्ने सुनेको हुँ, साँच्चै रहेछ भने मेरो आत्माले तिमी लगायत अन्य आत्मीय साथीहरूलाई पनि तर्साउँला, त्यसको लागि तिमीसँग माफ मागेको छु ।

म जीवनदेखि धेरै थाकेको थिएँ । अथक मेहनत पछि पनि असफलता, मेरो अतीतका ती दिनहरू सधैंभरी मनमा आइरहन्थे । मेरो मनमा सधैं लगिरहन्थ्यो किन मैले आफ्नै संरक्षकबाट उचित संरक्षण पाउन सकिन ? किन सधैंभरी अपहेलित हुनुपर्‍यो ? किन मैले धोकामा मात्र बाँच्नु पर्‍यो ? यिनै कुराहरूले मेरो मन स्थिर हुन सकेन । त्यो नै मेरो असफलताको कारण थियो । यी सबै कुराहरू तिमीलाई सुनाउन चाहेर पनि सकिंन । मैले स्वेच्छाले आत्महत्या गरेको हुँ, त्यसैले मेरो विछोडमा तिमी दुःखी नहुनु र मेरा मृत्युको बारेमा मेरो आफन्तहरूलाई पनि नसुनाउनु । साथीको नाताले मैले तिमीसँग यो नै आशा गरेको छु । बिदा ।

पत्र छोटो थियो र पनि उसको अहिलेसम्मको सम्पूर्ण जीवन छर्लङ्गिने खालको थियो । उसको इच्छाअनुसार पनि दुःखलाई छाती भित्रै कैद गरेर मैले उसको चिर शान्तिको कामना गर्नुपर्ने थियो ।

ऊ मर्‍यो । आजसम्म उसको मृत्युमा आँसु खसाल्ने मान्छे भएन । आँसु मात्र सत्य त पक्कै होइन, यो त जवर्जस्ति पनि खसालिएको हुन्छ, देखाउनको लागि । तर आँखा भरि आँसु भएर पनि खसाल्न नपाउनु, डाँको छोडेर मित्रको लागि रुन चाहेर पनि हृदयलाई गाँठो पारेर विवश हुनु चाहिं सत्य रहेछ । उसको आत्माले शान्ति पाओस्, म उसको मृत्युको बारेमा कसैलाई भन्ने छैन, कसैलाई भन्ने छैन ।

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०६० सालको सुखद उपलक्ष्यमा सम्पूर्ण नेपालीहरूमा

हार्दिक मंगलमय शुभकामना

व्यक्त गर्दछौं ।

तपाईं गुणात्मक एवं भरपर्दो सेवामा विश्वास गर्नुहुन्छ भने तपाईंको वैदेशिक रोजगारीको सपना साकार पार्न सधैं तत्पर छ

मिडिल इस्ट मेनपावर

कुपण्डोल

फोन : ५५२९९६०, ५५३१२२०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समसामयिक

संविधानको धारा १२७ को प्रयोग र वर्तमान अवस्था

– हेमकान्ता चौलागाई, अधिवक्ता

नेपालको सार्वभौमसत्ता नेपाली जनतामा निर्हीत रहने उद्घोषका साथ जारी भएको नेपाल अधिराज्यको संविधानको प्रस्तावनामा नै "स्वतन्त्र र सार्वभौमसत्तासम्पन्न नेपालको राज्यशक्तिको स्रोत जनता नै हो भन्ने तथ्यलाई हृदयङ्गम गरी लोकसम्मति अनुकूल शासनव्यवस्था सञ्चालन गर्ने सङ्कल्प हामीबाट समयसमयमा अभिव्यक्त गरिबक्सेको र नेपाली जनताले केही समय अघि भएको जनआन्दोलनको माध्यमबाट संवैधानिक परिवर्तन गर्ने इच्छा अभिव्यक्त गरेकोले सो अनुरूप नेपाली जनतालाई चिरकाल पर्यन्त सामाजिक, राजनैतिक एवं आर्थिक न्याय प्राप्त हुन सकोस् भन्ने उद्देश्यबाट अभिप्रेरित भई ....." उल्लेख भएबाट संवैधानिक परिवर्तनको जड भनेको जनताको इच्छामा निर्भर रहने मात्र होइन कि यसबाट (संवैधानिक परिवर्तनबाट) सामाजिक, राजनैतिक एवं आर्थिक न्याय प्राप्त हुनुपर्ने समेत संविधानले इङ्गित गरेको तथ्यतर्फ विगतका वर्षहरूमा कसको कतिको ध्यान पुग्यो ? र कस्ता व्यवहारिक अभ्यास नेपाली समाजमा देखा परे भन्ने तर्फ हामी सबैले अनुभव गरेकै विषय हो । विश्व इतिहासलाई हेर्ने हो भने राजनैतिक परिवर्तनपछिका वर्षहरूमा सामाजिक एवं आर्थिक प्रगतिका पक्षमा मुलुकका राजनैतिक एवं सामाजिक शक्तिहरू केन्द्रित रहने र राजनैतिक दलहरूको प्रतिस्पर्धा उनीहरूको समाज परिवर्तनका कार्यक्रमहरूमा हुने गरेको हामी पाउँदछौं । तर विडम्बना, ०१७ सालको कदम जसमा "हामीबाट समयसमयमा जनप्रतिनिधिहरू र सरकारमा रहेका व्यक्तिहरूलाई समेत कर्तव्यबाट च्यूत नहुने सङ्केत गरेको कुरा सबैले सम्झेकै हुनुपर्दछ । प्रजातन्त्र पद्धतिको आडमा राष्ट्र र जनतालाई एकातिर पन्छाई व्यक्तिगत र दलगत स्वार्थपूर्ति गर्नका लागि अधिकार प्रयोग गरियो । ऐन, कानुनको मर्यादा नराखी यो मन्त्रिमण्डल देशको प्रशासनतन्त्र निष्क्रिय र आधारहीन बनाउने चाहनामा लाग्यो । अधिकार दुरूपयोग हुँदा भ्रष्टाचार बढ्नुको साथै अनेकन भ्रान्ती पैदा गराई प्रशासनतन्त्रमा पनि शिथिलता उत्पन्न भई देशमा शान्ति सुरक्षा कायम राख्न यो मन्त्रिमण्डल बिलकुल असमर्थ भएकोले र अराष्ट्रिय तत्वहरूले धेरै मात्रामा प्रोत्साहन पाई राष्ट्रिय एकतामा समेत बाधा पुऱ्याउने वातावरण आउन लागेको पनि कसैमा नछिपेको र देशको एकता, राष्ट्रियता र सार्वभौमसत्ता बचाउने, देशमा अमनचयन कायम राख्ने र देशलाई कुनै कारणबाट पनि बिग्रँदो स्थितिबाट बचाउने अन्तिम जिम्मेवारी पनि हामीमा नै भएकोले संविधानको धारा ५५ को अधिकार प्रयोग गरी यो मन्त्रिमण्डल र संसदको दुवै सदनसमेत हामीबाट आजको घोषणाद्वारा विघटन गरिबक्सेका छौं ....." भन्ने ऐतिहासिक सचेततातर्फ राजनैतिक दल र नेतृत्वको ध्यान पुग्नुको सट्टा धारा ५५ नभएकोले हो कि, ०४८ सालमा निर्वाचनबाट बहुमत प्राप्त दलमा ०५१ सालबाट सुरु भएको व्यक्तिगत, गुटगत मतान्तर, विग्रह, कलह, असमझदारी २०५९ सम्म आइपुग्दा न नेपाली कांग्रेस, न एमाले, न राप्रपा, न सद्भावना नै एकजुट हुन सक्यो । मुलुकका जनताको चाहना, भावना र अपेक्षाको परिपूर्तिमा साझा कार्यक्रम त कता हो कता केवल राजनैतिक, संवैधानिक र कानुनी विवादमा मुलुकले धेरै अनावश्यक समय खर्चिनुपऱ्यो । नेतृत्वको परिपक्वता, दूरदर्शिता, जनताप्रतिको समर्पण, त्याग, बलिदान, आस्था, निष्ठा, प्रतिबद्धता, लगनशीलता केवल शब्दमा मात्र अनुभूति गरे वास्तवमा जनताले र दम्भ, घमण्ड र अदूरदर्शिताको परिणामले ल्यायो धारा १२७ को वर्तमान अवस्था । झण्डै ८००० नागरिकहरूको द्वन्दबाट भएको निधन, अर्बौं धन एवं विकास निर्माणका संरचनाको ध्वंशपछि स्थायी शान्तिको कामना र चाहना सर्वत्रबाट व्यक्त भएको दवाबको फलस्वरूप अझै पनि राजनैतिक द्वन्दको समाधानमा गम्भीरता नआउने हो भने नेपाली जनताको भाग्य र भविष्य झनै अन्धकारमय हुने निश्चित छ ।

कुनै पनि घटना घट्नको लागि निश्चित कारण र वस्तुगत परिस्थितिले निर्णायक भूमिका खेलेका हुन्छन् । नेपाल अधिराज्यको संविधान २०४७ जारी हुँदा ऐतिहासिक घटना एवं विश्व मानचित्रमा राजसंस्थाको स्थिति, अवस्था, अधिकारतर्फ ध्यान केन्द्रित गरियो र सम्झौतामा संवैधानिक राजतन्त्र बहुदलीय प्रजातन्त्रलाई अपरिवर्तनीय संस्थाका रूपमा स्थापित गरियो । राजसंस्थाका अधिकारहरू निश्चित गरिए भने संसदीय शासन प्रणालीमा बहुमतको, अल्पमतको र मिलिजुली गरी तीन प्रकारका मात्र सरकार हुने र प्रधानमन्त्री अनिवार्यरूपमा प्रतिनिधिसभाको सदस्य हुनुपर्ने स्पष्ट व्यवस्था गरियो । प्रधानमन्त्रीले ३० दिनभित्र विश्वासको मत लिनुपर्ने र सो नसकेमा प्रतिनिधिसभा भङ्ग गरी ६ महिनाभित्र अर्को निर्वाचन गर्नुपर्ने व्यवस्था गरी शासन संञ्चालनको आधार जनताको मत हुने र त्यसलाई कुनै कारण वा अकारण निश्चित समयभन्दा बढी तन्काउन नपाइने व्यवस्था गरियो । यो संवैधानिक व्यवस्थाको प्रतिकूल, प्रतिनिधिसभाको विघटन गरी, त्यसको वैधता प्रमाणित भइसकेको (सर्वोच्च अदालतबाट) र निर्वाचनको मितिसमेत निर्धारण भइसकेको सन्दर्भमा तत्कालीन प्रधानमन्त्रीले कि त प्रतिनिधिसभाको विघटन गर्नु पूर्व देशमा निर्वाचन गर्ने स्थिति, अवस्था छ छैन विचार गर्न सक्नुपर्दथ्यो, त्यसबाट अगाडि बढिसकेपश्चात् माओवादीसँग मिलेर होस् वा अन्य प्रभावकारी उपाय अवलम्बन गरेर होस्, देशमा प्रतिनिधिसभाको निर्वाचन गराउनुपर्थ्यो । तर विडम्बना, केही समय अगाडिसम्म निर्वाचनमा जान हतारिएको प्रतिपक्ष होस् वा आफ्नै मातृ दल होस् वा अन्य दलहरूको निर्वाचनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विकल्प खोज्ने सहमतिलाई आधार बनाएर तत्कालीन प्रम शेरबहादुर देउवाले प्रतिनिधिसभाको निर्वाचन एक वर्ष पछाडि सार्न सिफारिश गर्नुभयो प्रयोग गर्न धारा १२७ ।

नेपाल अधिराज्यको संविधानको धारा १२७ मा वाधा अड्काउ फुकाउने अधिकारको व्यवस्था गरियो जसमा "श्री ५ बाट यो संविधान कार्यान्वित गर्न कुनै वाधा अड्काउ परेमा त्यस्तो वाधा अड्काउ फुकाउन आदेश जारी गरिबक्सने छ र यस्तो आदेश संसदसमक्ष राखिनेछ"भन्ने व्यवस्था गरिएको छ । जसबाट संविधान कार्यान्वयन गर्न वाधा परेमा वाधा फुकाउन श्री ५ बाट आदेश हुन सक्तछ तर त्यस्तो आदेश संसद (श्री ५, प्रतिनिधिसभा र राष्ट्रिय्सभा नामका दुई सदनसहितको एक व्यवस्थापिका हुनेछ जसलाई संसाद भनिनेछ– धारा ४४) समक्ष राखिनुपर्ने संवैधानिक व्यवस्थाको बर्खिलाप भएको छ । तत्कालीन प्रमले राजनैतिक सहमतिका साथ निर्वाचन एक वर्ष पछाडि सार्न सिफारिस गर्नु राजनैतिक समाधान त हुन सक्थ्यो तर त्यो पनि संविधानको विपरीत थियो भने श्री ५ संविधानका पालनकर्ता र संरक्षणकर्ता भएकाले संविधानको उल्लंघन श्री ५ बाट हुन नसक्ने संवैधानिक कल्पना रहेकाले प्रमको सिफारिश गैह्र संवैधानिक रहेको श्री ५ मा आशंका भएमा वा संविधान वा कानुनको कुनै व्याख्यासम्बन्धी जटिल कानुनी प्रश्नमा सर्वोच्च अदालतको राय बुझ्न सक्ने धारा ८८ (५) मा व्यवस्था रहेकोले सो तर्फ कार्य अगाडि बढेको भए त्यसबाट चालिने कुनै पनि कदमप्रति कसैले प्रश्न उठाउन सक्ने ठाउँ रहँदैनथ्यो । मुलुक गम्भीर समस्यामा थियो र वास्तवमा संविधान कार्यान्वयनमा वाधा आइपरेकै थियो । संवैधानिक कार्यान्वयनमा श्री ५ एवं संसदमा रहेका राजनैतिक दलहरू एक मतका साथ विद्रोहमा सामेल नेकपा माओवादीसँग सार्थक एवं परिणाममुखी वार्ताद्वारा समस्याको समाधानमा जुटी छिटोभन्दा छिटो निर्वाचनमा जुट्नुपर्नेमा त्यसमा भन्दा संवैधानिक राजतन्त्र र संवैधानिक संसदीय पार्टीहरूका बीचमा थप द्वन्द सृजना भई अन्यौलमाथि अन्यौल थपिनु झनै दुर्भाग्यपूर्ण भएको छ ।

स्वभाविक संवैधानिक कार्यान्वयनमा वाधा पुगेको छ र संवैधानिक अभ्यास अवरुद्ध भएकै छ र यसको जिम्मेवारी राजादेखि राजनैतिक दलसहितको तत्कालीन सरकारले लिनै पर्दछ । असोज १८ को कदम स्वयम्मा असंवैधानिक, दुर्भाग्यपूर्ण भए पनि यसपछि यसलाई सच्याउन संसद पुनर्स्थापना वा शेरबहादुर देउवाको सरकार वहाली वा अन्य कदम चाल्न माग गर्ने कार्य संविधानको कुन प्रावधानले मिल्छ ? स्पष्ट नभएकाले एउटा संवैधानिक त्रुटी सच्याउन अर्को संवैधानिक उल्लंघन गर्नु झनै दुर्भाग्यपूर्ण हुने हुनाले घाउलाई कोट्याउनुभन्दा खाटा वस्न दिनु कम पीडादायी हुने हुनाले र यसपछिका युद्धविरामको घोषणाले केही आशाका किरण पनि पलाएका छन् । नेकपा माओवादीसँग माघ १५ मा युद्धविरामको घोषणा भएको छ भने फागुन २९ गते नारायणसिंह पुन (श्री ५ को सरकार) र डा. बाबुराम भट्टराई (नेकपा माओवादी) का बीचमा २२ बुँदे आचारसंहिता लागू भई वार्ताको माध्यमबाट समस्याको शान्तिपूर्ण निकास खोज्ने, राष्ट्रिय हितप्रति संवेदनशील रहने, दुवै पक्षबाट हिंसात्मक बल प्रयोग नगर्ने, जनताको मौलिक हक प्रयोगमा कुनै वाधा नपुऱ्याउने, विस्थापितहरू घर फर्कन र पुनर्स्थापित हुने कार्यमा दुवै पक्षले सहयोग गर्ने लगायतका महत्वपूर्ण र स्वागतयोग्य व्यवस्थाहरू गरिएका छन् । यसै बीचमा श्री ५ को सरकारले वार्ता टोलीलाई उप–प्रधानमन्त्रीको नेतृत्वमा पूर्णता प्रदान गरेको छ ।

वर्तमान लोकेन्द्रबहादुर चन्दको अध्यक्षतामा गठित सरकारको प्रमुख दायित्व भनेको देशमा शान्ति सुरक्षाको ग्यारेन्टी प्रदान गर्न नेकपा माओवादीसँग वार्ताद्वारा समस्याको राजनैतिक समाधान खोज्ने, त्यसका लागि राजनैतिक दलसँग सहमति र सहकार्य गर्दै जानु र सम्भव भएसम्म छिटो राजनैतिक सहमतिको सरकार वा निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्नु हो । यस सरकारका मन्त्रीहरूको मुख्य कार्य उद्घाटन, गोष्ठी, सभा, सम्मेलन र झण्डा हल्लाएर राजनैतिक दल एवं नेताहरूलाई गाली गलौज गर्नु निश्चितै पनि होइन । वार्तालाई सरकार वा विद्रोही पक्षले रणनीतिको तहमा उपयोग गर्नुभन्दा पनि जनताको आधारभूत स्वतन्त्रताको सम्मान गर्दै उनीहरूको जीवनस्तर उकास्न र जनतालाई अधिकारसम्पन्न बनाउनेतर्फ केन्द्रित गर्नु जरुरी छ । यसबीचमा पनि नेकमा माओवादी वार्ताको लागि जति गम्भीर र आतुरी गरिरहेको छ त्यसको तुलनामा सरकारी प्रयास सुस्त र अन्यौलग्रस्त देखिन्छ । सरकारले वार्ता टोली निर्माण गर्न जति ढिलो गऱ्यो, अब वार्तालाई अनावश्यकरूपमा तन्काउने र सत्तामा लामो समयसम्म रहिरहने तृष्णालाई त्याग गर्नुपर्दछ । मुलुकलाई हिंसाबाट मुक्त गर्न सक्यो भने वर्तमान सरकार र वार्ता टोलीले इतिहासमा आफ्नो सम्मानजनक स्थान ओगट्न सक्तछ भने सत्ता स्वादमा रोमान्चित हुने हो भने इतिहासको कालो अध्यायमा थन्किनुपर्ने वास्तविकताप्रति सचेत हुनु जरुरी छ ।

राजनैतिक दलहरूले विगतका कुराहरूलाई कोट्याएर र आफ्नो असहमति जाहेर गरेर र मेरो गोरुको बाह्रै टक्का भनेर आफ्नो दायित्वबाट कदापी पछाडि हट्नु हुँदैन । विगत ७ वर्षमा मुलुकमा विद्यमान हिंसा र त्यसको पीडाका अगाडि संसद विघटन, असोज १८ वा २५ को घटना त्यति चखालाग्दो छैन, पीडित जनताहरूका लागि । दलले आफूलाई परेको मर्का, अन्यायको पुनरावेदन जनतामा गर्नुपर्दछ । जनताले अवश्य न्याय दिनेछन् तर त्यसभन्दा अगाडि माओवादीसँगको वार्ता सफलरूपमा सम्पन्न गरे मात्र त्यस्तो अवसर प्राप्त हुन सक्तछ । राजनैतिक दलहरू वर्तमान वार्ता भाँड्ने वा वार्ता विरोधी शक्तिको रूपमा नभई आफ्नो असमझदारी/असमहति सरकारप्रति कायमै राखेर भए पनि नेकपा माओवादीसँग वार्ता प्रक्रियामा आफ्नो योगदान दिन तयार भई मुलुकले भोग्नुपरेको पीडाबाट मुक्त गर्न र माओवादी समेतको शक्तिले मुलुक निर्माणमा लाग्न सक्ने वातावरण बनाउन जस्तोसुकै भूमिका, योगदान र त्याग गरी मुलुकलाई स्थायी शान्ति दिन सक्नु नै समयको माग एवं जनताको चाहना रहेको तथ्य कसैले बिर्सनु हुँदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिक्षा

श्रेय प्राप्ति नै शिक्षाको प्रमुख उद्देश्य हो

– हरिप्रसाद खराल

शिक्षा व्यक्तिको व्यक्तित्व प्रस्फुटित, प्रज्वलित, परिष्कृत र निर्मलीकरण गर्ने अमोघ अस्त्र हो । शिक्षा साामाजिक, आर्थिक, सांस्कृतिक, भाषिक, धार्मिक, मनोवैज्ञानिक, पुरातात्विक जस्ता विविध पक्ष र क्षेत्रको सही र वैज्ञानिक अवलोकन, आँकलन, मूल्याङ्कन र अनुसन्धान गरी आफू, आफ्नो परिवार, समाज, राष्ट्र र विश्वका सम्पूर्ण मानवलाई सही, सवल, सक्षम र सार्थक मानव बनाउने, मावनीय मूल्य र मान्यताको स्थापनार्थ पूर्ण समाहित गर्ने, समग्र दानवीय प्रवृत्ति (काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य, अहङ्कार, अविद्या र परतन्त्रता)हरूको पूर्णतः मुक्तादाता हो ।

पूर्वीय दर्शनले हाम्रो शिक्षालाई यसरी चिनाइएको छ – "जुन शिक्षाले मानवमा सद्वृत्ति जागृत गर्दैन, जसले मानवलाई प्रेय (भोग)बाट श्रेय (मोक्ष)तर्फ लग्दैन, मानवको हृदयमा प्रवेश गरेर मानवलाई एक उच्चस्तरको जीवनस्वप्न भरिदिँदैन त्यो शिक्षा होइन साक्षरता मात्र हो ।" अतः शिक्षाले व्यक्तिमा अन्तर्निहित प्रतिभाको पूर्ण प्रस्फुरण गराउनुपर्छ ; पशु प्रवृत्तिबाट पूर्णतः विस्थापित गरी मानवीय मूल्य र मान्यताको पूर्ण वहन गर्ने क्षमता/प्रतिभाको विकास गर्नुपर्छ र पूर्णतः आत्म निरीक्षणवादी जीवनदायिनी शक्तिको पूर्ण विकास गर्नुपर्छ ।

शिक्षा धर्म, अर्थ, काम र मोक्ष चतुवर्ग प्राप्तिको सबैभन्दा सशक्त, सवल र भरपर्दो माध्यम हो । यसले मानवका मानवीयताको पूर्णतः पहिचना गराउन सक्नुपर्दछ । समाज देश वा विश्वबाट मैले के पाएँ होइन, मैले समाज, देश र विश्वलाई के दिएँ ? भन्ने प्रश्नकर्ता, निश्वार्थी स्वावलम्बी मानव निर्माण गर्न सक्नुपर्छ ।

शिक्षा जीविकोपार्जन, अर्थोपार्जन आदिको साधन हुनुभन्दा पूर्व पूर्णतः असल मानव निर्माणको साधन हुनुपर्छ । सही मानव चेतनशील हुन्छ, चेतना भनेको कामक्रोधादि शत्रुलाई पूर्णतः विस्थापित गरी, आग्रह र पूर्वाग्रह रहित भएर जीवन र जगत्लाई यथार्थरूपमा आँकलन गर्न सक्नु हो, आफू विदेह हुनु हो । अर्थात् मानिसको बुद्धिलाई सद्मार्गमा प्रवृत्त गर्ने शिक्षाको प्रमुख उद्देश्य वा ध्येय हो ।

देश बनाउँछ देशवासीले, देशवासी बनाउँछ सही शिक्षाले, सही शिक्षा बनाउँछ विदेह मानवले । अतः सही मानव, निष्काम कर्मयोगी मानव, वास्तविक मानव, क्रियाशील मानव । मानवीयता र दानवीयताको प्रस्ट पहिचान आत्म परिवर्तनकारी शिक्षाको सही अध्ययनबाट मात्र सम्भव छ । अर्थात् सामाजिक परिवर्तनको समग्र श्रोत नै सही, मानवतावादी, उच्चस्तरको सही जीवनयापनमा महनीय योगदान गर्ने, समाज, राष्ट्र र विश्वमा आफ्नो (मानवीयताको) पूर्ण पहिचान छोड्न सक्ने व्यक्तित्वको निर्माण नै सही र वास्तविक शिक्षाको उद्देश्य हो ।

अतः आजको शिक्षा परम्परावादी, अवैज्ञानिक नभई आधुनिक र पूर्ण वैज्ञानिक हुनुपर्छ, पूर्ण व्यवहारिक हुनुपर्छ र पूर्ण जीवनोपयोगी हुनुपर्छ । शिक्षाले व्यक्तित्वको सर्वाङ्गीण विकास गर्नुपर्छ । मानवीयताको पूर्ण प्रत्याभूति र दानवीयताको पूर्णतः समाप्ति गर्नुपर्छ । शिक्षाले आफू, आफ्नो परिवार वा आफ्नो वर्गमा मात्र सीमित रहने मानसिकताबाट पूर्णतः मुक्त गर्नुपर्छ ।

मानवीय प्रतिभा कति छ भन्ने कुराको आजसम्ममा खोज, अनुसन्धानबाट पत्ता लाग्न सकेको छैन । अर्थात् मानव प्रतिभा अथाह छ यसको सही पहिचान र प्रयोग आजको मानवीय आवश्यकता हो । यसको लागि पूर्वीय दर्शनको सम्यक् अधययन, अनुसन्धान विना सम्भव नै छैन ।

अतः मानवको सही पहिचान प्रेयबाट श्रेयतर्फ लैजाने क्षमता बोकेको सही पूर्वीय शिक्षाबाट मात्र सम्भव छ ।

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०६० सालको उपलक्ष्यमा सम्पूर्ण नेपालीहरूमा

हार्दिक मंगलमय शुभकामना

व्यक्त गर्दछौँ ।

कैलाश एक्सपोर्ट

ठमेल, काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जानकारी

(नेपाल अधिराज्यभर चौलागाईं बन्धुहरूको बसोबासको थलो जानकारीको लागि यहाँ प्रस्तुत गरिएको छ ।)

१. पाँचथर
१. फिदिम- १
२. चिलिङदिन- ५
३. पौवासर्ताप- ६

२. इलाम
१. समालबुङ्ग- ७
२. दानावारी- ३
३. साङ्रुम्वा- ४, ५, ६
४. धुसेनी- २
५. नामसालिङ्ग- ४
६. फाकफोक- ९
७. चुलाचुली- २

ताप्लेजुङ्ग
८. फुङ्गलिङ्ग- ७
९. खेवाङ्ग- ९
१०. डुभ्रिसे- ३
११. निगुरादेन- १

३. झापा
१. वनियानी- ४
२. जलथल- ९
३. पृथ्वीनगर- १, ५, ८
४. गोलधाप- ९
५. अनारमूनी- २
६. गरामुनी- २, ५, ७, ९
७. शनिश्चरे- २, ७
८. बुधवारे- १, ४, ८
९. मेचीनगर न.पा- ६, १०
१०. चन्द्रगढी- १, ३, ८, ९
११. डाँगीवारी- ५
१२. घैलाडुब्बा- १
१३. कुमरखोद- ५, ६
१४. सुरुगां- १
१५. घेरावारी- ७
१६. चारपाने- ४
१७. बैगुनधुरा- ३, ४
१८. धरमपुर- ५
१९. महाभारा- १, ८
२०. तोपगाछी- १, २, ५
२१. सतासीधाम- ६, ७
२२. गौरादह- ५
२३. महारानीझोडा- १, ६, ८
२४. दमक न.पा- १०, ११, १५
२५. कोहबरा- २, ६
२६. लखनपुर- ६

४. संखुवासभा
१. खाँदवारी नगरपालिका- १
२. जलजला- ४
३. मावादिन- ६
४. सिद्ध पोखरी- ६
५. सिद्धकाली- ८
६. मादी मूलखर्क- ८

५. धनकुटा
१. ताखुवा- १, २
२. हात्तीखर्क- ४
३. फलाटे- १

६. तेह्रथुम
१. जिरिखिम्ती- ९
२. मोटाहाङ्ग- ९

७. भोजपुर
१. अन्नपूर्ण- ८
२. वोखिम- ३
३. चरम्बी- १, २, ५, ६
४. घौराली- २, ६
५. केउरेनी पानी- ९
६. कुदाक काउले- २, ३
७. खावा- १
८. भोजपुर- २
९. कोट- ४, ९
१०. लेखर्क- ४, ५

८. मोरङ्ग
१. सिजुवा- ५
२. इटहरा- २, ५, ६, ७
३. गोविन्दपुर- २, ४
४. अमरदह- ४
५. हसनदह- ४,७
६. शनिश्चरे- ४, ५, ७, ९
७. पथरी- २, ५, ६
८. उर्लावारी- १, ३, ४, ७
९. मधुमल्ला- २
१०. बाहुनी- ९
११. केरौन- १, २
१२. वयरवन- ७, ८
१३. ववियाबिर्ता- २, ३
१४. सोराभाग- ३
१४. टांढी- १, ९
१५. केरावारी- ४, ८, ९
१६. लेटाङ्ग- ८
१७. वेलवारी- ९
१८. ईन्द्रपुर- ३
१९. सुन्दरपुर- ५, ७
२०. दुलारी- ६
२१. कटहरी- ९
२२. विराटनगर उ.म.न.पा १, ४, ६, १३, १५, १६

९. सुनसरी
१. धरान न.पा- ५, १३, १४, १६
२. पंचकन्या- ३
३. इटहरी न.पा- १, २, ४, ५, ८
४. हांसपोसा- २, ८
५. पकली- ३
६. एकम्वा- ९
७. अमाहीवेला- ५
८. सिंगीया- १, ३, ६, ७
९. ईनरुवा न.पा- २, ३
१०. महेन्द्रनगर- १, ४, ९
११. प्रकाशपुर- ६, ७
१२. मधुवन- ७

१०. खोटाङ्ग
१. नेर्पा- ७
२. च्यूरीडाँडा- २, ९
३. मात्तिमबिर्ता- ६, ८, ९
४. खोटाङ्ग- ४
५. सावा कुटहरी- ९
६. सुन्तले- १

११. ओखलढुंगा
१. सल्लेरी- ३, ४, ५, ७
२. श्रीचौर- ३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३. टोक्सेल- ४

१२. उदयपुर

१. त्रियुगा न.पा.- ७
२. जोगिदह- १, २, ४
३. बेलटार- ५
४. हडिया- ५, ६
५. तपेश्वरी वेलही- ७
६. ठोक्सीला- १, ७, ९
७. रौता- ३

१३. सिराहा

१. ठोठना- ५
२. लाहान न.पा.- ६
३. बढहरा मिर्चैयामाल- १
४. राधापुर- २

१४. सप्तरी

१. फत्तेपुर- २
२. ओद्राहा- ७

१५. दोलखा

१. नाम्दु- ५, ७, ९
२. काब्रे- २, ३, ४, ६, ७, ९
३. च्यामा- ४, ७
४. सहरे- १, ६
५. भिमेश्वर न.पा.- ५, ६, ७, ११
६. मागापौवा- ६, ७, ९

१६. रामेछाप

१. बेथान- ९
२. गुन्सी- २, ३, ४, ५
३. लखनपुर- १, २, ३, ४, ५

१७. सिंधुली

१. टाँडी- ६
२. हर्षाही- ३
३. कुकर ठाकुर- ६
४. सुन्नाम पोखरी- ५
५. महेन्द्र लदाभीर- ६
६. लाम्पनटार- ३
७. सिंथौली- ३
८. रानीवास- १, २
९. कमलामाई न.पा.- ३, ५, ९, १२, १४
१०. डुडभञ्ज्याङ्ग- १
११. भद्रकाली- ८
१२. भिमेश्वर- ९
१३. जलकन्या चपौली- २, ३, ४, ५
१४. डाँडीगुरासे- ५, ६
१५. क्यानेश्वर- २, ४
१६. झाँगाझोली रातमाटा- ४, ५, ९

१८. महोत्तरी

१. गौरीवास- १
२. माईस्थान- २, ४, ५, ८
३. बर्दिवास- ३
४. खैरमारा- १, २, ५

१९. सर्लाही

१. भक्तिपुर- १, २, ३
२. परवानीपुर- ६
३. लालबन्दी- १, २, ८, ९
४. ईश्वरपुर- २, ३, ९
५. पथ्थरकोट- १
६. हरिऔन- ४
७. धुर्कौली- ६, ८
८. हरिपुर- ९
९. नेत्रगंज- २
१०. अत्रौली- २
११. जानकीनगर- २, ३
१२. लौकट- ७
१३. ढुङ्गीखोला- २, ३, ४, ५
१४. मूर्तिया- ४
१५. शंकरपुर- ९
१६. राजघाट- २

२०. काभ्रेपलान्चोक

१. बुढाखानी- २
२. दाप्चा छत्रेवाझ- ६, ७
३. खनालथोक- ६
४. काभ्रे नित्य चण्डेश्वरी- ६, ७, ८
५. मथुरापाटी फूलवारी- ८
६. पात्लेखेत- ४, ८
७. पनौती न.पा.- १०, १२
८. वालुवापाटी देउपुर- ४, ६,
९. च्याले विहावर- ९
१०. ढुङ्गखर्क बाहविसे- ६
११. महादेव स्थान- १, २
१२. धुलिखेल न.पा. - २, ६
१३. रविओपी - १, २, ३, ५
१४. अनेकोट- १, २, ३, ८
१५. देवीटार- २
१६. जैसीथोक- ३, ९
१७. पाँचखाल- २, ३, ४, ६, ७, ८, ९
१८. चौवास- १, ७
१९. वालुवा देवभूमि- ८
२०. होक्से- १
२१. खरेलथोक- २
२२. सल्ले भुम्लु- ५, ९
२३. सापिङ्ग- ५
२४. वेखसिम्ले- ७, ९
२५. सानो वाङ्गथली गा.वि.स.- २, ५
२६. नाङ्ग्रेगगर्चे- २, ३
२७. माझीफेदा- १, २, ३
२८. धुसेनी शिवालय- २, ३, ४, ६, ७, ८, ९
२९. गोठपानी- २, ३, ६, ८, ९
३०. चौरीपोखरी- १ देखि ९ सम्म
३१. कात्तिके देउराली- १, ३, ५, ६, ७, ८, ९
३२. मादन कुँडारी- ५, ६, ८, ९
३३. बिर्ता देउराली- ४, ८, ९

२१. सिन्धुपाल्चोक

१. लिसंखु- ४, ९
२. माङ्गा- ६, ९
३. फुल्पिङ्गडाडा- ४
४. सानुसिरुवारी- २, ९
५. ठूलो सिरुवारी- ४
६. भोटसिपा- ५
७. सिपापोखरे- २, ६
८. सिम्पाल काभ्रे- ४
९. जलविरे- ९
१०. मेलम्ची- २
११. सिन्धुकोट- २, ६, ७
१२. भोटेचौर- १ देखि ८ सम्म
१३. हैवुङ्ग- ७
१४. बाँसवारी- ५, ८
१५. फटकशिला- ४, ५, ७
१६. शिखरपुर- ६

२२. भक्तपुर

१. सुँडाल गा.वि.स.- ८, ९
२. वागेश्वरी- २
३. मध्यपुर ठीमि न.पा.- १५, १६, १७
४. दधिकोट- १, २

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२३. ललितपुर
१. मानिखेल गा.वि.स.- ६
२. संखु गा.वि.स.- १, ३
३. आम्राङ्ग- ६,
४. गोटिखेल गा.वि.स.- ७, ८
५. कालेश्वर गा.वि.स.- ८, ९
६. छम्पी गा.वि.स.- २, ३
७. चापागाउँ गा.वि.स.- २, ५
८. वडीखेल गा.वि.स.- ९
९. झरुवारासी- ९
१०. लामाटार- ५
११. ल.पु.उप.म.न.पा- १४, १५

२४. काठमाडौं
१. नाङ्गलेभारे- २, ३, ७, ८
२. लप्सेफेदी- ८
३. सुन्टोल- ५, ८
४. गागलफेदी- २, ७
५. डाँछी- ५
६. गोठाटार- १
७. मूलपानी- ४, ७, ८
८. बालुवा- ९
९. जोरपाटी- १, २, ३, ४, ५, ६, ७
१०. महांकाल- ४, ९
११. कपन- १, ३
१२. बुढानिलकण्ठ- ६
१३. गोंगवु- ८
१४. मनमैजु- ८
१५. का.म.न.पा- ५, ६, ७, ८, ९, १०, ११, १४, १६, २५, ३१, ३२, ३३, ३४, ३५

२५. धादिङ्ग
१. जीवनपुर- १, ३
२. नौविसे- २

२६. नुवाकोट
१. कुँवरी- ३
२. खरानीटार- १
३. विदुर न.पा.-६
४. खड्गभञ्ज्याङ्ग- ६

२७. बारा
१. भरतंगज सिनौल- ६, ९
२. निजगढ- १, २, ३, ५, ६, ७, ८, ९
३. सपही- ३
४. डुवरवाना- ४, ६, ७, ८
५. फत्तेपुर - ९
६. मोतीसर- १
७. रामपुर टोकनी- ३
८. अमलेखगंज- ७
९. भवानीपुर जीतपुर- ३
१०. प्रिप्रा सीमरा- ४, ५, ६

२८. पर्सा
१. वीरगंज उ.म.न.पा.- ३, १२, १३, १६, १९
२. चोरनी- २
३. सुर्वणपुर- ६

२९. रौतहट
१. लक्ष्मीनिया- ९
२. कनकपुर- ७, ८
३. रंगपुर- ३, ५
४. डुमरीया (म)- २
५. सन्तपुर (म)- ८
६. चन्द्रनिगाहपुर-१, ३, ६
७. जुडिवेला- ३
८. पोराई- ६, ८

३०. मकवानपुर
१. आमभञ्ज्याङ्ग- १, २, ३, ५, ७, ८, ९
२. चुरीयामाई- २, ५
३. हटिया- १ देखि ९ सम्म पूरै
४. मकवानपुरगढी- ६, ७, ८
५. श्रीपुर छतिवन- ४, ६
६. हर्नामाडी- ५
७. धियाल- ९
८. फापरवारी- ६
९. हेटौंडा न.पा.- १ देखि ११ सम्म सवैमा
१०. वसामाडी- ५
११. पदम पोखरी- १, ७, ९
१२. हाडीखोला- २, ६, ७
१३. मनहरी- ३

३१. चितवन
१. भण्डारा- १, २, ५, ८, ९
२. कठार गा.वि.स.- ९
३. खैरहनी- ८
४. कुमरोज- १, २, ३, ६
५. बछ्यौली- ९
६. जुटपानी- २
७. चैनपुर- ४
८. रत्ननगर न.पा. - ३, १०, ११, १२
९. भरतपुर न.पा.- १०, ११
१०. गीतानगर- ६
११. मंगलपुर- ७
१२. गर्दि- ४
१३. शारदानगर- २

३२. गोरखा
१. पालुङ्गटार गा.वि.स.- १, २
२. मुंचोक- ५

३३. लमजुङ
१. धमिलीकुवा- १

३४. तनहुँ
१. सतिस्वाँरा गा.वि.स.- ५

३५. नवलपरासी
१. गैडाकोट गा.वि.स.- ६
२. त्रिवेणीसुवा ८
३. माकार- १
४. सुनवल- १, ८

३६. कपिलबस्तु
१. खुरहुरिया गा.वि.स.- ९

३७. सुर्खेत
१. वीरेन्द्रनगर न.पा.- १, ६, १०
२. पोखरीकाडाँ गा.वि.स.- ८

३८. बाँके
१. रभैना गा.वि.स.- ४
२. नेपालगंज न.पा.- १

३९. बर्दिया
१. मोतीपुर गा.वि.स.- ८, ९
२. ढोडरी गाविस- ९
३. मानपुरटपरा गा.वि.स.- ६
४. राजापुर गा.वि.स.- २
५. बदालपुर- १, ४, ८
६. पशुपतिनगर- १, ९
७. पाताभार - ३, ६
८. गोला- ४, ९

४०. मुगु
१. कार्ले गा.वि.स. ५-६
२. खमाले गा.वि.स. १
३. कार्कीवाडा - ७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४. श्रीनगर- ५, ८
५. रुगा- ४

४१. जुम्ला

१. चन्दननाथ- १, ७, ९
२. देपालगाउँ- १, ४, ७
३. कार्तिकस्वामी- ५, ८, ९
४. हाकु- ५, ९
५. लाम्रा- ३, ४
६. तातोपानी- ८
७. कुँडारी- १, २, ६, ७
८. सनिगाउँ- १,
९. नराकोट- १, २, ४
१०. धाप- ९
११. विराट- ८
१२. कनकासुन्दरी- ५

४२. कालीकोट

१. मानमा खाँडा चक्र- ५, ६, ९
२. दाहाफतगाउँ - २
३. पाखा - १, २, ३, ४, ५, ७
४. फुकोट- २
५. सिप्खाना- ६
६. भर्ता- १, ३, ४
७. सुकाटिया- २, ८
८. गेला- ८,
९. छाप्रे- ८, ९
१०. राँचुली- ८

४३. हुम्ला

१. मिमि- ७, ८

४४. कैलाली

१. सुगरखाल- २, ४, ६
२. बलिया- १, ४, ८, ९
३. पथरैया- १
४. टीकापुर न.पा.- ६
५. प्रतापपुर गा.वि.स.- २, ५, ८
६. लालबोझी गा.वि.स.- ६
७. थापापुर गा.वि.स.- ५, ९
८. साँडेपानी गा.वि.स.- ३, ४
९. जानकीनगर- १
१०. फुलवारी- १, ७
११. मसुरीया ५
१२. पहलमानपुर- २
१३. धनगढी न.पा.- १, १२
१४. मुनुवा गा.वि.स.- ८

काठमाडौं

- राहुल चौलागाई

काठमाडौं हो हाम्रो देशको राजधानी
फोहर फाल्ने छ यहाँको मान्छेको बानी ॥१॥

किन सुन्दैनन् यिनीहरू दुःखीको पुकार
यिनीहरूलाई सम्झाउनु छ वेकार ॥२॥

जति सम्झायो उति नै फोहर फाल्छन्
अरू शहरका मान्छेहरू यिनीहरूलाई धिक्कार्छन् ॥३॥

जता हेर्‍यो उतै छ धूलो र मूलो
कमसेकम गाउँमा छैन यति धेरै धूलो ॥४॥
जतातते फोहर नफालौं
स्वच्छ वातावरण यहाँको राखौं ॥५॥

हार्दिक शुभकामना

नव वर्ष २०६० सालको सुखद उपलक्ष्यमा सम्पूर्ण नेपालीहरूमा

हार्दिक मंगलमय शुभकामना

व्यक्त गर्दछौं ।

के तपाई बेरोजगार हुनुहुन्छ ?

यदि तपाईं पनि विश्वासिलो र भरपर्दो वैदेशिक रोजगारीको अवसरको खोजिमा रहनुभएको छ भने सम्पर्क गर्नुहोस् । हामी तपाईंलाई दक्षता अनुसार विदेशमा काम दिलाउनेछौं ।

वैदेशिक रोजगारीमा हाम्रो विशिष्टीकरणका क्षेत्रहरू

१) निर्माण कार्य
२) सूचना प्रविधि
३) स्वास्थ्य सेवा
४) हवाई मर्मत
५) औद्योगिक प्लाण्ट मर्मत
६) इलेक्ट्रोनिक उत्पादन
७) होटल र रेष्टुँरा आदि ।

ब्लु स्काई इन्टरनेशनल प्रा.लि.

महाराजगञ्ज, शितलनिवास नजिक, काठमाडौं, नेपाल
फोन नं. : ४४३०९४६/४४४१९४८ फ्याक्स : ०९७७-१-४४२३६१६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रोचक जानकारी

केही रोचक कुराहरु

★ बेलायतका केही चर्चित प्रधानमन्त्रीहरूमा सर विस्टन चर्चिलको पनि नाम आउँदछ । सबैभन्दा बढी उमेरसम्म प्रधानमन्त्री बन्ने श्रेय पनि उनैलाई छ । उनकै पालामा दोश्रो विश्वयुद्धको अन्त्य भएको थियो । उनी बौद्धिक थिए, कुशल प्रशासकका साथै वाचाल पनि थिए ।

एउटा भनाइ छ, उनी रेलमा दोश्रो दर्जाको टिकट लिएर मात्र यात्रा गर्दथे । तर उनको छोरा रेलको प्रथम श्रेणीको टिकटबाट यात्रा गर्दथे । यही कुरालाई केहीले अनौठो रूपमा हेरेका थिए । एक दिन यसै विषयलाई लिएर प्रधानमन्त्रीलाई एकजनाले प्रश्न गरेछन्— तपाईं देशको प्रधानमन्त्री सधैंभरी दोश्रो श्रेणीको टिकटमा यात्रा गर्नुहुन्छ, जवकि छोरा प्रथम श्रेणीको टिकटमा यात्रा गर्नुहुन्छ ? चर्चिलले तुरुन्त भने— म एउटा साधारण नागरिकको छोरा हुँ, ऊ यो विशाल साम्राज्यको प्रधानमन्त्रीको छोरा हो । उसले प्रधानमन्त्रीको इज्जत राख्न पनि जथाभावी गर्न मिल्दैन ।

चर्चिल ठट्टा गर्न पनि त्यत्तिकै खप्पिस थिए । दोश्रो विश्व युद्धको अन्त्य भएको घोषणा गर्न उनी रेडियो प्रसारण स्थलमा गएका थिए । आफ्नो अगाडि केही प्राविधिक र सहयोगी मात्र देखेर चर्चिलले भने— अहँ म यहाँ भाषण गर्न सक्दिन । सबै हैरान भए, किन भने प्रधानमन्त्रीको सन्देशको बारेमा खबर गरिसकेको थियो । केही कमी भएर पो होकी भनेर प्रश्न गर्दा उनले भने हजारौं मान्छेको अगाडि भाषण गरेर प्रशंसा पाउने म कसरी तपाईंहरू सामुमात्र बोल्न सक्छु ?

★ एक दिन पेरिसको एक होटलमा एक साधारण व्यक्ति पस्यो र खाने पिउने धेरै सामग्री मगाएर खायो । पछि उसले वेयरालाई आफू राजनीतिक पीडित भएको र अहिले बिल चुक्ता गर्न पैसा नभएको बतायो । बिल बमोजिमको पैसा सापट माग्यो । त्यो अपरिचित मान्छेको बोलीमा जो कोहीलाई पनि उसले भनेको मान्ने पार्ने खुबी थियो । वेयराले पैसा सापट दियो । त्यो अपरिचित मान्छे पैसा सकेसम्म छिटै फिर्ता गरिदिने कुरा गरेर विदा भयो । १९१७ को अक्टोबर क्रन्तिपश्चात त्यही मान्छे रुसका शासक भए, उनी लेनिन थिए । आफू सत्तामा आएपछि उनलाई पहिलाको ऋणको याद आयो । उनले सापटी पैसा र केही उपहार पनि आफ्नो सहयोगीमार्फत पठाए र सहयोगको लागि धन्यवाद पनि । तर त्यो वेयराले तुरुन्त त्यो पैसा फिर्ता पठाउँदै लेनिनलाई भनिदिन अनुरोध गऱ्यो, मैले यो पैसा एउटा भोको, केही नभएको व्यक्तिलाई दिएको थिएँ, रुसका शासक लेनिनलाई होइन ।

★ लखनौका नवाब अति विलासी थिए भनिन्छ । दरबार सुन, चाँदी, हीरा, मोतीले सिँगारिएको थियो । नोकरचाकर धाई सुसारे हरबखत नवाबको सेवामा सक्रिय रहन्थे ।

भारत अंग्रेजको उपनिवेश भएपछि बिस्तारै बिस्तारै राजा रजौटाहरूलाई उनीहरूले हटाए । यही क्रममा लखनौमा पनि अंग्रेजले आक्रमण गरी दरबार कब्जा गरे । दरबारमा कोही थिएन, सबै भागी सकेका थिए, तर नवाब चुपचाप बसिरहेका थिए । सिपाहीहरूले भाग्ने मौका हुँदा पनि किन नभागेको भनि सोद्धा नवाबले जवाफ दिए– सबै नोकर चाकर भागेर यो उल्टो भएको जुत्ता सुल्टो गर्ने मान्छे नै पाइन, त्यसैले ।

—संजय भारद्धाज

(विभिन्न पत्रपत्रिकाबाट साभार गरिएको)

२०६० सालको एसएलसी परीक्षामा सर्वोत्कृष्ट अंक ल्याउने चौलागाईका सन्ततिमध्ये १ जना छात्र १ जना छात्रालाई पुरस्कृत गरिने कार्यक्रम रहेको हुँदा २०६० भाद्र मसान्तभित्र आफूले प्राप्त गरेको लब्धाङ्कपत्रको फोटोकपीसहित तलको ठेगानामा आवेदन गर्नुहुन अनुरोध गरिन्छ ।

चौलागाई प्रतिष्ठान
पूजा प्रतिष्ठान मार्ग, बानेश्वर, काठमाडौं
पो.व. नं. १२४१९

नव वर्ष २०६० सालको सुखद उपलक्ष्यमा सम्पूर्ण नेपालीहरूमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

साझा स्वास्थ्य सेवा
महांकालस्थान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खाद्य प्रविधि

फलफूल खेती र भण्डारणमा सेलार स्टोरको महत्व

– गणेश पाण्डे
केन्द्र प्रमुख, बागबानी केन्द्र, सोलुखुम्बु

फलफूल भनेको बोट बिरुवा वा झाडीबाट प्राप्त फल वा बिरुवाको खान योग्य र स्वादिलो हुने कुनै भागलाई जनाउँदछ । फलफूलले उक्त बिरुवाको बीउलाई पनि आफू भित्र समेटेको हुन्छ । अन्न बाली एक वर्षभन्दा कम समयको मौसमी बालीबाट प्राप्त हुने गरेको पाइन्छ भने फलफूलबाली बहुवर्षे वनस्पती एवं वृक्षबाट प्राप्त गर्न सकिन्छ ।

यद्यपि मानिसको विकासक्रममा कृषि युगमा प्रवेश गरेपछि मानिसले अन्नबालीमा आफ्नो निर्भरता बढाउँदै लगेको भएतापनि अन्नबाली तथा पशुपालन भन्दा पनि अगाडिदेखि मानिसहरूले कन्दमूलको रूपमा फलफूल उपयोग गर्दै आएको हो भन्ने कुरा स्पष्ट नै छ ।

मानिसले विकासको क्रममा आएर अन्न उत्पादनलाई जुन महत्त्वकासाथ अगाडि बढाएर ल्यायो त्यो तुलनामा फलफूल विकासका लागि मानिसको प्रयास नगण्यरूपमा नै रहेको मान्नुपर्दछ । त्यसैले होला, फलफूलका थोरै जातहरूमात्र आज व्यवसायिक फलफूलखेती उत्पादनमा अगाडि आउन सकेका छन् । फलफूलका पनि कैयौं जंगली जातहरू छन् त्यसका बारेमा आजसम्म खोज अनुसन्धान वा विकास हुन सकिरहेको छैन । अन्नका जातहरूको जसरी संसारभर बिस्तार भएको छ, त्यसको तुलनामा फलफूलको जातहरूको बिस्तार कमै भएको पाइन्छ । अन्न उत्पादनका लागि संसरभरका मानवजातिहरू आज जुन प्रकारले लागिरहेको देखिन्छ त्यो तुलनामा फलफूल उत्पादनमा कमै लागेको पाइन्छ । अझ हाम्रो जस्तो कतिपय विकासोन्मुख देशहरूमा अन्नखेतीलाई नै प्राथमिकता दिने गरेको प्रवृति पाइन्छ ।

केही विकसित पश्चिमी राष्ट्रहरूले आफ्नो देशमा उपयोगका लागि विकासोन्मुख देशहरूबाट त्यहाँ हुने उत्पादित फलफूल माग गरी बजार सिर्जना गरिदएको कारणले गरीब देशमा केही मात्रामा भए पनि फलफूल खेती फष्टाएको छ । तर गरीब र विकासोन्मुख देशहरू स्वयंले भने जसरी पनि अन्न नै उब्जाएर आफ्नो बाँच्ने आधार खाद्य आवश्यकता पूरा गर्ने गरेको देखिन्छ ।

युरोपको चीसो हावापानीमा बस्ने मानिसहरू भू-मध्य रेखाको गर्मीको र आद्र हावापानीमा पाइने मीठा, स्वादिला र गुलिया फलफूल खानमा आकर्षित देखिन्छन् । तर स्वयं त्यस क्षेत्रमा बस्ने मानिसहरूले भने यी फलफूलको महत्त्व नबुझेको हुनसक्छ ।

ताजा फलफूल र फलफूलबाट उत्पादित जाम, जेली, जुस, स्क्वास, ब्राण्डी आदि उत्पादनहरू उनीहरू नियमित उपभोग गर्दछन् । उनीहरूको दैनिक खानामा अन्य खाद्यपदार्थको साथमा फलफूल खाद्य पदार्थको पनि महत्त्वपूर्ण हिस्सा रहेको हुन्छ ।

तर नेपालको स्थिति भने अलि फरक छ । यहाँ भू-मध्य रेखाको नजीकको हावापानीदेखि बाह्रै महिना हिउँ पर्ने चीसो हावापानीसम्म र बार्षिक सरदर ५ हजार मि.मि. वर्षादेखि केही मि.मि. मात्रै वर्षा हुने मरुस्थलीय हावापानीसम्म पाइन्छ । गर्मी हावापनीमा कटहरदेखि चीसो हावापानीमा हुने स्याउ, खुर्सानी यहाँ सफलतापूर्वक खेती गर्न सकिन्छ । साथै अमिलो जातका विभिन्न फलफूल संसारमै उत्कृष्ट जातको सुन्तला जात, साथै संसारमै पाइने अधिकांश जातको फलफूलको खेती नेपालमा गर्न सकिने सम्भावना पनि छ । नेपालको उच्च पहाड क्षेत्र जस्तै मुस्ताङ्ग, सोलुखुम्बु, जुम्ला, डोल्पा आदि यातायातको सुविधाबाट वञ्चित जिल्लाहरूमा उत्पादन हुने स्याउ फलले बजार नपाएर त्यसै कुहिएर गएको भन्ने कुरा हामीहरूले सुन्न पाएका छौं । स्याउमात्र हैन अन्य फलफूल जस्तै, सुन्तला मुन्तला जस्ता फलफूलले पनि बजार पाउन सकिरहेको छैन । त्यसैले उचित प्रबन्ध गरी बेमौसममा फलफूल बिक्री गर्न विभिन्न स्थानहरूमा सेलार स्टोरको प्रयोग हुनु जरुरी छ ।

नेपालको पहाडीभाग सुन्तलाजात फलफूल खेतीको लागि उपयुक्त छ । आ.व. ०५८/०५९ को तथ्यांक अनुसार सुन्तलाजात फलफूलले ढाकेको कूल क्षेत्रफल २२४२३ हेक्टर र उत्पादन १,३०,९२८ मे. टन छ । यसको उत्पादन १०.४ मे. टन प्रतिहेक्टर रहेको छ । हाल अधिराज्यका ३६ वटा मध्य पहाडी जिल्लामा सुन्तलाजात फलफूलको व्यवसायिकरूपमा खेती भइरहेको छ । भौगोलिक अवस्था र सुहाउँदो हावापानीले सुन्तलाजाति फलफूल पाक्ने, टिप्ने र बजारमा लैजाने समय एउटै हुन्छ । मुलुकमा उत्पादित सुन्तला एउटै समयमा बजारमा बिक्रीको लागि जाँदा तीब्र प्रतिस्पर्धा भएकोले यसले मूल्य ज्यादै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न्यून पाउने गरेको पाइन्छ । नेपाली बजारमा स्थानीय सुन्तलाको बिक्री वितरण कार्तिक महिनादेखि शुरुमै मंसीर पौषसम्म परिमाणतः किनबेच हुन्छ भने माघदेखि घट्दै चैत्र/बैशाखमा पाउन सकिंदैन । मुलुकमा एकै पटक पाक्ने, एकै पटक बजारमा जाने र सिजन समाप्त हुनासाथ फलफूलको अभाव हुने वाध्यता रहेकोले यसलाई नियमितता गर्न र लामो समयसम्म बजारमा आपूर्ति गरी प्रशस्त नाफा आर्जन गर्न उचित भण्डारणको व्यवस्था हुनु जरुरी छ । हाल मुलुकमा १४ वटा शीतभण्डार छन् भने तिनको भण्डारण करीब १७ हजार मे. टन छ । यी भण्डारहरूमध्ये पनि ज्यादै कम भण्डार फलफूल भण्डारका लागि प्रयोगमा आएका छन्, कतिपय भएका भण्डार फलफूल भण्डारका लागि प्रयोगमा आएका छन्, कतिपय भएका भण्डारहरू पनि प्राविधिक दृष्टिले उपयुक्त नभएको पाइएको छ । यस्तो अवस्थामा व्यवसायिक सुन्तला खेती गर्ने कृषकहरूले बेमौसममा उत्पादन बजारमा लैजान नसकी उचित आम्दानी लिनबाट वञ्चित छन् ।

कृषि अनुसन्धान केन्द्र लुम्लेमा सुन्तलाजात फलफूलको भण्डारबाट हुने लाभ सम्बन्धमा एक अध्ययन गरिएको थियो । उक्त अध्ययनले शीतभण्डार केन्द्रमा भण्डार गरे सुन्तलाको मूल्य ३.१२ गुनाले वृद्धि हुने देखाएको छ ।

शीतभण्डार (सेलार स्टोर) मा सुन्तला ९० दिनसम्म भण्डार गर्दा करीब ७५ प्रतिशत भाग स्वच्छ रहने देखिएको छ । सेलार स्टोरमा ७० हजारको सुन्तला राख्दा पछि २ लाख २४ हजार मूल्य पाइने अध्ययनले देखाएको छ । यसका लागि भण्डार गर्दा सुन्तलाको मूल्य समेत जोड्दा रु. १२५५००/- खर्च हुनेछ । सुन्तलाको प्रमुख मौसम पुष महिनामा प्रतिकिलो रु. १०/- मा बजारमा पाइनेमा यसलाई भण्डार गरी फाल्गुण/चैत्र महिनामा बजारमा ल्याउन सके रु. ७०/- प्रतिकिलो सम्ममा बेच्न सकिने अध्ययनले देखाएको छ । सेलार स्टोर एवम् शीत भण्डारको अभाव यस सम्बन्धी ज्ञान नहुँदा कृषकहरूले फलफूल खेतीबाट उचित मुनाफा गर्न सकिरहेका छैनन् । यस्तो अवस्थामा भण्डार प्रविधि र यसबाट हुने फाइदाबारे कृषकहरूलाई जानकारी दिई यसको प्रयोगमा जोड दिनु आवश्यक छ । सेलार स्टोरमा भण्डार गर्दा र पछि बजारमा बिक्री वितरण गर्दा हुने फाइदा तल दिइएको छ ।

सेलारस्टोरमा फलफूल भण्डार गर्दा लाग्ने खर्च र आम्दानीः-

१.	७ हजार के.जी. क्षमताको सुधारिएको सेलार स्टोर बनाउँदा ७० हजार पर्ने र उक्त स्टोरको ह्रास कट्टि १०% प्रतिवर्ष ले काट्नुपर्ने हुनाले पहिलो वर्षको	रु. ७०००/-
२.	सुधारिएको सेलार स्टोर बनाउन कूल खर्च रु. ७० हजार लाग्ने हुनाले यसको बैंक ब्याज १५% का दरले	रु. १०,५००/-
३.	सुन्तला टिपाई खर्च प्रति के.जी. रु. १।- का दरले ७ हजार के.जी. को	रु. ७०००/-
४.	सुन्तला टिप्नासाथ भण्डार गर्न नहुने हुनाले उक्त सुन्तलालाई छायाँ भएको खुलाठाउँमा राखी चिस्याउने र फल लसुनको १५ झोलमा उपचार गर्नुपर्ने हुनाले उक्त उपचार गर्न प्रति के.जी. रु. १/- का दरले खर्च ७ हजार के.जी. को	रु. ७०००/-
५.	सुन्तला बिहान घाम नलाग्ने सेलार स्टोरभित्र राख्नुपर्ने हुनाले यो राख्ने खर्च माथि सरह प्रति के.जी. १/- का दरले ७ हजार के.जी. को	रु. ७०००/-
६.	सेलार स्टोरमा पानी दिने र रेखदेख गर्न मासिक रु. ३ हजारका दरले ४ महिनाको	रु. १२०००/-
७.	फल टिप्न, फ्रुटक्लिपर, सिकेचर, झोला र लसुन आदि खर्च	रु. ५०००/-
८.	सुन्तलाको मूल्य रु. १०/- प्रति के.जी. को दरले ७ हजार के.जी. को	रु. ७०,०००/-
	कुल खर्च -	रु. १२५५००/-
-	सुधारिएको सेलार स्टोरमा सुन्तला ४ महिनासम्म राख्दा घटि ८०% राम्रा बजारमा बेच्न लायक योग्य सुन्तला पाउन सकिने हुनाले ७ हजार के.जी. मंसिरमा राख्दा फाल्गुणमा ५,६०० के.जी. सुन्तला पाइने उक्त समयमा रु. ४०/- प्रति के.जी. मा बिक्री हुने हुँदा ५,६०० के.जी. को -	रु. २,२४,०००/-
	भएको खर्च	रु. १२५५००/-
	खुद नाफा	रु. ९८,५००/-

केवल अरूको लागि बाँच्ने जीवन मात्र कामलाग्ने जीवन हो ।

— अल्वर्ट आइन्स्टाइन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कविता

मनको वेग

– अमृत हुमागाई

मनभित्रको वेगलाई सिउँदो भरी छरिदिउँ कि
माया लाग्ने मान्छे मध्ये एक नम्बरमा पारिदिउँ कि

भर अभरमा साथ दिने सहयात्री बनिदिउँ कि
नौलाख ती तारालाई दुवै मिली गनिदिउँ कि
चोर मेरा चक्षुले तिमीलाई नै चोरी दिउँ कि
माया लाग्ने मान्छेमध्ये एक नम्बरमा पारिदिउँ कि

चाहनालाई मूर्त पारी प्रेमको गाठो कसिदिउँ कि
विशाल त्यो हृदयमा राजगरी बसिदिउँ कि
भएभरका पीर व्यथा साटासाट गरिदिउँ कि
माया लाग्ने मान्छे मध्ये एक नम्बरमा पारिदिउँ कि

कोलांती भुमीडाँडा – ९ (काभ्रे)

चुट्किला

एउटा मानिस ज्योतिषकोमा जान्छ

मान्छे – ज्योतिषि बाजे आज मेरो हात एकदमै चिलाइरहेको छ ।

ज्योतिषि – त्यसभए आज तिमीले पैसा पाउनेछौ ।

मान्छे – अनि बाजे मेरो खुट्टा पनि चिलाइरहेको छ ।

ज्योतिषि – त्यसभए आज तिमी कहीं भ्रमण गर्न पाउँछौ ।

मान्छे – (मख्ख पर्दै) ज्योतिषि बाजे मेरो त जीउ सबै चिलाइरहेको छ ।

ज्योतिषि – (रिसाउँदै) पहिले नै भन्न पर्दैन, तिमीलाई त लुतो पो आएको रहेछ ।

अभिमत चौलागाईं
कक्षा ६

यथार्थमा नारी

– सविना चौलागाई, कौशलटार, भक्तपुर

पृथ्वीको आधा आकाश ढाकेका नारी,
पुरुषका विभिन्न रूपबाट उपेक्षित भएका छन् ।
चाहे बाबु, चाहे पति, चाहे छोरा र अन्य,
सबै पक्षबाट नारी अपहेलित भएका छन् ।
हरपल नारी मरेर बाँचेका छन्,
जन्मदेखि मृत्युसम्म पुरुषको
इसारामा नारी नाँचिरहेका छन् ।
पुरुषको कैदभित्र कैदी बनेर,
पुरुषसँगै इज्जतका लागि हात फैलाउँदै
आफ्नो लाज छोपिरेहका छन् ।
स्वतन्त्र हुन खोज्ने आफ्ना हातखुट्टा बाँधेर,
पुरुषकै सहारामा चल्न खोजिरहेका छन् ।
बोल्न खोज्ने आफ्ना मुखमा बुझो लगाएर,
पुरुषका मुखले बोल्न खोजिरहेका छन् ।
पुरुषकै खुशी र तृप्तिका लागि,
आफ्ना खुशीको तिलाञ्जली दिइरहेका छन् ।
यहाँ त नारीका खुट्टामा जन्जीरले बाँधेर,
दौड प्रतियोगितामा भाग लिन लगाइन्छ ।
हातमा परम्परा र संस्कृतिका हत्कडी लगाएर,
कापी, कलम दिई लेख्न लगाइन्छ ।
शिक्षा र नागरिक हकबाट वञ्चित गराएर,
बन्द कोठाभित्र सजाउन खोजिन्छ ।
एउटी नारीको पीडा अर्कोले महसुस नगरेसम्म,
नारीमाथिको सामाजिक बन्धनहरू नतोडेसम्म,
नारीहरू एकापसमा संगठित र शिक्षित नभएसम्म,
पुरुषप्रधान संस्कारलाई समानतामा नबदलेसम्म,
नारीमाथिको दमन र अन्याय चलिरहनेछ ।
आकाशमा फैलिएको कालो बादल रहिरहनेछ !!

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कविता

नयाँ वर्ष

– डिल्ली कुमार चौलागाई
कात्तिके देउराली– ९, काभ्रे

नव वर्ष तिमी आयौ सधैं झैं
नयाँ बिहानी लिएर
स्वागत छ तिमीलाई
नयाँ विहानीमा
नयाँ परिवर्तन होस् भन्दै
बुद्धको यो देशमा
शान्ति फैलियोस् भन्दै
गरीबीले निचोरिएको अनुहारमा पनि
मुस्कान छरियोस् भन्दै
वेरोजगारीले चिथोरेको छातीमा
रोजगारिको मलम लागोस् भन्दै
नव वर्ष, तिमी यसरी नै आऊ सधैं
स्वागत छ तिमीलाई
नयाँ विहानी लिएर आऊ
नयाँ विहानीसँगै
नयाँ परिवर्तन लिएर आऊ
स्वागत छ तिमीलाई
सधैं स्वागत छ तिमीलाई

नव वर्ष २०६० सालको सुखद उपलक्ष्यमा
सम्पूर्ण नेपालीहरूमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

आरामदायी • सुरक्षित • भरपर्दो

आरामदायी यात्रा, नियमितता र उच्चस्तरीय सेवाको विषयमा हामी अग्रणी स्थानमा छौं । हाम्रा हँसिला र मिलनसार कर्मचारीहरू सदा तपाईंको सेवामा तत्पर छन् ।

बुद्ध एयर नेपालको पहिलो र एकमात्र निजी विमान सेवा हो, जसले पचास लाख अमेरिकी डलर पर्ने नयाँ (सीधा फ्याक्ट्रीबाट ल्याइएका) बीच १९०० डी विमानहरूद्वारा सेवा सञ्चालन गरिरहेका छन् ।


बीच १९०० डी

बुद्ध एयर
सिटी सेल्स, हात्तीसार
फोन : ४४३६०३३, ४४३७६७७, फ्याक्स : ९७७–१–४४३७०२५
रिजर्भेसन : ५५४२४९४, फ्याक्स : ९७७–१–५५३७७२६
E-mail : buddhaair@buddhaaer.com
Website : http://www.buddhaair.com

नव वर्ष २०६० सालको सुखद उपलक्ष्यमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

तेजानन्द बैद्य
कार्यालय प्रमुख
तथा
जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन
कार्यालय नं. ४ परिवार, भक्तपुर

फोन : ६६१०९८२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नीति

नैतिकवान मानिस आँखाको नानी हुन्छ

– चुडा प्रसाद चौलागाई

मानिस दुई खुट्टे सर्वोकृष्ट प्राणी हो । बुद्धि, विवेक एवं ज्ञानको खोजी गर्दै निरन्तर रूपमा फुर्सदै नलिएर विकास वाहकको रूपमा प्रष्टिएको प्राणी मानिस हो । तर मानिस जन्मनासाथ मानिस हुने होइन । रूप तथा आकार मानवको भएता पनि व्यवहार चाहिं दानवको हुन सक्नेहुन्छ । असभ्य, अज्ञानी, मूर्ख, अनैतिक, भ्रष्टाचारी, दुराचारी आदि स्वभाव उसमा रहनसक्छ । यस्ता स्वभाव भएकाहरूलाई दानवीय प्रवृत्ति ठान्नु पर्दछ । त्यो मानवीय प्रवृत्ति एकै चोटी सफा हुन सक्ने होइन र असल मानिस पनि एकैचाटी मेसिनबाट झिके जस्तो हुने होइन । यसलाई नैतिकताको निरन्तर खोजी भइरहनु पर्दछ, बिस्तारै चरित्र बदल्दै जानुपर्दछ । असल मानिस बन्नको लागि त्यति सजिलो छैन जति मानिसले सोच्ने गरेको छ । संसारमा पूर्ण मानव थोरै होलान्, असल मानव भलो मानव, उपकारी मानव कमै होलान् । त्यसैले असल मानव बन्नको लागि विद्याको खँचो पर्दछ, ज्ञानको खोजी गर्नु जरुरत हुन्छ । ज्ञान नीतिबाट उपलब्ध हुन्छ । सम्बन्धित निकाय वा व्यक्तिहरूबाट उद्घोष गरिएका नीतिहरूको अनुसरण गर्दै व्यक्तिको, समाजको एवं राष्ट्र हितको निम्ति चिन्ता गर्दै जीवन यात्रा चलाउनु जीवनको सार्थकता ठहर्दछ । कस्ता मानिसले बनाएको नीति हामीलाई आवश्यक पर्दछ त भन्ने जिज्ञासा पैदा हुन्छ । त्यसैले परापूर्वकाल देखिचल्दै आएका धर्मशास्त्र, अर्थशास्त्र, नीतिशास्त्र, पौराणिकशास्त्र तथा समाजशास्त्रहरूको नीतिलाई राम्रो अध्ययन गर्दै वर्तमान परिवेशसम्म आइपुग्नु पर्दछ । जस्तै व्यासले छोडेको नीति, वाल्मिकीले दिएको नीति कालीदास लगायत सम्पूर्ण पूर्वीय नीतिहरूको मात्र अध्ययन नभएर पाश्चात्य जगतका शास्त्राचार्यहरूले दिएको नीतिलाई समेत अनुसरण गर्दै सम-सामयिक परिवेशमा उत्रन सक्नु पर्दछ । त्यही नीतिलाई पालन गर्दा समाजमा स्थापित भएर अहिंसाको बाटो अंगाल्दै अर्काको हित गर्ने विचार बोकेर जो अगाडि सर्दछ त्यो मानिस नीतिवान हुन्छ । नीति भनेको नियम हो, कुनै पनि पक्षको नीति हुन्छ, त्यही नीतिले मानिसलाई अनुशासनका डोरीमा बाँधेको हुन्छ, त्यही नीति तथा नियममा बाँधिएर चलेको जीवन नै नैतिक जीवन हुन्छ । नैतिकवानहरूको संगमस्थल आनन्दको पर्याय हुन्छ ।

